# सुस्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी, लुम्बिनी प्रदेश, नेपाल




## गाउँपालिका पार्श्वचित्र २०७७

**सुस्ता गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**कुडिया, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)**

**लुम्बिनी प्रदेश, नेपाल**

फोन नं.: ०७८-५०६००१/५०६०००/५०६००४
इमेल: ito.sustamun@gmail.com
वेब: www.sustamun.gov.np

# दुई शब्द



नवलपरासी जिल्लाका १५ वटा स्थानीय तहहरूमध्ये करिब ९६.५१ वर्ग कि.मि क्षेत्रफलमा फैलिएको तथा यस सुस्ता गाउँपालिकाको विकास गर्न भौगोलिक दृष्टिकोणले तराइको समथर भूभाग भएका कारण तुलनात्मक रुपमा सहज छ । गाउँपालिकालाई समृद्ध बनाउनका लागि सम्भावित श्रोत र आधारहरू प्रशस्त मात्रामा छन् । यस सुस्ता गाउँपालिकाको केन्द्र वडा नं. २ स्थित कुडियामा रहेको छ । साविकको गाउँ विकास समितिहरू कुडिया, त्रिवेणी सुस्ता, रुपौलीया, नर्सही र पक्लीहवा समावेश गरी सुस्ता गाउँपालिका गठन गरिएपछि यो गाउँपालिकाको प्राथमिक तथ्याङ्क अर्थात् घरधुरी संकलन मार्फत समग्र वस्तुस्थिति झल्कने विद्युतीय पार्श्वचित्र (Digital Profile) पहिलो पटक तयार गरिएको छ ।

राज्यको पुर्नःसंरचनाको सिलसिलामा स्थापित यस गाउँपालिकाको यथार्थ विद्यमान अवस्था झल्काउने पार्श्वचित्र तयारीले गाउँपालिकाको विकासको वर्तमान अवस्थालाई चित्रित गरेको छ । यस प्रकारको चित्रणले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने नीति तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी हामीलाई उपलब्ध सीमित श्रोत र साधनको अधिकतम सदुपयोग गरी गाउँपालिकाको समग्र विकासलाई गति प्रदान गर्न अवश्य पनि सहयोग पुऱ्याउने आशा तथा विश्वास लिएको छु । यस अध्ययन प्रतिवेदनले प्रायः सबै क्षेत्र तथा वस्तुगत यथार्थलाई समेट्न प्रयास गरेको भए तापनि सीमित श्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण हुन सक्दैन । यसलाई समय र सन्दर्भ अनुसार परिष्कृत र परिमार्जित गर्नुपर्ने आवश्यकता रहन्छ ।

योजनाबद्ध विकासको आधारको रुपमा रहने यो पार्श्वचित्र समयमै गर्न सहयोग पुऱ्याउने गाउँकार्यपालिकाको सम्पूर्ण परिवार, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षज्यूहरु, सम्पूर्ण निर्वाचित जनप्रतिनिधिहरू तथा अन्य वडा तहमा महत्वपूर्ण जिम्मेवारी पुरा गर्ने कर्मचारी, घर-घरमा गई घरधुरी तथ्याङ्क संकलनमा सहयोग पुऱ्याउनु हुने सबै गणकहरूलाई तथ्याङ्क उपलब्ध गराउनु हुने सम्पूर्ण गाउँपालिकाबासी लगायत तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण विषयगत शाखा, विषयगत कार्यालय, संघसंस्था तथा अन्य सबैमा गाउँपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु । यसै गरी यो अध्ययन प्रतिवेदन सम्पन्न गर्ने श्री डेल्ट्रक्स आई.टि.सोलुसन्स प्रा.लि. काठमाडौंलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

अन्त्यमा गाउँपालिकाको विकासको आधार चित्र कोर्न यो प्रतिवेदन सहयोगी बनोस र दीर्घकालीन सोचका साथ अगाडि बढ्न हामी सबैलाई उपयुक्त दिशा प्राप्त होस् भन्ने आशा गरेको छु ।

**रामप्रसाद पाण्डेय**

**अध्यक्ष**

**सुस्ता गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**कुडिया, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)**

**लुम्बिनी प्रदेश, नेपाल**

फोन नं.: ०७८-५०६००१/५०६०००/५०६००४
इमेल: ito.sustamun@gmail.com
वेब: www.sustamun.gov.np


# शब्द-शुभेच्छा



दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि गाउँपालिकाको समग्र तथ्याङ्क आवश्यक पर्दछ। यसै आवश्यकतालाई मध्यनजर गरी गाउँपालिकाको पार्श्वचित्र तयार गरिएको छ । जसमा Android Apps द्वारा घरपरिवार तथ्याङ्क संकलन गरी गाउँपालिकाका विभिन्न विषय समावेश गरिएका श्रोत नक्साहरू, विषयगत कार्यालयहरूबाट संकलन गरिएका तथ्यहरूमा आधारित भई उपलब्ध भएसम्म कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिंचाई, खानेपानी, विद्युत आदिका तथ्याङ्क समावेश गरी गाउँ पार्श्वचित्र तयारी गरिएको छ ।

यस गाउँपालिकाको अध्ययन गर्न चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा गाउँपालिकाबासीहरूलाई पार्श्वचित्रले सूचना प्रदान गर्न सहयोग पुग्ने छ भन्ने मैले आशा लिएकी छु । पार्श्वचित्रमा उल्लेखित विवरणमा सुस्ता गाउँपालिकाको राजनैतिक तथा प्रशासनिक विवरण छुट्टिने नक्सा, भू-वर्गीकरण तथा भू-उपयोग नक्साका साथै घरधुरी तथ्याङ्क सर्वेक्षण, २०७७ का विविध जनसांख्यिक पक्षहरू समावेश गरिएको छ ।

अन्त्यमा प्रस्तुत पार्श्वचित्र तयारी गर्ने सिलसिलामा सूचना संकलन गर्न प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग गर्नु हुने सबै वडाबाट खटिनु भएका गणकहरू, घरपरिवारको तथ्याङ्क उपलब्ध गराउनु हुने गाउँपालिकाबासी, गाउँपालिकाका अध्यक्षज्यू विभिन्न विषयगत तथ्याङ्क उपलब्ध गराउनु हुने सम्पूर्ण विषयगत शाखा तथा कार्यालयका प्रमुख, प्रमुख प्रशासकिय अधिकृत, वडा अध्यक्षज्यूहरु, विभिन्न संघ/संस्था, वडा सचिवहरू, गाउँ कार्यपालिकाका कर्मचारीहरू तथा शुरुदेखि तथ्याङ्क संकलन, प्रशोधन गरी पार्श्वचित्रलाई यो रुप दिनुहुने परामर्शदाता श्री डेल्ट्रक्स आईटी सोलुसन्स प्रा.लि. काठमाडौंलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**इन्द्रकुमारी थरुनी**
**उपाध्यक्ष**

**सुस्ता गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**कुडिया, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)**

**लुम्बिनी प्रदेश, नेपाल**

फोन नं.: ०७८-५०६००१/५०६०००/५०६००४
इमेल: ito.sustamun@gmail.com
वेब: www.sustamun.gov.np

# मेरो भन्नु



साविकका गाउँ विकास समितिहरू कुडिया, त्रिवेणी सुस्ता, रुपौलीया, नर्सही र पक्लीहवा समावेश गरी जम्मा ५ वटा वडा कायम गरी मिति २०७३/११/२७ मा सुस्ता गाउँपालिका गठन गरिएपछि घरधुरी तथ्याङ्क संकलन गरी प्राथमिक तथ्याङ्कका आधारमा पहिलो पार्श्वचित्र तयारी गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।

कुनै पनि विकासको मार्ग तयार गर्न योजनाको सही छनोट, प्रभावकारी कार्यान्वयन, सरोकारवालाहरूको पूर्ण सन्तुष्टिसहितको उपयोग र निरन्तर अनुगमन एवम् मूल्याङ्कन र दिगोपनाको लागि सही र वस्तुनिष्ट निर्णय लिन तथ्याङ्कको आवश्यकता पर्दछ । विगतबाट सिकेर वर्तमानको भोगाईका आधारमा भविष्यका लागि योजना तर्जुमा गर्नु वर्तमान पुनर्संरचित स्थानीय तहको पहिलो आवश्यकता हो भन्नेमा दुईमत हुन सक्दैन ।

वस्तुनिष्ठता र आवश्यकताको कसीमा योजनाहरू तथा कार्ययोजनाहरू अगाडि बढाउन नसकिएमा जनताले स्थानीय सरकारबाट राखेका अपेक्षा पुरा हुन सक्दैनन् । यसैकारण वर्तमानको हाम्रो धरातलीय, सामाजिक, साँस्कृतिक, जनसाङ्खिक तथा आर्थिक अवस्थाको पहिचान गरी भविष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन (पार्श्वचित्र) सीमित समय तथा स्रोत र साधनको सीमाभित्र रही तयार गरिएको हो । पार्श्वचित्रलाई सामान्य रुपमा अध्ययन गर्ने जो कोहीले पनि यो गाउँपालिकाको बहुआयामिकता सहितको वर्तमान अवस्था सहजै आँकलन गर्न सक्ने देखिन्छ । यो पार्श्वचित्रलाई एकातिर गाउँपालिकाको सम्पूर्ण चिनारीको रूपमा हेर्न सकिन्छ भने अर्कोतर्फ यस मार्फत् हाम्रा सम्भावना र चुनौतीहरूलाई अवगत गर्न सकिन्छ ।

पार्श्वचित्र तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्ने अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, निर्वाचित जनप्रतिनिधिहरू, विभिन्न विषयगत कार्यालयका प्रमुखलगायत सम्पूर्ण कर्मचारी, वडा सचिव साथीहरू, घरधुरी तथ्याङ्क संकलन गर्नुहुने गणकहरूतथा तथ्याङ्क संकलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने विभिन्न संघ/संस्थाका प्रमुख तथा अन्य कर्मचारीहरू तथा पार्श्वचित्रलाई यो रुप दिन सहयोग पुऱ्याउनु हुने परामर्शदाता श्री डेल्ट्रक्स आईटी सोलुसन्स प्रा.लि. काठमाडौंलाई हार्दिक आभार व्यक्त गर्दछु ।

अन्तमा, यो पार्श्वचित्र आफ्नो उद्देश्य प्राप्तिमा सफल रहने आशा व्यक्त गर्दछु ।

**सुरेन्द्र प्रसाद बस्याल**

प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची


**खण्ड- १: भूमिका** १

१.१ पृष्ठभूमि ज्ञ

१.२ उद्देश्य १

१.३ कानूनी तथा नीतिगत आधारहरू २

१.४ तयारीका विधि (Methodology) २

१.५ वस्तुस्थिति विवरणको सीमा ३

**खण्ड- २: गाउँपालिकाको चिनारी** ४

२.१ भौगोलिक अवस्थिति, सिमाना ४

२.२ प्रशासनिक विभाजन ५

२.३ ऐतिहासिक पृष्ठभूमि तथा नामाकरण ६

२.४ मुख्य बस्तीहरूको विवरण ६

२.५ भू-उपयोगको विवरण ८

२.६ माटोको बनावट १०

२.७ भिरालोपनको विवरण १०

२.८ जमिनको मोहडाको विवरण १४

२.९ विकासका मुख्य सम्भावनाहरू १५

**खण्ड- ३: जनसांख्यिक विवरण** १८

३.१ जनसंख्याको विवरण १८

३.२ वडागत क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण १९

३.३ उमेर समूहअनुसार जनसंख्याको विवरण २०

३.४ जातजातिको आधारमा जनसंख्याको विवरण २३

३.५ मातृभाषाको आधारमा जनसंख्याको विवरण २५

३.६ धर्मअनुसार जनसंख्याको विवरण २६

३.७ घरमुलीको विवरण २८

३.८ वैवाहिक स्थितिको विवरण २९

३.८.१ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण २९

३.८.२ पहिलोपटक विवाह गर्दाको उमेरसम्बन्धी विवरण ३०

३.९ अनुपस्थित जनसंख्या ३१

३.९.१ हालको उमेरसमूह अनुसार अनुपस्थित जनसंख्याको विवरण ३२

३.९.२ लिङ्गअनुसार शैक्षिक स्तरको आधारमा गाउँपालिकामा अनुपस्थित जनसंख्याको विवरण ३३

३.९.३ अनुपस्थित व्यक्तिको अनुपस्थित हुनुको कारण सम्बन्धी विवरण ३५

३.९.४ अनुपस्थित जनसंख्या हाल बसिरहेको स्थानको विवरण ३६

**खण्ड- ४: आर्थिक स्थिति तथा रोजगार** ३८

४.१ प्रमुख आर्थिक विवरण ३८

४.१.१ आर्थिक रुपले सक्रिय जनसंख्याको विवरण ३८

४.१.२ पेशाको आधारमा जनसंख्याको विवरण ३९

४.१.४ घरायसी काममा दैनिक औषत खर्च गर्ने समयको आधारमा जनसंख्याको विवरण ३९
४.१.५ परिवारको औषत आम्दानीको विवरण ४०
४.१.६ परिवारको औषत खर्चको विवरण ४१
४.१.७ विप्रेषणबाट आएको रकम खर्च गर्ने क्षेत्रसम्बन्धी विवरण ४२
४.१.८ गरिबीको रेखामुनि रहेको जनसंख्याको विवरण ४३
४.१.९ मासिक परिवार चलाउन लाग्ने रकमको आधारमा परिवारको विवरण ४३
४.१.१० विगत १ वर्षमा आयआर्जनमा संलग्न जनसंख्याको विवरण ४५
४.१.११ ऋण भएका घरपरिवारको विवरण ४५
४.१.१२ ऋण लिनुको कारणका आधारमा घरपरिवारको विवरण ४६
४.१.१३ ऋणको श्रोतको आधारमा परिवारको विवरण ४७
४.१.१४ मुख्य शिप वा क्षमताको आधारमा जनसंख्याको विवरण ४८
४.१.१५ खाद्यान्न सुरक्षा तथा आपूर्तिको अवस्था ५०
४.१.१६ आयात तथा निर्यातको अवस्था ५०
४.१.१८ वैदेशिक रोजगारमा गएकाहरूको विवरण ५१
४.१.१९ सुकुम्बासी जनसंख्याको विवरण ५१

**४.२ कृषि ५२**

४.२.१ कृषिका लागि जग्गा जमिन भोग चलन गर्ने घरपरिवारको विवरण ५३
४.२.२ कृषि उत्पादनमा आवद्ध घरपरिवारको विवरण ५४
४.२.३ खेतीयोग्य जमिनको विवरण ५५
४.२.४ कृषिजन्य उत्पादनहरूको विवरण ५६
४.२.५ कृषि पकेट क्षेत्रको विवरण ५८
४.२.६ कृषिमा उपयोग भएको जग्गा जमिनको क्षेत्रफलको आधारमा विवरण ५९
४.२.७ कृषि उत्पादनले खान पुग्ने महिनाको आधारमा परिवारको विवरण ६०
४.२.८ सिंचित र असिंचित जमिनको विवरण ६१
४.२.९ सिंचाईको प्रकारसम्बन्धी विवरण ६२
४.२.१० कृषि बाली उत्पादनको आधारमा घरपरिवारको विवरण ६२
४.२.११ खाद्यान्न बालीमा लाग्ने रोग तथा किरा ६५
४.२.१२ तरकारी तथा फलफूलमा लाग्ने रोग तथा किरा ६६

**४.३ पशु विकास ६६**

४.३.१ पशुपंक्षी पालनसम्बन्धी विवरण ६७
४.३.३ पशुपंक्षी पालन पालन गर्ने परिवारको विवरण ६७
४.३.४ पशुपंक्षीजन्य वस्तुको उत्पादनको आधारमा घरपरिवारको विवरण ६८
४.३.५ व्यवसायिक कृषि तथा पशुपालन फर्महरूको विवरण ६९
४.३.६ कृषि तथा पशुपालन समूहको विवरण ७३
४.३.७ कृषि तथा पशुसेवासँग सम्बन्धित प्राविधिक जनशक्तिको विवरण ७३
४.३.८ पशुपंक्षीमा लाग्ने रोग तथा किरा ७४

**४.४ कृषि बजारीकरण ७४**

४.४.१ कृषि तथा पशु बजारसम्बन्धी विवरण ७५
४.४.२ मुख्य बजार तथा व्यापारिक केन्द्रहरूको विवरण ७६
४.४.३ कृषि उपज संकलन केन्द्र तथा डेरीहरूको विवरण ७६

४.४.४ चिस्यान केन्द्र र भण्डारण केन्द्र ७६
४.४.५ कृषि मेला तथा प्रर्दशनीहरूको विवरण ७७
**४.५ पर्यटन विकास ७७**
४.५.१ मुख्य पर्यटकीय क्षेत्रहरूको विवरण (धार्मिक, ऐतिहासिक, साँस्कृतिक, प्राकृतिक) ७९
४.५.२ होटल, रिसोर्ट, होमस्टे तथा रेष्टुरेन्टसम्बन्धी विवरण ८१
४.५.३ सार्वजनिक स्थल, पाटी पौवा र चौतारा ८१
४.५.४ स्थानीय चाडपर्व तथा जात्रा र मेलाहरूको विवरण ८२
**४.६ उद्योग, व्यापार तथा बैङ्किङ ८२**
४.६.१ उद्योग सम्बन्धी विवरण ८२
४.६.२ व्यावसायिक विवरण (घरधुरी तथ्याङ्कबाट) ८४
४.६.३ खनिज तथा खानीसम्बन्धी विवरण ९१
४.६.४ मुख्य बजारकेन्द्र सम्म पुग्न लाग्ने समयको विवरण ९२
४.६.५ सहकारी संस्थाहरूको विवरण ९२
४.६.६ बैङ्क तथा वित्तीय संस्थाहरुको विवरण ९३
४.६.७ बैङ्क तथा सहकारी संस्थाहरुको पुग्न लाग्ने समयको विवरण ९४
४.६.८ बैंक खाता भए/नभएका घरपरिवारको विवरण ९५
**खण्ड- ५: सामाजिक अवस्था ९६**
**५.१ शिक्षा तथा मानव संशाधन ९७**
५.१.१ विद्यालयहरूको विवरण ९८
५.१.२ शैक्षिक संस्थाहरूको विवरण ९९
५.१.३ पाँच वर्ष माथिको जनसंख्याको साक्षरतासम्बन्धी विवरण १०१
५.१.४ कक्षा १२ वा सो सरह उर्त्तीण जनसंख्याका संकायसम्बन्धी विवरण १०२
५.१.५ स्नातक वा सोभन्दा माथिको तह उर्त्तीण जनसंख्याका मुख्य विषयसम्बन्धी विवरण १०३
५.१.६ ५ देखि २४ वर्ष उमेर समूहका हाल स्कूल कलेज गए नगएको विवरण १०४
५.१.७ ५-२४ वर्ष उमेरसमूहका हाल स्कूल/कलेज नजानुको कारणका आधारमा विवरण १०४
५.१.८ विद्यालय बाहिर रहेका तथा विद्यालय छाडेका बालबालिकाहरूको विवरण १०५
५.१.९ शिक्षक तथा शैक्षिक जनशक्ति विवरण १०६
५.१.१० शैक्षिक संस्थामा उपलब्ध भौतिक पूर्वाधार तथा सुबिधा १०८
५.१.११ छात्रबृत्ति तथा अन्य लक्षित सुविधा उपलब्धताको अवस्था (छात्रवृत्ति, बालअनुदान, तखढद्द खाजा) १०९
**५.२ बसाइँ सराइको अवस्था ११३**
५.२.१ जन्म स्थानको आधारमा जनसंख्या विवरण ११३
**५.३ विगत १२ महिनामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जनसंख्याको विवरण ११४**
**५.४ बेसहारा सडक बालबालिका तथा जनसंख्याको विवरण ११५**
**५.५ व्यक्तिगत घटना दर्ता ११५**
५.५.१ पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ताको आधारमा वडागत विवरण ११६
**५.६ स्वास्थ्य ११७**
५.६.१ स्वास्थ्य संस्थाको विवरण ११८
५.६.२ स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र अन्य जनशक्तिको विवरण ११८
५.६.३ स्वास्थ्य संस्थासम्म पुग्न लाग्ने समयको विवरण ११८

५.६.४ सुरक्षित मातृत्वको अवस्थाको विवरण १२०
५.६.५ प्रमुख १० रोग र उपचारसम्बन्धी विवरण १२०
५.६.६ बालपोषण सम्वन्धी विवरण १२१
५.६.७ खोपको विवरण १२२
५.६.८ परिवार नियोजन १२२
५.६.९ १२ महिनाभित्र सुत्केरी गराएको स्थान सम्बन्धी विवरण १२३
५.६.१० १५ देखि ४९ वर्षका महिलाले जीवित शिशुलाई जन्म दिएकाको विवरण १२३
५.६.११ तथ्याङ्क संकलनको पछिल्लो १२ महिनामा परिवारको सदस्यको मृत्यु सम्बन्धी विवरण १२४
५.६.१२ लिङ्ग र उमेर समूह अनुसार विगत १२ महिनामा मृत्यु भएकाको विवरण १२५
५.६.१३ मृत्युको कारण अनुसार मृतकको जनसंख्या १२६
५.६.१४ मृतक महिलाको मृत्यु हुँदाको अवस्था सम्बन्धि विवरण १२७
५.६.१५ शिशु तथा ५ वर्ष मुनिका बाल मृत्युदर १२८
५.६.१६ पहिलो बच्चा जन्मदिंदा महिलाको उमेरको विवरण १२८
५.६.१७ दीर्घ रोगसम्बन्धी विवरण १२९
५.६.१८ स्वास्थ्य बीमा सम्बन्धी विवरण १३१
**५.७ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण १३२**
५.७.१ जेष्ठ नागरिक तथा एकल महिलाको विवरण १३२
५.७.२ अपाङ्गताका आधारमा जनसंख्याको विवरण १३२
५.७.३ महिलाको नाममा भएको घर/जग्गा सम्बन्धी विवरण १३४
५.७.४ लिङ्ग अनुसार बाल विवाह (बीस वर्ष मुनिका) १३५
५.७.५ बालक्लव तथा संजालको विवरण १३५
५.७.६ वार्षिक कार्यक्रमबाट लक्षित कार्यक्रमतर्फ भएको विनियोजन तथा खर्चको अवस्था १३६
५.७.७ स्थानीय तह तथा सामाजिक संघसंस्थामा संलग्नतासम्बन्धी विवरण १३६
**५.८ युवा तथा खेलकुद र मनोरञ्जन १३७**
५.८.१ खेलमैदान, पार्क, पिकनिक स्थल तथा मनोरन्जनस्थल सम्वन्धी विवरण १३७
५.८.२ युवा क्लब सम्बन्धी विवरण १३८
**५.९ शान्ति सुरक्षाको विवरण १३८**
५.९.१ प्रहरीचौकी, सशस्त्र प्रहरी र सेनासम्बन्धी विवरण १३९
५.९.२ शान्ति सुरक्षाको अवस्थाको आधारमा परिवारको विवरण १४१
**खण्ड- ६: जलवायु, वन तथा वातावरण १४२**
**६.१ जलवायु १४२**
६.१.१ जलवायुको विवरण (मौसम, तापक्रम) १४२
६.१.२ जलवायुको परिवर्तनका असरहरू १४३
६.१.३ जलवायुको परिवर्तनका असरहरू सामना गर्ने कार्यक्रमहरू १४४
**६.२ वन क्षेत्रको अवस्था तथा जैविक विविधता १४४**
६.२.१ प्रमुख वनस्पति, वन्यजन्तु तथा चराचुरुङ्गीको विवरण १४४
६.२.२ वन पैदावर (काष्ठ, गैह्र काष्ठ तथा जडिबुटी) सम्बन्धी विवरण १४५
६.२.३ सामुदायिक, राष्ट्रिय, निजी, धार्मिक तथा कबुलियति वनको विवरण १४५
६.२.४ राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र, संरक्षण क्षेत्र १४८
६.२.५ वृक्षारोपणका लागि खालि स्थानसम्बन्धी विवरण १४८

| | | |
|---|---|---|
| ६.२.६ | निकासी हुने वन पैदावरको विवरण | १४८ |
| **६.३** | **जलश्रोत तथा जलाधार क्षेत्र** | **१४८** |
| ६.३.१ | प्रमुख नदी तथा खोलाहरू | १४९ |
| ६.३.२ | तालतलैया, पोखरी, सिम्सार क्षेत्र सम्बन्धी विवरण | १५१ |
| **६.४** | **विपद् जोखिम व्यवस्थापन** | **१५१** |
| ६.४.१ | प्राकृतिक प्रकोपको जोखिममा रहेको परिवारको विवरण | १५१ |
| ६.४.२ | संभावित प्राकृतिक प्रकोपको विवरण | १५२ |
| **खण्ड- ७: भौतिक विकास** | | **१५४** |
| **७.१** | **खानेपानी तथा सरसफाई** | **१५४** |
| ७.१.१ | खानेपानीको श्रोतको आधारमा परिवारको विवरण | १५५ |
| ७.१.२ | खानेपानी शुद्ध बनाउने तरिकाको आधारमा वर्गीकरण | १५६ |
| ७.१.३ | खानेपानी शुद्धताको आधारमा परिवारको विवरण | १५७ |
| ७.१.४ | चर्पीको प्रकारको आधारमा परिवारको विवरण | १५७ |
| ७.१.५ | सार्वजनिक शौचालयको विवरण | १५८ |
| ७.१.६ | फोहर व्यवस्थापनसम्बन्धी घरपरिवारको विवरण | १५९ |
| ७.१.७ | ढल निकास तथा ल्याण्डफिल साइटको विवरण | १६० |
| **७.२** | **यातायात पूर्वाधार** | **१६१** |
| ७.२.१ | सडक संजालको विद्यमान अवस्था | १६१ |
| ७.२.२ | घरसम्म पुग्ने बाटोको अवस्थाको आधारमा परिवारको विवरण | १६६ |
| ७.२.३ | सार्वजनिक यातायातको पहुँचसम्म पुग्न लाग्ने समयको आधारमा परिवारको विवरण | १६७ |
| ७.२.४ | बाह्रै महिना सञ्चालनयोग्य सडकको पहुँचका आधारमा परिवारको विवरण | १६८ |
| ७.२.५ | सवारीका प्रकारहरू | १६९ |
| ७.२.६ | झोलुङ्गे पुल तथा पुलपुलेसा सम्बन्धी विवरण | १६९ |
| ७.२.७ | प्रमुख सार्वजनिक यातायातका रुटहरू (बस सेवा तथा ढुवानी सेवा) | १७० |
| ७.२.८ | टाढाको वस्तीबाट सम्बन्धित वडा केन्द्रपुग्न लाग्ने समय | १७१ |
| ७.२.९ | वडा केन्द्रदेखि गाउँपालिकाको केन्द्र पुग्न लाग्ने अनुमानित समय | १७२ |
| ७.२.१० | बसपार्क, बस बिसौनी सम्बन्धी विवरण | १७२ |
| **७.३** | **विद्युत तथा उर्जा** | **१७३** |
| ७.३.१ | खाना पकाउन प्रयोग हुने इन्धनको आधारमा घरपरिवारको विवरण | १७३ |
| ७.३.२ | बत्ती बाल्न प्रयोग हुने इन्धनको आधारमा घरपरिवारको विवरण | १७४ |
| ७.३.३ | विद्युतकरणको अवस्था तथा बैकल्पिक उर्जाका श्रोतहरूको विवरण | १७६ |
| ७.३.४ | जलविद्युत, सौर्य उर्जा, वायु उर्जाबाट विद्युत उत्पादन विवरण | १७६ |
| **७.४** | **सञ्चार तथा प्रविधि** | **१७६** |
| ७.४.१ | परिवारमा भएको साधन तथा सुविधाको विवरण | १७७ |
| ७.४.२ | इन्टरनेटमा पहुँच भएका जनसंख्याको विवरण | १७८ |
| ७.४.३ | हुलाक तथा पत्रपत्रिकासम्बन्धी विवरण | १७९ |
| ७.४.४ | दूरसंचार सम्बन्धी विवरण | १७९ |
| **७.५** | **आवास तथा सार्वजनिक भवनहरू** | **१८०** |
| ७.५.१ | घरको स्वामित्वको आधारमा घरपरिवारको विवरण | १८० |
| ७.५.२ | घर भएको जग्गाको स्वामित्व विवरण | १८१ |

७.५.३ जगको आधारमा घुरधुरीको विवरण १८२
७.५.४ बाहिरी गारोको आधारमा घुरधुरीको विवरण १८२
७.५.५ छानोको आधारमा घुरधुरीको विवरण १८३
७.५.६ कच्ची, पक्की, अर्धपक्की घरधुरीको विवरण १८४
७.५.७ कोठा वा फ्ल्याट भाडामा दिएका घरपरिवारहरूको वडागत विवरण १८५
७.५.८ सामुदायिक भवनहरू तथा सभाहल सम्बन्धी विवरण १८६
७.५.९ गाउँपालिका तथा अन्य सरकारी भवनहरूको विवरण १८७
७.५.१० पशुबधशालाहरूको विवरण १८७
७.५.११ शवदाहस्थल, चिहानस्थल तथा कब्रस्थानको विवरण १८७

**खण्ड - ८: संस्थागत तथा सुशासनको स्थिति १८९**

**८.१ संगठनात्मक तथा मानव संशाधनको अवस्था १८९**

८.१.१ संगठनात्मक ढाँचा १८९
८.१.२ विषयगत शाखा तथा मानव संशाधन १९०
८.१.३ विगत ३ आर्थिक वर्षको आयव्यय विवरण १९०

**८.२ संस्थागत सम्बन्ध र नागरिक संगठन १९०**

८.२.१ आमा/महिला समूहसम्बन्धी विवरण १९०
८.२.२ गैसस तथा अगैससको विवरण र वार्षिक बजेट १९०

**८.३ ऐन, नीति, नियम र कार्यप्रणाली १९०**

८.३.१ स्वीकृत ऐन, नीति, नियम, निर्देशिका तथा मापदण्डहरुको विवरण १९०
८.३.२ विगत ३ बर्षको प्रमुख आयोजना/कार्यक्रम तथा कार्यसम्पादनको अवस्था १९०

**अनुसूचीहरू १९१**

**अनुसूची १: निर्वाचित जनप्रतिनिधिहरू को विवरण १९१**

**अनुसूची २: घरधुरी तथ्याङ्क संकलकहरूको नामावली १९२**

**अनुसूची ३: वडाभेलाको माइन्युट र फोटोहरू १९३**

# तालिका सूची


**तालिका नं. १:** सुस्ता गाउँपालिकाको वडा विभाजन ५
**तालिका नं. २:** गाउँपालिकाको मुख्य वस्ती क्षेत्रहरुको विवरण ७
**तालिका नं. ३:** गाउँपालिकाको भू-उपयोग सम्बन्धी विवरण ९
**तालिका नं. ४:** गाउँपालिकाको भिरालोपनको विवरण १३
**तालिका नं. ५:** जमिनको मोहडाको विवरण १५
**तालिका नं. ६:** जनसंख्याको विवरण १८
**तालिका नं. ७:** वडागत अनुपस्थित सहितको जनसंख्या तथा घरधुरी विवरण १९
**तालिका नं. ८:** वडागत क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण १९
**तालिका नं. ९:** उमेर समूह अनुसार वडागत जनसंख्याको विवरण २०
**तालिका नं. १०:** उमेर र लिङ्गअनुसार वडागत जनसंख्याको विवरण २२
**तालिका नं. ११:** जातजातिको आधारमा वडागत जनसंख्याको विवरण २३
**तालिका नं. १२:** मातृभाषा अनुसार जनसंख्याको विवरण २६
**तालिका नं. १३:** धर्मअनुसार जनसंख्याको वडागत विवरण २७
**तालिका नं. १४:** परिवारमूलीको लिङ्गअनुसार वडागत घरधुरी विवरण २८
**तालिका नं. १५:** उमेर समूहको आधारमा १० वर्षभन्दा माथिको वैवाहिक स्थितिको विवरण २९
**तालिका नं. १६:** १० वर्षभन्दा माथिका जनसंख्याको पहिलो विवाह गर्दाको उमेरसम्बन्धी विवरण ३१
**तालिका नं. १७:** गाउँपालिकामा अनुपस्थित जनसंख्याको विवरण ३२
**तालिका नं. १८:** हालको उमेरसमूह अनुसार अनुपस्थित जनसंख्याको विवरण ३२
**तालिका नं. १९:** लिङ्गअनुसार शैक्षिक स्तरको आधारमा गाउँपालिकामा अनुपस्थित जनसंख्याको विवरण ३३
**तालिका नं. २०:** अनुपस्थित व्यक्तिको अनुपस्थित हुनुको कारण सम्बन्धी विवरण ३५
**तालिका नं. २१:** अनुपस्थित जनसंख्या हाल बसिरहेको स्थानको विवरण ३६
**तालिका नं. २२:** अनुपस्थित जनसंख्या हाल बसिरहेको स्थानको विवरण ३७
**तालिका नं. २३:** आर्थिक रुपले सक्रिय जनसंख्याको विवरण ३८
**तालिका नं. २४:** मुख्य पेशाको आधारमा घरपरिवारको विवरण ३९
**तालिका नं. २५:** दैनिक औषत घरायसी काममा खर्च गर्ने समयको आधारमा जनसंख्या ३९

**तालिका नं. २६:** वार्षिक आम्दानीको विवरण (बहुउत्तरमा आधारित) ४०
**तालिका नं. २७:** वार्षिक औषत खर्चका आधारमा परिवारको विवरण ४१
**तालिका नं. २८:** विप्रेशणबाट आएको रकम खर्च हुने क्षेत्रसम्बन्धी विवरण ४३
**तालिका नं. २९:** मासिक परिवार चलाउन लाग्ने रकमको आधारमा परिवारको विवरण ४४
**तालिका नं. ३०:** विगत १ वर्षमा आयआर्जनमा संलग्न अवधिका आधारमा जनसंख्याको विवरण ४५
**तालिका नं. ३१:** ऋण भएका घरपरिवारको विवरण ४५
**तालिका नं. ३२:** ऋण लिनुको कारणका आधारमा घरपरिवारहरूको विवरण (बहुउत्तरमा आधारित) ४६
**तालिका नं. ३३:** ऋणको श्रोतको आधारमा परिवारको विवरण (बहुउत्तरमा आधारित) ४७
**तालिका नं. ३४:** औपचारिक तालिमको विषयको आधारमा वडागत विवरण ४८
**तालिका नं. ३५:** वैदेशिक रोजगारमा गएकाहरूको विवरण ५१
**तालिका नं. ३६:** भू-स्वामित्वको वडागत विवरण ५१
**तालिका नं. ३७:** कृषि पेशा अंगाल्ने परिवार, कृषक परिवार र उनीहरूले भोगचलन गरेको जमिनको विवरण ५३
**तालिका नं. ३८:** कृषि उत्पादनमा आबद्ध घरपरिवारको विवरण ५४
**तालिका नं. ३९:** खेतीयोग्य जमिनको विवरण ५५
**तालिका नं. ४०:** प्रमुख कृषि बाली सम्बन्धी विवरण ५७
**तालिका नं. ४१:** कृषि पकेट क्षेत्रको विवरण ५९
**तालिका नं. ४२:** खेतीपातीमा उपयोग भएको जग्गा जमिनको आकारको आधारमा घरपरिवारको विवरण ५९
**तालिका नं. ४३:** आफ्नै कृषि उत्पादनले खान पुग्ने अवधिको आधारमा परिवारको विवरण ६०
**तालिका नं. ४४:** कृषि प्रयोजनका लागि भएको जग्गा जमिन सिंचाइ सुविधा सम्बन्धी विवरण ६१
**तालिका नं. ४५:** सिँचाईको प्रकारको आधारमा जमिनको विवरण ६२
**तालिका नं. ४६:** अन्न बाली उत्पादन तथा बिक्रीसम्बन्धी वडागत विवरण (बहुउत्तरमा आधारित) ६२
**तालिका नं. ४७:** दलहन बाली उत्पादन तथा बिक्रीसम्बन्धी वडागत विवरण (बहुउत्तरमा आधारित) ६२
**तालिका नं. ४८:** तेलहन बाली उत्पादन तथा बिक्रीसम्बन्धी वडागत विवरण (बहुउत्तरमा आधारित) ६३
**तालिका नं. ४९:** तरकारी बाली उत्पादन तथा बिक्रीसम्बन्धी वडागत विवरण (बहुउत्तरमा आधारित) ६३
**तालिका नं. ५०:** मसला बाली उत्पादन तथा बिक्रीसम्बन्धी वडागत विवरण (बहुउत्तरमा आधारित) ६३
**तालिका नं. ५१:** फलफूल बाली उत्पादन तथा बिक्रीसम्बन्धी वडागत विवरण (बहुउत्तरमा आधारित) ६३
**तालिका नं. ५२:** नगदे तथा अन्य बाली उत्पादन तथा बिक्रीसम्बन्धी वडागत विवरण (बहुउत्तरमा आधारित) ६४

**तालिका नं. ५३:** खाद्यान्न बालीमा लाग्ने रोग विवरण ६५
**तालिका नं. ५४:** तरकारी तथा फलफूलमा लाग्ने रोग तथा किरा ६६
**तालिका नं. ५५:** पशुपंक्षीसम्बन्धी विवरण ६७
**तालिका नं. ५६:** पशुपंक्षी पालन गर्ने परिवारको विवरण ६७
**तालिका नं. ५७:** पशुपंक्षीजन्य वस्तुको उत्पादनको आधारमा घरपरिवारको विवरण ६८
**तालिका नं. ५८:** गाउँपालिकामा रहेका पशु फर्मको विवरण ६९
**तालिका नं. ५९:** कृषक समूहहरूको विवरण ७३
**तालिका नं. ६०:** कृषि प्राविधिकको विवरण ७३
**तालिका नं. ६१:** हाटबजार तथा मुख्य बजारकेन्द्रहरु ७५
**तालिका नं. ६२:** मुख्य व्यापारिक केन्द्रहरू ७६
**तालिका नं. ६३:** पर्यटकीय क्षेत्रहरूको विवरण ७९
**तालिका नं. ६४:** स्थानीय चाडपर्व तथा जात्रा र मेलाहरूको विवरण ८२
**तालिका नं. ६५:** ठूला, मझौला, तथा साना उद्योग, राइस मिल आदिको विवरण ८३
**तालिका नं. ६६:** व्यवसायको प्रकारको आधारमा विवरण ८४
**तालिका नं. ६७:** सञ्चालकको लिङ्गको आधारमा व्यवसायको विवरण ८६
**तालिका नं. ६८:** सरकारी निकायमा दर्ता भए नभएको आधारमा व्यवसायको विवरण ८७
**तालिका नं. ६९:** सरकारी निकायमा दर्ता भएको व्यवसायको विवरण (बहुउत्तरमा आधारित) ८८
**तालिका नं. ७०:** सरकारी निकायमा दर्ता भएको व्यवसायको बैधानिक स्थितिको विवरण ८८
**तालिका नं. ७१:** व्यवसाय सञ्चालन भएको घरको स्वामित्वको विवरण ८९
**तालिका नं. ७२:** व्यवसायको प्रकृतिको आधारमा विवरण ९०
**तालिका नं. ७३:** मुख्य बजार केन्द्रसम्म पुग्न लाग्ने समयको आधारमा परिवारको विवरण ९२
**तालिका नं. ७४:** गाउँपालिकामा रहेका सहकारी संस्थाको विवरण ९२
**तालिका नं. ७५:** बैङ्क तथा वित्तीय संस्थाको नाम ९४
**तालिका नं. ७६:** नजिकको बैङ्कसम्म पुग्न लाग्ने समयको विवरण ९४
**तालिका नं. ७७:** नजिकको सहकारीसम्म पुग्न लाग्ने समयको विवरण ९५
**तालिका नं. ७८:** बैंक खाता भए/नभएका घरपरिवारको विवरण ९५
**तालिका नं. ७९:** गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण ९८
**तालिका नं. ८०:** शैक्षिक सत्र २०७७ अनुसार विद्यार्थी विवरण ९९

**तालिका नं. ८१:** ५ वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका जनसंख्याको वडागत साक्षरताको विवरण १०१
**तालिका नं. ८२:** ५ वर्ष वा सो भन्दा माथिका साक्षर जनसंख्याले उत्तीर्ण गरेको तह अनुसार विवरण १०२
**तालिका नं. ८३:** कक्षा १२ वा सो सरह उर्त्तीण जनसंख्याका संकायसम्बन्धी विवरण १०२
**तालिका नं. ८४:** कक्षा १२ वा सो सरह उर्त्तीणका संकायसम्बन्धी विवरण १०३
**तालिका नं. ८५:** ५ देखि २४ वर्ष उमेर समूहका हाल स्कूल/कलेज गए नगएको सम्बन्धी विवरण १०४
**तालिका नं. ८६:** ५ देखि २४ वर्ष उमेर समूहका हल स्कूल/कलेज नजानुका कारणसम्बन्धी विवरण १०४
**तालिका नं. ८७:** विद्यालय बाहिर रहेका तथा विद्यालय छाडेका बालबालिकाहरूको विवरण १०५
**तालिका नं. ८८:** शिक्षक तथा शैक्षिक जनशक्ति विवरण १०६
**तालिका नं. ८९:** शैक्षिक संस्थामा उपलब्ध भौतिक पूर्वाधार तथा सुबिधा १०८
**तालिका नं. ९०:** छात्रबृत्ति तथा अन्य लक्षित सुविधा उपलब्धताको अवस्था १०९
**तालिका नं. ९१:** जन्म स्थानको आधारमा जनसंख्या विवरण ११३
**तालिका नं. ९२:** सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको संख्यात्मक विवरण ११४
**तालिका नं. ९३:** व्यक्तिगत घटना दर्तासम्बन्धी विवरण (वि.सं. २०७६) ११६
**तालिका नं. ९४:** पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ताको आधारमा वडागत विवरण ११६
**तालिका नं. ९५:** गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरूको विवरण ११८
**तालिका नं. ९६:** नजिकको अस्पतालसम्म पुग्न लाग्ने समयको आधारमा परिवारको विवरण ११८
**तालिका नं. ९७:** नजिकको स्वास्थ्यचौकीसम्म पुग्न लाग्ने समयको आधारमा परिवारको विवरण ११९
**तालिका नं. ९८:** नजिकको प्राथमिक स्वास्थ्य केन्द्रसम्म पुग्न लाग्ने समयको आधारमा परिवारको विवरण ११९
**तालिका नं. ९९:** नजिकको औषधि पसलसम्म पुग्न लाग्ने समयको आधारमा परिवारको विवरण ११९
**तालिका नं. १००:** सुरक्षित मातृत्व कार्यक्रम १२०
**तालिका नं. १०१:** प्रमुख १० रोगहरूको विवरण १२०
**तालिका नं. १०२:** गाउँपालिकामा रहेका पोषण कार्यक्रमको विवरण १२१
**तालिका नं. १०३:** गाउँपालिकामा रहेका खोप कार्यक्रमको विवरण १२२
**तालिका नं. १०४:** परिवार योजना र सामुदायिक सेवा कार्यक्रम १२३
**तालिका नं. १०५:** १२ महिनाभित्र सुत्केरी गराएको स्थान सम्बन्धी विवरण १२३
**तालिका नं. १०६:** १५ देखि ४९ वर्षका महिलाले जीवित शिशुलाई जन्म दिएकाको विवरण १२३
**तालिका नं. १०७:** लिङ्ग र उमेर अनुसार विगत १२ महिनामा मृत्यु भएकाको विवरण १२५

**तालिका नं. १०८:** मृत्युको कारण अनुसार मृतकको जनसंख्याको विवरण १२६

**तालिका नं. १०९:** मृतक महिलाको मृत्यु हुंदाको अवस्था सम्बन्धि विवरण १२७

**तालिका नं. ११०:** १०-४९ उमेरसमूहका विवाहित महिलाहरूको पहिलो बच्चा जन्मिदाको उमेरसम्बन्धी विवरण १२९

**तालिका नं. १११:** दीर्घ रोगको प्रकारअनुसार जनसंख्याको विवरण १२९

**तालिका नं. ११२:** दीर्घरोग रोगको भएको अवधिको आधार जनसंख्याको विवरण १३१

**तालिका नं. ११३:** स्वास्थ्य बीमा गरे नगरेको आधारमा परिवारको विवरण १३१

**तालिका नं. ११४:** ६० वर्ष र सोभन्दा बढी उमेरका जेष्ठ नागरिकसम्बन्धी वडागत विवरण १३२

**तालिका नं. ११५:** एकल महिलासम्बन्धी वडागत विवरण १३२

**तालिका नं. ११६:** अपाङ्गताको किसिम अनुसार जनसंख्या विवरण १३३

**तालिका नं. ११७:** महिलाको नाममा भएको घर/जग्गा सम्बन्धी विवरण १३४

**तालिका नं. ११८:** लिङ्गअनुसार बालविवाहको स्थिति (२० वर्षभन्दा मुनिका) १३५

**तालिका नं. ११९:** परिवारका सदस्यको स्थानीय तह वा सामाजिक संघसंस्थामा संलग्नतासम्बन्धि विवरण १३६

**तालिका नं. १२०:** रंगशाला, खेल मैदान, व्यायामशाला, पौडी पोखरी सम्बन्धी विवरण १३८

**तालिका नं. १२१:** गाउँपालिकामा रहेका सुरक्षा निकायको विवरण १३९

**तालिका नं. १२२:** शान्ति सुरक्षाको अवस्थाको आधारमा परिवारको विवरण १४१

**तालिका नं. १२३:** मौसमको विवरण १४३

**तालिका नं. १२४:** वन्यजन्तु तथा पशुपंक्षी १४४

**तालिका नं. १२५:** वन पैदावार (काष्ठ, गैह्र काष्ठ तथा जडिबुटी) सम्बन्धी विवरण १४५

**तालिका नं. १२६:** सामुदायिक वनहरूको विवरण १४७

**तालिका नं. १२७:** गाँउपालिकामा भएका नदीनाला, खोलाहरूको विवरण १४९

**तालिका नं. १२८:** तालतलैया, पोखरी, सिमसार क्षेत्र तथा झरनासम्बन्धी विवरण १५१

**तालिका नं. १२९:** प्राकृतिक प्रकोपको जोखिममा रहेको परिवारको विवरण १५१

**तालिका नं. १३०:** गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण १५२

**तालिका नं. १३१:** गाउँपालिकामा रहेका खानेपानी आयोजनाहरूको विवरण १५४

**तालिका नं. १३२:** खानेपानीको मुख्य श्रोतको आधारमा घरपरिवारको विवरण १५५

**तालिका नं. १३३:** खानेपानी शुद्ध बनाउने तरिकाको आधारमा वर्गीकरण १५६

**तालिका नं. १३४:** खानेपानीको शुद्धताको आधारमा परिवारको विवण १५७

तालिका नं. १३५: परिवारले प्रयोग गर्ने चर्पीको प्रकारका आधारमा परिवारको विवरण १५७

तालिका नं. १३६: सार्वजनिक शौचालयको विवरण १५८

तालिका नं. १३७: फोहोरमैला व्यवस्थापन गर्ने स्थानको आधार विवरण १५९

तालिका नं. १३८: घरबाट निक्सने फोहरपानीको व्यवस्थापनसम्बन्धी विवरण १६१

तालिका नं. १३९: गाउँपालिकामा रहेका मुख्य सडकहरू १६४

तालिका नं. १४०: सडक सुविधा पहुचको प्रकारको आधारमा वडागत घरपरिवारको विवरण १६६

तालिका नं. १४१: सार्वजनिक यातायातको पहुँचसम्म पुग्न लाग्ने समयको आधारमा परिवारको विवरण१६७

वडा १६७

तालिका नं. १४२: बाह्रै महिना सञ्चालनयोग्य सडकको पहुँचका आधारमा परिवारको विवरण १६८

तालिका नं. १४३: गाउँपालिकामा रहेका झोलुङ्गे पुल तथा पुलपुलेसा सम्बन्धी विवरण १६९

तालिका नं. १४४: यातायात रुटको विवरण १७०

तालिका नं. १४५: टाढाको वस्तीबाट सम्बन्धित वडा केन्द्रसम्म लाग्ने अनुमानित समय १७२

तालिका नं. १४६: वडा केन्द्रबाट गाउँपालिका केन्द्र पुग्न लाग्ने अनुमानित समय १७२

तालिका नं. १४७: गाउँपालिकामा रहेका बसपार्क सम्बन्धी विवरण १७३

तालिका नं. १४८: खाना पकाउने इन्धनको आधारमा घरपरिवारको विवरण १७३

तालिका नं. १४९: खाना पकाउने प्रयोग हुने सहायक इनधनसम्बन्धी विवरण (बहुउत्तरमा आधारित) १७४

तालिका नं. १५०: दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण १७५

तालिका नं. १५१: दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण १७५

तालिका नं. १५२: परिवारमा भएको साधन तथा सुविधाको विवरण (बहुउत्तरमा आधारित) १७७

तालिका नं. १५३: इन्टरनेटमा पहुँच भएका १० वर्ष माथिका जनसंख्याको विवरण १७८

तालिका नं. १५४: गाउँपालिकामा रहेका सञ्चार टावरको विवरण १७९

तालिका नं. १५५: परिवारले प्रयोग गरेको घरको स्वामित्वको वर्गीकरण १८०

तालिका नं. १५६: परिवार बसोबास गरिरहेको घर रहेको जग्गाको स्वामित्वको आधारमा घरपरिवारको विवरण १८१

तालिका नं. १५७: जगको आधारमा घुरधुरीको विवरण १८२

तालिका नं. १५८: बाहिरी गारोको आधारमा घुरधुरीको विवरण १८३

तालिका नं. १५९: छानोको आधारमा घुरधुरीको विवरण १८४

तालिका नं. १६०: घरको किसिमको आधारमा घरपरिवार विवरण १८४

तालिका नं. १६१: कोठा वा फ्ल्याट भाडामा दिएका घरपरिवारहरूको वडागत विवरण १८५

**तालिका नं. १६२:** शवदाहस्थल, चिहानस्थल तथा कब्रस्थानको विवरण । १८८

**तालिका नं. १६३:** गाउँपालिका नियमावली/कार्यविधिहरूको विवरण १९०

# खण्ड- १: भूमिका

## १.१ पृष्ठभूमि

नेपाली जनताको बलिदानपूर्ण लामो संघर्षपछि नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था कायम भएको छ । विश्वभर विभिन्न देशहरूमा सफल अभ्यासमा आएको यो व्यवस्था नेपालमा नौलो भएकाले यसमा अभ्यस्त हुन केही समय अवश्य लाग्नेछ। संघीय शासन प्रणालीको सबल पक्ष भनेको जनता केन्द्रित शासन हो । नेपालको संघिय प्रणाली अर्न्तगत राज्यको संरचनालाई तीन तहमा विभाजन गरिएको छ। संघीय अर्थात केन्द्रीय शासन, प्रादेशिक शासन बीचमा र तल्लो तहमा स्थानीय सरकार सरह नेपालको संविधानले स्थानीय तहहरूलाई स्थानीय स्वायत्त सरकारको रुपमा स्थापित गरेको छ। संविधानको अनुसूची ८ को क.सं. ६ मा स्थानीय तथ्याङ्क र अभिलेख संकलन सम्बन्धी सम्पूर्ण अधिकार स्थानीय सरकारलाई भएको उल्लेख छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) को च मा माथि उल्लेखित विषयलाई थप विस्तार गरिएको छ।

तसर्थ नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार प्रयोग गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको गाउँ/नगर वस्तुगत विवरण तयारी कार्यविधि, २०७५ अनुरुप स्थानीय स्तरका विकासको योजना निर्माण, नीति निर्माण तथा स्थानीय सूचनाको प्रमुख श्रोतको रुपमा रहने यो वस्तुगत विवरणले गाउँपालिका/नगरपालिकालाई विकास र सम्वृद्धिको समुचित दिशातर्फ उन्मुख हुन सहयोग गर्ने विश्वासका साथ यो प्रतिवेदन तयार भएको छ।

## १.२ उद्देश्य

पार्श्वचित्र निर्माणको प्रमुख उद्देश्य भनेकै गाउँपालिकाको समग्र वस्तुगत अवस्थाको जानकारीहरूलाई सु-व्यवस्थित ढङ्गले अभिलेखिकरण गर्ने र ती तथ्याङ्क र सूचनाहरूलाई अध्यावधीक गर्दै आवश्यक पर्दा सरोकारवालाहरूलाई सूचना उपलब्ध गराउनु हो। पार्श्वचित्रका अन्य विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- क) गाउँपालिकाको समग्र भौतिक पूर्वाधार, आर्थिक पक्ष, सामाजिक पक्ष, प्राकृतिक सम्पदा तथा विपद् व्यवस्थापन सम्बद्ध पक्षहरूको सूचना तथा तथ्याङ्कको अभिलेख तयार पार्ने ।
- ख) गाउँपालिकाको सेवा प्रवाह तथा संस्थागत संयन्त्रहरू बारेका सूचना तथा तथ्याङ्कहरूको अभिलेख तयार गर्ने ।
- ग) गाउँपालिकाका सबल पक्षहरू, दुर्बल पक्षहरू, अवसरहरु, चुनौतीहरू तथा संभावनाहरुको विश्लेषण गर्ने ।
- घ) गाउँपालिकाको विभिन्न विषयगत आधार नक्शा तयार गर्ने ।
- ङ) गाउँपालिकाको समग्र जनसांख्यिक, आर्थिक, सामाजिक, भौतिक, प्राकृतिक, ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथ्याङ्कहरूको व्याख्या र विश्लेषण गर्ने ।
- च) प्राप्त सूचनाहरूको वर्गीकरण गरी सुव्यवस्थित र सरल ढंगले सर्वसाधारणले बुझ्न सक्ने गरी विभिन्न खण्डमा विभाजन गरी प्रस्तुत गर्ने ।
- छ) माथि उल्लेखित सम्पूर्ण विषयसँग सम्बन्धित एकमुष्ट तथ्याङ्कीय आधार तयार पार्ने ।

## १.३ कानूनी तथा नीतिगत आधारहरू

पृष्ठभूमिमा उल्लेख भएजस्तै गाँउपालिकाको वस्तुगत विवरण तयारीका निम्न आधारहरू रहेका छन् ।

### (क) वैधानिक आधार

नेपालको संविधानको अनुसूची ८ लाई व्याख्या गर्न बनेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तथ्याङ्कहरूको अभिलेख तयार गरी अध्यावधिक गर्ने अधिकार र जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गरेकोले गाँउपालिकालाई पार्श्वचित्र तयार पार्ने आधार बनेको छ ।

### (ख) नीतिगत आधारहरू

नीतिगत आधारहरू अर्न्तगत नेपाल सरकारले तयार पारेको समग्र योजनाहरू, नीतिहरू, प्रादेशिक नीतिहरू र यी नीतिहरूका आधारमा तयार भएका स्थानीय तहका नीतिहरूलाई कार्यान्वयन गर्न आधारभुत रुपमा आवश्यक तथ्याङ्कहरूको अनिवार्यता हुने भएकाले गाँउपालिकाको समग्र सूचनाहरू तयार पानुपर्ने नीतिगत आवश्यकता रहेको र सूचना व्यवस्थापनको नीतिगत व्यवस्था समेत रहेकाले सोका आधारमा यो वस्तुगत विवरण तयार पारिएको हो ।

### (ग) स्थानीय आवश्यकता

स्थानीय सरकार सञ्चालन गर्न तथा स्थानीय आश्यकताहरूको पहिचान गर्न वस्तुगत सूचनाहरूको आवश्यकता पर्दछ । स्थानीय आवश्यकताहरूको पहिचान पश्चात विकास निर्माण नीति, योजना तथा कार्यक्रमहरू तय गर्न सकिन्छ। तसर्थ समग्र विकास प्रक्रियालाई अगाडि बढाउँदै स्थानीय सरकार सञ्चालन गर्न आवश्यक सूचना तथा तथ्याङ्कहरूको संगालोको ट्डकारो आवश्यकता रहने हुँदा यो नै वस्तुगत विवरण तयारीको अर्को महत्वपूर्ण आधार हो ।

यी बाहेक नेपालले पक्ष राष्ट्र भई हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौताहरूलाई कार्यान्वयन गर्न समेत वस्तुगत सूचनाहरूको आवश्यकता पर्दछ। दिगो विकास लक्ष्य हासिल गर्न जलवायु परिवर्तनका असरहरू न्यूनिकरण गर्न, मानव अधिकारको सुनिश्चितता गर्न, पर्यावरणीय सन्तुलन कायम गरी दिगो विकास गर्न तथ्यपरक सूचनाहरूको आवश्यकता पर्ने भएकाले यी आवश्यकताका आधारमा यो विवरण तयार पारिएको हो ।

## १.४ तयारीका विधि (Methodology)

यस गाउँपालिकाको पार्श्वचित्रको तयारी गर्दा प्रयोग गरिएका विधिहरू निम्नानुसार छन् –

- ✓ विशिष्टीकृत प्रश्नावली निर्माण गरी Android Apps द्वारा प्रत्येक घरपरिवारको जनसांख्यिक, आर्थिक, सामाजिक र भौतिक पक्षहरूको विवरण प्राप्त गर्न गणकहरू परिचालन गरी आवश्यक तथ्याङ्क संकलन गरिएको ।
- ✓ यसमा गाउँपालिकाको विभिन्न विषयगत शाखा, विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरूबाट उपलब्ध तथ्याङ्कहरू समावेश गरिएको छ ।
- ✓ सबैवडाका अध्यक्ष तथा अन्य पदाधिकारीसँग प्रत्यक्ष अन्तरर्वाता विधि प्रयोग गरी तथ्याङ्क संकलन गरिएको ।

- ✓ घरधुरी तथाङ्क संकलन २०७६, र अन्य विभिन्न सर्वेक्षण आदिका नतिजाहरू समावेश गरिएको छ ।
- ✓ यस अध्ययन प्रतिवेदनमा तथ्याङ्कको विश्लेषणका क्रममा विभिन्न तालिकाहरू, चित्रहरू तथा नक्साको प्रयोग गरी वर्णनात्मक तथा तुलनात्मक रुपमा विश्लेषण गरिएको छ ।

पार्श्वचित्र तयार गर्ने कार्य प्राथमिक (Primary) तथा द्वित्तीय (Secondary) सूचना संकलन पद्दति उपयोग गरी गरिएको छ । भू-उपयोग, सडकहरू र सो को गुणस्तर तथा वातावरणीय समस्याहरू जस्ता प्राथमिक तथ्याङ्कहरू, डिजिटल तथ्याङ्क (GIS Data), स्थलस्वरुप नक्शा, हवाई नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तरवार्ता गरी संकलन गरिएको छ । यसका साथै गाँउपालिका स्थित विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, वुद्धिजिवीहरू उपलब्ध प्रतिष्ठित् व्यक्तित्वहरूसँग छलफल एवं अन्तर्वार्ता गरी गाँउपालिकाका प्रमुख समस्या एवं विकासका सम्भावनाहरूमाथि जानकारी लिइएको छ । गाँउपालिकाका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू गाँउपालिका कार्यालय लगायत गाँउपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्कहरू विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ ।

## १.५ वस्तुस्थिति विवरणको सीमा

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरे बमोजिम गाउँपालिका पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्यांकहरूको स्रोत र आधार वर्ष खुलाइएको छ । गाउँपालिकाका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, विभिन्न मन्त्रालय, विभागहरू, सम्बन्धित गाउँपालिका आदि स्रोतहरूबाट उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ । पार्श्वचित्रको अवधारणा अनुसार यसले सुस्ता गाउँपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ । अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ । तैपनि स्रोत, साधन तथा सूचना व्यवस्थापनका सिमितताका कारण अपेक्षित सम्पूर्ण सूचनाहरू प्राप्त हुन सकेको छैन । तथापि अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसारका तथ्याङ्क भने समावेश गरिएको छ ।

# खण्ड- २: गाउँपालिकाको चिनारी

## २.१ भौगोलिक अवस्थिति, सिमाना




*नक्सा नं. १ : गाउँपालिकाको प्रशासनिक विभाजन नक्सा*

सुस्ता गाउँपालिका नेपालको पछिल्लो प्रशासनिक विभाजन अनुसार लुम्बिनी प्रदेश अन्तर्गत नवलपरासी ( पश्चिम) जिल्लाका १५ स्थानीय तहहरूमध्ये एक पर्दछ। सुस्ता गाउँपालिका भौगोलिक हिसाबले ८३.८१२° देखि ८३°४८’४३.३०” देखी ८३°५४’१८.९५” सम्म पूर्वी देशान्तर र २७°२०’४९.२०” देखि २७°३१’३.७४” सम्म उत्तरी अक्षांशसम्म फैलिएर प्राकृतिक मनोरम संरचना सहित होचो भू-भागदेखि चुरे पहाडी श्रृंखलामा अवस्थित छ। यो गाउँपालिका समुद्री सतहबाट ८८ मिटर देखि ८१५ मिटरको उचाइमा रहेको छ। ९६.५१ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस सुस्ता गाउँपालिकाको पूर्वमा विनयी त्रिवेणी गाउँपालिका र भारतको विहार राज्य, पश्चिममा प्रतापपुर गाउँपालिका र बर्दघाट नगरपालिका, उत्तरमा विनयी त्रिवेणी गाउँपालिका तथा दक्षिणमा भारतसँग सिमाना जोडिएको छ। गाउँपालिकाको अधिकांश भूभाग समथर रहेको छ। जल, जंगल, जमिन, जनावर र जडिबुटीको कमि नभएको यस गाउँपालिका सप्तगण्डकी अर्थात नारायणी नदी तथा यसमा मिसिन आउने चुरेबाट बग्ने ससाना खोलाहरूले गाउँपालिकालाई जल सतह कायम गर्न अग्रणी भूमिका खेलेका छन्।

## २.२ प्रशासनिक विभाजन

तत्कालिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको नमुना बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदन अनुसार तत्कालीन संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा देहायबमोजिम साविकका गा.वि.स.हरू कुडिया, त्रिवेणी सुस्ता, रुपौलीया, नर्सही र पक्लीहवा समेटेर ५ वटा वडाहरू कायम गरी यो गाउँपालिकाको निर्माण गरिएको हो। हाल सुस्ता गाउँपालिकाको संरचना यस प्रकार रहेको छ।

**तालिका नं. १:** सुस्ता गाउँपालिकाको वडा विभाजन

| हाल कायम गरिएका वडा नं. | समावेश भएका सविक गा.वि.स.हरू | समावेश भएका साविकका वडा | क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|---|---|
| १ | रुपौलिया | ३,४,५,६,७ | २१.२२ |
| २ | रुपौलिया | ८, ९ | ११.५० |
| | कुडिया | १, ५, ६,७, ८ | |
| ३ | कुडिया | २, ३, ४, ९ | १०.५५ |
| ४ | नर्सही | १-९ | १७.०२ |
| ५ | पक्लिहवा | १-९ | ३६.२३ |
| | त्रिवेणी सुस्ता | ४ | |
| जम्मा | | | **९६.५१** |

*स्रोत : गाँउ कार्यपालिकाको कार्यालय, २०७७*

## २.३ ऐतिहासिक पृष्ठभूमि तथा नामाकरण

सुस्ता गाउँपालिकाको नामाकरण यसै गाउँपालिकाको वडा नं. ५ मा नारायणी नदीको दक्षिणपूर्वी भागमा अवस्थित राष्ट्रिय अन्तरराष्ट्रिय महत्व बोकेको सुस्ताको नामबाट गरिएको हो । यद्यपि यस गाउँपालिकाको अधिकांश भूभाग नारायणी नदी पश्चिममा पर्दछ । नारायणी नदीले समय समयमा गर्ने बहाव परिवर्तनले पनि सीमा समस्या बल्झाइरहेको छ । स्थानीयका अनुसार नारायणी पारीको यो क्षेत्रमा वि. सं. २०२० देखि नै फाट्टफुट्ट रुपमा बस्ती बस्न थालेको हो । नारायणी नदीको तटीय क्षेत्र भएकोले मलिलो प्राङगारिक तत्व मिसिएको बलौटे पाँगो माटो थुप्रिएकाकारण प्रशस्त मात्रमा उब्जाउ हुने गरेको छ । यस क्षेत्रमा जुनसुकै बाली लगाए पनि प्रशस्त उत्पादन हुने हुनाले बिक्रिवितरण गर्दा पनि सस्तो हुने गर्थ्यो । सस्तोलाई भोजपुरी भाषामा 'सस्ता' भनिन्छ । सस्तोमा कृषि उपज उत्पादन हुने भएकोले 'सस्ता' शब्द अपभ्रंश भई सुस्ता बनेको जनविश्वास रहेको छ । बारम्बार सीमा विवाद बल्भिरहने तथा भारततर्फका चोर, डाँकु र अपराधीहरूले विवादित क्षेत्रलाई आश्रय स्थलको रुपमा प्रयोग गर्ने गरेकाकारण पञ्चायती सरकारद्वारा जनताको जिउधनको सुरक्षाका लागि नेपाली भूतपूर्व सैनिकहरूलाई हातहतियार समेत उपलब्ध गराई वि.सं.२०२३ सालमा सुनौलो बस्ती बसालिएको थियो । तर वि.सं. २०३२ सालमा आएको नारायणी नदीको भीषण बाढीले पुरै सुस्ता जलमग्न भयो । जग्गाजमिन कटान हुनुकासाथै मानव तथा पशुपंछी समेत बगाउँदा ठूलो धनजनको क्षति भयो । दुई दिनसम्म जलमग्न भएको उक्तस्थलबाट घरको धुरी र रुखको सहायतामा बाँच्न सफल सुस्ताबासीलाई त्रिवेणी व्यारेकका तत्कालीन शाही नेपाली सेनाको टोली र भारतको चितौनीघाटबाट डुङ्गाको सहायताबाट आपतकालीन उद्धार गरी नदीवारी रहेको ठाडीघाट (अनुमाघाट) क्षेत्रमा अस्थायी बसोबासको प्रवन्ध मिलाइयो । करिब १ वर्षसम्म नेपाल रेडक्रस सोसाइटी र UNDP को सहायतामा लत्ताकपडा र भाँडावर्तन वितरण गरी सोही स्थानमा नै राखिएकोमा वि.सं. २०३३ सालमा नेपाल पूर्ण आबास कम्पनीको सहायतामा बेसाहाराहरूलाई परिवार संख्या हेरी जग्गाजमिन वितरण गरी त्रिवेणीमा पुर्नस्थापना गरियो । बाढीको खतरा कम भएपछि मानिसहरू सुस्तामै गई बसोबास गर्न थाले । भूपू सैनिकहरूको बसोबास भएकाकारण सुस्तामा गुरुङ र मगर जातिको उल्लेख्य बसोबास रहेको छ । यद्यपि ब्राह्मयण, क्षेत्री, नेवार, पहाडी तथा मधेसी दलित (मुसहर) तथा मुस्लिमहरूको पनि बसोबास रहेको छ । नदीले धार परिवर्तन गरिरहँदा लामो समयदेखि सुस्ता क्षेत्र नेपालभारतको सीमा विवादको क्षेत्रको रुपमा रहेको छ । भारतले सीमाक्षेत्रमा सुस्ताबासीलाई बारम्बार दुख दिइरहेको छ भने नेपाल सरकारबाट भरपर्दो पहल नहुँदा पीडित मारमा परेका छन् । स्थानीय निकाय गठनको शिलशिलामा अन्तराष्ट्रिय स्तरमा ख्याती कमाएको सुस्ता नामाकरणमा सहमति जुटेकोले सम्पूर्ण गाँपालिकाको नाम सुस्ता गाउँपालिका रहन गएको हो । हाल अनोमाघाटभन्दा करिव ५०० मिटर दक्षिण र सुस्ता जोड्ने करिव १,५७१ मिटर लामो र १.६ मिटर चौडा भोलुङ्गे पुल निर्माणाधीन रहेको सन्दर्भमा पुल निर्माणमा भइरहेको ढिलाइले सहज आवतजावतका लागि अझै परम्परागत डुङ्गाको सहायता लिनु पर्ने बाध्यता छ भने सौर्य उर्जा मार्फत तीब्र रुपमा विद्युतीकरण पनि भइरहेको छ । सशस्त्रको सीमा सुरक्षा पोष्ट तथा नेपाल प्रहरी चौकीले बासिन्दाले सुरक्षाको प्रत्याभूत भएको छ भने स्थानीय स्तरमा स्थापित 'सुस्ता बचाऊ' अभियानलाई पनि केही हदसम्म टेवा पुगेको छ ।

## २.४ मुख्य बस्तीहरूको विवरण

गाउँपालिका विषम भौगोलिक अवस्था भएपनि जलवायुको आधारमा बसोबासको लागि उपयुक्त मानिएको छ । हुलाक, टेलिफोन, स्वास्थ्यचौकी र विद्यालयको पहुँचका साथै यातायातको सुविधा हुनाले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पुऱ्याइरहेका छन्। यसका साथै विभिन्न स्थानहरूमा गाउँपालिकाहरूले

आफ्नो आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा हाट बजारको व्यवस्थापन गर्ने काम साथै स-साना व्यापारिक केन्द्रको रुपमा क्रमिक विकास भइरहेको छ।

गाउँपालिका क्षेत्रहरूको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर बाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरू लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरू संचालन गर्नु पर्दछ। यसरी जग्गा विकास कार्यक्रम संचालन गर्दा शहरी विस्तार क्षेत्र प्रस्तावना गरिएका क्षेत्रहरूलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ।



*नारायणी नदी पारी सुस्ता वस्ती, वडा नं. ५*

**तालिका नं. २:** गाउँपालिकाको मुख्य वस्ती क्षेत्रहरुको विवरण

| वडा नं. | मुख्य वस्ती क्षेत्रहरू |
|---|---|
| १ | नौडिहवा, बनकट्टी, बरुवा, सिंगहा, वनदेवी, कर्महना, रुपौलिया, फेचुवा, बन्धरी, सिर्जनाटोल(वनटोल), छिवनी, कद्‌महवाटोल, मल्लाह टोल र छौघरैया टोल |
| २ | गुदरिया, कुमारवर्ती टोल, सुकुम्बासी टोल, सत्पत्ती, महलबारी (थारुगाउँ, मुसहर टोल, सिमलचौर टोल, धर्मपुरा टोल, मस्जिद टोल), फेनहरा, हरकपुरा, जमुनाबारी, कुडिया (बजारटोल, कल्याण टोल र थारुटोल), फोडरहवा |
| ३ | फेनहरा थारुटोल, फेनहरा स्कुलटोल, सेखुवाना, रेबारेता, शान्तिटोल, बालुवाटोल, श्रीनगर, मर्चहवा, वि गैप, गोवरहिया, रैबामछुटोल, रेबामन्दिरटोल, रेबाबन्धाटोल, पत्थरकला दक्षिणटोल, पत्थरकला उत्तरटोल, विनटोल, तीनटोल र गजडी महेन्द्रनगर |
| ४ | विर्ता, दुर्गाटोल, श्रीरामपुर, विनटोल, पश्चिमटाँडी, बेलटाँडी, थारुटोल, जर्लैया, गोकुल नगर |
| ५ | वनकट्टी, रामनगर, सेमरी, तरैनी, रतनगञ्ज, महलबारी , पतरका, बेलवानी, बलिनगर, सकरदिनही, सुस्तापारी (पहाडी टोल, बीच टोल, बड्का टोल, थारुटोल), नन्दनगर, मियाँटोल, मलाइटोल, चन्द्रगञ्ज र नथइनगर। |

*स्रोत : सुस्ता गाउँ कार्यपालिकाको कार्यालय, २०७७*

## २.५ भू-उपयोगको विवरण




**नक्सा नं. १ :** *गाउँपालिकाको भू-उपयोगको नक्सा*

मानव जातिको सृष्टि र जनजीवन भू-धरातलमा उपलब्ध प्राकृतिक श्रोतहरूको उपयोगका आधारमा अडेको छ। मानवीय अस्तित्व भित्रका समग्र मानवीय गतिविधिहरू उसले उपयोग गर्ने जमिन तथा जमिनमा उपलब्ध श्रोतहरूमा पूर्णतः निर्भर गर्दछ। तसर्थ भू-आवरण अन्तर्गत मानिसले उपयोगमा ल्याउने वन क्षेत्र, खेतीयोग्य जमिन, जल, बालुवा, हिमाल, पहाड आदिको तथ्याङ्कलाई भू-उपयोग अन्तर्गत उल्लेख गरिएको छ। सुस्ता गाउँपालिकाको भू-उपयोगसम्बन्धी विवरण निम्न अनुसार उल्लेख गरिएको छ।

**तालिका नं. ३:** गाउँपालिकाको भू-उपयोग सम्बन्धी विवरण

| जमिनको किसिम | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|
| वन जंगल | १५.९५ | १६.५३ |
| खेतीयोग्य जमिन | ५७.१९ | ५९.२५ |
| आवास क्षेत्र | २.९४ | ३.०५ |
| गण्डक नहर | ०.४८ | ०.४९ |
| सिंचाई नहर | ०.३४ | ०.३५ |
| खुला जमिन (झाडी र बाँझो जमिन) | २.२३ | २.३१ |
| बगैंचा | १.१२ | १.१७ |
| नदी र तालहरु | ६.४४ | ६.६७ |
| नदीले ओगटेको क्षेत्र | ९.३४ | ९.६८ |
| सिमसार | ०.४८ | ०.५० |
| जम्मा | ९६.५१ | १०० |

*स्रोत: नक्सा, २०७७*

यस गाउँपालिकाको वर्तमान भू-उपयोगलाई हेर्दा ५९.२५ प्रतिशत अर्थात सबैभन्दा धेरै खेतीयोग्य जमिनले ओगटेको छ भने दोस्रोमा १६.५३ प्रतिशतमा वन जंगल रहेको छ भने आँप, चाँप, कटहर, केरा, उखु लगायतको बगैंचा अंश १.१७ प्रतिशत रहेको छ। कुनै पनि स्थानको समग्र भू-आवरण मध्ये ४० प्रतिशत भन्दा बढी वन क्षेत्र भएमा वातावरणीय सन्तुलनका हिसाबले सुखद मानिन्छ । यसकारण यस गाउँपालिकामा हरियाली यथासम्भव वृद्धि गर्नु पर्ने आश्यकता रहेको छ। यद्यपि सो वनको पूर्ण सदुपयोग र वैज्ञानिक व्यवस्थापन हुन भने अनिवार्य छ। सम्पूर्ण खेतीयोग्य जमिनमा वैज्ञानिक कृषि प्रणाली अवलम्बन गर्न सके उत्पादनको समेत राम्रो सम्भावना देखिन्छ। यस गाउँपालिकाको भू-उपयोगको अर्को उल्लेखनीय पक्ष भनेको यहाँको झाडी, बुट्यान तथा खेर गइरहेको जमिनले ओगटेको भू-भागको अंश हो अर्थात सो भू-भागले कुल भू-भागको २.३१ प्रतिशत ओगटेको छ। आवास क्षेत्रले ओगटेको भू-भाग ३.०५ प्रतिशत रहेको छ। जलक्षेत्रले ओगटेको भू-भाग ९.३४ प्रतिशत देखिन्छ।





वडा नं. ४ नर्सही स्थित व्यवसायिक उखु खेति

## २.६ माटोको बनावट

सुस्ता गाउँपालिकाको भौगर्भिक संरचना भारतीय उपमहाद्विप (Indian Plate)र तिब्बतीयन प्लेट (Tibetan Plate)को एकआपसको टकरावबाट उत्पति भएको महाभारत पर्वत श्रृङ्खला निर्माण हुँदाको बखत भएको हो । यद्यपि धरातलीय Profile हेर्दा माटो र चट्टानहरूमा विविधता रहेको पाइन्छ। यसको कारण भू-धरातलमा निरन्तर भइरहने प्राकृतिक प्रक्रियाहरू (Natural Phenomena) जस्तै मौसम तथा ऋतु परिवर्तन, भू-क्षय, वायुमण्डलीय चापको प्रभाव, वर्षा, शीत, भुकम्प, जलवायु परिवर्तन, सामान्य हावाहुरी आदि हुन् । यसर्थ गाउँपालिकाको चुरे पर्वत खण्डको माटो र चट्टान सामान्यत नेपालमा पाइने आग्नेय चट्टान (Igneous Rock) तथा पत्रे चट्टानको मिश्रण र तिनीहरूमा भौतिक र रसायनिक परिवर्तन हुँदै जाँदा बन्ने परिवर्तित चट्टान ( Metamorphic Rock) को समिश्रणको रुपमा रहेको छ। नारायणी नदी, कोटाहा, सिंगाहा, रायपुरा, शिरखोला लगायतका खोलाहरू आदि नदीनालाको प्रत्यक्ष प्रभाव क्षेत्रमा बलौटे माटोको मात्रा बढी छ भने भित्री भागमा पाँगो माटोमा प्राङ्गारिक पदार्थको मात्रा पाइन्छ। यसरी प्राङ्गारिक पदार्थको मात्रा भने निरन्तर खेती भइरहेको क्षेत्रमा केही बढी छ भने बाँझो क्षेत्रमा क्रमशः घटिरहेको पाइन्छ ।

## २.७ भिरालोपनको विवरण

सुस्ता गाउँपालिकाको भूमिलाई भू-वनौट, प्रणाली, तथा भू-स्खलनजस्ता प्रवृत्तिका आधारमा अध्ययन गर्दा भूमिको वर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading) क्रममा राखिएको छ। अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रवृत्ति भू-बनोटअनुसार फरक पर्दै जान्छ। त्यसै क्रमले भूमिको स्थायित्वलाई मजबुत बनाउने उपायको भौतिक लक्षण (Physical characteristics) का आधारमा माटोको अवस्था र भिरालोपन विश्लेषण गरिएको छ। सुस्ता गाउँपालिकमा भूमिलाई भू-बनौट, पारिस्थितिक प्रणाली, तथा भू-स्खलनजस्ता तत्वका आधारमा भूमिको वर्गीकरणलाई हेर्दा गाउँपालिकाको जमिनमा न्यूनतम १ डिग्री देखि अधिकतम ५५ डिग्री सम्मको भिरालोपन देखिन्छ। जसलाई नक्सामा उल्लेख गरिएको छ ।




***नक्सा नं. १ :** गाउँपालिकाको भिरालोपनाको नक्सा*

### क) Slope ०°-५° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने कान्ला बनाई खेती गर्न सकिने)

०° देखि ५° सम्म भिरालोपन भएको जमिन यस पालिकामा ८६.८१ प्रतिशत रहेको छ । यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ। मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गराहरू बनाउनु पर्दछ। सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ। माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ।

यस वर्गको जमिनमा परम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ। मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ। यस्तो जमिनमा धान खेती गर्न सकिन्छ। सिंचाइ सुविधा उपलब्ध भएको छ भने माटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ। सिंचाइ भएमा हिउँदे एवं वर्षे बाली पनि लगाउन सकिन्छ।

### ख) Slope ५°-३०° (माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)

५° देखि १०° सम्म भिरालोपन भएको जमिन ३.५८ प्रतिशत १० ° देखि १५ ° सम्म २.४७ प्रतिशत, १५ ° देखि २०° सम्म २.५४ प्रतिशत, २०° देखि ३०° सम्म ३.३८ प्रतिशत, ३०° देखि ५५° सम्म १.२३ प्रतिशत रहेको देखिन्छ । ५°-३०° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मि. सम्म रहेको जग्गा यस वर्गमा पर्दछ । यस वर्गको जमिनमा पहिरो जाने, जमिन भासिने जस्ता भू-क्षयीकरणका प्रवृत्तिहरू सामान्यरुपमा देखा परि रहन्छन्। त्यसैले जमिनलाई सामान्यरुपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुने हुन्छ। वन, वनस्पतिका लागि यो जमिन त्यति सहज हुँदैन। गाईबस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन। तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पनि पुऱ्याउन सक्दछ ।

यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गराहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ। सिंचाइको प्रयोग नियमित रुपमा पहिलेदेखि नै भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउदैन, तर नयाँ सिंचाइ प्रणाली शुरु गर्ने हो भने शुरुमा सावधानी अपनाउनु पर्दछ। एक्कासी बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरुन्त शुरु हुन सक्दछ।

### ग) Slope ३०°–४०° माटोको गहिराई २० से.मी. मात्र भएको, पानीको निकाससहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मी.) भन्दा बढी भएको, काठ दाउरा उत्पादन गर्न उपयुक्त।

माटोको पत्र २० से.मि. मात्र गहिराई भएको पानीको निकास सहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मि.) भन्दा बढी भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको ज्यादा भिरालोपन भएको

जग्गामा गरा बनाएर खेती गर्नु फाइदाजनक देखिँदैन। यस प्रकारको जमिनमा वर्षाको पानीबाट छिटो खोल्सीहरू बन्ने वा बाढीले क्षती पुऱ्याउने ठूलो सम्भावना रहन्छ। यस प्रकारको जमिनमा बनस्पतीहरू लगाउन, उपयुक्त देखिन्छ। यहाँ काठ र इन्धनका लागि वन पैदावारको उत्पादन वृद्धि गर्नु उपयुक्त हुनेछ। पहिरो जाने वा बाढीबाट क्षति हुने प्रवृत्ति यस प्रकारको जमिनका सामान्य लक्षण हुन्।

यस्तो क्षेत्रमा जङ्गलको विकास गरी इन्धन, पशु आहार तथा काठ उत्पादन गर्न सकिन्छ। जङ्गल फडानी भएको छ भने पनि यस्तो क्षेत्रमा या त बोटविरुवालाई पुनः हुर्काउन सकिन्छ या त वृक्षारोपण गर्न सकिन्छ। यस वर्गमा पर्ने जमिनहरूमा गाईबस्तुलाई चराउने चलन कडाइका साथ नियन्त्रण गर्नुपर्छ। यदि इन्धन, पशु, आहार तथा चरनको लागि उपयोग गर्ने हो भने पनि वार्षिक उपयोगले भविष्यको उत्पादकत्वलाई जोखिममा पार्ने खालको हुनु हुँदैन। यस प्रकारको क्षेत्रमा यस्तो वन पैदावार उपयोग गर्ने तरिका, स्थान र पहुँचको लागि सडक विस्तारका र सुरक्षित योजना बनाउनु पर्दछ। यस्तो जमिन खेतीको लागि उपयुक्त हुँदैन।

### घ) Slope > ४०° माटोको गहिराई २० से.मी. भन्दा कम भएको, भु-क्षय भइरहने पुनरुत्पादनको संभावना कम भएको

ज्यादै भिरालो भएको, मध्यम भिरालोपन भए पनि माटो पत्र (तह) २० से.मि. भन्दा कम भएको वा जस्तोसुकै भिरालोपन भए पनि वर्षे पानीबाट क्षति भएको, धेरै खोल्सीहरू सिर्जना भएको जमिन यस वर्गमा पर्दछ। यस गाउँपालिकाको भिरालोपन ५५ डिग्री सम्म रहेको छ। यस प्रकारको जमिन अति नै कमजोर, भू-क्षयीकरणको प्रवृत्ति भएको तथा पुनर्निर्माण र पुनर्स्थायीकरणको सम्भावना पनि अत्यन्त कम भएको कारण अन्न एवं वनस्पति खेतीका लागि अनुपयुक्त मानिन्छ।

यस प्रकारको जमिनलाई घाँस वा बोट-विरुवा लगाएर हराभरा बनाइराख्नु पर्छ, किनभने माथि उल्लेख गरिए झैं एकातिर यस्तो जनिमा भू-क्षयीकरणको प्रवृत्ति तीब्र रहेको हुन्छ भने अर्कातिर एक पटक भू-स्खलन भइसकेको क्षेत्रलाई पुनः अधिग्रहण (reclaim) गर्न असम्भव नै हुन्छ। उच्च भू-भागमा माटोको तापक्रम कम रहने भएबाट तथा भिरालोपन भएबाट माटो सजिलैसँग बग्दछ। तलको टेवलमा सुस्ता गाउँपालिकाको भिरालोपनको विवरण उल्लेख गरिएको छ।

**तालिका नं. ४:** गाउँपालिकाको भिरालोपनको विवरण

| क्र.सं. | भिरालोपन (डिग्रीमा) | उपयोग | जमिनको क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|---|
| १ | भिरालोपन ० देखि ५ सम्म | खेतीपानी र वनको लागि | ८३.७८ | ८६.८१ |
| २ | भिरालोपन ५ देखि १० सम्म | कान्ला बनाई खेती गर्न सकिने | ३.४६ | ३.५८ |
| ३ | भिरालोपन १० देखि १५ सम्म | कान्ला बनाई खेती गर्न सकिन | २.३९ | २.४७ |
| ४ | भिरालोपन १५ देखि २० सम्म | कान्ला बनाई खेती गर्न सकिन | २.४५ | २.५४ |
| ५ | भिरालोपन २० देखि ३० सम्म | कान्ला बनाई खेती गर्न सकिन | ३.२६ | ३.३८ |
| ६ | भिरालोपन ३० देखि ५५ सम्म | संरक्षित वन बनाउन सकिने | १.१८ | १.२३ |
| जम्मा | | | ९६.५१ | १००.०० |

*स्रोत: नक्सा, २०७७*

गाउँपालिकाको ८६.८१ प्रतिशत जमिन ५ डिग्रीसम्म मात्र भिरालो छ। यसको अर्थ यहाँको अधिकांश जमिन खेतीपातीको लागि अत्यान्तै सुविधाजनक अवस्था छ। नारायणी नदीले बनाएको यो समथर मैदानमा १० डिग्रीभन्दा बढी भिरालोपन करिब १० प्रतिशत मात्र रहेको छ। यसो हुनु जैविक विविधताका हिसाबले पनि गाउँपालिका राम्रो अवस्थामा रहेको देखाउँछ।

## २.८ जमिनको मोहडाको विवरण




*नक्सा नं. १ : गाउँपालिकाको जमिनको मोहडाको नक्सा*

सामान्यतया भिरालोपनमा विषमता हुँदा जमिनको मोहडामा समेत विषमता हुन्छ। यद्यपि मोहडाको हिसाबले हेर्दा पूर्वी मोहडा, दक्षिण पुर्वी मोहडा, दक्षिण मोहडा, दक्षिण पश्चिम मोहडा, पश्चिमी मोहडा भएको क्षेत्र ६५.९७ प्रतिशत भएकोले गाउँपालिकामा जलवायुगत विविधता पाउनुका साथै यस प्रकारको पहारीलो क्षेत्रको जमिन कृषि, उद्योग, बसोबास तथा अन्य विकासका क्रियाकलापहरू सञ्चालन गर्न उपयूक्त रहेको छ । उत्तरी मोहडा ९.८७ प्रतिशत भए पनि तराइको समथर भएकाकारण यहाँको जमिन कृषि तथा बसोबासका उपयूक्त रहेको छ । करिब ३.६० प्रतिशत समथर जमिन खेतीपातीको लागि अब्बल छ । थप तथ्याङ्क तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५:** जमिनको मोहडाको विवरण

| क्र.स. | जमिनको मोहडा | क्षेत्रफल (वर्ग कि.मी.) | प्रतिशत |
|---|---|---|---|
| १ | समथर मोहडा | ३.४७ | ३.६० |
| २ | उत्तर मोहडा | ९.५३ | ९.८७ |
| ४ | पूर्व मोहडा | १०.३९ | १०.७६ |
| ३ | उत्तर पूर्वी मोहडा | ८.८१ | ९.१३ |
| ९ | उत्तर पश्चिम मोहडा | ११.०४ | ११.४४ |
| ६ | दक्षिण मोहडा | १४.३७ | १४.८९ |
| ५ | दक्षिण पूर्वी मोहडा | ११.९८ | १२.४२ |
| ७ | दक्षिण पश्चिम मोहडा | १३.३७ | १३.८६ |
| ८ | पश्चिम मोहडा | १३.५५ | १४.०४ |
| | जम्मा | ९६.५१ | १००.०० |

*स्रोत नक्सा, २०७७*

## २.९ विकासका मुख्य सम्भावनाहरू

हरेक स्थानको आफ्नै विशेषता हुन्छ। कुनै स्थानमा जंगलको भू-भाग अत्यधिक हुन्छ। कुनै स्थानमा पर्याप्त मात्रामा जलश्रोतको उपलब्धता हुन्छ भने कुनै स्थानमा सुख्खा क्षेत्रको रुपमा रहेका हुन्छन्। तसर्थ कृषियोग्य क्षेत्रमा कृषिको व्यवसायीकरण गरेर माथि उठ्न सकिन्छ यस गाउँपालिकाको वर्तमान भू-उपयोग हेर्दा ५९.२५ प्रतिशत कृषि क्षेत्र भएकोले कृषिको व्यवसायिकरण तथा पर्याप्त मात्रामा जल श्रोतको उपयोग गरेर यहाँको समृद्धि हासिल गर्न सकिन्छ ।

समग्रमा यस गाउँपालिका क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या ७२ प्रतिशत रहेको छ। गाउँपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकता अनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरण, आधुनीकिकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा, बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

गाउँपालिकामा रहेको उर्वर भूमिमा आधुनिक कृषि प्रणालीको अभावले गर्दा खेतीयोग्य भूमिको पूर्ण सदुपयोग हुन सकेको छैन भने अर्को तर्फ माटोको उर्वराशक्ति क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई दिगो विकासको धारणा अनुरुप काम गर्न सकेमा भावी पुस्ताको लागि यस गाउँपालिकालाई बस्न लायक ठाउँको रुपमा विकसित गर्न सकिन्छ ।

गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपन्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कृषि उत्पादनको संकलन केन्द्र/ कोल्ड स्टोर, मासुजन्य उद्योग आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारी श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

गाउँपालिका क्षेत्रमा खोलानाला, पोखरी घोलहरू तथा नारायणी नदी भएको र थप केही संम्भाव्य ठाउँहरूमा पोखरी तथा कृत्रिम ताल निर्माण गरी यस क्षेत्रको हावापानीमा हुने जातका माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र गाउँपालिकाकै माछाले बजार लिने प्रसस्त सम्भावना रहेको छ।

देशमा बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस गाउँपालिकाका युवाहरुलाई सिपमूलक तालिम प्रदान गरी स्थानीय स्तरमै रोजगारी श्रृजना गर्ने व्यवस्था भएमा गाउँपालिकाको आर्थिक विकासमा ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ ।

यसका अतिरिक्त सुस्ता गाउँपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- गाउँपालिका क्षेत्रभित्र रहेका पानीको श्रोत नदी तथा खोलाहरूबाट आधुनिक कुलो तथा नहर मार्फत् पानी सिंचाई गरी व्यवसायिक रुपमा खेति गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ। भारतीय गण्डक नहर तथा नेपाली नहरको समुचित व्यवस्थापन गर्न सके झन राम्रो स्थिति सृर्जना हुनसक्छ ।
- गाउँपालिकामा रहेका भूमिगत जलश्रोतबाट मेगा खानेपानी आयोजना मार्फत 'एक घर एक धारा' नीति अनुरुप खानेपानी ल्याउन सके हाल गाउँपालिकामा देखिएको खानेपानीको समस्यामा न्यूनीकरण हुनुका साथै सिंचाईको पनि सुविधा हुन्छ ।
- स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले भरपुर सुविधा लिनुका साथै जीवनस्तरको स्तरोन्नती र समग्र गाउँपालिकाको सुन्दरतामा वृद्धि हुन सक्छ ।
- यस गाउँपालिका क्षेत्रमा थप औद्योगिक विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी वृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ ।

- यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरू रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।
- सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरू यस क्षेत्रमा क्रियाशिल रहेकाले गाउँपालिकाको विकासमा साझेदार हुन सक्ने देखिन्छ ।
- गाउँपालिका क्षेत्रमा उपभोक्ताहरूको वृद्धि भइरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।

# खण्ड- ३: जनसांख्यिक विवरण

## ३.१ जनसंख्याको विवरण

कुनै पनि स्थानको जनसंख्या, विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ। विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरूको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरूको अध्ययन र विश्लेषण हुनु आवश्यक हुन्छ। नेपालमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै गाउँपालिकास्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ। यहाँ गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०७७ बाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरूको विश्लेषण गरिएको छ।

**तालिका नं. ६:** जनसंख्याको विवरण

| विवरण | वि.सं. २०७७ |
|---|---|
| अक्सर बसोबास गर्ने जम्मा जनसंख्या | ४१३९६ |
| अक्सर बसोबास गर्ने पुरुष | २०२५५ (४८.९३ प्रतिशत) |
| अक्सर बसोबास गर्ने महिला | २११४०(५१.०७ प्रतिशत) |
| अक्सर बसोबास गर्ने तेस्रो लिङ्गी | १ |
| अनुपस्थित जनसंख्या | २७५१ |
| अनुपस्थित पुरुष जनसंख्या | २३९२ |
| अनुपस्थित महिला जनसंख्या | ३५९ |
| कुल अक्सर बसोबास गर्ने र अनुपस्थित जनसंख्या | ४४,१४७ |
| अक्सर बसोबास गर्ने जनसंख्यामा लैंगिक दर (प्रति १०० महिलामा पुरुषको संख्या) | ९६ |
| जम्मा घरधुरी संख्या | ८२०३ |
| औषत परिवार आकार | ५.०५ |
| क्षेत्रफल (वर्ग कि.मी.) | ९६.५१ |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | ४२९ |
| ०-१४ वर्ष उमेरसमूहको जनसंख्या (आर्थिक रूपले आश्रित) | १२३०२ |
| १५-६० वर्ष उमेरसमूहको जनसंख्या (आर्थिक रूपले सक्रिय) | २५१९६ |
| ६० वर्षभन्दा बढी उमेरसमूहको जनसंख्या (आर्थिक रूपले आश्रित ) | ३८९८ |
| जनसंख्या वृद्धिदर | १.७० |
| कृषक परिवार (प्रतिशत) | ५९१० (७२ प्रतिशत) |

*स्रोत : गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०७७*

माथिको तालिकामा सुस्ता गाउँपालिकाको जनसंख्याको विवरण प्रस्तुत गरिएको छ। घरधुरी तथ्याङ्क संकलन, २०७७ अनुसार सुस्ता गाउँपालिकाको जनसंख्या ४१,३९६ रहेको छ जस मध्ये पुरुष ४८.९३ प्रतिशत (२०,२५५ जना) र महिला ५१.०७ प्रतिशत (२११४० जना) रहेका छन्। सोही अनुसार लैंगिक अनुपात (sex ratio) अर्थात प्रति १०० महिलामा पुरुषको संख्या ९६ रहेको छ। जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहको जनसंख्या) ४२९ जना प्रति वर्ग किलोमिटर रहेको छ। यस गाउँपालिकाको कुल जनसंख्या मध्ये १.२ प्रतिशत (४८७ जना) अपाङ्गता भएकाहरू रहेका छन्। कुल ८२०३ घरपरिवार रहेको यस गाउँपालिकामा प्रति परिवार औषत ५.०५ जना सदस्य रहेको देखिन्छ। वि.सं २०६८ को जनगणना अनुसार नेपालको परिवारको

औषत आकार ४.८८ रहेको थियो । देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको थियो ।

## ३.२ वडागत क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

**तालिका नं. ७:** वडागत अनुपस्थित सहितको जनसंख्या तथा घरधुरी विवरण

| वडा | घरधुरी | अक्सर बसोबास गर्ने जनसंख्या | | | | अनुपस्थित जनसंख्या | | | अक्सर बसोबास तथा अनुपस्थितको योग | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | अन्य | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | अन्य | जम्मा |
| १ | १५१९ | ३४०३ | ३६१९ | ० | ७०२२ | ५२३ | १२० | ६४३ | ३९२६ | ३७३९ | ० | ७६६५ |
| २ | १४६९ | ३२८५ | ३६७२ | १ | ६९५८ | ६८६ | १२९ | ८१५ | ३९७१ | ३८०१ | १ | ७७७३ |
| ३ | १२०२ | ३१२२ | ३३६० | ० | ६४८२ | ३७८ | ३६ | ४१४ | ३५०० | ३३९६ | ० | ६८९६ |
| ४ | १३११ | ३४३० | ३६३० | ० | ७०६० | ४२६ | ४६ | ४७२ | ३८५६ | ३६७६ | ० | ७५३२ |
| ५ | २७०२ | ७०१५ | ६८५९ | ० | १३८७४ | ३७९ | २८ | ४०७ | ७३९४ | ६८८७ | ० | १४२८१ |
| जम्मा | ८२०३ | २०२५५ | २११४० | १ | ४१३९६ | २३९२ | ३५९ | २७५१ | २२६४७ | २१४९९ | १ | ४४१४७ |

*स्रोत : गाउँपालिका घरधुरी तथ्याङ्क संकलन, २०७७*

**तालिका नं. ८:** वडागत क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

| वडा | २०६८ को जनसंख्या | २०७७ को जनसंख्या | | | जनसंख्या वृद्धिदर | क्षेत्रफल (वर्ग कि.मि.) | जनघनत्व (प्रति वर्ग कि.मि.) | घरधुरी संख्या | परिवार आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | | | | | | |
| १ | ५८९३ | ३४०३ | ३६१९ | ७०२२ | २.१३ | २१.२२ | ३३१ | १५१९ | ४.६२ | ९४ |
| २ | ५९५८ | ३२८५ | ३६७२ | ६९५८ | १.८६ | ११.५ | ६०५ | १४६९ | ४.७४ | ८९ |
| ३ | ५७१५ | ३१२२ | ३३६० | ६४८२ | १.४९ | १०.५५ | ६१४ | १२०२ | ५.३९ | ९३ |
| ४ | ६०१५ | ३४३० | ३६३० | ७०६० | १.९३ | १७.०२ | ४१५ | १३११ | ५.३९ | ९४ |
| ५ | १२३०९ | ७०१५ | ६८५९ | १३८७४ | १.४१ | ३६.२३ | ३८३ | २७०२ | ५.१३ | १०२ |
| **जम्मा** | **३५८९०** | **२०२५५** | **२११४०** | **४१३९६** | **१.७०** | **९६.५१** | **४२९** | **८२०३** | **५.०५** | **९६** |

*नोट: वडा नं. २ मा १ जना अन्य लिङ्गी रहेको*

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

सुस्ता गाउँपालिकाको वडागत जनसंख्याको तुलनात्मक विश्लेषण गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडा नं ५ रहेको छ जसमा जम्मा जनसंख्या १३,८७४ (पुरुष ७,०१५ जना र महिला ६,८५९ जना) रहेका छन् । यस वडाको औषत परिवार आकार ५.१२ र घरधुरी संख्या २,७०८ रहेको छ । त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडा नं. ३ रहेको छ जसको जनसंख्या १६,४८२ (पुरुष ३,१२२ जना र महिला ३,३६० जना) रहेका छन् भने घरधुरी संख्या १,२०२ र औषत परिवार संख्या ५.३९ रहेको छ । सबैभन्दा बढी जनघनत्व भएको वडा नं ३ रहेको छ जसको जनघनत्व ६१५ व्यक्ति प्रति वर्ग कि.मि. रहेको छ भने सबैभन्दा कम जनघनत्व भएको वडा नं १ रहेको छ जसको जनघनत्व ३३१ व्यक्ति प्रति वर्ग कि.मी. रहेको छ । जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ भने तालिकालाई तल स्तम्भ चित्रमा देखाईएको छ ।




## ३.३ उमेर समूहअनुसार जनसंख्याको विवरण

**तालिका नं. ९:** उमेर समूह अनुसार वडागत जनसंख्याको विवरण

| उमेर समूह | वडा नं. | | | | | जम्मा जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | | |
| ०-४ वर्ष | ५२८ | ६२८ | ६२६ | ६५९ | १३११ | ३७५२ | ९.०६ |
| ५-९ वर्ष | ५६८ | ६७६ | ७१५ | ८०९ | १५६७ | ४३३५ | १०.४७ |
| १०-१४ वर्ष | ५८५ | ६५४ | ६९९ | ७८३ | १४९४ | ४२१५ | १०.१८ |
| १५-१९ वर्ष | ७३९ | ७२५ | ८०० | ७५० | १५८० | ४५९४ | ११.१० |
| २०-२४ वर्ष | ६८७ | ६०३ | ५८९ | ६६७ | १२५९ | ३८०५ | ९.१९ |
| २५-२९ वर्ष | ६६९ | ५९४ | ५४५ | ५३३ | १२१४ | ३५५५ | ८.५९ |
| ३०-३४ वर्ष | ५०७ | ५०० | ४०२ | ५२९ | १०२५ | २९६३ | ७.१६ |
| ३५-३९ वर्ष | ५२७ | ५२५ | ४५४ | ५०६ | ९७७ | २९८९ | ७.२२ |
| ४०-४४ वर्ष | ४०५ | ४०२ | ३०९ | ३५४ | ७२२ | २१९२ | ५.३० |
| ४५-४९ वर्ष | ४३३ | ३२८ | २९५ | २९८ | ६३७ | १९९१ | ४.८१ |
| ५०-५४ वर्ष | ३६४ | २८३ | २४६ | २५९ | ४९० | १६४२ | ३.९७ |
| ५५-५९ वर्ष | २६८ | २९४ | २२४ | २१६ | ४६३ | १४६५ | ३.५४ |
| ६०-६४ वर्ष | २३८ | २२४ | २०१ | २३० | ३५३ | १२४६ | ३.०१ |
| ६५-६९ वर्ष | २३१ | २२७ | १५२ | १८० | ३०५ | १०९५ | २.६५ |
| ७०-७४ वर्ष | १४५ | १५४ | १२९ | १५० | २२५ | ८०३ | १.९४ |
| ७५-७९ वर्ष | ७१ | ७७ | ३८ | ५७ | १०९ | ३५२ | ०.८५ |
| ८० वर्ष सो भन्दा बढी | ५७ | ६४ | ५८ | ८० | १४३ | ४०२ | ०.९७ |
| जम्मा जनसंख्या | ७०२२ | ६९५८ | ६४८२ | ७०६० | १३८७४ | ४१३९६ | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

गाउँपालिकामा रहेका कूल ४१,३९६ जनसंख्या मध्ये १५ देखि १९ वर्ष उमेर समूहका युवा जनसंख्या सबैभन्दा बढी ४,५९४ अर्थात ११.१० प्रतिशत दोस्रोमा ५ देखि ९ वर्ष उमेर समूहका ४,२१५ अर्थात १०.१८ प्रतिशत र तेस्रोमा १० देखि १४ वर्ष उमेर समूहका ४,२१५ अर्थात १०.१८ प्रतिशत रहेका छन् । समग्र तथ्याङ्कलाई विश्लेषण गर्दा उमेर समूह बढ्दै जाँदा जनसंख्या घट्दै गइरहेको छ । ५ देखि १९ वर्ष भित्रको जनसंख्या सबैभन्दा बढी देखिन्छ । १० वर्ष भन्दा मूनिका बालबालिकाको जनसंख्या र २४ वर्ष माथिका प्रौढ तथा वृद्धवृद्धाहरूको संस्था क्रमश घट्दै गइरहेको देखिन्छ ।

युवा उमेरको जनसंख्या बढी हुनु राम्रो भए तापनि उनीहरूको शिक्षा, स्वास्थ्य तथा मानव संसाधन विकासमा राज्यले व्यापक लगानी गर्नुपर्ने हुन्छ । युवा उमेरसमूह धेरै हुनुलाई जनसंख्याको लाभांश भनिन्छ । अर्कोतर्फ युवाहरूलाई सही दिशातर्फ उन्मूख बनाउन र रोजगारीका अवसरहरू श्रृजनागरी राष्ट्र निर्माणमा सरिक बनाउनु समाज र राज्यको दायित्व हुन आउँछ । बालबालिका तथा शिशुहरूको संख्या कम हुनुले क्रमश प्रजनन दर घट्दै गएको संकेत गर्दछ भने वृद्धवृद्धाहरूको तथा प्रौढहरूको संख्या कम हुनुले औषत आयू अन्य देशहरूको तुलनामा कम हुनु र प्रौढ अवस्थामा लाग्ने रोगका कारण पाका उमेरको जनसंख्याको मृत्युदर बढी हुनु भन्ने जनाउँछ । यद्यपि बढ्दो उमेरको संख्या कम हुनु स्वभाविक हो । उमेरअनुसारको जनसंख्याको विश्लेषण गर्दा प्रत्येक उमेर समूहका आवश्यकताहरू सम्बोधन गरी उनीहरूको उचित व्यवस्थापन गर्नु नै चुनौतीपूर्ण हुन्छ । बालबालिकाको पोषण र स्याहार तथा शिक्षा, युवालाई उचित रोजगारी र वृद्धहरूलाई आवश्यक सामाजिक सुरक्षा तथा स्वास्थ्य सेवा र स्याहार राज्यले निर्वाह गर्नुपर्ने दायित्वहरू भित्र आउँछन् । गाउँपालिकाले यसतर्फ ध्यान पुऱ्याउन आवश्यक छ ।

**तालिका नं. १०:** उमेर र लिङ्गअनुसार वडागत जनसंख्याको विवरण

| वडा | विवरण | ०-४ वर्ष | ५-९ वर्ष | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष | ५०-५४ वर्ष | ५५-५९ वर्ष | ६०-६४ वर्ष | ६५-६९ वर्ष | ७०-७४ वर्ष | ७५-७९ वर्ष | ८० वर्ष वा सो भन्दा वढी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुरूष | २४२ | २९० | ३२८ | ३६१ | ३११ | २८५ | २२८ | २३५ | १९१ | २२८ | १७६ | १३५ | १२६ | ११५ | ७९ | ४४ | २९ | ३४०३ |
| | महिला | २८६ | २७८ | २५७ | ३७८ | ३७६ | ३८४ | २७९ | २९२ | २१४ | २०५ | १८८ | १३३ | ११२ | ११६ | ६६ | २७ | २८ | ३६१९ |
| | जम्मा | ५२८ | ५६८ | ५८५ | ७३९ | ६८७ | ६६९ | ५०७ | ५२७ | ४०५ | ४३३ | ३६४ | २६८ | २३८ | २३१ | १४५ | ७१ | ५७ | ७०२२ |
| २ | पुरूष | ३२९ | ३५३ | ३३७ | ३६२ | २४२ | २१८ | १९८ | २२६ | १९७ | १७३ | १२५ | १३९ | ११२ | १२५ | ७१ | ४१ | ३७ | ३२८५ |
| | महिला | २९९ | ३२३ | ३१७ | ३६३ | ३६१ | ३७६ | ३०२ | २९८ | २०५ | १५५ | १५८ | १५५ | ११२ | १०२ | ८३ | ३६ | २७ | ३६७२ |
| | अन्य | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| | जम्मा | ६२८ | ६७६ | ६५४ | ७२५ | ६०३ | ५९४ | ५०० | ५२५ | ४०२ | ३२८ | २८३ | २९४ | २२४ | २२७ | १५४ | ७७ | ६४ | ६९५८ |
| ३ | पुरूष | ३०८ | ३५६ | ३४८ | ३८६ | २५४ | २३२ | १७५ | २१३ | १४६ | १५९ | १२७ | ११२ | १०६ | ७८ | ७१ | २३ | २८ | ३१२२ |
| | महिला | ३१८ | ३५९ | ३५१ | ४१४ | ३३५ | ३१३ | २२७ | २४१ | १६३ | १३६ | ११९ | ११२ | ९५ | ७४ | ५८ | १५ | ३० | ३३६० |
| | जम्मा | ६२६ | ७१५ | ६९९ | ८०० | ५८९ | ५४५ | ४०२ | ४५४ | ३०९ | २९५ | २४६ | २२४ | २०१ | १५२ | १२९ | ३८ | ५८ | ६४८२ |
| ४ | पुरूष | ३३५ | ४०६ | ३९३ | ३७५ | ३१५ | २२६ | २२६ | २२५ | १७८ | १३६ | १४७ | ९८ | १२१ | ९७ | ८१ | २७ | ४४ | ३४३० |
| | महिला | ३२४ | ४०३ | ३९० | ३७५ | ३५२ | ३०७ | ३०३ | २८१ | १७६ | १६२ | ११२ | ११८ | १०९ | ८३ | ६९ | ३० | ३६ | ३६३० |
| | जम्मा | ६५९ | ८०९ | ७८३ | ७५० | ६६७ | ५३३ | ५२९ | ५०६ | ३५४ | २९८ | २५९ | २१६ | २३० | १८० | १५० | ५७ | ८० | ७०६० |
| ५ | पुरूष | ६६१ | ८१२ | ७९० | ८०४ | ६४० | ५७२ | ४९१ | ४७२ | ३६० | ३३० | २५७ | २२५ | २०६ | १६३ | १०८ | ५७ | ६७ | ७०१५ |
| | महिला | ६५० | ७५५ | ७०४ | ७७६ | ६१९ | ६४२ | ५३४ | ५०५ | ३६२ | ३०७ | २३३ | २३८ | १४७ | १४२ | ११७ | ५२ | ७६ | ६८५९ |
| | जम्मा | १३११ | १५६७ | १४९४ | १५८० | १२५९ | १२१४ | १०२५ | ९७७ | ७२२ | ६३७ | ४९० | ४६३ | ३५३ | ३०५ | २२५ | १०९ | १४३ | १३८७४ |
| जम्मा | पुरूष | १८७५ | २२१७ | २१९६ | २२८८ | १७६२ | १५३३ | १३१८ | १३७१ | १०७२ | १०२६ | ८३२ | ७०९ | ६७१ | ५७८ | ४१० | १९२ | २०५ | २०२५५ |
| | महिला | १८७७ | २११८ | २०१९ | २३०६ | २०४३ | २०२२ | १६४५ | १६१७ | ११२० | ९६५ | ८१० | ७५६ | ५७५ | ५१७ | ३९३ | १६० | १९७ | २११४० |
| | अन्य | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| | जम्मा | ३७५२ | ४३३५ | ४२१५ | ४५९४ | ३८०५ | ३५५५ | २९६३ | २९८९ | २१९२ | १९९१ | १६४२ | १४६५ | १२४६ | १०९५ | ८०३ | ३५२ | ४०२ | ४१३९६ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

गाउँपालिकामा रहेको कूल ४१,३९६ जनसंख्या मध्ये कूल २०,२५५ पुरुष, २१,१४० जना महिला र १ जना तेस्रो लिङ्गी रहेका छन् । ५ देखि ९, १० देखि १४, ४५ देखि ४९, ५० देखि ५४ र ६० भन्दा माथिका उमेर समूहमा पुरुषको बाहुल्यता रहेको छ भने बाँकी उमेर समूहमा महिलाको बाहुल्यता रहेको छ । यसरी लैङ्गिक अनुपात हेर्दा प्रति ९६ जना पुरुषमा १०० जना महिला रहेका छन् । छोराको चाहानामा बढी छोरीहरू जन्माउने प्रवृति नेपालमा परम्परागत हिसाबले नै रहि आएको छ । उमेर समूह अनुसार हेर्दा १५ देखि ३९ वर्ष उमेर समूह भित्रका किशोरी र महिलाहरूको जनसंख्यामा र उमेर पुगेका महिलाहरूका शारिरीक, मानसिक, सामाजिक तथा आर्थिक मूद्धाहरूलाई सम्बोधन गर्ने खालको योजनाहरू निर्माण गर्नु जरुरी छ । प्रजनन स्वास्थ्य, यौन स्वास्थ्य, रजस्वला सम्बन्धी समस्याहरू, महिला मैत्री शौचालय, परामर्श केन्द्रहरू, महिला हिंसा, चेलीवेटी बेचविखन, घरेलु लैङ्गिक हिंसा, पाठेघर खस्ने समस्या, दाइजो प्रथा, महिला शसक्तिकरण तथा अधिकार जस्ता विषयहरू आम महिलाका प्रमुख तथा संवेदनशील विषय भएकोले गाउँपालिकाले यी विषयहरूको प्रभावकारी योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने संकेत समग्र तथ्याङ्कले गर्दछ । वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ३.४ जातजातिको आधारमा जनसंख्याको विवरण

**तालिका नं. ११:** जातजातिको आधारमा वडागत जनसंख्याको विवरण

| जातजाति | वडा नं. | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | जम्मा जनसंख्या | |
| | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | प्रतिशत |
| थारु | ३७३३ | २०५८ | ९७६ | २७३ | १०१ | ७१४१ | १७.२५ |
| चमार/हरिजन/राम | ६७६ | ८३२ | ६६६ | ९१२ | १७२२ | ४८०८ | ११.६१ |
| मुसलमान | २१ | ६८९ | ४२४ | ९७३ | १९९९ | ४१०६ | ९.९२ |
| तेली | ९ | ६०६ | २५५ | ५१७ | ७४६ | २१३३ | ५.१५ |

| जातजाति | वडा नं. | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | जम्मा जनसंख्या | |
| | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | प्रतिशत |
| ब्राह्मण पहाडी | १२३२ | ४७४ | २२१ | ६५ | ८२ | २०७४ | ५.०१ |
| मुसहर | २२६ | ३६८ | ५७ | ५८ | ७९२ | १५०१ | ३.६३ |
| कोइरी/कुश्वाह | ८ | ७१ | २०३ | ४४० | ७३१ | १४५३ | ३.५१ |
| दुसाध/पाशवान/पासी | २८ | १३८ | ५३८ | २६४ | ४४१ | १४०९ | ३.४० |
| यादव | ४९ | १०६ | २७८ | १९८ | ७५८ | १३८९ | ३.३६ |
| मगर | ९४ | २७२ | १२७ | १३२ | ६८४ | १३०९ | ३.१६ |
| राजभर | ७१ | १४५ | २९० | २२० | ४९५ | १२२१ | २.९५ |
| कुर्मी | ९ | ४६ | ५५ | ७० | १०१३ | ११९३ | २.८८ |
| मल्लाह | ५४ | २९ | ४६५ | २४३ | ३९३ | ११८४ | २.८६ |
| नुनिया | ५९ | ५० | १७ | २९१ | ६६२ | १०७९ | २.६१ |
| बिन | ४७ | ० | ४४५ | ३०७ | २४१ | १०४० | २.५१ |
| क्षेत्री | ७३ | २०६ | १०९ | १३३ | २०२ | ७२३ | १.७५ |
| कहार | ४६ | ५४ | १४३ | १४३ | २३४ | ६२० | १.५० |
| गडेरी/भेडियार | ३५ | १४ | ३६१ | २५ | १८३ | ६१८ | १.४९ |
| केवट | ४९ | १ | २०३ | २०५ | १२१ | ५७९ | १.४० |
| गुरुङ | १५ | ४ | १८ | ४४२ | ७७ | ५५६ | १.३४ |
| राजपुत | २ | १ | ११४ | ६७ | ३१६ | ५०० | १.२१ |
| हजाम/ठाकुर | ७७ | ८१ | ४६ | ८८ | १५१ | ४४३ | १.०७ |
| कुम्हार | १ | २९ | ७ | १२२ | १९७ | ३५६ | ०.८६ |
| कानु | १७ | ३३ | २ | ९९ | २०२ | ३५३ | ०.८५ |
| धोबी | ० | १११ | ३ | ६० | १७३ | ३४७ | ०.८४ |
| कलवार | १५ | ९२ | ७ | १४ | १९६ | ३२४ | ०.७८ |
| बढाई | ० | ६३ | ११५ | ४१ | ९५ | ३१४ | ०.७६ |
| लोहार | १० | ३३ | ६ | ७५ | १३७ | २६१ | ०.६३ |
| कायस्थ | ७ | ५७ | २३ | २४ | १४० | २५१ | ०.६१ |
| नेवार | ९ | ५२ | ३९ | ८० | ४५ | २२५ | ०.५४ |
| कुमाल | ४ | २५ | ५७ | ५० | ७० | २०६ | ०.५० |
| सोनार | १३ | ९५ | १३ | २१ | ४८ | १९० | ०.४६ |
| खवास | ६ | ० | १३ | ७५ | ५२ | १४६ | ०.३५ |
| दमाई/ढोली | २९ | २२ | २८ | १३ | ४ | ९६ | ०.२३ |
| कामी | ६७ | ९ | ८ | ११ | १ | ९६ | ०.२३ |
| ब्राह्मण तराई | ९ | १२ | ० | १२ | ५० | ८३ | ०.२० |
| सन्यासी/दशनामी | ६८ | ० | ० | १२ | ० | ८० | ०.१९ |
| धनकार/धरिकार | ८ | ० | ३४ | ० | २९ | ७१ | ०.१७ |
| सार्की | ४२ | ० | ७ | २२ | ० | ७१ | ०.१७ |
| अन्य तराई | ० | ० | १ | २७ | ३७ | ६५ | ०.१६ |
| बरई | ४ | १४ | १५ | ० | २६ | ५९ | ०.१४ |
| घले | ० | ० | ० | ५४ | ० | ५४ | ०.१३ |
| ठकुरी | १० | ० | ३ | २८ | ५ | ४६ | ०.११ |
| सुनुवार | ० | ० | ० | ४० | ० | ४० | ०.१० |
| पत्थरकट्टा/कुशवाडिया | ३५ | ० | ० | ० | २ | ३७ | ०.०९ |

| जातजाति | वडा नं. | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | जम्मा जनसंख्या | |
| | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | प्रतिशत |
| अन्य दलित | ० | ० | ० | २३ | १३ | ३६ | ०.०९ |
| हलुवाई | ७ | ० | १० | ५ | १३ | ३५ | ०.०८ |
| तामाङ | ० | ० | ० | १९ | १२ | ३१ | ०.०७ |
| घर्ती/भुजेल | ४ | ० | ० | १९ | ० | २३ | ०.०६ |
| नटुवा | ९ | ० | १३ | ० | ० | २२ | ०.०५ |
| राजवंशी | ० | ७ | ० | ० | १२ | १९ | ०.०५ |
| अन्य जनजाति | ० | ० | ० | १० | ७ | १७ | ०.०४ |
| चेपाङ/प्रजा | ० | ० | १७ | ० | ० | १७ | ०.०४ |
| धुनिया | १६ | ० | ० | ० | ० | १६ | ०.०४ |
| शेर्पा | ० | ० | ० | १६ | ० | १६ | ०.०४ |
| कथवनिया | ० | ४ | ० | ० | ११ | १५ | ०.०४ |
| मारवाडी | ० | ० | १३ | १ | ० | १४ | ०.०३ |
| डोम | ० | ० | ० | ४ | ८ | १२ | ०.०३ |
| सतार/सन्थाल | ० | १२ | ० | ० | ० | १२ | ०.०३ |
| झाँगड/धागर | ० | ० | ० | ० | १० | १० | ०.०२ |
| धानुक | ० | ४ | ० | ० | ४ | ८ | ०.०२ |
| माली | ० | ० | ४ | ० | ० | ४ | ०.०१ |
| कमर | ० | ० | ० | ० | ३ | ३ | ०.०१ |
| राई | ० | ० | ० | ३ | ० | ३ | ०.०१ |
| अन्य | ० | ३९ | १८ | २ | ७९ | १३८ | ०.३३ |
| उल्लेख नगरिएको | १९ | ० | १५ | १२ | ४९ | ९५ | ०.२३ |
| **जम्मा जनसंख्या** | ७०२२ | ६९५८ | ६४८२ | ७०६० | १३८७४ | ४१३९६ | १००.० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

गाउँपालिकामा जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धेरै ७,१४१ अर्थात १७.२५ प्रतिशत थारु, दोस्रोमा ४,८०८ अर्थात ११.६१ प्रतिशत चमार/हरिजन/राम, तेस्रो र चौथोमा क्रमश ९.९२ प्रतिशत मुसलमान र ५.१५ प्रतिशत तेली रहेका छन् । त्यसैगरी बाह्मण पहाडी, मुसहर, कोइरी/कुश्वाह, यादव, मुसहर, दुसाध/पासवान/पासी, मगर, राजभर लगायत अन्य जातजातिहरूको बसोबास रहेको छ । यसरी जातीय हिसाबले विविधतायुक्त समाजमा स्थानीयहरू सामाजिक सहिष्णुताका साथ बसेको पाइन्छ । विभिन्न गाउँपालिकामा बसोबास गर्ने विभिन्न जातजातिको मौलिक संस्कृति, परम्परा, भाषा र रहनसहनलाई संरक्षण गरी उनीहरूको पहिचान कायम राख्ने कार्यक्रमहरूको निर्माण गर्नु आवश्यक छ । विस्तृत विवरण वडागत रुपमा तालिकामा प्रस्तुत गरिएको छ ।

## ३.५ मातृभाषाको आधारमा जनसंख्याको विवरण

नेपाल एक बहु-जाति, बहु-भाषा र बहु-साँस्कृतिक विशेषता बोकेको राष्ट्र हो । यस गाँउपालिकामा पनि भाषिक विविधता रहेको देखिन्छ । गाउँपालिकामा रहेका कुल ४१,३९६ जनसंख्या मध्ये सबैभन्दा बढी २८,६४५ अर्थात ६९.२० प्रतिशतले भोजपुरी भाषा, ६,९८१ अर्थात १६.८६ प्रतिशतले थारु भाषा, ५,४४५ अर्थात १३.१८ प्रतिशतले नेपाली भाषा, १३५ अर्थात ०.३३ प्रतिशतले मगर भाषा, ७५ अर्थात ०.१८ प्रतिशतले उर्दू भाषा, ६३ अर्थात ०.१५ प्रतिशतले बज्जिका भाषा, १७ अर्थात ०.०४ प्रतिशतले नेवारी भाषा र बाँकी अन्य

नगण्य संख्याले अन्य भाषा प्रयोग गर्ने गरेको पाइयो। संविधानको धारा ३२ मा भाषा तथा संस्कृतिको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको र धारा ३१ को शिक्षासम्बन्धी हकको उपधारा ५ बमोजिम "नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुनेछ।" भनी स्पष्ट किटान गरेको छ। तसर्थ तामाङ, मगर, गुरुङ वा अन्य अर्थात आफ्नो मातृभाषामा पढ्न चाहने विद्यार्थीहरूलाई गाउँपालिकाले विशेष व्यवस्था गर्न सक्ने प्रावधान रहेको छ। वडा अनुसार विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. १२:** मातृभाषा अनुसार जनसंख्याको विवरण

| मातृभाषा | वडा नं. | | | | | जम्मा जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | | |
| भोजपुरी | १६११ | ३६८७ | ४९३७ | ५७३७ | १२६७३ | २८६४५ | ६९.२० |
| थारू | ३७३० | २०४७ | ९६६ | २२८ | १० | ६९८१ | १६.८६ |
| नेपाली | १६४८ | ९७६ | ५७८ | १०८३ | ११६९ | ५४५४ | १३.१८ |
| मगर | १६ | १०२ | ० | ० | १७ | १३५ | ०.३३ |
| उर्दु | ० | ७५ | ० | ० | ० | ७५ | ०.१८ |
| बज्जिका | ० | ६३ | ० | ० | ० | ६३ | ०.१५ |
| नेवारी | ९ | ४ | ० | ० | ४ | १७ | ०.०४ |
| मैथिली | ३ | ४ | १ | १ | १ | १० | ०.०२ |
| शेर्पा | ० | ० | ० | ९ | ० | ९ | ०.०२ |
| गुरूङ | ५ | ० | ० | २ | ० | ७ | ०.०२ |
| जम्मा जनसंख्या | ७०२२ | ६९५८ | ६४८२ | ७०६० | १३८७४ | ४१३९६ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*




## ३.६ धर्मअनुसार जनसंख्याको विवरण

नेपालमा धार्मिक स्वतन्त्रता र विविधता रहेको छ अझै विधिवतरुपमा नेपालको अन्तरिम संविधान २०६३, ले मिति २०६३ जेठ ४ मा पुर्नस्थापित संसदको ऐतिहासिक घोषणाले नेपाललाई एक धर्म निरपेक्ष राष्ट्रको रुपमा घोषणा गर्‍यो। त्यस्तै नेपालको संविधान, २०७२ को प्रस्तावनामा नेपाललाई एक बहुजातीय, बहुभाषिक,

बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्ने उल्लेख गरिएको छ। फलस्वरुप नेपालमा धार्मिक स्वतन्त्रता र सौहार्दता रहेको पाइन्छ।

गाउँपालिकामा विभिन्न समुदायका मानिसहरूको बसोबास रहेको हुनाले उनीहरूका आआफ्नै चाडपर्वहरू छन्। जस्तै हिन्दूधर्मावलम्बीहरूले माघी, बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, होली, चैते दशैं, साउने-माघे संक्रान्ति, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, नयाँवर्ष, सोह्रश्राद्ध, कूल-थानी पूजाआदि चाडपर्वहरू मनाउने गर्दछन्। बौद्ध धर्मावलम्बीहरूले बुद्धजयन्ती तथा विभिन्न ल्होसार पर्व, तिहार आदि मनाउने गर्दछन्। क्रिश्चियनहरूले क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष आदि मनाउने गर्दछन्।

**तालिका नं. १३:** धर्मअनुसार जनसंख्याको वडागत विवरण

| वडा नं. | धर्म | | | | | |
|---|---|---|---|---|---|---|
| | हिन्दू | बौद्ध मार्गी | ईस्लाम | किराँत | क्रिश्चियन | अन्य |
| १ | ६९२१ | ३ | २१ | ० | ६९ | ८ |
| २ | ६२२८ | ६ | ६८७ | ० | ३७ | ० |
| ३ | ६०३४ | ३ | ४२७ | ० | १४ | ४ |
| ४ | ५७०१ | ३६२ | ९७२ | ० | २५ | ० |
| ५ | ११८६७ | ९ | १९७९ | ० | १६ | ३ |
| जम्मा जनसंख्या | ३६७५१ | ३८३ | ४०८६ | ० | १६१ | १५ |
| प्रतिशत | ८८.७८ | ०.९३ | ९.८७ | ०.०० | ०.३९ | ०.०४ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

गाउँपालिकामा रहेका कुल ४१,३९६ जनसंख्या मध्ये ३६७५१ अर्थात ८८.७८ प्रतिशत जनसंख्याले हिन्दू धर्म मान्दछन् भने दोस्रोमा ईस्लाम धर्म मान्नेको संख्या ४०८६ अर्थात ९.७८ प्रतिशत रहेका छन्। हिन्दू धर्मावलम्बी बाहुल्यता रहेको हुनाले हिन्दू धर्म मान्ने ८८.७८ प्रतिशत देखिए पनि गाउँपालिकामा ईस्लाम धर्मावलम्बीहरूको संख्या पनि उल्लेख्य रहेको तथ्याङ्कले देखाउँछ। त्यसैगरी ०.९३ प्रतिशत बौद्ध धर्मावलम्बी रहेका छन्। गाउँपालिकामा केही मात्रामा धार्मिक विविधता रहे पनि हिन्दू र ईस्लाम धर्मावलम्बीहरूको प्रधानता रहेको तथ्याङ्कले देखाउँछ। नेपालमा सदियौंदेखि रहि आएको धार्मिक सहिष्णुता भने यस गाउँपालिकामा कायमै रहेको देखिन्छ। बौद्ध धर्मावलम्बीहरूको राम्रो बाहुल्यता भएकाले बौद्ध धर्म संस्कृति जगेर्ना गर्ने तथा गुम्बा र चैत्यको निर्माण गरी मौलिकतामा आधारित सांस्कृतिक तथा धार्मिक केन्द्रको रुपमा गाउँपालिकालाई विकास गर्न सकिन्छ। वडागत रुपमा विभिन्न धर्मावलम्बीहरूको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।




## ३.७ घरमुलीको विवरण

**तालिका नं. १४:** परिवारमूलीको लिङ्गअनुसार वडागत घरधुरी विवरण

| वडा | पुरुष परिवारमूली भएको | | महिला परिवारमूली भएको | | अन्य लिङ्गी परिवारमूली | | जम्मा घरधुरी |
|---|---|---|---|---|---|---|---|
| | घरधुरी संख्या | प्रतिशत | घरधुरी संख्या | प्रतिशत | घरधुरी संख्या | प्रतिशत | |
| १ | ११९९ | ७८.९३ | ३२० | २१.०७ | ० | ०.०० | १५१९ |
| २ | ११२४ | ७६.५१ | ३४४ | २३.४२ | १ | ०.०७ | १४६९ |
| ३ | ९७२ | ८०.८७ | २३० | १९.१३ | ० | ०.०० | १२०२ |
| ४ | १०१२ | ७७.१९ | २९९ | २२.८१ | ० | ०.०० | १३११ |
| ५ | २३४३ | ८६.७१ | ३५९ | १३.२९ | ० | ०.०० | २७०२ |
| जम्मा | ६६५० | ८१.०७ | १५५२ | १८.९२ | १ | ०.०१ | ८२०३ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

नगरपालिकामा रहेको कुल घरपरिवार संख्या ८,२०३ मध्ये ६६५० अर्थात ८१.०७ प्रतिशत घरपरिवारमा पुरुष घरमूली रहेका छन् भने १५५२ अर्थात १८.९२ प्रतिशत घरपरिवारमा महिला घरमूली रहेका छन् । विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।




## ३.८ वैवाहिक स्थितिको विवरण

वैवाहिक स्थिति भन्नाले विवाह गरेका, विवाह गरेर पनि सम्बन्ध विच्छेद भएका साथै श्रीमान वा श्रीमती गुमाएर एकल भई बसेको अवस्थालाई जनाउँछ । लैङ्गिक आधारमा समाजको वैवाहिक स्थिति असमान देखिन्छ । नेपाली समाजमा महिलाले श्रीमान्को मृत्यु भए पनि विवाह गर्नु हुँदैन भन्ने मान्यता र विधुवालाई हेरिने दृष्टिकोण रुढिवादी र परम्परागत रहेको छ । जसले गर्दा समाजमा बहुविवाह तथा विदुर र विधुवाको संख्यात्मक स्थिति असमान देखिन्छ । अझ प्राचीन समयमा सती प्रथा प्रचलनमा रहेको थियो । तर १९७७ मा चन्द्रशमशेरले कानूनी कु-प्रथाको रुपमा रहेको सती प्रथाको अन्त्य गरेका थिए । सामान्यतया पितृसत्तात्मक समाज रहेको हाम्रो देशमा विधुवा महिलाको संख्या पुरुषको संख्या भन्दा दुई गुणा बढी देखिन्छ । सामाजिक रूपमा महिला र पुरुषको वैवाहिक स्थितिमा असमानता देखिन्छ । यस गाउँपालिकाको वैवाहिक स्थितिको विश्लेषण तल गरिएको छ ।

### ३.८.१ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको वैवाहिक स्थितिको विवरण

**तालिका नं. १५:** उमेर समूहको आधारमा १० वर्षभन्दा माथिको वैवाहिक स्थितिको विवरण

| उमेर समुह | वैवाहिक स्थिति | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विवाह नभएको | एक विवाह | वहु विवाह | पुनर्विवाह | विदुर/ विधुवा | सम्बन्ध बिच्छेद/ पारपाचुके | छुट्टिएको | थाहा नभएको | जम्मा |
| १०-१४ वर्ष | ४२१२ | ३ | ० | ० | ० | ० | ० | ० | ४२१५ |
| १५-१९ वर्ष | ४४१० | १८३ | ० | ० | १ | ० | ० | ० | ४५९४ |
| २०-२४ वर्ष | २१८७ | १६०७ | १ | ५ | १ | ३ | १ | ० | ३८०५ |
| २५-२९ वर्ष | ६६८ | २८५५ | ८ | ४ | ९ | ४ | ७ | ० | ३५५५ |
| ३०-३४ वर्ष | १३१ | २७९८ | ४ | ११ | १२ | ४ | ३ | ० | २९६३ |
| ३५-३९ वर्ष | ४५ | २८८९ | १५ | १२ | २० | २ | ६ | ० | २९८९ |
| ४०-४४ वर्ष | २६ | २०९२ | १८ | १६ | २५ | ५ | १० | ० | २१९२ |
| ४५-४९ वर्ष | १९ | १८९७ | २७ | १२ | ३१ | १ | ४ | ० | १९९१ |
| ५०-५४ वर्ष | ११ | १५६६ | ८ | १० | ४४ | १ | २ | ० | १६४२ |

| उमेर समुह | वैवाहिक स्थिति | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विवाह नभएको | एक विवाह | वहु विवाह | पुनर्विवाह | विदुर/ विधुवा | सम्बन्ध बिच्छेद/ पारपाचुके | छुट्टिएको | थाहा नभएको | जम्मा |
| ५५-५९ वर्ष | ९ | १३५९ | १५ | ८ | ७१ | १ | २ | ० | १४६५ |
| ६०-६४ वर्ष | ९ | ११२९ | ८ | ६ | ९१ | १ | २ | ० | १२४६ |
| ६५-६९ वर्ष | ५ | ९४४ | १२ | ५ | १२५ | ० | ३ | १ | १०९५ |
| ७०-७४ वर्ष | ४ | ६६० | ६ | ६ | १२४ | १ | २ | ० | ८०३ |
| ७५+ वर्ष | ५ | ५४४ | ४ | ८ | १९३ | ० | ० | ० | ७५४ |
| जम्मा | ११७४१ | २०५२६ | १२६ | १०३ | ७४७ | २३ | ४२ | १ | ३३३०९ |
| प्रतिशत | ३५.२५ | ६१.६२ | ०.३८ | ०.३१ | २.२४ | ०.०७ | ०.१३ | ०.०० | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

गाउँपालिकामा रहेका १० वर्ष भन्दा माथिको ३२,९०९ जनसंख्यामा कहिल्यै विवाह नगरेको जनसंख्या ११,७४१ अर्थात ३५.२५ प्रतिशत, विवाहित २१,५६७ अर्थात ६४.७५ प्रतिशत मध्ये एक विवा गर्ने ६१.६२ प्रतिशत, बहुविवाह गर्ने ०.३८ प्रतिशत, पुर्नविवाह गर्ने ०.३१ प्रतिशत, विधुवा वा विदुरको संख्या २.२४ प्रतिशत, सम्बन्ध विच्छेद भएका ०.०७ प्रतिशत, छुट्टिएको ०.१३ प्रतिशत र केही थाहा नभएको भएकोले गाउँपालिकामा समग्र वैवाहिक अवस्था सामान्य रहेको देखिन्छ । हाल विधुवा विवाहलाई प्रोत्साहन गर्न राज्यले नितिहरू लिएको र जनचेतनामा आएको सकारात्मक परिवर्तनले विधुवा बस्ने क्रम घटिरहेको भएतापनि व्यापक रुपमा सुधार गर्न समय लाग्ने देखिन्छ ।

### ३.८.२ पहिलोपटक विवाह गर्दाको उमेरसम्बन्धी विवरण

लैङ्गिक आधारमा विवाहित जनसंख्याको पहिलो विवाह गर्दाको उमेरको विवरण हेर्दा पहिलो विवाह गर्दाको उमेर १५ वर्षभन्दा कम भएका पुरुष ८५ जना र महिला ५७० जना रहेको पाइयो । यसैगरी पहिलो विवाह गर्दाको उमेर १५ देखि १९ हुने पुरुषको संख्या ३,००३ र महिलाको संख्या ७,७६३ रहेको छ अर्थात् कुल विवाहित महिलाहरूमध्ये ३५.९९ प्रतिशत महिलाहरूको १९ वर्ष नपुग्दै वा पुग्दा पुग्दै विवाह भैसकेको देखिन्छ । अर्कोतर्फ २०-२४ वर्षको उमेरभित्र पहिलो विवाह गर्ने पुरुषको जनसंख्या महिलाको भन्दा बढी छ अर्थात् सो उमेर समूहमा नपुग्दै अधिकांश किशोरीहरूको विवाह भैसकेको देखिन्छ । समग्र महिला र पुरुषको संयुक्त तथ्याङ्कलाई हेर्दा सबैभन्दा बढी ८,३३३ जना अर्थात् ३८.६४ प्रतिशत विवाहितहरूको पहिलो विवाह गर्दाको उमेर १९ भन्दा कम नै रहेको छ । कानूनी रूपमा हेर्दा समेत मुलूकी देवानी (संहिता) ऐन, २०७४को प्रावधानअनुसार २० वर्षभन्दा कम उमेरमा विवाह गर्न बन्देज रहेता पनि त्यसको कार्यान्वयनको अवस्था नाजुक देखिन्छ । छिटो विवाह गर्नाले अध्ययन तथा रोजगारीमा पर्ने नकारात्मक प्रभावका साथै शारीरिक तथा मानसिक विकाससमेत पूर्णरूपमा नभैसकेको अवस्थामा विवाह गर्दा त्यसले शारीरिक, पारिवारिक र सामाजिक रूपमा जटिलता थप्ने निश्चित छ । तसर्थ उपयुक्त समयमा विवाह गर्न अनिवार्य गर्नुपर्ने र छिटो विवाह गर्ने कार्यलाई पूर्ण रूपले निरुत्साहित गर्नुपर्ने देखिन्छ । समग्र विकासलाई मध्यनजर गर्दा २५ देखि २९ वर्षको उमेर विवाहका लागि उपयुक्त मान्न सकिन्छ । उमेर समूहअनुसारको वैवाहिक स्थितिको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १६:** १० वर्षभन्दा माथिका जनसंख्याको पहिलो विवाह गर्दाको उमेरसम्बन्धी विवरण

| पहिलो विवाह गर्दाको उमेर | | वडा नं. | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | |
| १५ वर्षभन्दा कम | पुरूष | १४ | १३ | १८ | ८ | ३२ | ८५ | ०.३९ |
| | महिला | ११३ | ५९ | ११२ | ३६ | २५० | ५७० | २.६४ |
| १५-१९ वर्ष | पुरूष | ४४० | ४१६ | ७१७ | ४९४ | ९३६ | ३००३ | १३.९२ |
| | महिला | ११६६ | १४९२ | १२६७ | १३१० | २५२८ | ७७६३ | ३५.९९ |
| २०-२४ वर्ष | पुरूष | ९७८ | ८९७ | ५९१ | ८१८ | १९३१ | ५२१५ | २४.१८ |
| | महिला | ८३५ | ५२६ | ३७३ | ५९७ | ८७९ | ३२१० | १४.८८ |
| २५-२९ वर्ष | पुरूष | ३२६ | २४१ | ११८ | २५५ | २८५ | १२२५ | ५.६८ |
| | महिला | ८९ | ९९ | २९ | ४८ | २९ | २९४ | १.३६ |
| ३०-३४ वर्ष | पुरूष | ४५ | ४९ | २३ | १८ | १४ | १४९ | ०.६९ |
| | महिला | ३ | ६ | ० | ३ | २ | १४ | ०.०६ |
| ३५-३९ वर्ष | पुरूष | ४ | १२ | ३ | २ | १ | २२ | ०.१० |
| | महिला | ० | १ | ० | १ | १ | ३ | ०.०१ |
| ४० वर्ष वा सोभन्दा बढी | पुरूष | २ | ० | १ | १ | ७ | ११ | ०.०५ |
| | महिला | ० | २ | ० | ० | १ | ३ | ०.०१ |
| जम्मा | पुरूष | १८०९ | १६२८ | १४७१ | १५९६ | ३२०६ | ९७१० | ४५.०२ |
| | महिला | २२०६ | २१८५ | १७८१ | १९९५ | ३६९० | ११८५७ | ५४.९८ |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*




## ३.९ अनुपस्थित जनसंख्या

६ महिना भन्दा लामो समयसम्म काम, शिक्षा, व्यवसाय, अन्य रोजगारी वा नोकरी, औषधोपचार जस्ता कारणले घरपरिवारमा अनुपस्थित हुने जनसंख्यालाई अनुपस्थित जनसंख्या भनिन्छ । तसर्थ यस्तो जनसंख्या मुल थलोमा अनुपस्थित रहने भएकोले त्यसलाई अनुपस्थित जनसंख्याको रुपमा तथ्याङ्कमा देखाउने गरिन्छ । अनुपस्थित जनसंख्याहरू सेवा सुविधाको खोजीमा धेरै शहर केन्द्रित भएको पाइन्छ । यस गाउँपालिकामा रहेका ८२०३ घरपरिवार मध्ये २,३९२ अर्थात ८६.९५ प्रतिशत पुरुष र ३५९ अर्थात १३.०५ प्रतिशत महिला गरी कुल २,७५१ जनसंख्याको अनुपस्थिति रहेको देखिन्छ । यसको समाधान गर्न गाउँपालिकाले जनतालाई आवश्यक पर्ने आधारभुत सेवा सुविधालाई घरदैलोमा पुऱ्याउन जोड दिनुपर्ने देखिन्छ । विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १७:** गाउँपालिकामा अनुपस्थित जनसंख्याको विवरण

| वडा | अनुपस्थित पुरूष | अनुपस्थित महिला | जम्मा अनुपस्थित |
|---|---|---|---|
| १ | ५२३ | १२० | ६४३ |
| २ | ६८६ | १२९ | ८१५ |
| ३ | ३७८ | ३६ | ४१४ |
| ४ | ४२६ | ४६ | ४७२ |
| ५ | ३७९ | २८ | ४०७ |
| जम्मा अनुपस्थित | २३९२ | ३५९ | २७५१ |
| प्रतिशत | ८६.९५ | १३.०५ | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

## ३.९.१ हालको उमेरसमूह अनुसार अनुपस्थित जनसंख्याको विवरण

**तालिका नं. १८:** हालको उमेरसमूह अनुसार अनुपस्थित जनसंख्याको विवरण

| अनुपस्थितको हालको उमेरसमूह | वडा नं. | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | | |
| ०-४ वर्ष | १७ | १२ | ४ | ५ | २ | ४० | १.४५ |
| ५ वर्ष - ९ वर्ष | १७ | १३ | ३ | ५ | १ | ३९ | १.४२ |
| १० वर्ष - १४ वर्ष | १९ | १९ | ३ | ५ | ६ | ५२ | १.८९ |
| १५ वर्ष - १९ वर्ष | ५० | ३५ | २० | ४ | २४ | १३३ | ४.८३ |
| २० वर्ष - २४ वर्ष | ९६ | १०६ | ९८ | ५० | ८१ | ४३१ | १५.६७ |
| २५ वर्ष - २९ वर्ष | ११२ | १७५ | १०२ | ९८ | ८० | ५६७ | २०.६१ |
| ३० वर्ष - ३४ वर्ष | ११० | १३७ | ६२ | ९७ | ६७ | ४७३ | १७.१९ |
| ३५ वर्ष - ३९ वर्ष | ८७ | १२० | ६० | ८७ | ६५ | ४१९ | १५.२३ |
| ४० वर्ष - ४४ वर्ष | ७९ | ८९ | ३६ | ४९ | ४४ | २९७ | १०.८० |
| ४५ वर्ष - ४९ वर्ष | २७ | ५५ | १५ | ४१ | २२ | १६० | ५.८२ |
| ५० वर्ष - ५४ वर्ष | १५ | २६ | ६ | १९ | ९ | ७५ | २.७३ |
| ५५ वर्ष - ५९ वर्ष | ७ | १४ | २ | ५ | ३ | ३१ | १.१३ |
| ६० वर्ष वा सोभन्दा बढी | ७ | १४ | ३ | ७ | ३ | ३४ | १.२४ |
| **जम्मा** | ६४३ | ८१५ | ४१४ | ४७२ | ४०७ | २७५१ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

अनुपस्थित जनसंख्याको हालको उमेरसमूह अनुसारको विवरण हेर्दा सबैभन्दा बढी २५-२९ वर्षका ५६७ जनसंख्या घरमा अनुपस्थित भएको पाइयो भने सबैभन्दा कम अनुपस्थित जनसंख्याको उमेर समूहमा ५५-४९ वर्षका ३१ जना रहेका छन् । यस तथ्याङ्कको विश्लेषणबाट सशक्त युवा अवस्थाको जनसंख्या काम, रोजगारी, अध्ययन वा अन्य कारणले गाउँपालिका बाहिर हुनु भनेको गाउँपालिकाभित्र ती सबैखाले अवसरहरू न्यून हुनु हो । यसरी सक्रिय सक्षम र जुझारु युवा जनशक्तिको ठूलो हिस्सा गाउँपालिकाबाट बाहिर रहँदा गाउँपालिकाको समग्र विकासमा दीर्घकालीन नकारात्मक प्रभाव पर्दछ । गाउँपालिकाले त्यस्ता युवाहरूलाई गाउँपालिकामा फर्केर पेशा, व्यवसाय, रोजगारी लगायतका आय आर्जनको क्रियाकलापहरू गर्न प्रोत्साहित गर्ने खालका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा तथा स्तम्भ चित्रमा पनि प्रस्तुत गरिएको छ ।

## ३.९.२ लिङ्गअनुसार शैक्षिक स्तरको आधारमा गाउँपालिकामा अनुपस्थित जनसंख्याको विवरण

**तालिका नं. १९:** लिङ्गअनुसार शैक्षिक स्तरको आधारमा गाउँपालिकामा अनुपस्थित जनसंख्याको विवरण

| अनुपस्थित हुँदा उत्तीर्ण गरेको तह | लिङ्ग | वडा नं. | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | संख्या | प्रतिशत |
| पूर्व प्राथमिक | पुरूष | ३ | ४ | १ | ० | २ | १० | ०.३७ |
| | महिला | १ | २ | ० | ० | १ | ४ | ०.१५ |
| | जम्मा | ४ | ६ | १ | ० | ३ | १४ | ०.५२ |
| कक्षा १-५ | पुरूष | १११ | १६० | ९९ | ८९ | ११२ | ५७१ | २१.३१ |
| | महिला | १६ | १४ | ३ | ५ | ५ | ४३ | १.६० |
| | जम्मा | १२७ | १७४ | १०२ | ९४ | ११७ | ६१४ | २२.९१ |
| कक्षा ६-८ | पुरूष | १२३ | १३६ | ११९ | ७८ | ९० | ५४६ | २०.३७ |
| | महिला | १३ | ५ | ११ | ३ | ४ | ३६ | १.३४ |
| | जम्मा | १३६ | १४१ | १३० | ८१ | ९४ | ५८२ | २१.७२ |
| कक्षा ९-१० | पुरूष | ९५ | १२६ | ७५ | १२७ | ७० | ४९३ | १८.४० |
| | महिला | २२ | २२ | ८ | १५ | २ | ६९ | २.५७ |
| | जम्मा | ११७ | १४८ | ८३ | १४२ | ७२ | ५६२ | २०.९७ |
| SLC/SEE वा सो सरह | पुरूष | ५२ | ५३ | १५ | २ | १४ | १३६ | ५.०७ |
| | महिला | १४ | १३ | ३ | ० | ५ | ३५ | १.३१ |
| | जम्मा | ६६ | ६६ | १८ | २ | १९ | १७१ | ६.३८ |
| कक्षा १२ वा सो सरह | पुरूष | ६४ | १०० | ३० | ३७ | २१ | २५२ | ९.४० |
| | महिला | २० | ३२ | ४ | ८ | ४ | ६८ | २.५४ |
| | जम्मा | ८४ | १३२ | ३४ | ४५ | २५ | ३२० | ११.९४ |
| स्नातक वा सो सरह | पुरूष | १८ | २४ | २ | १ | ४ | ४९ | १.८३ |
| | महिला | ११ | ११ | ० | १ | २ | २५ | ०.९३ |
| | जम्मा | २९ | ३५ | २ | २ | ६ | ७४ | २.७६ |
| स्नातकोत्तर वा सोभन्दा माथि | पुरूष | १० | २३ | ६ | १ | १ | ४१ | १.५३ |
| | महिला | ३ | ८ | २ | १ | १ | १५ | ०.५६ |
| | जम्मा | १३ | ३१ | ८ | २ | २ | ५६ | २.०९ |
| साक्षर | पुरूष | २२ | ३१ | १५ | ४० | ४६ | १५४ | ५.७५ |
| | महिला | ७ | ७ | १ | ४ | २ | २१ | ०.७८ |

| अनुपस्थित हुँदा उत्तीर्ण गरेको तह | लिङ्ग | वडा नं. | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | संख्या | प्रतिशत |
| | जम्मा | २९ | ३८ | १६ | ४४ | ४८ | १७५ | ६.५३ |
| अनौपचारिक शिक्षा | पुरूष | ० | ६ | ५ | १२ | ३ | २६ | ०.९७ |
| | महिला | १ | ५ | २ | ० | ० | ८ | ०.३० |
| | जम्मा | १ | ११ | ७ | १२ | ३ | ३४ | १.२७ |
| अन्य | पुरूष | ० | ४ | ० | १ | १ | ६ | ०.२२ |
| | महिला | ० | ० | ० | ० | ० | ० | ०.०० |
| | जम्मा | ० | ४ | ० | १ | १ | ६ | ०.२२ |
| थाहा नभएको | पुरूष | १० | ६ | ४ | ३१ | १४ | ६५ | २.४३ |
| | महिला | १ | १ | ० | ५ | ० | ७ | ०.२६ |
| | जम्मा | ११ | ७ | ४ | ३६ | १४ | ७२ | २.६९ |
| जम्मा | पुरूष | ५०८ | ६७३ | ३७१ | ४१९ | ३७८ | २३४९ | ८७.६५ |
| | महिला | १०९ | १२० | ३४ | ४२ | २६ | ३३१ | १२.३५ |
| | जम्मा | ६१७ | ७९३ | ४०५ | ४६१ | ४०४ | २६८० | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

गाउँपालिकामा अनुपस्थित रहेका २,६८० जना शैक्षिक स्तरको आधारमा हेर्दा पुर्व प्राथमिक शिक्षा उत्तीर्ण गर्नेहरूको संख्या १४, कक्षा १ देखि ५ कक्षा अध्ययन गरेका ६१४ जना, कक्षा ९-१० अध्ययन गरेका ५६२ जना र स्नातक वा सो सरह अध्ययन गरेका ७४ जना रहेका छन्। अनुपस्थित जनसंख्या काम तथा रोजगारी वा अन्य कारणले अनुपस्थित भएको पाइयो। तथ्याङ्कलाई हेर्दा गाउँपालिकामा माध्यामिक तह अध्ययन गरी अनुपस्थित हुनेको संख्या धेरै रहेको देखिन्छ। माध्यामिक स्तरसम्मका अध्ययन पूरा गरी काम वा रोजगारमा बाहिरिने जनसंख्या र पढ्दा पढ्दै आठ कक्षा उर्त्तीण गरेर काम वा रोजगारीका लागि पढाइ छोड्नेको जनसंख्या उल्लेख्य रहेको पाइयो। यस हिसाबले शिक्षित र दक्ष जनशक्ति भन्दा अर्धशिक्षित र अदक्ष वा अर्धदक्ष जनसंख्याले अध्ययन भन्दा सामान्य स्तरको वा स्तरभन्दा न्यून खालको रोजगारी वा काममा बाहिरिएका संकेत गर्दछ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।




### ३.९.३ अनुपस्थित व्यक्तिको अनुपस्थित हुनुको कारण सम्बन्धी विवरण

**तालिका नं. २०:** अनुपस्थित व्यक्तिको अनुपस्थित हुनुको कारण सम्बन्धी विवरण

| वडा | अनुपस्थित हुनुको कारण | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | काम/जागिरको खोजी | अध्ययन/तालिम | आश्रित | अन्य | व्यापार/व्यवसाय | निजी नोकरी | सरकारी जागिर | द्वन्द्व | |
| १ | ४४७ | ९४ | ३७ | १४ | २२ | १४ | १५ | ० | ६४३ |
| २ | ५८० | १२८ | २८ | ३२ | २९ | ११ | ६ | १ | ८१५ |
| ३ | ३५० | १८ | ३ | २१ | ६ | ७ | ५ | ४ | ४१४ |
| ४ | ४१८ | १२ | २३ | ८ | १ | २ | ८ | ० | ४७२ |
| ५ | ३५१ | २९ | ५ | १२ | २ | ७ | १ | ० | ४०७ |
| जम्मा | २१४६ | २८१ | ९६ | ८७ | ६० | ४१ | ३५ | ५ | २७५१ |
| प्रतिशत | ७८.०१ | १०.२१ | ३.४९ | ३.१६ | २.१८ | १.४९ | १.२७ | ०.१८ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

गाउँपालिकामा अनुपस्थित रहेका कुल २७५१ जनसंख्या मध्ये ५४ जनाले अन्य कारण र ३३ जनाले कारण थाहा नभएको उत्तर आएकोले त्यो संख्या अस्पष्ट छ। बाँकी जनसंख्या मध्ये सबैभन्दा धेरै २१४६ जना अर्थात् ७८.०१ प्रतिशत काम/जागिरको खोजीको सिलसिलामा अनुपस्थित रहेका छन्। त्यसैगरी २८१ अर्थात १०.२१ प्रतिशत अध्ययन/तालिमको शिलशिलामा, ९६ अर्थात ३.४९ प्रतिशत आश्रितको कारण अनुपस्थित भएको देखिन्छ । अनुपस्थित हुने जनसंख्याको कारणहरू हेर्दा गाउँपालिका भित्र शिक्षा तथा रोजगारको पर्याप्त अवसरहरू नभएर उपयुक्त अवसरको खोजीमा बाहिरिएको तथ्य देखिन्छ । अधिकांश बाहिरिनेहरूमा काम, रोजगारी तथा शिक्षाको खोजीमा नै परिवार सहित अनुपस्थित रहने हुँदा उनीहरूसँग आश्रित सदस्यहरू विशेषगरी विद्यालय जाने बालबालिका साथमा गएको कारणले हो। वडा अनुसारको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।




### ३.९.४ अनुपस्थित जनसंख्या हाल बसिरहेको स्थानको विवरण

**तालिका नं. २१:** अनुपस्थित जनसंख्या हाल बसिरहेको स्थानको विवरण

| वडा | हाल बसिरहेको स्थान | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | यसै जिल्लाको अन्यत्र स्थान | नेपालको अन्य जिल्ला | विदेश | थाहा नभएको | उल्लेख नभएको | |
| १ | २३ | २०१ | ३३१ | २८ | ६० | ६४३ |
| २ | ३३ | १७८ | ५३४ | ० | ७० | ८१५ |
| ३ | ९ | ६७ | ३२१ | ० | १७ | ४१४ |
| ४ | ४ | ९ | ४५५ | ० | ४ | ४७२ |
| ५ | १ | ३३ | ३५४ | १ | १८ | ४०७ |
| जम्मा | ७० | ४८८ | १९९५ | २९ | १६९ | २७५१ |
| प्रतिशत | २.५४ | १७.७४ | ७२.५२ | १.०५ | ६.१४ | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

गाउँपालिकामा अनुपस्थित रहेका २,७५१ जनसंख्या मध्ये सबैभन्दा बढी १९९५ अर्थात ७२.५२ प्रतिशत जनसंख्या विदेशमा रहेको, ४८८ अर्थात १७.७४ प्रतिशत जनसंख्या नेपालको अन्य जिल्लामा रहेको देखिन्छ। तथ्याङ्कको विश्लेषणबाट ठूलो संख्याको अनुपस्थित जनसंख्या देश बाहिर गएको देखिन्छ जसमा रोजगारीको सिलसिलामा एसियाका विभिन्न मुलुकहरूमा पुग्नेको संख्या भने सबै भन्दा बढी रहेका छन् । अर्को तर्फ अवसरको खोजीमा देशकै अन्य शहरी इलाकामा, सरकारी नोकरीको सिलसिलामा अन्य जिल्ला तथा अध्ययन तथा अन्य अवसरको कारण देशका मुख्य शहरहरू र राजधानी काठमाडौंमा रहेको अनुमान गर्न सकिन्छ। यस बाहेक अन्य यूरोपियन देशहरू, अमेरिका र अष्ट्रेलिया जानेहरूको संख्या भने अत्यन्त न्यून रहेको छ। विकसित मुलुक भन्दा छिमेकी मुलुक भारत र उदाउँदा औद्योगिक खाडी राष्ट्रहरू तथा मलेसियामा कामको लागि बाहिरिएकोले त्यो जनसंख्या जोखिमयुक्त र कडा श्रमयुक्त काम गर्न बाध्य रहेको छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २२:** अनुपस्थित जनसंख्या हाल बसिरहेको स्थानको विवरण

| वडा | हाल बसिरहेको स्थान | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नेपालको अर्को जिल्ला | यही गा.पा.को अर्को स्थानमा | एसियाली राष्ट्र | अष्ट्रेलिया/ न्यूजील्याण्ड | यूरोपेली राष्ट्र | उत्तर अमेरिकी राष्ट्र | दक्षिण अमेरिकी राष्ट्र | अफ्रिक | थाहा छैन | |
| १ | २६६ | ९ | २६७ | २ | ६ | ५ | ६ | १ | ८१ | ६४३ |
| २ | २६५ | १४ | ४९२ | १७ | २१ | ३ | ० | ३ | ० | ८१५ |
| ३ | ८१ | ११ | ३०१ | १ | ४ | ० | ६ | २ | ८ | ४१४ |
| ४ | १४ | ० | ४५१ | ३ | २ | ० | ० | २ | ० | ४७२ |
| ५ | ४८ | ३ | ३५१ | ० | १ | १ | ० | ० | ३ | ४०७ |
| जम्मा | ६७४ | ३७ | १८६२ | २३ | ३४ | ९ | १२ | ८ | ९२ | २७५१ |
| प्रतिशत | २४.५० | १.३४ | ६७.६८ | ०.८४ | १.२४ | ०.३३ | ०.४४ | ०.२९ | ३.३४ | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

गाउँपालिकामा अनुपस्थित रहेका २७५१ जनसंख्या मध्ये सबैभन्दा बढी १८६२ अर्थात ६७.६८ प्रतिशत जनसंख्या एसियाली राष्ट्रमा गएको पाइन्छ । दोस्रोमा नेपालको अर्को जिल्लामा बसोबास गर्ने देखिन्छ जुन ६७४ अर्थात २४.५० प्रतिशत छ । यही गाउँपालिकाको अर्को स्थानमा गएको जनसंख्या ३७ अर्थात १.३४ प्रतिशत देखिन्छ । अष्ट्रेलिया, अमेरिका लगायतका राष्ट्रहरूमा जानेको संख्या नगन्य रहेको छ । कहाँ गएको भन्ने थाहा नभएको जनसंख्या भने ९२ अर्थात ३.३४ प्रतिशत रहेको छ । यसले बढी मात्रामा काम तथा अवसरको खोजीमा देशकै अन्य शहरी भागमा जनसंख्याको ठूलो हिस्सा रहेको अनुमान लगाउन सकिन्छ । यसले गाउँपालिकामा नै स्वास्थ्य, शिक्षा तथा रोजगारीका अवसरहरू सिर्जना गरी थप अनुपस्थित रहने अवस्थालाई न्यूनिकरण गर्न सकिन्छ ।

# खण्ड- ४: आर्थिक स्थिति तथा रोजगार

## ४.१ प्रमुख आर्थिक विवरण

आर्थिक सम्वृद्धिका आधारहरू गाउँपालिकामा हुने मुख्य आर्थिक क्रियाकलापहरू नै हुन् । जति आर्थिक क्रियाकलापहरूमा तीव्रता आउँछ त्यति नै गाउँपालिकाको अर्थतन्त्र चलायमान र सुदृढ हुँदै जान्छ। मुख्यतया नेपाली अर्थतन्त्र कृषि, पर्यटन, साना तथा घरेलु उद्योग, वैदेशिक रोजगार, बैङ्किङ, व्यापार, सेवा क्षेत्र आदिमा केन्द्रित छ । उच्च प्रविधिमा आधारित अन्तराष्ट्रिय स्तरका उद्योगहरूको विकास भइनसकेको अवस्थामा धेरैजसो आर्थिक क्रियाकलापहरू निर्वाहमुखी नै रहेका छन् ।

### ४.१.१ आर्थिक रुपले सक्रिय जनसंख्याको विवरण

**तालिका नं. २३:** आर्थिक रुपले सक्रिय जनसंख्याको विवरण

| वडा नं. | ०-१४ वर्ष (आश्रित जनसंख्या) | | १५ वर्ष - ५९ वर्ष (आर्थिकरूपले सक्रिय जनसंख्या) | | | ६० वर्ष र सोभन्दा माथि (आश्रित जनसंख्या) | |
|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | पुरुष | महिला | अन्य | पुरूष | महिला |
| १ | ८६० | ८२१ | २१५० | २४४९ | ० | ३९३ | ३४९ |
| २ | १०१९ | ९३९ | १८८० | २३७३ | १ | ३८६ | ३६० |
| ३ | १०१२ | १०२८ | १८०४ | २०६० | ० | ३०६ | २७२ |
| ४ | ११३४ | १११७ | १९२६ | २१८६ | ० | ३७० | ३२७ |
| ५ | २२६३ | २१०९ | ४१५१ | ४२१६ | ० | ६०१ | ५३४ |
| जम्मा | ६२८८ | ६०१४ | ११९११ | १३२८४ | १ | २०५६ | १८४२ |
| प्रतिशत | १५.१९ | १४.५३ | २८.७७ | ३२.०९ | ०.०० | ४.९७ | ४.४५ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

गाउँपालिकामा रहेको कुल जनसंख्यामध्ये आर्थिक रुपले सक्रिय पुरुषको जनसंख्या ११,९११ अर्थात २८.७७ प्रतिशत, महिला जनसंख्या १३,२८४ अर्थात ३२.०९ प्रतिशत रहेको छ ।



## ४.१.२ पेशाको आधारमा जनसंख्याको विवरण

**तालिका नं. २४:** मुख्य पेशाको आधारमा घरपरिवारको विवरण

| परिवारको मुख्य पेशा | वडा नं. | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | जम्मा | प्रतिशत |
| नोकरी/जागिर (सरकारी वा अर्ध सरकारी संस्थामा) | १४ | ४ | ९ | १६ | २८ | ७१ | ०.८७ |
| नोकरी / जागिर (गैर सरकारी संस्थामा) | ६ | १९ | ५ | ० | २२ | ५२ | ०.६३ |
| नोकरी / जागिर (निजी संस्था वा घर आदिमा) | १७ | ९ | ७ | १ | ३ | ३७ | ०.४५ |
| ज्याला मजदुरी (कृषि क्षेत्रमा) | ११४० | ७८० | ७२५ | ७११ | १३४२ | ४६९८ | ५७.२७ |
| ज्याला मजदुरी (गैर कृषि क्षेत्रमा) | ५६ | १६२ | ५८ | २०५ | ७९० | १२७१ | १५.४९ |
| पेशागत काम/स्वरोजगार | १८६ | ३२९ | ३१४ | २५५ | ३२७ | १४११ | १७.२१ |
| व्यापार व्यवसाय | ७९ | १२५ | ५८ | ७६ | १३४ | ४७२ | ५.७५ |
| घरेलु तथा साना उद्योग | ५ | १९ | १० | १ | ७ | ४२ | ०.५१ |
| आफ्नै उद्योगधन्दा | १० | ५ | ६ | ० | १ | २२ | ०.२७ |
| ठेक्का पट्टा | ४ | १४ | ० | ० | १ | १९ | ०.२३ |
| अन्य | २ | ३ | १० | ४६ | ४७ | १०८ | १.३२ |
| जम्मा | १५१९ | १४६९ | १२०२ | १३११ | २७०२ | ८२०३ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

गाउँपालिकामा रहेका कुल ८२०३ घरपरिवार मध्ये ज्याला मजदुरी (कृषि क्षेत्रमा) मुख्य पेशा बनाएका घरपरिवारको संख्या सबैभन्दा बढी अर्थात ४६९८ (५७.२७ प्रतिशत) रहेको छ। दोस्रोमा पेशागत काम मुख्य पेशा रहेको घरपरिवारको संख्य १३३६ अर्थात १६.२९ प्रतिशत रहेको छ। तेस्रोमा ज्याला मजदुरी (गैर कृषि क्षेत्र) मुख्य पेशाको रहेको १२७१ अर्थात १५.४९ प्रतिशत घरपरिवार रहेका छन्। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ४.१.४ घरायसी काममा दैनिक औषत खर्च गर्ने समयको आधारमा जनसंख्याको विवरण

**तालिका नं. २५:** दैनिक औषत घरायसी काममा खर्च गर्ने समयको आधारमा जनसंख्या

| वडा नं. | दैनिक घरायसी काममा संलग्न समय | | | | | |
|---|---|---|---|---|---|---|
| | १ घण्टा | २ - ३ घण्टा | ४ - ६ घण्टा | ७ - ८ घण्टा | ९- १२ घण्टा | १२ घण्टाभन्दा बढी |
| १ | ६९२ | २२७६ | २०२८ | ७४० | १८६ | ४ |
| २ | ९३० | २३२१ | १२७० | ८६१ | २७० | २ |
| ३ | ७२१ | १११४ | २४९३ | ३४३ | ४२८ | ४२ |
| ४ | १६८४ | १७६७ | १७०३ | ४२३ | १५ | ० |
| ५ | २४४३ | २४७८ | ३८६६ | १५७० | ६२८ | ११ |
| जम्मा | ६४७० | ९९५६ | ११३६० | ३९३७ | १५२७ | ५९ |
| प्रतिशत | १९.४ | २९.९ | ३४.१ | ११.८ | ४.६ | ०.२ |

१० वर्ष र सोभन्दा माथिका उमेरका जनसंख्या

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*

### ४.१.५ परिवारको औषत आम्दानीको विवरण

गाउँपालिका वा गाउँपालिका बाहिरबाट हुने विभिन्न आम्दानीका श्रोतहरूबाट प्राप्त आम्दानी रकमलाई सो आम्दानीको श्रोतमा संलग्न घरपरिवारको संख्याले भाग गर्दा आउने औषत वार्षिक रकमको आधारमा गाउँपालिकामा भइरहेका प्रमुख आर्थिक गतिविधिहरूको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ। तथ्याङ्क हेर्दा सबैभन्दा धेरै अर्थात ४४९० घरपरिवारले आफ्नो आम्दानी दैनिक ज्यालादारीबाट मासिक आम्दानी भएको बताएका छन् भने दोस्रोमा ३३१० घरपरिवारले कृषि/पशुपालन/माछापालन/मौरीपालनबाट मासिक आम्दानी भएको र तेस्रोमा १६२४ घरपरिवारले बैदेशिक विप्रेषणबाट आम्दानी गर्ने गरेको बताएका छन्। त्यस पश्चात् चौथो, र पाँचौमा क्रमश : व्यापार व्यवसायबाट र अन्यबाट भएको आम्दानीहरू पर्दछन्। यसबाट के स्पष्ट हुन्छ भने उद्योग र बढी आम्दानी हुने खालका उत्पादनशील क्षेत्रमा संलग्न परिवारहरूको संख्या न्यून छ भने सेवा र व्यापार व्यवसायमा संलग्न परिवारहरूको संख्या उच्च रहेको छ। दीर्घकालीन विकास र सम्वृद्धिका हिसाबले कमाइको लागि आफ्नो स्थान छाडेर बाहिरिने युवा जनसंख्याको अनुपस्थितिले स्थानीय स्तरमा विकास असम्भव प्रायः हुन्छ। जल्दो बल्दो उमेरको उत्पादनशील जनशक्ति उर्जावान समयमा बाहिरिने र शिथिल हुँदा फर्किने वा पलायन हुने परिस्थिति श्रृजना हुँदा विकास निर्माण कार्य अपेक्षाकृत अगाडि बढ्न सक्दैन।

अर्कोतर्फ ज्यालादारी कामबाट आम्दानी गर्ने परिवारको संख्या समेत उच्च हुनुले निम्न आयस्तर भएका परिवारहरूको संख्या धेरै रहेको संकेत मिल्दछ। वार्षिक औषत आम्दानी मध्ये सबै भन्दा उच्च अर्थात उद्योग सञ्चालनबाट प्राप्त आम्दानीलाई रु ५२१५३१.९१ लाई मासिक आम्दानीमा परिणत गर्दा रु ४३४६०.९९ हुन आउँछ। यस बाहेक अन्य सबै क्षेत्रबाट प्राप्त औषत आम्दानी तुलनात्मकरुपमा कम रहेको देखिन्छ। गाउँपालिका सम्पन्न हुन उत्पादनमुखी रोजगारी तर्फ जनतालाई उन्मुख बनाउनु जरुरी हुन्छ। तसर्थ गाउँपालिकाले रोजगारीका अवसरहरू श्रृजना गरी युवाहरूलाई उत्पादनशील क्षेत्रमा आकर्षण गर्दै दिगो विकासको अवधारण अनुरुप कार्ययोजना बनाई अगाडि बढ्नुपर्ने देखिन्छ। वडागत विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. २६:** वार्षिक आम्दानीको विवरण (बहुउत्तरमा आधारित)

*- आम्दानी रकम रु. हजारमा*

| आम्दानीका श्रोत | | वडा नं. | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | |
| कृषि/पशुपालन/माछापालन/मोरीपालनबाट वार्षिक आम्दानी | परिवार संख्या | ५४२ | ६६७ | ५२४ | ६०५ | ९७२ | ३३१० | ४०.३५ |
| | जम्मा आम्दानी | २५९६० | ४५०५३ | ३२२६६ | ३३४०४ | १२१५९१ | २५८२७४ | ११.०७ |
| उद्योग सञ्चालनबाट वार्षिक आम्दानी | परिवार संख्या | ५३ | २० | १६ | १२ | ४० | १४१ | १.७२ |
| | जम्मा आम्दानी | १६१७६ | १८४९२ | ६३७२ | ३३८४ | २९११२ | ७३५३६ | ३.१५ |
| व्यापार व्यवसायबाट वार्षिक आम्दानी | परिवार संख्या | १८८ | २८२ | १५६ | १८९ | ३७२ | ११८७ | १४.४७ |
| | जम्मा आम्दानी | ३४४२८ | ७९२४८ | ४२२०४ | ३९८१६ | ७१६८८ | २६७३८४ | ११.४६ |
| नोकरी बाट वार्षिक आम्दानी | परिवार संख्या | १५० | १६७ | ११९ | ६१ | १३० | ६२७ | ७.६४ |
| | जम्मा आम्दानी | ४७६२९.२ | ४५४०२ | ३०३०० | १९२७२ | ४८८२८ | १९१४३१.२ | ८.२१ |
| पेन्सनबाट वार्षिक आम्दानी | परिवार संख्या | ७८ | ५४ | ४ | ५० | १९८ | ३८४ | ४.६८ |
| | जम्मा आम्दानी | ६१४६.४ | ४५१६.८ | ३२१६ | ५८५९.६ | ११५८१.२ | ३१३२० | १.३४ |

| आम्दानीका श्रोत | | वडा नं. | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | |
| घर तथा जग्गा भाडाबाट वार्षिक आम्दानी | परिवार संख्या | ३१ | २८ | ४ | १० | २२ | ९५ | १.१६ |
| | जम्मा आम्दानी | २७०६ | २३९५.२ | २८२ | ३५०.४ | १५८४ | ७३१७.६ | ०.३१ |
| सवारी, मेसिन तथा उपकरणको भाडाबाट वार्षिक आम्दानी | परिवार संख्या | ३७ | ५८ | ५१ | ५१ | ९५ | २९२ | ३.५६ |
| | जम्मा आम्दानी | १२८२८ | १७२२० | १३१५२ | ८१३६ | १६३३२ | ६७६६८ | २.९० |
| व्याज तथा लाभांशबाट वार्षिक आम्दानी | परिवार संख्या | ३ | १२ | २ | ७ | ७ | ३१ | ०.३८ |
| | जम्मा आम्दानी | १६८००० | १०८८.४ | ४२० | ९७२ | ४२२.४ | ३०७०.८ | ०.१३ |
| दैनिक ज्यालादारीबाट वार्षिक आम्दानी | परिवार संख्या | ५६३ | ६७७ | ८३२ | ७०८ | १७१० | ४४९० | ५४.७४ |
| | जम्मा आम्दानी | ९३२५०.८ | १२५४१८ | १५३६४६.८ | ११८७१६ | २६२८३६ | ७५३८६७.६ | ३२.३२ |
| वैदेशिक विप्रेषणबाट वार्षिक आम्दानी | परिवार संख्या | ३०२ | ४०० | २१८ | ३६४ | ३४० | १६२४ | १९.८० |
| | जम्मा आम्दानी | ७०९७३ | १८६६१७ | ८४३३३ | १०२०८२ | ६८२३० | ५१२२३५ | २१.९६ |
| आन्तरिक विप्रेषणबाट वार्षिक आम्दानी | परिवार संख्या | ३८१ | ९८ | ६१ | २९ | १४२ | ७११ | ८.६७ |
| | जम्मा आम्दानी | ४८३४५ | ११४६६ | ८३०१ | ७६० | १००६२ | ७८९३४ | ३.३८ |
| अन्य वार्षिक आम्दानी | परिवार संख्या | २०८ | ८६ | १०२ | २९८ | २१४ | ९०८ | ११.०७ |
| | जम्मा आम्दानी | ३५९१० | १०८०२.४ | ३५००.४ | १७३४१.२ | १९६२९.६ | ८७१८३.६ | ३.७४ |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*

## ४.१.६ परिवारको औषत खर्चको विवरण

गाउँपालिकामा घरपरिवारले वार्षिकरुपमा गर्ने खर्चका प्रमुख शीर्षकहरू मध्ये औसतरुपमा सबैभन्दा बढी कृषिमा भएको खर्च उच्च रहेको छ। तत्पश्चात दोस्रोमा लत्ताकपडा, जुत्ता, चप्पल आदिमा खर्च, तेस्रोमा चाडपर्व, सामाजिक संस्कारमा भएको खर्च र चौथोमा खाद्यवस्तुको खरिदको लागि खर्च गरेको पाइन्छ। कृषिमा खर्च पछि आधारभूत मानवीय आश्यकता मध्येको प्रमुख खाद्य क्षेत्रमा गरेको खर्च समेत प्रमुख चार खर्च मध्येमा पर्दछ। यसरी तथ्याङ्कको विश्लेषण गर्दा कल्याणकारी राज्यको अवधारणा अनुरुप संघीय संविधानले आधारभूत मौलिक हकको रुपमा स्थापित गरेका खाद्य सम्प्रभुता, नि:शुल्क आधारभूत शिक्षा र स्वास्थ्यमा सबैको पहुँच जस्ता हकहरूको सुनिश्चितता गर्न समग्र राज्य तथा स्थानीय सरकारले यी क्षेत्रहरूलाई उच्च प्राथमिकतामा राखी काम गर्नुपर्ने देखिन्छ। यी हकहरूको सुनिश्चितता राज्य पक्षबाट हुन सकेमा अधिकांश गाउँपालिकावासीहरूलाई गरिबीको रेखामुनिबाट माथि उठाउन सकिन्छ। राज्यको दायित्वमा पर्ने क्षेत्रहरूमा साधारण नागरिकहरूले ठूलो रकम खर्च गर्नुपर्ने अवस्था हुनु सकारात्मक होइन। यस गाउँपालिकाका घरपरिवारले गर्ने गरेको खर्चको विस्तृत वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. २७:** वार्षिक औषत खर्चका आधारमा परिवारको विवरण

*- आम्दानी रकम रु. हजारमा*

| खर्च शीर्षक | | वडा नं. | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | |
| खाद्य वस्तुको खरिदमा खर्च | परिवार संख्या | १५०७ | १४६९ | ११९३ | १२२२ | २५३९ | ७९३० | ९६.६७ |
| | जम्मा खर्च | १३६२३२.४ | १२२६४१.२ | ११८७३०.४ | १०३६५२.४ | १९९६७२.८ | ६८०९२९.२ | १५.६८ |
| शिक्षामा खर्च | परिवार संख्या | १०८६ | ८५७ | ९०५ | ९४० | १६९९ | ५४८७ | ६६.८९ |

| खर्च शीर्षक | | वडा नं. | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | |
| | जम्मा खर्च | १०७०६१.६ | ३७३५४.८ | ३३४८७.२ | ३७३७५.२ | ५६८१२.८ | २७२०९१.६ | ६.२७ |
| स्वास्थ्यको लागि खर्च | परिवार संख्या | १४९९ | १४१० | १०२३ | ९८८ | २२६१ | ७१८१ | ८७.५४ |
| | जम्मा खर्च | १०००५८.४ | ५४३१०.८ | ५८३५२.४ | ३१८७८ | ६१९२० | ३०६५१९.६ | ७.०६ |
| चाडपर्व,सामाजिक संस्कारमा खर्च | परिवार संख्या | १५०९ | १४६२ | ११९६ | १३०१ | २६७० | ८१३८ | ९९.२१ |
| | जम्मा खर्च | ८४१९१७.६ | ३६८७१४.४ | ४२७९८० | २३१४१४ | ४९९४३२.८ | २३६९४५८.८ | ५४.५६ |
| मनोरञ्जनमा खर्च | परिवार संख्या | १२५० | ७९७ | ६७७ | ८८८ | १९३८ | ५५५० | ६७.६६ |
| | जम्मा खर्च | ६०६५७.६ | १७५६५.६ | १४०९७.६ | १०१६१.६ | २५१५४.४ | १२७६३६.८ | २.९४ |
| लत्ताकपडा, जुत्ता, चप्पल आदिमा खर्च | परिवार संख्या | १५१८ | १४६८ | १२०१ | १३०९ | २६९६ | ८१९२ | ९९.८७ |
| | जम्मा खर्च | ३६३४१.७ | २८१५५.१ | २९५३८ | १९३०५.७ | ४०६३९.२ | १५३९७९.७ | ३.५५ |
| सामान्य घरायसी मर्मत सम्भार खर्च | परिवार संख्या | ११६८ | ४६१ | ७०२ | ९८२ | १०६४ | ४३७७ | ५३.३६ |
| | जम्मा खर्च | ११७९७.२ | १०४५५.९ | १२०६०.४ | ३९६८ | २३४०१.२ | ६१६८२.७ | १.४२ |
| अन्य खर्च | परिवार संख्या | १४८५ | १२५३ | १०२३ | १२३७ | २०५७ | ७०५५ | ८६.०१ |
| | जम्मा खर्च | ३७२३९.६ | ३१५५५.२ | २३८५६ | २६३१० | ३७१८०.८ | १५६१४१.६ | ३.६० |
| कृषिमा भएको खर्च | परिवार संख्या | १५१९ | १४६९ | १२०२ | १३११ | २७०२ | ८२०३ | १००.०० |
| | जम्मा खर्च | ३०९१६.४ | ३०७५०.७ | ४२१५८.७ | २२८५४.५ | ८७६००.८ | २१४२८१.१ | ४.९३ |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*

### ४.१.७ विप्रेषणबाट आएको रकम खर्च गर्ने क्षेत्रसम्बन्धी विवरण

गाउँपालिकामा अनुपस्थित रहेर आन्तरिक वा बाह्य (वैदेशिक) विप्रेषण प्राप्त गर्नेहरूको परिवारमा तपाईले विप्रेषणबाट प्राप्त रकमलाई खर्च गर्नुपर्दा कुन क्षेत्रलाई सबैभन्दा पहिलो प्राथमिकता दिनुभएको छ भनेर सोधिएकोमा ३६.९४ प्रतिशत घरपरिवारले घरायसी उपभोगमा खर्च गर्ने, दोस्रोमा २१.५८ प्रतिशतले ऋण तिर्न र तेस्रोमा १०.६१ प्रतिशतले घर बनाउनमा खर्च गर्ने बताएका छन् । दोस्रो प्राथमिकता बारे सोधिएको प्रश्नमा २८.१६ प्रतिशतले घरायसी उपभोगमा, १४.३९ प्रतिशतले स्वास्थ्य उपचारमा खर्च गर्ने र ११.९९ प्रतिशतले विवाह/ब्रतवन्ध/चाडबाड मनाउनमा खर्च गर्ने गरेको पाइयो । त्यसैगरी तेस्रो प्राथमिकता बारे सोधिएको प्रश्नमा १९.४३ प्रतिशतले स्वास्थ्य उपचारमा, १३.८३ प्रतिशतले विवाह/ब्रतवन्ध/चाडबाडमा खर्च गरेको र र १२.९४ प्रतिशतले घरायसी उपभोगमा गरेको खर्चलाई प्राथमिकता केन्द्रित गरेको पाइयो ।

यसरी समय र श्रम खर्चेर पठाएको रकम निरन्तर आधारभूत आवश्यकता परिपूर्तिमा मात्र खर्चनु पर्दा अन्य उत्पादनशील क्षेत्रमा लगानी गर्ने विषय ओझेलमा पर्ने र जीवनस्तर सुधारमा प्रगति नहुने संकेत देखिन्छ । यसरी पहिलो, दोस्रो र तेस्रो प्राथमिकतालाई हेर्दा उत्पादनशिल क्षेत्रमा नभई साधारण र अत्यावश्यक जीवन निर्वाहका क्षेत्रमा मात्र विप्रेषणको अत्यधिक रकम खर्च हुने गरेको पाइन्छ । यो एक बाध्यात्मक अवस्था हो । किनकी आधारभूत आवश्यकता पूर्ति पहिलो आवश्यकता हो । यसरी राज्यले विप्रेषणलाई उत्पादनशिल लगानीका क्षेत्रहरू जस्तै कृषि, उद्योग, पर्यटन, उर्जा जस्ता क्षेत्रमा केन्द्रित गर्ने ठोस कार्ययोजना निर्माण नगरेमा युवाहरूको बहुमूल्य श्रमशक्तिको उचित सदुपयोग हुन नसक्ने र समाज थप विपन्नतातर्फ धकेलिने वा यथास्थितिमै रहने अवस्था देखिन्छ । यसरी पहिलो, दोस्रो र तेस्रो प्राथमिकतालाई हेर्दा उत्पादनशिल क्षेत्रमा नभई साधारण र अत्यावश्यक जीवन निर्वाहका क्षेत्रमा मात्र विप्रेषणको अत्याधिक रकम खर्च हुने गरेको पाइन्छ । यसरी राज्यले विप्रेषणलाई उत्पादनशिल लगानीका क्षेत्रहरू जस्तै कृषि, उद्योग, पर्यटन, उर्जा जस्ता

क्षेत्रमा केन्द्रित गर्ने ठोस कार्ययोजना निर्माण नगरेमा युवाहरूको बहुमूल्य श्रमशक्तिको उचित सदुपयोग हुन नसक्ने र समाज यथास्थितिमै रहने अवस्था देखिन्छ । थप विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ । विप्रेषणबाट आएको रकम खर्च हुने पहिलो, दोस्रो र तेस्रो प्राथमिकताको क्षेत्र सम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. २८:** विप्रेशणबाट आएको रकम खर्च हुने क्षेत्रसम्बन्धी विवरण

| विवरण | वडा नं. | | | | | जम्मा परिवार संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | | |
| घरायसी उपभोगमा खर्च गरेको | २३३ | २०८ | ९२ | ११६ | ७५ | ७२४ | ३६.९४ |
| ऋण तिरेको | ४२ | ९७ | ८९ | ४७ | १४८ | ४२३ | २१.५८ |
| घर बनाएको | १८ | ५० | ४८ | ६१ | ३१ | २०८ | १०.६१ |
| शिक्षामा खर्च गरेको | ४८ | ४० | ६ | २८ | ९ | १३१ | ६.६८ |
| विवाह/ब्रतबन्ध/चाडबाड मनाएको | १३ | ४८ | ८ | ३२ | ८ | १०९ | ५.५६ |
| स्वास्थ्य उपचारमा खर्च | १७ | २७ | ११ | २६ | १९ | १०० | ५.१० |
| थाहा छैन | २२ | २० | १२ | ७ | २२ | ८३ | ४.२३ |
| अरूलाई ऋण दिएको | ० | ३ | ३ | ५२ | ७ | ६५ | ३.३२ |
| अन्य | ११ | ८ | १४ | ० | २ | ३५ | १.७९ |
| जग्गा किनेको | ० | ४ | १० | ९ | २ | २५ | १.२८ |
| खर्च गरेर सकिएको | ७ | ३ | १ | २ | ६ | १९ | ०.९७ |
| व्यापार/व्यवसायमा लगानी गरेको | ७ | ४ | ५ | १ | १ | १८ | ०.९२ |
| बचत गरेको | १ | ३ | ५ | ० | १ | १० | ०.५१ |
| वस्तुभाउ खरिद गरेको | ० | ३ | ४ | ० | २ | ९ | ०.४६ |
| गरगहना खरिद गरेको | ० | ० | १ | ० | ० | १ | ०.०५ |
| जम्मा परिवार संख्या | ४१९ | ५१८ | ३०९ | ३८१ | ३३३ | १९६० | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

### ४.१.८ गरिवीको रेखामुनि रहेको जनसंख्याको विवरण

"नेपाल जीवनस्तर सर्वेक्षण तेस्रो २०६६/६७" को प्रतिवेदनमा नेपालमा सालाखाला गरिबीको रेखामुनि रहेको जनसंख्या २५ प्रतिशत रहेको उल्लेख छ । त्यस पश्चात थप प्रतिवेदन तयार भएको छैन भने हाल त्यो प्रतिशत घटेको अनुमान लगाउन सकिन्छ । उक्त प्रतिवेदनमा औषतमा प्रतिव्यक्ति प्रतिवर्ष रु. १९,२६१ रुपैयालाई गरिबीको रेखा मानिएको छ । भने त्यो शहरी क्षेत्रमा बढी अर्थात् ४०,९३३ र ग्रामीण क्षेत्रमा १५,९९८ रहेको उल्लेख छ ।

### ४.१.९ मासिक परिवार चलाउन लाग्ने रकमको आधारमा परिवारको विवरण

यस गाउँपालिकामा रहेका कुल ८,२०३ घरपरिवार मध्ये मासिक रु. ५,००० मै परिवार चलाउने घरपरिवारको संख्या १,८४८ अर्थात २२.५३ प्रतिशत, रु. ५,००१ देखि रु. १०,००० सम्ममा परिवारको मासिक खर्च धान्नेको संख्या २,६२० अर्थात ३१.९४ प्रतिशत, रु. १०,००१ देखि रु. २०,००० सम्म खर्च गर्नेको संख्या ३००१ अर्थात ३६.५८ प्रतिशत, रु. २०,००१ देखि रु. ५०,००० सम्म खर्च गर्नेको संख्या ६७६ अर्थात ८.२४ प्रतिशत, रु. ५०,००१ देखि रु. १,००,००० सम्म खर्च गर्नेको संख्या ३९ अर्थात ०.४८ प्रतिशत र रु. १,००,००० भन्दा माथि खर्च गर्नेको संख्या १९ अर्थात ०.२३ प्रतिशत देखिन्छ । यस तथ्याङ्कलाई विश्लेषण गर्दा रु. १०,००० वा सो भन्दा कम रकममा नै मासिक गुजारा गर्ने कूल घरपरिवारको ५४.४७ प्रतिशत

हुनुले यस गाउँपालिका अधिकांश बासिन्दाहरूको जीवनस्तर न्यून भएकोले आधारभूत आवश्यकता जस्तै खाद्यान्न, आवास, लुगालत्ता, शिक्षा, स्वास्थ्य, खानेपानी आदिमा न्यून स्तरको पहुँच रहेको स्पष्ट हुन्छ । चरम महंगी र मुद्रा स्फिती बढिरहेको हालको अवस्थामा ५४.४७ प्रतिशत परिवारहरूले प्रति परिवार प्रति दिन मात्र रु. ३३३.३३ मा गुजारा गर्नुपर्ने तथ्याङ्कले देखाउँछ । जसको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २९:** मासिक परिवार चलाउन लाग्ने रकमको आधारमा परिवारको विवरण

| वडा | रू. ५००० सम्म | रू. ५००१-१०,००० सम्म | रू. १०,००१-२०,००० सम्म | रू. २०,००१-५०,००० सम्म | रू. ५०,००० भन्दा बढी | जम्मा परिवार संख्या | औषत मासिक खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | ३५१ | ६०३ | ४१२ | १४० | १३ | १५१९ | १२६३१ |
| २ | २९७ | ३७२ | ६१० | १८१ | ९ | १४६९ | १३५२८ |
| ३ | ४४ | ५३० | ४६१ | १५७ | १० | १२०२ | १५०६२ |
| ४ | ३६० | १६९ | ६४० | १३९ | ३ | १३११ | १३६६२ |
| ५ | ७९६ | ९४६ | ८७८ | ५९ | २३ | २७०२ | १०२९८ |
| जम्मा परिवार | १८४८ | २६२० | ३००१ | ६७६ | ५८ | ८२०३ | १२५४४ |
| प्रतिशत | २२.५३ | ३१.९४ | ३६.५८ | ८.२४ | ०.७१ | १०० | |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*



### ४.१.१० विगत १ वर्षमा आयआर्जनमा संलग्न जनसंख्याको विवरण

**तालिका नं. ३०:** विगत १ वर्षमा आयआर्जनमा संलग्न अवधिका आधारमा जनसंख्याको विवरण

| वडा नं. | आय आर्जन हुने काममा संलग्न नभएको | १ महिना भन्दा कम | १ महिना - ३ महिना | ४ महिना - ६ महिना | ७ महिना - ९ महिना | ९ महिनाभन्दा बढी |
|---|---|---|---|---|---|---|
| १ | ६६१ | २६४६ | ५३२ | ३३७ | १०४ | १६४६ |
| २ | ७२६ | २४५८ | ३४९ | ९०१ | १८३ | १०३७ |
| ३ | ८३२ | २५१५ | १८० | ४१३ | ३६९ | ८३२ |
| ४ | ९१६ | २५३३ | ११४ | १४५ | १०८ | १७७६ |
| ५ | १६४३ | ५७९२ | ११८ | ३१० | १२६ | ३००७ |
| जम्मा जनसंख्या | ४७७८ | १५९४४ | १२९३ | २१०६ | ८९० | ८२९८ |
| प्रतिशत | १४.३ | ४७.९ | ३.९ | ६.३ | २.७ | २४.९ |

१० वर्ष र सोभन्दा माथिका उमेरसमूहको जनसंख्या

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

यस गाउँपालिकामा रहेका १० वर्षभन्दा माथिका जनसंख्यामा ४७७८ जनसंख्या अर्थात १४.३ प्रतिशत विगत १ वर्षमा कुनै पनि आयआर्जन हुने काममा संलग्न नभएको पाईयो। त्यस्तै आयआर्जनमा संलग्न जनसंख्यामध्ये सबैभन्दा बढी १५९४४ (४७.९ प्रतिशत) ले १ महिनाभन्दा कम समय आयआर्जनमा संलग्न रहेका छन् भने ८२९८ अर्थात २४.९ प्रतिशत जनसंख्याले ९ महिनाभन्दा बढी समय आयआर्जन हुने कामम संलग्न भएको पाइयो ।

### ४.१.११ ऋण भएका घरपरिवारको विवरण

**तालिका नं. ३१:** ऋण भएका घरपरिवारको विवरण

| वडा | ऋण भएको परिवार | | ऋण नभएको परिवार | | जम्मा परिवार संख्या |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ८१८ | ९.९७ | ७०१ | ८.५५ | १५१९ |
| २ | ८३१ | १०.१३ | ६३८ | ७.७८ | १४६९ |
| ३ | ४९८ | ६.०७ | ७०४ | ८.५८ | १२०२ |
| ४ | ६३० | ७.६८ | ६८१ | ८.३० | १३११ |
| ५ | १७३७ | २१.१८ | ९६५ | ११.७६ | २७०२ |
| जम्मा परिवार | ४५१४ | ५५.०३ | ३६८९ | ४४.९७ | ८२०३ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

गाउँपालिकामा रहेका कूल ८,२०३ घरपरिवारमध्ये विभिन्न वित्तीय संस्था, सहकारी वा अन्य तवरले आफ्ना विभिन्न आर्थिक क्रियाकलाप सञ्चालन गर्न वा व्यापार व्यवसायमा लगानी गर्न ऋण लिने घरपरिवारहरूको संख्या ४,५१४ अर्थात ५५.०४ प्रतिशत र ऋण नलिने घरपरिवारको संख्या ३,६८९ अर्थात ४५ प्रतिशत रहेका छन् । ऋण लिनुका उद्देश्यमध्ये अत्यावश्यक आवश्यकता परिपूर्ति गर्न ऋण लिनेको संख्या लगानी वा उत्पादनमूलक व्यवसाय गर्न ऋण लिनेको संख्याभन्दा बढी भएको अनुमान सजिलै लगाउन सकिन्छ ।




### ४.१.१२ ऋण लिनुको कारणका आधारमा घरपरिवारको विवरण

गाउँपालिकामा ऋण लिनेहरूको प्रयोजन हेर्दा सबैभन्दा बढी कृषि व्यवसायको लागि ऋण लिने परिवारको संख्या ११९२ दोस्रोमा घरायसी उपभोग गर्नको लागि ऋण लिने परिवारको संख्या ११०८, तेस्रोमा घर बनाउन/जग्गा जमिन किन्नको लागि ऋण लिनेको संख्या ११०५, चौथोमा औषधी उपचारको लागि ऋण लिने परिवारको संख्या ७९९ रहेका छन् । व्यापार व्यवसाय, शिक्षा र उत्पादन प्रवर्द्धन गर्न निकै कम घरपरिवारले ऋण लिएको देखिन्छ । जसमध्ये ३९४ व्यापार व्यवसायको लागि, १४२ ले शैक्षिक शुल्क तिर्न तथा शैक्षिक सामाग्री किन्न ऋण लिएको देखिन्छ। तथ्याङ्कको विश्लेषण गर्दा दैनिक जीवन निर्वाह र सुरक्षाका आधारभूत मानवीय आवश्यकता पूर्ति गर्न जस्तै भवन निर्माण तथा घरायसी गर्जो टार्न अधिकांश ऋण लिएको तथ्य स्पष्ट हुन्छ। नागरिकका आधारभूत आवश्यकता पूरा गर्ने दायित्व राज्यको हुने संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानले शिक्षा, स्वास्थ्य, खाद्यान्न जस्ता आवश्यकताहरूलाई मौलिक अधिकारको रुपमा स्थापित गरिसकेको सन्दर्भमा स्थानीय तथा संघीय सरकारले नागरिकका यी सवालहरूलाई सम्बोधन गर्नुपर्ने हुन्छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३२:** ऋण लिनुको कारणका आधारमा घरपरिवारहरूको विवरण (बहुउत्तरमा आधारित)

| ऋण लिनुको कारण | वडा नं. | | | | | जम्मा परिवार संख्या |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | |
| व्यापार/उद्योग व्यवसायको लागि | १०६ | ९८ | ७६ | ५२ | ६२ | ३९४ |
| कृषि व्यवसायको लागि | २५५ | २३२ | २८१ | १७२ | २५२ | ११९२ |
| घर बनाउन/जग्गा जमिन किन्न | २६२ | १३२ | ३०२ | २७३ | १३६ | ११०५ |
| जन्म/मृत्यु/विवाह/ ब्रतबन्धको लागि | ११७ | ५२ | ५८ | १७६ | १४४ | ५४७ |
| चाडपर्व मनाउन | १३६ | १९ | २० | ४२ | ३५ | २५२ |
| औषधी उपचारको लागि | २२७ | ९५ | ११७ | २०२ | १५८ | ७९९ |
| शैक्षिक शुल्क तिर्न / शैक्षिक सामग्री किन्न | ५१ | २४ | ५ | ४३ | १९ | १४२ |
| घरायसी उपभोग गर्न | १९० | १५२ | १७४ | २११ | ३८१ | ११०८ |

| ऋण लिनुको कारण | वडा नं. | | | | | जम्मा परिवार संख्या |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | |
| परिवारका सदस्यलाई विदेश पठाउन | ३३ | ३१ | ३२ | ५३ | ५० | १९९ |
| अन्य प्रयोजनका लागि | ४ | ९ | २५ | ३ | ५ | ४६ |
| जम्मा ऋणी | ८१८ | ८३१ | ४९८ | ६३० | १७३७ | ४५१४ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*




## ४.१.१३ ऋणको श्रोतको आधारमा परिवारको विवरण

**तालिका नं. ३३:** ऋणको श्रोतको आधारमा परिवारको विवरण (बहुउत्तरमा आधारित)

| वडा नं. | व्यक्तिबाट ऋण लिने परिवार संख्या | बैंकबाट ऋण लिने परिवार संख्या | सहकारीबाट ऋण लिने परिवार संख्या | अन्य वित्तीय संस्थाबाट ऋण लिने परिवार संख्या | अन्य श्रोतबाट ऋण लिने परिवार संख्या | जम्मा ऋणीको परिवार संख्या |
|---|---|---|---|---|---|---|
| १ | १२४ | २३७ | ३६९ | १४७ | २ | ८१८ |
| २ | १५७ | १३९ | १९० | २६३ | ५ | ८३१ |
| ३ | ११६ | १४३ | ३८७ | १८९ | २ | ४९८ |
| ४ | २९१ | १८६ | ३७७ | १५६ | ० | ६३० |
| ५ | ६७३ | १४५ | ११७ | १४८ | ३ | १७३७ |
| जम्मा | १३६१ | ८५० | १४४० | ९०३ | १२ | ४५१४ |
| प्रतिशत | ३०.१५ | १८.८३ | ३१.९० | २०.०० | ०.२७ | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

गाउँपालिकामा ऋण लिएका कूल घरपरिवारमध्ये सबैभन्दा धेरै १४४० परिवारले सहकारीबाट ऋण लिएको, १३६१ परिवारले व्यक्तिबाट ऋण लिएको, ९०३ परिवारले अन्य वित्तीय संस्थाबाट ऋण लिएको र ८५०

परिवारले बैंकबाट ऋण लिएको तथ्याङ्क छ । गाउँपालिकामा कतिपय परिवारले एकभन्दा बढी स्रोतबाट ऋण लिएको देखिन्छ । धेरै घरपरिवारले व्यक्तिबाट समेत ऋण लिएको यथार्थले के स्पष्ट गर्दछ भने नागरिकहरूको बैङ्क तथा ठूला वित्तिय संस्थाको पूर्ण पहुँच नरहेको हो कि भन्ने बुझाउँछ । अर्कोतर्फ बैङ्कबाट कर्जा लिँदा धितो तथा अन्य प्रशासनिक झन्झट हुने भएकोले चर्को व्याजको मारमा परेतापनि विना धितो व्यक्तिसँग ऋण लिन सहज हुने भएकोले साधारणतय मानिसहरू यसतर्फ बढी आर्कषित देखिन्छन् । यसले थप आर्थिक भार पर्न गई नागरिकलाई गरीबीमा धकेल्न बाध्य पार्दछ । हाल राष्ट्र बैङ्कले हरेक स्थानीय तहमा कम्तीमा एक वाणिज्य बैङ्क शाखा खोल्न गरेको निर्देशनले बैङ्कहरूमा ग्रामीण सर्वसाधारणको पहुँच वृद्धिहुने अपेक्षा गर्न सकिन्छ । वडागत पूर्ण विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ४.१.१४ मुख्य शिप वा क्षमताको आधारमा जनसंख्याको विवरण

**तालिका नं. ३४:** औपचारिक तालिमको विषयको आधारमा वडागत विवरण

| तालिमको विषय | वडा नं. | | | | | जम्मा तालिम प्राप्त जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | | |
| पोशाक बनाउने/सिउने | १२७ | १४४ | १०९ | ७ | ५४ | ४४१ | २३.१३ |
| शिक्षण शिकाईसम्बन्धी | ५५ | ८० | २३ | २१ | ७० | २४९ | १३.०६ |
| सवारी चालकसम्बन्धी | ६६ | ६४ | ६१ | ६ | २७ | २२४ | ११.७५ |
| सिकर्मी, डकर्मीसम्बन्धी | ११९ | ४४ | १३ | १६ | २ | १९४ | १०.१७ |
| अन्य | ६१ | १७ | ५५ | २ | १९ | १५४ | ८.०८ |
| कृषि, पशुपालन, माछापालन, मौरी पालनसम्बन्धी | ६८ | २१ | १८ | १ | ८ | ११६ | ६.०८ |
| कम्प्युटर विज्ञानसम्बन्धी | ३५ | १३ | १५ | ९ | ११ | ८३ | ४.३५ |
| यान्त्रिक (मेकानिक्स) सम्बन्धी | १३ | ३६ | १६ | २ | ९ | ७६ | ३.९९ |
| बिजुली जडान सम्बन्धी | २८ | १४ | १७ | १ | ५ | ६५ | ३.४१ |

| तालिमको विषय | वडा नं. | | | | | जम्मा तालिम प्राप्त जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | | |
| मानव स्वास्थ्यसँग सम्बन्धी | १५ | १४ | ९ | ११ | ९ | ५८ | ३.०४ |
| रेडियो, टेलिभिजन, मोबाईल, तथा अन्य ईलेक्ट्रिक | २६ | ९ | २ | २ | ६ | ४५ | २.३६ |
| प्लम्बिङ सम्बन्धी | २२ | ५ | ११ | २ | ४ | ४४ | २.३१ |
| केश सजावट / श्रृंगार सम्बन्धी | २० | ८ | ६ | २ | ३ | ३९ | २.०५ |
| फर्निचर बनाउने सम्बन्धी | ७ | ७ | ४ | ० | १४ | ३२ | १.६८ |
| होटल तथा रेष्टुरेन्ट सम्बन्धी | १४ | ५ | ३ | ० | ० | २२ | १.१५ |
| आत्मसुरक्षा सम्बन्धी / शारीरिक सुगठन | ० | ७ | ५ | ० | १ | १३ | ०.६८ |
| मूर्तिकला, प्रस्तरकला, काष्ठकला | ४ | २ | २ | १ | १ | १० | ०.५२ |
| श्रव्यदृष्य तथा फोटोग्राफी सम्बन्धी | ४ | ० | ० | ० | ४ | ८ | ०.४२ |
| इन्जिनियरिङ डिजाईन सम्बन्धी | ४ | ० | २ | १ | ० | ७ | ०.३७ |
| पशुचिकित्सा तथा पशुस्वास्थ्य सम्बन्धी | २ | १ | २ | १ | १ | ७ | ०.३७ |
| साहित्य श्रृजना सम्बन्धी | १ | २ | १ | ० | ० | ४ | ०.२१ |
| गरगहना बनाउने / मर्मत गर्ने | ४ | ० | ० | ० | ० | ४ | ०.२१ |
| गीत, संगीत, नाटक तथा कलाकारिता | ० | ० | २ | ० | २ | ४ | ०.२१ |
| हस्तकला / चित्रकला सम्बन्धी | २ | २ | ० | ० | ० | ४ | ०.२१ |
| छपाई सम्बन्धी | ३ | ० | ० | ० | ० | ३ | ०.१६ |
| जुत्ता चप्पल बनाउने | १ | ० | ० | ० | ० | १ | ०.०५ |
| जम्मा | ७०१ | ४९५ | ३७६ | ८५ | २५० | १९०७ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

गाउँपालिकामा रहेको कुल जनसंख्या मध्ये जम्मा १,९०७ जनामा कुनै न कुनै किसिमको विशेष सीप वा दक्षता भएको देखिन्छ। यी मध्ये सबैभन्दा बढी पोशाक बनाउने/सिउने सम्बन्धी दक्षता भएकाहरूको संख्या ४४१ अर्थात् २३.१३ प्रतिशत, दोस्रोमा शिक्षण सिकाई सम्बन्धी दक्षता भएकाहरूको संख्या २४९ अर्थात् १३.०६ प्रतिशत रहेको छ। तेस्रोमा सवारी चालक सिम्बन्धी सीप भएकाहरूको जनसंख्या २२४ जना अर्थात् ११.७५ प्रतिशत रहेका छन्। यी बाहेक जुत्ता, चप्पल बनाउने, छपाइ सम्बन्धी, प्लम्बिङ सम्बन्धी, साहित्य श्रृजना तथा इन्जिनियरिङ सम्बन्धी डिजाइन गर्नेको संख्या नगण्य रहेको छ। समग्रमा हेर्दा कुनैपनि प्रकारको सीप वा दक्षता हुनु आफैमा राम्रो भएतापनि गाउँपालिकामा आधुनिक समाजमा आवश्यक पर्ने खालका विशेष सिपहरू तथा विश्वविद्यालयबाट प्राज्ञिक सर्टिफिकेट (प्रमाणपत्र) लिएर तयार भएको दक्ष जनशक्ति जस्तै डाक्टर, इन्जिनियर, मेकानिक्स, विषयगत विशेषज्ञहरूको संख्या अत्यन्त न्यून देखिन्छ। दक्ष जनशक्तिको आयस्तर उच्च हुने हुनाले विकास निमार्णमा सहयोग पुग्नुका सबै उक्त जनशक्तिको जीवनयापन गुणस्तरीय हुन्छ। यस प्रकारको जनशक्तिले दिगो विकासमा प्रत्यक्ष भूमिका खेल्दछ। गाउँपालिकामा अधिकांश जनसंख्या अदक्ष वा अर्धदक्ष हुनाले गाउँपालिकाको दिगो विकासमा ठूलो प्रयास गर्नुपर्ने देखिन्छ। साथै मानव संसाधन विकासलाई उच्च प्राथमिकतामा राख्नुपर्ने देखिन्छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

### ४.१.१५ खाद्यान्न सुरक्षा तथा आपूर्तिको अवस्था

मौलिक हक अन्तर्गत नेपालको संविधानको धारा ३६ मा खाद्य सम्बन्धी हकको व्यवस्था गरिएको छ । सोही धाराको उपधारा २ मा प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ भने उपधारा ३ मा प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य संम्प्रभुताको हक हुनेछ भनी स्पष्ट उल्लेख छ । सरकारले २०७७ सालदेखि धान तथा उखुको समर्थन मूल्य तोक्न पनि थालेको छ । यसलाई खाद्यसंप्रभुता कार्यान्वयनको एक अंशको रुपमा पनि लिइएको छ । गाउँपालिकाले पनि जीवनको प्रमुख आधारको रुपमा रहेको खाद्यान्नको सूरक्षा र आपूर्तिको अवस्था प्रति संवेदनशील हुनुपर्ने देखिन्छ । गाउँपालिकामा प्रशस्त मात्रामा रहेको खेतीयोग्य जमिनलाई सिँचाइको समुचित प्रबन्ध गरी वैज्ञानिक पद्धतिमार्फत उत्पादन बढाउन सके आत्मनिर्भर बन्ने सहज परिस्थिति निर्माण हुन सक्ने कुरामा कुनै दुविधा छैन ।

### ४.१.१६ आयात तथा निर्यातको अवस्था

कुनै पनि गाउँपालिका आर्थिकरुपले सबल हुनका लागि आयात भन्दा निर्यात बढी हुनु अनिवार्य छ । आयात भन्दा निर्यातको आयतन ठूलो हुँदा यसले व्यापार नाफा वृद्धि भई आर्थिक स्तर माथि उठ्न मद्दत गर्दछ । गाउँपालिका भित्र उत्पादन हुने उपजहरूलाई प्रर्वद्धन गरी स्थानीय स्तरमा उत्पादन हुने उपजमा आत्मनिर्भर भई निर्यात बढाउन सकेमात्र गाउँपालिकाको आर्थिक हैसियत वृद्धि हुन सक्छ ।

सुस्ता गाउँपालिकामा उत्पादित अन्नबाली, दलहन तथा तरकारीका अलावा केरा तथा उखु निर्यात हुने गरेको छ । यद्यपि समयमा चिनीमिलबाट भुक्तानी नहुँदा उखु उत्पादनप्रति कृषकको आकर्षण घट्दै गएको छ भने व्यक्तिगत तथा सामुहिक केरा खेतीमा आकर्षण बढ्दै गएको छ । नारायणी नदीका कारण बालुवा, गिटी/ढुङ्गा पनि निर्यात हुने गरेको छ भने विद्यमान सिमित इँटाभट्टाबाट इँटा पनि निर्यात हुने गरेको छ । दैनिक उपभोगका घरायसी समाग्री, लत्ताकपडा, विद्युतीय समाग्री लगायत साइकल, मोटर, ट्र्याक्टर जस्ता यातायातका सामाग्रीहरू आयात हुने गरेका छन् । निर्यातभन्दा आयात बढी हुँदा अर्थतन्त्रमा असन्तुलन कायम हुने स्थिति छ ।



वडा नं. १ रुपौलिया स्थित हाटबजार

### ४.१.१८ वैदेशिक रोजगारमा गएकाहरूको विवरण

**तालिका नं. ३५:** वैदेशिक रोजगारमा गएकाहरूको विवरण

| वडा नं. | एसियाली राष्ट्र | अष्ट्रेलिया/ न्यूजील्याण्ड | यूरोपेली राष्ट्र | उत्तर अमेरिकी राष्ट्र | दक्षिण अमेरिकी राष्ट्र | अफ्रिकन राष्ट्र | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | २५६ | १ | ४ | १ | ५ | १ | २६८ |
| २ | ४७० | ७ | ११ | १ | ० | १ | ४९० |
| ३ | २८८ | १ | ४ | ० | ६ | २ | ३०१ |
| ४ | ४०९ | १ | २ | ० | ० | २ | ४१४ |
| ५ | ३३३ | ० | १ | ० | ० | ० | ३३४ |
| जम्मा | १७५६ | १० | २२ | २ | ११ | ६ | १८०७ |
| प्रतिशत | ९७.२ | ०.६ | १.२ | ०.१ | ०.६ | ०.३ | १०० |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*

यसा गाउँपालिकाबाट बैदेशिक रोजगारमा गएकाहरुको जम्मा संख्या १८०७ मध्ये सबैभन्दा बढी एसियाली राष्ट्रहरूमा गएका छन् । एसियाली राष्ट्रमा जानेहरूको संख्या १७५६ अर्थात ९७.२ प्रतिशत रहेका छन भने सबैभन्दा कम उत्तर अमेरिकी राष्ट्रमा जम्मा २ जना मात्र वैदेशिक रोजगारका लागि गएका देखिन्छन् ।

### ४.१.१९ सुकुम्बासी जनसंख्याको विवरण

परिवारको जमिन माथिको स्वामित्वको विषयलाई आर्थिक हैसियतसँग गाँसेर हेरिन्छ। नेपालको अर्थतन्त्र कृषिमा आधारित हुँदा जमिन माथिको स्वामित्वलाई आर्थिक हैसियतसँग गाँसेर हेर्नु स्वाभाविक भए तापनि पछिल्लो समयमा वैदेशिक रोजगार लगायत अन्य सेवा क्षेत्रमा मानिसहरूको पहुँच वृद्धि हुँदा गैह्र कृषि क्षेत्रबाट आफ्नो आर्थिक हैसियत निर्माण गर्ने परिपाटी सुरु भएको पाइन्छ । अर्कोतर्फ जमिनमाथिको स्वामित्वलाई आफ्नो थातथलो वा आवासको स्थलका रुपमा समेत हेरिन्छ । यसर्थ हरेक नागरिकको जमिनमाथिको स्वामित्वलाई सदियौंदेखि एक प्रमुख आर्थिक सामाजिक तथा राजनैतिक मुद्दाको रुपमा हेरिँदै आएको छ । त्यस्तै नेपालमा जमिनको वितरण अवैज्ञानिक रहेको । भूमिहीनहरू किसान छन् भने भूमिमा प्रशस्त स्वामित्व भएकाहरूले सामान्यतया खेतिपाती गर्दैनन् वा केहीले मात्र गर्दछन् । सामुदायिक आत्मनिर्भर केन्द्र (CSRC) को वेबसाइटमा उल्लेख भए अनुसार नेपालमा २६.१ प्रतिशत कृषक परिवारहरूको आफ्नो स्वामित्व रहेको जमिन छैन । जम्मा १९.७१ प्रतिशत महिलाहरूको जमिनमा स्वामित्व रहेको छ र करिब ४४ प्रतिशत तराई दलितहरू सुकुम्बासी अवस्था रहेका छन् ।

**तालिका नं. ३६:** भू-स्वामित्वको वडागत विवरण

| वडा | भूमि विहिन परिवार | | भूमि हुने परिवार | | जम्मा |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ५४१ | ३५.४ | ९८९ | ६४.६ | १५३० |
| २ | २९८ | १८.५ | १३११ | ८१.५ | १६०९ |
| ३ | ७९ | ६.२ | ११९० | ९३.८ | १२६९ |
| ४ | ४४ | ३.२ | १३११ | ९६.८ | १३५५ |
| ५ | ७३ | २.७ | २६५३ | ९७.३ | २७२६ |
| जम्मा | १०३५ | १२.२ | ७४५४ | ८७.८ | ८४८९ |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*



## ४.२ कृषि

आज उच्चतम विकास हासिल गरेका औद्योगिक राष्ट्रहरूको विकासको मेरुदण्ड कृषि नै रहेको इतिहासले देखाउँछ । यूरोप, अमेरिका तथा एसियाली महाशक्ति राष्ट्रहरूको सम्पन्नताको आधारशीला समेत कृषि क्रान्तिमा आधारित भएको पाईन्छ । तसर्थ तत्कालका लागि कृषि बाहेकका अन्य विकल्पहरू न्यून रहेको र कृषिमा पर्याप्त संभावना रहेको हाम्रो देशमा विकासका अन्य महत्वाकांक्षी योजना कार्यान्वयन गर्नुपूर्व खाद्यान्न, फलफूल तरकारीका साथै समग्र कृषि उपजहरूमा आत्मनिर्भर बनी निर्यातसमेत वृद्धि गर्न कृषि क्षेत्रमा क्रान्ति नै गर्नुपर्ने पहिलो अनिवार्य आवश्यकता रहेको छ । उच्च प्रविधिहरू विकास भईसकेको आजको यूगमा समेत हाम्रो निर्वाहमूखी परम्परागत खेति प्रणालीमा सिमित रहिरहनु एक प्रकारको विडम्बना नै छ । तसर्थ स्थानीय सरकारले संभाव्यता हेरि व्यवसायिक र वैज्ञानिक कृषिका लागि आवश्यक सम्पूर्ण कृषि पूर्वाधारहरूको विकास मार्फत कृषि उत्पादन र विकासमा क्रान्ति गर्नुपर्ने आवश्यकता रहेको छ । यस गाउँपालिकाको ७२ प्रतिशत परिवार अर्थात ५९१० परिवार कृषिमा आवद्ध रहेका छन् ।



### ४.२.१ कृषिका लागि जग्गा जमिन भोग चलन गर्ने घरपरिवारको विवरण

गाउँपालिकामा कृषि प्रयोजनको जमिन भएका वा कृषि प्रयोजनको जमिन भोगचलन गर्ने परिवारको संख्या मध्ये आफ्नो जग्गा आफैले चलन गरेको ३९५५ घरपरिवार, अरुको जग्गा आफुले चलन गरेको १०२१ घरपरिवार र आफ्नो जग्गा अरुलाई चलन गर्न दिएको ४०६ घरपरिवार रहेको छ । सबै कृषि प्रयोजनको जमिन हुने परिवारले कृषि कर्म गरेको छैनन् भने कृषि प्रयोजनको जमिन नहुने परिवारले पनि अरुको जमिनमा खेती गर्ने गरेका छन् । मूलत यस तथ्याङ्कले कृषि प्रयोजनको जमिनको पूर्णरुपमा सदुपयोग भई दिगो उत्पादनशील काममा प्रयोग भएको छ कि छैन भन्ने कुरालाई इङ्गित गर्दछ । पहिलो कुरा वास्तविक कृषि कर्ममा संलग्न परिवारले जमिनको सही सदुपयोग गर्न पाउनुपर्दछ भने दोस्रो कृषि योग्य जमिनलाई जमिनको स्तरअनुसार बालीनाली लगाई सदुपयोग गर्नुपर्दछ ।

**तालिका नं. ३७:** कृषि पेशा अंगाल्ने परिवार, कृषक परिवार र उनीहरूले भोगचलन गरेको जमिनको विवरण

| वडा | आफ्नो जग्गा आफैँले चलन गरेको | | अरूको जग्गा आफूले चलन गरेको | | आफ्नो जग्गा अरूले चलन गरेको | | जम्मा परिवार संख्या | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ५७७ | १४.६ | १९९ | १९.५ | १२१ | २९.८ | ८९७ | १६.७ |
| २ | ९४९ | २४ | २५४ | २४.९ | ११४ | २८.१ | १३१७ | २४.५ |
| ३ | ९०० | २२.८ | ३०५ | २९.९ | ५० | १२.३ | १२५५ | २३.३ |
| ४ | ६१० | १५.४ | १०३ | १०.१ | ७० | १७.२ | ७८३ | १४.५ |
| ५ | ९१९ | २३.२ | १६० | १५.७ | ५१ | १२.६ | ११३० | २१ |
| **जम्मा** | ३९५५ | ७३.५ | १०२१ | १८.९७१ | ४०६ | ७.५ | ५३८२ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*




## ४.२.२ कृषि उत्पादनमा आबद्ध घरपरिवारको विवरण

आफ्नै स्वामित्वको जमिनमा होस् वा अर्काको जमिन, खेतीपातीमा संलग्न कुल घरपरिवारको संख्या ५९१० अर्थात् ७२.० प्रतिशत र असंलग्न घरपरिवारको संख्या २२९३ अर्थात् २८ प्रतिशत रहेको छ। यस मध्ये सबैभन्दा बढी खेतीपातीमा संलग्न घरपरिवारहरू १६८० वडा नं. ५ मा र कम घरपरिवारहरू ९९५ वडा नं. ३ मा रहेका छन्। यसको कारण कृषिमा अपेक्षाकृत आम्दानी नहुनु र अन्य पेशा र रोजगारीका अवसरहरू समेत वृद्धि हुनु हुन्। वडाअनुसार विस्तृत विवरण माथिको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३८:** कृषि उत्पादनमा आबद्ध घरपरिवारको विवरण

| वडा | कृषिमा आवद्ध भएको | | कृषिमा आवद्ध नभएको | | जम्मा |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ११६० | ७६.४ | ३५९ | २३.६ | १५१९ |
| २ | १०५९ | ७२.१ | ४१० | २७.९ | १४६९ |
| ३ | ९९५ | ८२.८ | २०७ | १७.२ | १२०२ |
| ४ | १०१६ | ७७.५ | २९५ | २२.५ | १३११ |
| ५ | १६८० | ६२.२ | १०२२ | ३७.८ | २७०२ |
| जम्मा | ५९१० | ७२.० | २२९३ | २८.० | ८२०३ |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*




### ४.२.३ खेतीयोग्य जमिनको विवरण

वैज्ञानिक र व्यवसायिक ढङ्गले भू-उपयोग नहुँदा कृषि क्षेत्रमा ठूलो घाटा व्यहोर्नु परेको अवस्था छ । हरेक स्थानीय तहमा उपलब्ध सम्पूर्ण खेतियोग्य जमिनको वैज्ञानिक र व्यवसायिक ढङ्गले सदुपयोग हुन सकेको पाइँदैन । खेतीयोग्य जमिनको उपलब्धता भएपनि पूर्ण सदुपयोग नहुँदा एकातर्फ जमिन बाँझो हुँदै जाने त अर्कोतर्फ कृषि उत्पादनमा कमी भई आयात गर्नुपर्ने अवस्था श्रृजना भइरहेको छ ।

सुस्ता गाउँपालिका तराइको समथर भूभागमा नारायणी नदी दायाँ बायाँ दुवै किनारमा अवस्थित भएका कारण अधिकांश जमिन खेतीयोग्य हुनका साथै प्रशस्त मात्रामा उब्जनी हुने गरेको छ । तापनि समयमै विउविजन, मलखाद तथा अन्य कृषि सामाग्री समयमै आपूर्ति नहुँदा आशातित उत्पादन हुन सकिरहेको छैन ।

**तालिका नं. ३९:** खेतीयोग्य जमिनको विवरण

| वडा | जम्मा परिवार संख्या | कृषिका लागि जमिन भएको वा भोगचलन गर्ने परिवार | कृषिका लागि जमिन भएको वा भोगचलन गर्ने परिवारको प्रतिशत | जम्मा जग्गाको क्षेत्रफल (हे) | |
|---|---|---|---|---|---|
| | | | | जम्मा क्षेत्रफल | प्रतिपरिवार औषत जमिन |
| १ | १५१९ | ८९७ | ५९.०५ | ४५२.६२ | ०.५० |
| २ | १४६९ | १३१७ | ८९.६५ | ७४३.१७ | ०.५६ |
| ३ | १२०२ | १२५५ | १०४.४१ | ६१५.०१ | ०.४९ |
| ४ | १३११ | ७८३ | ५९.७३ | ४७४.०९ | ०.६१ |
| ५ | २७०२ | ११३० | ४१.८२ | ७८५.४३ | ०.७० |
| जम्मा | ८२०३ | ५३८२ | ६५.६१ | ३०७०.३३ | ०.५७ |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७६*

यस गाउँपालिकामा ८२०३ परिवारमध्ये ५३८२ परिवार अर्थात ६५.६१ को कृषिका लागि जमिन भएको वा भोगजनल गर्ने गरेका छन् । मध्ये ४९७६ घरपरिवारहरूको जमिन खेतीपातीको लागि प्रयोग भएको छ । जुन हेक्टरमा ३०७०.३३ हेक्टर हुन आउँछ । वडाअनुसार विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।






## ४.२.४ कृषिजन्य उत्पादनहरूको विवरण

### (क) खाद्यान्न बाली

गाउँपालिकामा सामान्यत: कृषि प्रणालीमा मुख्य अन्न बालीहरू धान, मकै, गहुँ आदि हुन् । यस्तै दलहन बालीमा मास, केराउ, सिमी, बोडी, अडहर, लतरी, चना, मटरकोसा आदि उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, तिल, आलस, सूर्यमुखी, बदाम आदि उत्पादन गरिन्छ भने तरकारी खेती आलु, टमाटर, बन्दा, करेला, मुला, लौका, स्कुस, फर्सी, वकुल्ला, काउली, सिमी, बोडी लगायत प्रमुख तरकारी बालीमा हुन् र यिनको उत्पादकत्व पनि बढी छ । यस्तै फलफुलमा केरा, ऊखु, आँप, कटहर, लिची, मेवा, अम्बा, अनार आदिको उत्पादन हुन्छ । गाउँपालिकामा सबैभन्दा ठूलो क्षेत्रमा खाद्यान्न, दलहन र तरकारी बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले

सानो क्षेत्रमा फलफुल बाली लगाइने गरेको छ। व्यवसायिक उखु र केरा खेती गरिए पनि केरामा बढी आकर्षण रहेको छ।



**तालिका नं. ४०:** प्रमुख कृषि बाली सम्बन्धी विवरण

| बाली | बालीहरूको नाम | बालीको किसिम (उन्नत/परम्परागत प्रजाति) | उत्पादन हुने क्षेत्रहरू |
|---|---|---|---|
| खाद्य बाली | धान, गहुँ, मकै | उन्नत र परम्परागत दुवै प्रजाति) | सबै वडा |
| नगदे बाली | केरा, उखु, तोरी, तरकारी, आलु | उन्नत र परम्परागत दुवै प्रजाति) | सबै वडा |
| दलहन बाली | मसुरो, अडहर, चना, केराउ, मुगी, बोडी | उन्नत | सबै वडामा |
| तेलहन बाली | तोरी, सर्स्यु, | उन्नत | सबै वडामा |
| तरकारी बाली | लतरी, बकुल्ला, आलु, गोभी, रायोसाग, टमाटर, राजमा, घ्युसिमी, मूला, भाजी, बोडी, फर्सि, करेला, काका, कुभिण्डो, लौका, घिरौला, तोराइ, गाजर मुला, काउली | परम्परागत | सबै वडामा |
| फलफूल बाली | आँप, लिची, केरा, मेवा, बेलौती, अनार, कागती, कटहर | दुवै थरी | सबै वडामा |
| मसला बाली | प्याज, लसुन, धनिया, खुर्सानी, बेसार, अदुवा | दुवै थरी | सबै वडा |

*स्रोत : सुस्ता गाउँपालिका, २०७६*



### ४.२.५ कृषि पकेट क्षेत्रको विवरण

नेपालमा भौगोलिक विविधिताका कारणले गर्दा जलवायुमा ठुलो विविधता रहेको छ। माटोको बनावट समेत स्थान पिच्छे फरक-फरक रहेको छ । तसर्थ एक प्रकारको जलवायु र माटोमा हुने विरुवा अर्को प्रकारको जलवायु र माटोमा हुँदैन र अर्को भिन्न प्रकारको विरुवा हुने गर्दछ। यसैका कारण स्थान विशेष कृषि उपज पकेट क्षेत्र निर्धारण गरी त्यस्ता स्थानहरूमा सघनरुपमा जलवायु उपयुक्त बालीनालीहरू लगाउने नीति नेपाल सरकारले लिएको छ। यस्ता पकेट क्षेत्रहरूले कुनै पनि स्थानको उपज विशेष पहिचान स्थापित गर्न समेत ठुलो सहयोग पुग्दछ।

पकेट क्षेत्र भन्नाले राष्ट्रिय आवश्यकता र स्थानीय संभाव्यताका आधारमा तोकिएको बाली/ वस्तुमा न्युनतम १० हेक्टर जमिनमा जिल्ला स्तरमा सञ्चालन गरेको साना व्यवसायिक उत्पादन केन्द्रलाई बुझिन्छ। यसको प्रमुख उद्देश्य पकेटमा समावेश गरिएका बाली/वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुको साथै पकेट क्षेत्रमा मौसमी रोजगारी सिर्जना गर्नु हो। कृषि मन्त्रालयले स्थानीय संभाव्यताको आधारमा सडकको पहुँच, सिँचाईको उपलब्धता, विद्युतको उपलब्धता, तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको एउटै कोरिडोरमा रहेको कृषि बाली/व्यवसायिक उत्पादन क्षेत्रलाई कृषि पकेट क्षेत्र भनिन्छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले परिवर्तित नेपालको संरचना अनुसार ७ प्रदेशमा संभावित व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट क्षेत्र) निर्धारण गरेको छ । तराई, पहाडी र हिमाली जिल्लाहरूमा बालीको प्रकृति अनुसार सार्वजनिक/निजी साझेदारीमा पकेट क्षेत्र घोषणा भईरहेको छ। राष्ट्रियस्तरमा कृषि क्षेत्रको विकास गर्न पकेट क्षेत्र अवधारणा अनुसार कृषि उत्पादन बढाउने लक्ष्य राखिएको छ । हालमा दिनहरूमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत पकेट क्षेत्र विस्तारलाई तीब्रता दिइएको छ।

गाउँपालिकामा कृषि पेशा अगाल्ने परिवारको संख्या उच्च रहेको छ। कृषि पेशामा संलग्न श्रम शक्ति उच्च रहेको यस गाउँपालिकामा कृषि व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले गाउँपालिकामा विभिन्न क्षेत्रलाई कृषि पकेट क्षेत्रको रूपमा विकास गरी नगदेबाली, तरकारी, फलफुल, खाद्यान्न, मौरी पालन, उखुजस्ता कृषि

उत्पादनको वृद्धि गर्न सक्ने प्रसस्त संम्भावना देखिन्छ। यस गाउँपालिकामा रहेका पकेट क्षेत्रको विवरण निम्नअनुसार रहेको छ ।

**तालिका नं. ४१:** कृषि पकेट क्षेत्रको विवरण

| क्र.सं. | पकेट क्षेत्रको नाम | ठेगाना | हालको आवस्था |
|---|---|---|---|
| १ | तोरी पकेट क्षेत्र | वडा नं. १ फेचुवा | |
| २ | धान, गहुँ, उखु, पकेट क्षेत्र | वडा नं. २ | |
| ३ | केरा | वडा नं ५ | |

*स्रोत: सुस्ता गाउँकार्यपालिकाको कार्यालय, २०७७*

## ४.२.६ कृषिमा उपयोग भएको जग्गा जमिनको क्षेत्रफलको आधारमा विवरण

गाउँपालिकामा रहेको कृषियोग्य जमिनको घरपरिवार अनुसार आधा हेक्टरभन्दा कम जमिनमा खेती गरी निर्वाह गर्ने घरपरिवारको संख्या ३४९८ अर्थात् ६४.९७ प्रतिशत, आधा हेक्टर देखि १ हेक्टर जमिनमा खेती गर्ने घरपरिवारको संख्या ११८१ अर्थात् २१.९४ प्रतिशत, १ हेक्टर देखि २ हेक्टर जमिनमा खेतीगर्नेको घरपरिवार संख्या ४७३ अर्थात् ८.७९ प्रतिशत, २ हेक्टर देखि ५ हेक्टर खेतीगर्ने घरपरिवारको संख्या १७९ अर्थात ३.३२ प्रतिशत, ५ देखि १० हेक्टर जमिनमा खेती गर्नेको घरपरिवारको संख्या ४१ अर्थात ०.७६ प्रतिशत र १० हेक्टरभन्दा माथि जमिनमा खेती गर्ने घर परिवारको संख्या १२ अर्थात ०.२२ प्रतिशत रहेको छ । नेपालको संविधानको, भाग ४, धारा ५१ (ङ)२) बमोजिम "अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने" राज्यको कृषि तथा भूमिसुधार नीतिअनुसार जग्गा बाँझो राख्ने प्रवृतिलाई न्यूनीकरण गर्दै व्यावसायिक र नाफामूलक कृषिमा जोड दिनु आवश्यक देखिन्छ ।

**तालिका नं. ४२:** खेतीपातीमा उपयोग भएको जग्गा जमिनको आकारको आधारमा घरपरिवारको विवरण

| वडा | ०.१ हे - ०.५ हे. | ०.५ हे. - १ हे. | १ हे. - २ हे. | २ हे. - ५ हे. | ५ हे. - १० हे. | १० हे. भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ६२१ | १९० | ६५ | १५ | ३ | ३ | ८९७ |
| २ | ९१४ | २३३ | १०८ | ४३ | १६ | ३ | १३१७ |
| ३ | ८५३ | २४७ | ११४ | ३७ | ४ | ० | १२५५ |
| ४ | ४५७ | २३५ | ६६ | १६ | ५ | ४ | ७८३ |
| ५ | ६५१ | २७६ | १२० | ६८ | १३ | २ | ११३० |
| जम्मा | ३४९६ | ११८१ | ४७३ | १७९ | ४१ | १२ | ५३८२ |
| प्रतिशत | ६४.९६ | २१.९४ | ८.७९ | ३.३३ | ०.७६ | ०.२२ | |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*




## ४.२.७ कृषि उत्पादनले खान पुग्ने महिनाको आधारमा परिवारको विवरण

**तालिका नं. ४३:** आफ्नै कृषि उत्पादनले खान पुग्ने अवधिको आधारमा परिवारको विवरण

| वडा | ०-३ महिना | ४-६ महिना | ७-९ महिना | १०-११ महिना | १२ महिना |
|---|---|---|---|---|---|
| १ | ३९ | १०८ | ६० | २६ | ९२७ |
| २ | १०७ | १०८ | ५० | २५ | ७६६ |
| ३ | १३२ | २२१ | २०६ | १५ | ४२० |
| ४ | ६० | २१७ | १३३ | ३६ | ५६३ |
| ५ | १७९ | २०२ | १४२ | ३७ | १११५ |
| जम्मा | ५१७ | ८५६ | ५९१ | १३९ | ३७९१ |
| प्रतिशत | ८.७७ | १४.५२ | १०.०३ | २.३६ | ६४.३२ |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*

यस गाउँपालिकामा रहेका कृषिमा आवद्ध ५,८९४ घरपरिवारहरूमध्ये आफ्नै उत्पादनले बाह्र महिना धान्नेको संख्या ६४.३२ प्रतिशत घरपरिवार देखिन्छ । त्यसैगरी ३ महिनासम्म धान्न पुग्ने घरपरिवारको संख्या ८.७७ प्रतिशत रहेको छ । झण्डै एक चौथाइ जनसंख्याले वार्षिकरुपमा गर्ने उत्पादनले बाह्रै महिना दुःख गुजारा गरी खर्च धान्ने गरेको स्पष्ट हुन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।




## ४.२.८ सिंचित र असिंचित जमिनको विवरण

गाउँपालिकामा कृषि प्रयोजनको जमिन भएका वा कृषि प्रयोजनको जमिन भोगचलन गर्ने परिवारको संख्या ५३८२ रहेको छ । त्यसैगरी कूल २६९७.१६ हेक्टर सिंचित जमिन उपयोग गर्ने परिवार संख्या ५३८२ रहेको छ जसमा प्रतिपरिवार औषत ०.५० हे. जमिन हुन आउछ । त्यस्तै कूल ३७३.१७ हेक्टर असिंचित जमिन उपभोग गर्ने परिवार ५३८२ रहेको छ जसमा प्रतिपरिवार औषत ०.०७ हे.जमिन हुन आउछ। गाउँपालिकामा असिंचित जमिन पनि हुनु र सिंचित जमिनको सही र पूर्ण सदुपयोग नहुँदा खाद्यान्न, तरकारी र अन्य कृषिजन्य उपजहरू आयात गर्नुपर्ने हुन्छ । यसले परनिर्भरता बढाउँछ । तसर्थ गाउँपालिकालाई कृषि र खाद्यान्न उत्पादनमा सबल बनाउन सके आर्थिक क्षेत्रमा उल्लेख्य सुधार भई निर्यात प्रर्वद्धन गर्न सकिन्छ । अर्कोतर्फ सिँचाइ सुविधा नपुगेको कृषि योग्य जमिनमा सुविधा पुऱ्याउन पहल गर्नुपर्ने देखिन्छ । सिँचाइ सुविधा पुग्न नसक्ने स्थानहरूमा डालेघाँस, फलफुल खेति वा कृषिका कम सिँचाइ वा सिँचाइ आवश्यक नपर्ने वैकल्पिक उत्पादन हुने विधिहरू अपनाई जमिनको सदुपयोग गर्न सकिन्छ ।

**तालिका नं. ४४:** कृषि प्रयोजनका लागि भएको जग्गा जमिन सिंचाइ सुविधा सम्बन्धी विवरण

| वडा | सिंचित जग्गाको क्षेत्रफल (हे.) | | असिंचित जग्गाको क्षेत्रफल (हे.) | | जम्मा क्षेत्रफल ( हे.) |
|---|---|---|---|---|---|
| | कित्ता | जम्मा क्षेत्रफल | कित्ता | जम्मा क्षेत्रफल | |
| १ | ८९७ | ३८९.२१ | ८९७ | ६३.४१ | ४५२.६२ |
| २ | १३१७ | ७१९.९७ | १३१७ | २३.१९ | ७४३.१७ |
| ३ | १२५५ | ५८५.४५ | १२५५ | २९.५६ | ६१५.०१ |
| ४ | ७८३ | ३८९.६९ | ७८३ | ८४.४० | ४७४.०९ |
| ५ | ११३० | ६१२.८३ | ११३० | १७२.६० | ७८५.४३ |
| जम्मा | ५३८२ | २६९७.१६ | ५३८२ | ३७३.१७ | ३०७०.३३ |
| प्रतिशत | | ८७.८५ | | १२.१५ | |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

## ४.२.९ सिंचाईको प्रकारसम्बन्धी विवरण

**तालिका नं. ४५:** सिँचाईको प्रकारको आधारमा जमिनको विवरण

| वडा नं. | सिंचाइको प्रकार | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कुलो | नहर | थोपा सिंचाइ | फोहरा सिंचाइ | बोरिङ | अन्य | जम्मा सिंचित कित्ता |
| १ | ९६ | २४० | १७७ | ५ | २२१ | ४८ | ७८७ |
| २ | ८ | १११ | ५ | ५ | ११६७ | ४ | १३०० |
| ३ | १३ | १३ | ० | ८ | ११५१ | १२ | ११९७ |
| ४ | २ | ० | ० | १ | ७०८ | ० | ७११ |
| ५ | १ | १९ | ० | ० | १००७ | ५ | १०३२ |
| जम्मा | १२० | ३८३ | १८२ | १९ | ४२५४ | ६९ | ५०२७ |
| प्रतिशत | २.४ | ७.६ | ३.६ | ०.४ | ८४.७ | १.४ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

## ४.२.१० कृषि बाली उत्पादनको आधारमा घरपरिवारको विवरण

**तालिका नं. ४६:** अन्न बाली उत्पादन तथा बिक्रीसम्बन्धी वडागत विवरण (बहुउत्तरमा आधारित)

| बालीको प्रकार | खेती गर्ने परिवार संख्या | बिक्री गर्ने परिवार संख्या | उत्पादन परिमाण | | बिक्री परिमाण | | बिक्री रकम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | केजी | प्रतिशत | केजी | प्रतिशत | रकम रु. | प्रतिशत |
| धान खेती | ५४६६ | २६४ | ६७७४७१४.९२ | ७१.३४ | २३८२२९.१२ | ७२.४३ | ७६९१८०० | ७४.१३ |
| गहुँ खेती | ४०२३ | २१० | २६४५५४४.६८ | २७.८६ | ८६७०५.३२ | २६.३६ | २५५०५०० | २४.५८ |
| मकै खेती | ४३५ | १५ | ६१९८७.२८ | ०.६५ | ३२५०.०० | ०.९९ | ९९९०० | ०.९६ |
| अन्य अन्नबाली खेती | २६७ | २ | ११५९५.८४ | ०.१२ | ७४०.०० | ०.२२ | ३४००० | ०.३३ |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*

यस गाउँपालिकामा खेतीपातीमा संलग्न कुल घरपरिवारमध्ये ५४६६ घरपरिवारल धान खेती, ४०२३ घरपरिवारले गहुँ खेती, ४३५ घरपरिवारले मकै खेती र २६७ परिवारले अन्य अन्नबाली उत्पादन गर्ने गरेको छ। तथापि सबैभन्दा बढी धान उत्पादन (७१.३४ प्रतिशत) हुने गरेको देखिन्छ। उत्पादन परिमाणका हिसाबले दोस्रोमा गहुँ खेती (२७.८६ प्रतिशत) र तेस्रोमा मकै (०.६५ प्रतिशत) रहेको छ।

**तालिका नं. ४७:** दलहन बाली उत्पादन तथा बिक्रीसम्बन्धी वडागत विवरण (बहुउत्तरमा आधारित)

| बालीको प्रकार | खेती गर्ने परिवार संख्या | बिक्री गर्ने परिवार संख्या | उत्पादन परिमाण | | बिक्री परिमाण | | बिक्री रकम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | केजी | प्रतिशत | केजी | प्रतिशत | रकम रु. | प्रतिशत |
| मास खेती | १६ | ० | ११६९.०४ | ०.२९ | | | | |
| रहर खेती | १७ | १ | २०७०६.६४ | ५.२२ | १५०.०० | १.० | १५००० | १.४ |
| मुसुरो खेती | २४१४ | ९७ | ३५६६४०.६७ | ८९.८९ | १४६१५.०० | ९५.३ | १०३४८०० | ९६.८ |
| बोडी/सिमी खेती | ६३० | ५ | १०८७५.०० | २.७४ | ५७५.०० | ३.७ | १९५०० | १.८ |
| अन्य दालबाली खेती | १३१ | ० | ७२०४.२८ | १.८२ | | | | |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*

**तालिका नं. ४८:** तेलहन बाली उत्पादन तथा बिक्रीसम्बन्धी वडागत विवरण (बहुउत्तरमा आधारित)

| बालीको प्रकार | खेती गर्ने परिवार संख्या | बिक्री गर्ने परिवार संख्या | उत्पादन परिमाण | | बिक्री परिमाण | | बिक्री रकम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | केजी | प्रतिशत | केजी | प्रतिशत | रकम रु. | प्रतिशत |
| तोरी/सस्यूँ खेती | २६०४ | ५८ | ४६४४१७.०६ | ९८.८० | ११२७४.९६ | १०० | ९८४५०० | १०० |
| आलस खेती | १५ | ० | ७९७.२८ | ०.१७ | | | | |
| अन्य तेलबाली खेती | ८० | ० | ४७७५.९२ | १.०२ | | | | |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*

**तालिका नं. ४९:** तरकारी बाली उत्पादन तथा बिक्रीसम्बन्धी वडागत विवरण (बहुउत्तरमा आधारित)

| बालीको प्रकार | खेती गर्ने परिवार संख्या | बिक्री गर्ने परिवार संख्या | उत्पादन परिमाण | | बिक्री परिमाण | | बिक्री रकम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | केजी | प्रतिशत | केजी | प्रतिशत | रकम रु. | प्रतिशत |
| आलु खेती | २७७९ | २२ | २६७१९१.७६ | ६६.३२ | ४१२५ | १२.५८ | २५४९०० | १४.८७ |
| बन्दा/काउली खेती | १४३३ | २४ | ५५२६८ | १३.७२ | १४२८५ | ४३.५६ | ३५४४०० | २०.६८ |
| गोलभेडा खेती | ५३५ | ४ | ४९८८ | १.२४ | १६०० | ४.८८ | ८०००० | ४.६७ |
| काँक्रा/फर्सी/लौका खेती | ४०३ | ५ | ९०४५ | २.२५ | २६८५ | ८.१९ | ६७८०० | ३.९६ |
| करेला/घिरौंला/चिचिण्डो खेती | ५२३ | ८ | १५६५८ | ३.८९ | ६८१२ | २०.७७ | १८४२०० | १०.७५ |
| हरियो साग खेती | १३५८ | ५ | १५४९४ | ३.८५ | ५३५ | १.६३ | ३३७०० | १.९७ |
| च्याउ खेती | ६१ | ३ | ३१३४५ | ७.७८ | १०७३ | ३.२७ | ५४९००० | ३२.०३ |
| अन्य तरकारी खेती | ३२ | ८ | ३८६९.६० | ०.९६ | १६८० | ५.१२ | १९०००० | ११.०९ |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*

**तालिका नं. ५०:** मसला बाली उत्पादन तथा बिक्रीसम्बन्धी वडागत विवरण (बहुउत्तरमा आधारित)

| बालीको प्रकार | खेती गर्ने परिवार संख्या | बिक्री गर्ने परिवार संख्या | उत्पादन परिमाण | | बिक्री परिमाण | | बिक्री रकम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | केजी | प्रतिशत | केजी | प्रतिशत | रकम रु. | प्रतिशत |
| अदुवा खेती | १२९ | २३ | ८६१० | ४.९१ | ८१२५ | २४.३९ | ५१९००० | ४०.११ |
| लसुन/छ्यापी खेती | २६३० | ४ | ३४९८४.०६ | १९.९३ | २४० | ०.७२ | २६००० | २.०१ |
| प्याज खेती | १००८ | ५ | ३७८७३ | २१.५८ | ३८० | १.१४ | १६५०० | १.२८ |
| बेसार खेती | ७४५ | ५१ | ८१४८५ | ४६.४२ | २३९७१ | ७१.९५ | ६९२९०० | ५३.५५ |
| खुर्सानी खेती | १८४ | ३ | १७६२ | १.०० | ५३५ | १.६१ | ३२५०० | २.५१ |
| अन्य मसालाबाली खेती | १३० | २ | १०८०५.६० | ६.१६ | ६५ | ०.२० | ७००० | ०.५४ |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*

**तालिका नं. ५१:** फलफूल बाली उत्पादन तथा बिक्रीसम्बन्धी वडागत विवरण (बहुउत्तरमा आधारित)

| बालीको प्रकार | खेती गर्ने परिवार संख्या | बिक्री गर्ने परिवार संख्या | उत्पादन परिमाण | | बिक्री परिमाण | | बिक्री रकम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | केजी | प्रतिशत | केजी | प्रतिशत | रकम रु. | प्रतिशत |
| आँप खेती | ५४१ | १५ | ४९५२९ | ०.७६ | ७८७९ | ०.०८ | ७६७०० | ०.०५ |
| लिची खेती | १७५ | ७ | ६०८३ | ०.०९ | ६३५ | ०.०१ | ४४३०० | ०.०३ |

| बालीको प्रकार | खेती गर्ने परिवार संख्या | बिक्री गर्ने परिवार संख्या | उत्पादन परिमाण | | बिक्री परिमाण | | बिक्री रकम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | केजी | प्रतिशत | केजी | प्रतिशत | रकम रु. | प्रतिशत |
| केरा खेती | ७७६ | ६९१ | ६४५३६८२ | ९९.१० | ९४२७४९४ | ९९.८८ | १४७८२४५०० | ९९.९१ |
| मेवा खेती | ८ | ० | ११४ | ०.०० | | | | |
| बालीको प्रकार | ९ | १ | ३११२ | ०.०५ | ३००० | ०.०३ | १२००० | ०.०१ |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*

*नोट: केरा खेतीको उत्पादन इकाई १ दर्जनको १ किलोग्राम मानिएको।*

**तालिका नं. ५२:** नगदे तथा अन्य बाली उत्पादन तथा बिक्रीसम्बन्धी वडागत विवरण (बहुउत्तरमा आधारित)

| बालीको प्रकार | खेती गर्ने परिवार संख्या | बिक्री गर्ने परिवार संख्या | उत्पादन परिमाण | | बिक्री परिमाण | | बिक्री रकम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | केजी | प्रतिशत | केजी | प्रतिशत | रकम रु. | प्रतिशत |
| ऊखु खेती | १९४० | १९२५ | ४३५४०५२० | ९९.९१ | ३८१००३१० | ९९.९५ | १२२५३७२०० | ९९.१६ |
| फूल खेती | २ | २ | १८००० | ०.०४ | १८००० | ०.०५ | ९०००० | ०.०७ |
| माछापालन | १२ | ९ | ४९८९ | ०.०१ | २८८९ | ०.०१ | ९३६६०० | ०.७६ |
| मौरी पालन | १ | ० | १ | ०.०० | | | | |
| मुला | ७८२ | ३ | १४३९६.६० | ०.०३ | ५० | ०.०० | १०२०० | ०.०१ |
| स्ट्रबेरी | २ | ० | २८ | ०.०० | | | | |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*

३२१२ घरपरिवारले दलहनबाली, २७०० घरपरिवारले तेलहन बाली, ७१२४ घरपरिवारले तरकारीबाली, ४८२६ घर परिवारले मसलाबाली, १५११ घरपरिवारले फलफूल र २७३९ घर परिवारले नगदे बाली लगाउने गरेका छन्। समग्र तथ्याङ्कको विश्लेषण गर्दा परम्परागत रूपमा अन्न बाली भने झण्डै सबै घरपरिवारहरूले लगाउने गरेको देखियो तर फलफूल, तेलहन र तरकारी जस्ता नगदेबालीको खेतीगर्ने घरपरिवारहरू भने उल्लेख्य रूपमा कम देखिन्छ। यस तथ्याङ्कले परम्परागत निर्वाहमूखी खेतीपातीमा ग्रामीण अर्थतन्त्र सीमित रहेको देखिन्छ। फलफूल, तरकारी र अन्य नगदेबालीको वैज्ञानिक र व्यवसायिक खेतीबाट उर्वर जमिनको पूर्ण सदुपयोग गरी निर्यात प्रवर्द्धन गर्न सके मात्र ग्रामीण अर्थतन्त्र सबल हुने देखिन्छ। यसका लागि गाउँपालिकाले बृहत कृषि विकास गुरुयोजना निर्माण गरी युवा कृषक तथा अन्य कृषकहरूलाई व्यवसायिक ढंगले अधिक फाइदा हुने खालका नगदेबाली, फलफूल तथा तरकारी बालीमा आकर्षण गरी कृषि विमा, विउविजनमा सहुलियत, बजारीकरणको व्यवस्था, कोल्ड स्टोर, तालिम, किटनाशक तथा मलखादको उपलब्धता जस्ता विषयहरूमा स्थानीय सरकारले ध्यान पुर्‍याउनु जरुरी छ। कृषि सम्बन्धी थप विवरण तालिकामा उल्लेख गरिएको छ।




### ४.२.११ खाद्यान्न बालीमा लाग्ने रोग तथा किरा

कृषि बालीबाट अपेक्षित उत्पादन लिनका लागि बालीनालीको उचित स्याहार संभार आवश्यक छ। विशेषत बालीनालीलाई रोग तथा किराले आक्रमण गर्ने हुँदा रोग तथा किराबाट बच्न समयमै उच्च सतर्कता अपनाउने र रोकथाम बारे जानकारी हासिल गर्नु अति आवश्यक छ। अर्कोतर्फ बालीनालीमा लाग्ने र लाग्न सक्ने रोग तथा किराको सही ढङ्गले पहिचान हुन समेत जरुरी छ। रोग तथा किराको सही पहिचान हुन सके समय मै त्यसको रोकथाम हुन गई उत्पादनलाई सुरक्षित गर्न सकिन्छ।

**तालिका नं. ५३:** खाद्यान्न बालीमा लाग्ने रोग विवरण

| क्र.सं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | धान | गवारो, पात बेरुवा, पात कटुवा, हरियो फडके, खैरो फड्के, स्किपर, पतेरो, मिलिवग, निमाटोड, ढुङ्गे, फट्याङ्ग्रा | मरुवा, डढुवा, खैरो, थोप्ले, सिथ ब्लाइट, खैरे रोग |
| २ | गहुँ | कटवर्म, वायरवर्म, लाही | कालो पोके, सिन्दुरे, खैरा |
| ३ | मकै | खुम्रे, फेद वटुवा, गवारो, फट्याङ्ग्रा, लाही | डाठ कुहिने, घोगा कुहिने, कालोपोके |
| ४ | आलु | लाही, फेद कटुवा, खुम्रे, रातो कमिला, धमिरा, आलुको पुतली | लेटब्लाइट, मोजाइक, ओइलाउने रोग, खोस्टे रोग, डढुवा |
| ५ | तरकारी | भण्टाको गवारो, लाही, वन्दाको पुतली, टमाटरको फलको गवारो, फल कुहाउने औसा, सुलसुले, रातो खपटे, डल्ले खपटे, थ्रिप्स, खुम्रे | ओइलाउने रोग, अल्टरनोरिया, क्लवरट, ड्याम्पिङ्ग अफ, डाइ ब्याक, जरा कुहिने, पाउडरी मिल्ड्यू |
| ६ | फलफूल | आपको मधुवा, गवारो, फल कुहाउने औसा सुलसुले, अनारको पुतली, होपर | एनथ्राक्नोजा, सेतो ढुसी, डाईव्याक, आँपको गुच्चा हुने, डाउनी मिल्ड्यू |
| ७ | केरा खेती | केराको स्किपर, थाम र गानोका गवारा तथा घुनहरू, खपटे | जरा कुहिने रोग, ओईलाउने रोग, गुवो कुहिने, डढुवा, बन्चिटप |

*स्रोत : सुस्ता गाउँकार्यपालिकाको कार्यालय, २०७६*

### ४.२.१२ तरकारी तथा फलफूलमा लाग्ने रोग तथा किरा

**तालिका नं. ५४:** तरकारी तथा फलफूलमा लाग्ने रोग तथा किरा

| क.सं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १. | गोलभेडा | टूटायप्सूलूटा, सेतो झिंगा, लाही, फलको गवारो, पतेरो आदि । | उडूवा– अगाटे, पछौटे आईलाउने, ममाजाईक आदि । |
| २. | काउली, बन्दा | डाईमण्ड ब्याक मोथ, टोवाको क्याटरपिलर, लाही, उफ्ने फडके आदि । | सफ्ट रट, ब्लाक रट, अल्टरवेरिया, क्लव रुट डेम्पीङ अफ आदि । |
| ३. | आलु | पि.टी. एम., लाही, पात खाने लाभ्रे आदि । | डढूवा, मोजाइफ खैरो पिप, चक्के आदि । |
| ४. | रायो | डाईमण्ड ब्याक मोथ, टोवाको क्याटरपिलर, लाही, उफ्ने फडके आदि । | सफ्ट रट, ब्लाक रट, अल्टरवेरिया, क्लव रुट डेम्पीङ अफ आदि । |

*स्रोत : सुस्ता गाउँकार्यपालिकाको कार्यालय, २०७६*

## ४.३ पशु विकास



गाउँपालिकामा विशेषगरी गाई, भैँसी, बाखा, सुँगुर नै यहाँका मुख्य घरपालुवा जनावर हुन् । यसबाट गाउँपालिकाबासीहरूको जीविकोपार्जनमा उल्लेख्य सुधार भईरहेको छ । पशुजन्य उत्पादनहरू जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, खसी, बोकाहरूको बिक्रीबाट आम्दानी बढेको देखिन्छ । नेपालको सन्दर्भमा कृषि सेवाको पुरकको रुपमा पशुपालन व्यवसाय रहेको देखिन्छ यस्तै सुस्ता गाउँपालिकामा पनि विभिन्न व्यवसायिक तथा सामान्य पशुपालन हुने गरेको देखिन्छ । गाउँपालिकामा पशुपालन व्यवसायलाई अझ व्यवस्थित बनाउन सके अर्थतन्त्रमा विकास हुने देखिन्छ ।

### ४.३.१ पशुपंक्षी पालनसम्बन्धी विवरण

**तालिका नं. ५५:** पशुपंक्षीसम्बन्धी विवरण

| वडा नं. | गाई/गोरू संख्या | भैंसी/राँगा संख्या | भेडा/बाख्रा/ च्याङ्ग्रा संख्या | बंगुर/सुंगुर संख्या | अन्य चौपाया संख्या | हाँस/कुखुरा संख्या | अन्य पंक्षी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | ३४७ | ५८० | २६२६ | १४ | ९ | ६४४२ | ६१२ |
| २ | १०९ | ५६९ | २०७३ | ५०३५ | २२ | ४४८४ | ४०१ |
| ३ | २०३ | ८१५ | १६७१ | २३ | ८ | २६१८ | ३५५ |
| ४ | ९५ | २४८ | ११८९ | ९ | | ११३० | १४८ |
| ५ | १६६ | ४५२ | १११६ | ९ | ४ | ३२६ | ३० |
| जम्मा | ९२० | २६६४ | ८६७५ | ५०९० | ४३ | १५००० | १५४६ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

गाउँपालिकामा ९२० गाई/गोरु, २,६६४ भैंसी/राँगा, ८,६७५ बाखा पाल्ने गरेका छन् । गाई र भैंसीको तुलनामा उल्लेख्य संख्यामा बाखा पाल्ने गरेको कारण तुलनात्मक रुपमा बाखा पाल्न सहज हुने र मासु बिक्रीबाट आम्दानी समेत राम्रो हुने भएकोले हो । यद्यपि बाखाको समेत व्यवसायिक उत्पादन भने हुन सकेको छैन । त्यसैगरी गाउँपालिकामा सुङ्गुर/बंगुर, हाँस/कुखुरा पालेका छन् । अन्य पशुपंक्षीको तुलनामा हाँस/कुखुरा पाल्न सहज हुने र स्थानीय जातका हाँस/कुखुराबाट राम्रो आम्दानी हुने भएकोले प्राय ग्रामीण क्षेत्रका सबैजसो घरपरिवारले हाँस/कुखुराको पालन गरेको पाइन्छ । धेरै परिवारले गाई/गोरु तथा बाखा साथै १५४२ परिवारले हाँस/कुखुरा पालेको भए पनि व्यवसायिकरुपमा पाल्नेहरूको संख्या भने न्युन छ । यसले गाउँपालिकाको आर्थिक समृद्धिमा ठोस टेवा पुऱ्याउन सक्दैन । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

### ४.३.२ पशुपंक्षी पालन पालन गर्ने परिवारको विवरण

पशुपंक्षीपालन क्षेत्रले देशको कुल गार्हस्थ उत्पादनमा करिब ११ प्रतिशत र कूल कृषि ग्राहस्थ उत्पादनमा २६.८ प्रतिशत योगदान गर्दै आएको सन्दर्भमा यस क्षेत्रको विशेष आर्थिक महत्व रहेको छ । गाउँपालिकाको कूल ८,२०३ घरपरिवारहरू मध्ये पशुपंक्षी पाल्ने घरपरिवारको संख्या ३३४० अर्थात ४०.७ प्रतिशत र नपाल्ने घरपरिवारको संख्या ४,८६३ अर्थात ५९.३ प्रतिशत रहेको छ । यसबाट उल्लेख्य संख्यामा घरपरिवारले पशुपंक्षी पाल्ने गरेको तथ्य तथ्याङ्कबाट स्पष्ट हुन्छ । वडा नं. १ मा तुलनात्मकरुपमा धेरै घरपरिवारले पशुपंक्षी पालन गरेको देखिन्छ । गाउँपालिकामा धेरै घरपरिवारहरूले पशुपंक्षी पालेको तथ्याङ्कमा देखिए पनि पशुपालन व्यवसायिक नभई घरेलु प्रयोजनको लागि मात्र पाल्नेको संख्या अत्यधिक रहेको छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५६:** पशुपंक्षी पालन गर्ने परिवारको विवरण

| वडा | पशुपंक्षी पालन गर्ने परिवार | | पशुपंक्षी पालन नगर्ने परिवार | | जम्मा |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ९१९ | ६०.५ | ६०० | ३९.५ | १५१९ |
| २ | ७७४ | ५२.७ | ६९५ | ४७.३ | १४६९ |
| ३ | ७३६ | ६१.२ | ४६६ | ३८.८ | १२०२ |

| वडा | पशुपंक्षी पालन गर्ने परिवार | | पशुपंक्षी पालन नगर्ने परिवार | | जम्मा |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ४ | ४४१ | ३३.६ | ८७० | ६६.४ | १३११ |
| ५ | ४७० | १७.४ | २२३२ | ८२.६ | २७०२ |
| जम्मा | ३३४० | ४०.७ | ४८६३ | ५९.३ | ८२०३ |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*




## ४.३.४ पशुपंक्षीजन्य वस्तुको उत्पादनको आधारमा घरपरिवारको विवरण

**तालिका नं. ५७:** पशुपंक्षीजन्य वस्तुको उत्पादनको आधारमा घरपरिवारको विवरण

| पशुपंक्षी जन्य उत्पादन | | उत्पादन गर्ने परिवार संख्या | उत्पादन परिमाण | | बिक्री परिमाण | | बिक्रीबाट आम्दानी | |
|---|---|---|---|---|---|---|---|---|
| | | | केजी | प्रतिशत | केजी | प्रतिशत | रकम रु. | प्रतिशत |
| दूध | लिटर | ५३३ | ६२०७५६ | ९७.०६ | ४८००६६ | ९६.४७ | २७१०२७८५ | ९८.०९ |
| | किलो ग्राम | १० | १८८१२ | २.९४ | १७५७० | ३.५३ | ५२८१५० | १.९१ |
| दूधजन्य वस्तु(घ्यू, चिज, मखन आदि) | लिटर | ८ | ६७७ | ७०.५२ | ४०० | ६५.४७ | २८००० | ३८.८९ |
| | किलो ग्राम | २५ | २८३ | २९.४८ | २११ | ३४.५३ | ४४००० | ६१.११ |
| अण्डा | क्रेट | ७१ | ११५ | १०० | ३ | १०० | १०८० | १०० |
| पशुपंक्षी जन्य अन्य उत्पादन | लिटर | १ | ३६० | ९९.७२ | २०० | १०० | १४००० | १०० |
| | क्रेट | ३ | १ | ०.२८ | | | | |
| जम्मा | लिटर | ५४२ | ६२१७९३ | ९७ | ४८०६६६ | ९६.४३ | २७१४४७८५ | ९७.९३ |
| | किलो ग्राम | ३५ | १९०९५ | २.९८ | १७७८१ | ३.५७ | ५७२१५० | २.०६ |
| | क्रेट | ७४ | ११६ | ०.०२ | ३ | | १०८० | |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*

गाउँपालिकामा पशुपंक्षी पाल्ने घरपरिवारहरूमध्ये कुल ५४३ घरपरिवारले मात्र दुध उत्पादन गर्ने गरेको देखिन्छ। त्यसैगरी ३३ परिवारले दुग्धजन्य पदार्थ, ७१ घरपरिवारले अण्डा उत्पादन र ४ जनाले पशुपंक्षी जन्य अन्य उत्पादन गर्ने गरेको देखिन्छ। पशुपंक्षी पाल्ने घरपरिवारको संख्याको आधारमा हेर्दा पशुपंक्षीजन्य पदार्थको उत्पादन गर्नेको संख्या नगण्य देखिन्छ। तथ्याङ्कलाई विश्लेषण गर्दा उत्पादनमुखीभन्दा अनुत्पादक पशुपंक्षीको संख्या अधिक रहेको पाइन्छ। यद्यपि हाँस/कुखुरा तथा बाखाको पशुपंक्षीजन्य उत्पादनभन्दा सिधै बिक्री वितरण गर्न सहज हुने हुँदा उत्पादन कम देखिएको हुनसक्छ। पशुपंक्षी पालनलाई उत्पादनमुखी र व्यवसायिक बनाउन नसक्दा आम्दानी सीमित तथा श्रम र समयको खेर हुन जान्छ। यसतर्फ सम्बन्धित सरोकारवाला सबैको ध्यान जानु जरुरी छ। वडागत पूर्ण विवरण तालिकामा प्रस्तुत गरिएको छ।




### ४.३.५ व्यवसायिक कृषि तथा पशुपालन फर्महरूको विवरण

नेपालका अधिकांश क्षेत्रमा निर्वाहमुखी, परम्परागत र असंगठित खेती गर्ने प्रचलन विद्यमान छ। कृषि व्यवसायलाई सम्मानित, प्रतिफलमुखी र वैज्ञानिक बनाउन यसलाई संगठित र संस्थागत ढङ्गले विकास गर्न जरुरी छ। हाल देशका विभिन्न स्थानहरूमा व्यवसायिक कृषि फर्महरू दर्ता भई संगठित र संस्थागत हिसाबले खेतिपाती गर्ने अभ्यासको सुरुवात भएको छ। यसरी वैज्ञानिक हिसाबले फर्म दर्ता गरी कृषि व्यवसाय सञ्चालन गर्दा राज्यद्वारा दिइने अनुदान र प्रविधिहरू सहयोग प्रदान गर्न समेत सहयोग पुग्दछ। यसले कृषि व्यवसायलाई संगठित र व्यवसायिक बनाउन मद्दत पुऱ्याउँछ।

**तालिका नं. ५८:** गाउँपालिकामा रहेका पशु फर्मको विवरण

| क्र.सं. | फर्मको नाम | प्रोपराइटर | स्थान | फोन नम्बर |
|---|---|---|---|---|
| १ | लोक गाई फर्म | लोक प्रसाद डुम्रे | सुस्ता १, छिवानी | ९८१६४६७५९७ |
| २ | पन्थी गाई फर्म | दिनेश कुमार पन्थी | सुस्ता १, रुपौलिया | ९८४२२८८१९१ |
| ३ | भुसाल गाई फर्म | मेघ राज भुसाल | सुस्ता १, रुपौलिया | ९८१४४६६९९९ |
| ४ | आर.एण्ड.वि. पशु फर्म | यम प्रसाद न्यौपाने | सुस्ता १, छिवानी | ९८५७०१३७८८ |
| ५ | थारु गाई भैसी फर्म | मनोज कुमार थारु | सुस्ता १, चिवानी | ९८१३३९४३२३ |

| क्र.सं. | फर्मको नाम | प्रोपराइटर | स्थान | फोन नम्बर |
|---|---|---|---|---|
| ६ | जयाराम पशु पालन फर्म | रामजी यादव अहिर | सुस्ता १, फेचुवा | ९८१५४३०९६८ |
| ७ | एकीकृत नमुना पशु फर्म | नबिन डुम्रे | सुस्ता १, छिवानी | |
| ८ | न्यौपाने पशु फर्म | जनक न्यौपाने | सुस्ता १, छिवानी | ९८४७५३५११३ |
| ९ | पुजा एकीकृत पशु फर्म | गीता पन्थ | सुस्ता १, नौदिहवा | ९८५७०५५११७ |
| १० | शुशिला गाइ फर्म | शुशिला पन्थी | सुस्ता १, रुपौलिया | ९८४७१२६९५४ |
| ११ | डुम्रे पशु फर्म | कृष्ण प्रसाद डुम्रे | सुस्ता १, छिवानी | ९८४७५३५०७४ |
| १२ | नमुना बाखा फर्म | जितेन्द्र कुमार थारु | सुस्ता १, सिगहा | ९८०६९२८२९१ |
| १३ | वनदेबी बाखा तथा पशुपालक उद्यमशील समूह | अमरिका कुमारी थरुनी | सुस्ता १, बन्देबी | ९८२१४८१३४८ |
| १४ | पंगेनी गाइ फर्म | शालिकराम पंगेनी | सुस्ता १, रुपौलिया | ९८१८१७९५८३ |
| १५ | सुबिना भैसी फर्म | ज्योति प्रकाश पंगेनी | सुस्ता १, रुपौलिया | ९८५७०१३५१० |
| १६ | संस्कार पशु पालन फर्म | शुसिल क्षेत्री | सुस्ता १, रुपौलिया | ९८१६४२९६८५ |
| १७ | गोविन्द एकीकृत पशु फर्म | पदम्पानी चाँपागाई | सुस्ता १, नौडिहवा | ९८४७०६०८०२ |
| १८ | नाम्देउ पशुपालन फर्म | नाम्देउ | सुस्ता १, छिवानी | ९८१४४७७७२१ |
| १९ | शान्ति देवी बाखा फर्म | शान्ति देवी थरुनी | सुस्ता १, वन देवी | ९८०७४८२९४९ |
| २० | गंगु पशुपालन फर्म | गंगाधर न्यौपाने | सुस्ता १, छिवानी | ९८४७४८२९०८ |
| २१ | ज्योति पशुपालन फर्म | ज्योति अर्याल | सुस्ता १, रुपौलिया | ९८२३२४९३३४ |
| २२ | चापागाई गाइ फर्म | तिला कुमारी चापागाई | सुस्ता १, रुपौलिया | ९८१२९३३१६९ |
| २३ | उमा पशुपालन फर्म | उमा चौधरी | सुस्ता १, रुपौलिया | ९८४७०८०३१३ |
| २४ | लक्ष्मी पशुपालन फर्म | दयानन्द बसेल | सुस्ता १, छिवानी | ९८१०२१८३२६ |
| २५ | रुपौलिया पशु फर्म | मनोज ज्ञावली | सुस्ता १, सिंगाहा | ९८६७१७८०५६ |
| २६ | वनदेवी बाखा फर्म | अमरिका कुमारी थरुनी | सुस्ता १, बनोदबी | ९८२१४८१३४८ |
| २७ | बैकुण्ठ गाइ फर्म | श्यामलाल भण्डारी | सुस्ता १, नौडिहवा | ९८४७२५६८८२ |
| २८ | आलोक दुग्ध तथा मासु विकास फर्म | लोक बहादुर चौधरी | सुस्ता १, बरुवा | ९८४५०७५६९८ |
| २९ | गुरौ नमुना पशु फर्म | आशा कुमारी चौधरी | सुस्ता १, बरुवा | ९८५७०६०१७९ |
| ३० | कमला पशु पालन तथा कृषि फर्म | बालकृष्ण पंगेनी | सुस्ता १, रुपौलिया | ९८४७४३३७३८ |
| ३१ | बन्देवी पशुपालन फर्म | धनकला चौधरी | सुस्ता १, बनादेवी | ९८००७९१३२५ |
| ३२ | गैरे पशु पालन फर्म | तारा देवी गैरे | सुस्ता १, छिवानी | ९८११५१३३४९ |
| ३३ | बाटिका बाखापालन कृषक समूह | ज्ञानु राज गिरि | सुस्ता १, फेचुवा | ९८४७०८१२०० |
| ३४ | गङ्गा पशु फर्म | राज कुमार काफ्ले | सुस्ता १, सिंगाहा | ९८४७४४००६२ |
| ३५ | एलिजा पशु पालन फर्म | गीता देवी क्षेत्रि | सुस्ता १, रुपौलिया | ९८४७२०५४५२ |
| ३६ | गीता पशुपालन फर्म | गीता न्यौपाने | सुस्ता १, छिवानी | ९८१७५२२३३४ |
| ३७ | चौधरी पशु पालन फर्म | ग्यान प्रसाद चौधरी | सुस्ता १, रुपौलिया | ९८०४४१२९७७ |
| ३८ | मनोज पशु पालन फर्म | हिखा थारु | सुस्ता १, रुपौलिया | ९८१५४७९५४६ |
| ३९ | तारा पशु फर्म | तारा देवी भुर्तेल | सुस्ता १, फेचुवा | ९८२१४३९७२३ |
| ३८ | राधिका पशु फर्म | केश कुमारी भुर्तेल | सुस्ता १, फेचुवा | ९८२१४३९७२३ |

| क्र.सं. | फर्मको नाम | प्रोपराइटर | स्थान | फोन नम्बर |
| --- | --- | --- | --- | --- |
| ३९ | मान्ती पशुपालन फर्म | मान्तिदेवी चौधरी | सुस्ता १, बनकट्टी | ९८१२९१७१४३ |
| ४० | एकीकृत विष्णु फिस्त्री कृषि फर्म | हेवन्त कुमार चौधरी | सुस्ता १, बरुवा | ९८२३३८६८३८ |
| ४१ | हरिजित बाख्रापालन फर्म | फिलिप चौधरी | सुस्ता १, रुपौलिया | ९८१७५८४२४२ |
| ४२ | बाल्मिकी पशुपालन कृषक समूह | गोविन्द प्रसाद गैरे | सुस्ता २, महलबारी | ९८४७३४२२०५ |
| ४३ | ओम पशु फर्म | सिताराम राज भर | सुस्ता २, फेनाहरा | ९८४७१२६२५६ |
| ४४ | राम बचन पशु फर्म | राम बचन राजभर | सुस्ता २, फेनाहरा | ९८४७३७६७०६ |
| ४५ | विशाल भैसी फर्म | शिल्पा कोइराला | सुस्ता २, महलबारी | ९८६७०३१०९४ |
| ४६ | आचार्य गाई फर्म | शिव आचार्य | सुस्ता २, सत्पत्ति | ९८२१४९३८५४ |
| ४७ | भण्डारी पोल्ट्री फर्म | विष्णु प्रासद भण्डारी | सुस्ता २, सत्पत्ति | ९८२३५७१८४५ |
| ४८ | अमन भैंसी फर्म | ऋषि केसवर पंजियार | सुस्ता २, महलबारी | ९८०७४०८३९३ |
| ४९ | इन्द्र गाई फर्म | खिमा देवी बस्याल | सुस्ता २, सत्पत्ति | ९८४७२९०२२६ |
| ५० | न्यौपाने पशुपालन फर्म | दिपक न्यौपाने | सुस्ता २, महलबारी | ९८११९६०२९७ |
| ५१ | यादव भैंसी फर्म | राम बचन यादव | सुस्ता २, महलबारी | ९८०७५५३९३२ |
| ५२ | ज्याति गाइ फर्म | लिला धर उपाध्याय | सुस्ता २, सत्पत्ति | ९८१५४०४०१५ |
| ५३ | किरण भैंसी फर्म | किरण कुमार मुखिया | सुस्ता २, गुदरिया | ९८१५४९४१९१ |
| ५४ | अर्याल पशुपालन फर्म | देवी प्रासद अर्याल | सुस्ता २ | ९८६००१९४८२ |
| ५५ | ढकाल भैसी फर्म | नारायणी देवी ढकाल | सुस्ता २, सत्पत्ति | ९८४७०८१४६७ |
| ५६ | गुप्ता भैसी फर्म | रमेश प्रसाद गुप्ता तेली | सुस्ता २, गुदरिया | ९८०३१२८३६० |
| ५७ | कलवार पोल्ट्री फर्म | विरेन्द्र कलवार | सुस्ता २, महलबारी | ९८१२९९०६८४ |
| ५८ | ढकाल गाइ भैसी फर्म | केशव प्रसाद ढकाल | सुस्ता २, सत्पत्ति | ९८४७४३४६८४ |
| ५९ | सुस्ता मत्स्य पालन कृषक समूह | मोहन प्रसाद गुरौ | सुस्ता २, हराक्पुरा | |
| ६० | सुमित बंगुर फर्म | मिन बहादुर थारु चौधरी | सुस्ता २, हराक्पुरा | ९८२३१५८८१० |
| ६१ | जोगिन्दर भैसी फर्म | खरिदेवी चमार | सुस्ता २, कुडिया | ९८११५८८३३२ |
| ६२ | लक्ष्मी भैसी फर्म | जगन्नाथ न्यौपाने | सुस्ता २, सत्पत्ति | ९८४७२५६९१५ |
| ६३ | मदर बाबा गाइ फर्म | शोभा कुमारी थारु | सुस्ता २, महलबारी | ९८१३१११८०२ |
| ६४ | वि स्माइल एकीकृत कृषि तथा पशु पंक्षी फर्म | राम कृष्ण महतो | सुस्ता २, महलबारी | ९८६७४२९५९३ |
| ६५ | अमात्य कृषि फर्म | प्रेम बहादुर अमात्य | सुस्ता २, गुदरिया | ९८२४४१६०६८ |
| ६६ | ढकाल एकीकृत कृषि फर्म | गणेश ढकाल | सुस्ता २, महलबारी | ९८४४१७८२४१ |
| ६७ | मिना पशु फर्म | मिना कुमारी अर्याल | सुस्ता २, महलबारी | |
| ६८ | लक्ष्मी एकीकृत कृषि तथा पशु फर्म | राधे श्याम गुप्ता | सुस्ता २, गुदरिया | ९८०४४९९२२६ |
| ६९ | एकीकृत सुस्ता कृषि फर्म | चुरामणि सारु मगर | सुस्ता २, कुडिया | ९८६७१९७१९१ |
| ७० | कृष्ण भैसी पालन फर्म | गिरिजा देवी दुसाद | सुस्ता ३, श्रीनगर | ९८१५४९२२८५ |
| ७१ | रम्भा देवी गाइ भैसी पालन फर्म | रम्भा देवी खवास | सुस्ता ३, श्रीनगर | ९८२५४६९३९५ |
| ७२ | बासुदेव भैसी पालन | बासुदेव खवास | सुस्ता ३, श्रीनगर | ९८२१४१७०४२ |
| ७३ | अर्जुन भैसी पालन फर्म | अर्जुन यादव | सुस्ता ३, मर्चाहवा | ९८२१४८०५७६ |

| क.सं. | फर्मको नाम | प्रोपराइटर | स्थान | फोन नम्बर |
|---|---|---|---|---|
| ७४ | न्यौपाने भैसी पालन फर्म | नारायण न्यौपाने | सुस्ता ३, रेवा रेता | ९८४७४१६३४१ |
| ७५ | त्रिवेणी पशु फर्म | सम्साद अन्सारी | सुस्ता ३, फेनहरा | ९८५७०८०९०७ |
| ७६ | जन जागरण पशु पालन कृषक समूह | गोविन्द चन्द्र शर्मा | सुस्ता ३, पत्थरकला | ९८४७२८७२१० |
| ७७ | यादव पशु पालन फर्म | फुलमती अहिर | सुस्ता ३, मर्चाहवा | ९८२१९२२७३७ |
| ७८ | कालिका भैसी फर्म | लोरिक अहिर | सुस्ता ३, सेखुवाना | ९८४७०३१०१० |
| ७९ | एकीकृत पशुपंछी फर्म | अमृत कुमार खड्का | सुस्ता ३, रेवारेता | ९८५७०८०९४० |
| ८० | जय लक्ष्मी पशु पालन फर्म | जयलक्ष्मी उपाध्याय शर्मा | सुस्ता ३, पत्थरकला | ९८४७०७९९०५ |
| ८१ | आदर्श गाई भैसी पशु पालन फर्म | घनश्याम यादव | सुस्ता ३, मर्चाहवा | ९८१६४२२२७१ |
| ८२ | मन्नु भैसी फर्म | शोभाखर पासी | सुस्ता ३, मर्चाहवा | ९८१२९५६३८१ |
| ८३ | आचार्य गाई भैसी फर्म | यम कुमारी घिमिरे | सुस्ता ३, पत्थरकला | ९८४७०७१६९७ |
| ८४ | सिता गाई भैसी फर्म | निर बहादुर थारु | सुस्ता ३, पत्थरकला | ९८११४२२५१५ |
| ८५ | शुभम गाई भैसी फर्म | पानादेवी चौधरी | सुस्ता ३, श्रीनगर | ९८०५४८१०७२ |
| ८६ | प्रितम भैसी फर्म | श्रीराम यादव | सुस्ता ३, मर्चाहवा | ९८१५४२७२७६ |
| ८७ | लालमोहन भैसी फर्म | लाल मोहन तेली | सुस्ता ३, मर्चाहवा | ९८००७८४५९० |
| ८८ | अंगत भैसी पालन फर्म | विश्वनाथ अहिर | सुस्ता ३, सेखुवाना | ९८२१५७३०५७ |
| ८९ | गीता बंगुर फर्म | गीता चमार | सुस्ता ३, मर्चाहवा | ९८२१४५५३४४ |
| ९० | लक्ष्मी गाइ भैसी फर्म | भगवती भुसाल | सुस्ता ३, पत्थरकला | ९८४७२८७२१० |
| ९१ | पाराम भैसी पालन फर्म | पाराम यादव | सुस्ता ३, सेखुवाना | ९८२२९४३३४७ |
| ९२ | दुर्गा भैसी पालन फर्म | ब्रिक्ष् मान चमार | सुस्ता ३, सेखुवाना | ९८०४४१५२६२ |
| ९३ | गौतम एकीकृत पशु पालन फर्म | गोविन्द प्रसाद गौतम | सुस्ता ३, रेवा रेता | ९८५७०८०७८९ |
| ९४ | सोनु भैसी पालन फर्म | नन्दलाल प्रसाद अहिर | सुस्ता ३, फेनहरा | ९८०७५६५५७७ |
| ९५ | सुस्ता एकीकृत कृषि पशुपालन फर्म | राम भुवान लोनिया | सुस्ता ३, मर्चाहवा | ९८६६८५१२१० |
| ९६ | सत्यसाहेब पशुपालन कृषक समूह | बुद्धिराम चमार | सुस्ता ३, सेखुवाना | ९८११९४८५७६ |
| ९७ | नारादेवी भैसी फर्म | मिरा देवी घर्ति | सुस्ता ४, नर्सही | ९८६७२५२५२६ |
| ९८ | रोजाई ब्रोइलर फर्म | रोजाई डफली | सुस्ता ४, नर्सही | ९८१८१२२१३३ |
| ९९ | सुमित पोल्ट्री फर्म | पुरण गुरुङ | सुस्ता ४, नर्सही | ९८६७३३९५३३ |
| १०० | आर.एन.एण्ड अमृत बाखा फर्म | कसरी के.सी. क्षेत्री | सुस्ता ४, नर्सही | ९८६५५८०२२७ |
| १०१ | अमरेन्द्र भैसी पालन फर्म | अमरेन्द्र कुमार गौण | सुस्ता ४, नर्सही | ९८६७७१७४४५ |
| १०२ | लक्ष्मी भैसी फर्म | कविता गुरुङ | सुस्ता ४, नर्सही | ९८१७५१३११३ |
| १०३ | दिया एकीकृत पशु पालन फर्म | कलादेवी श्रेष्ठ जोसी | सुस्ता ४, नर्सही | ९८४२७३९४०६ |
| १०४ | अमन पोल्ट्री फर्म | मधु कुमारी भुसाल | सुस्ता ५ | |
| १०५ | रविन्द्र पशु फर्म | रविन्द्र कुर्मी | सुस्ता ५, पक्लिहवा | ९८६७४३१८४० |
| १०६ | सुस्ता पशु फर्म | अरंजेव खा | सुस्ता ५, रतान्पंज | ९८६७३२१८८२ |
| १०७ | अजय कृषि तथा पशु पालन फर्म | प्रकु मुसहर | सुस्ता ५, रतान्पंज | ९८४७२५७१२२ |
| १०८ | ज्ञवाली पशु फर्म | विष्णु प्रसाद उपाध्याय | सुस्ता ५, वनकट्टी | ९८६६६९९०९० |

| क्र.सं. | फर्मको नाम | प्रोपराइटर | स्थान | फोन नम्बर |
|---|---|---|---|---|
| १०९ | जय मा सुन्दरी भैसी फर्म | प्रमेश कुमार अहिर | सुस्ता ५, पक्लिहवा | ९८६७७८००१७ |

*स्रोत : सुस्ता गाउँकार्यपालिकाको कार्यालय, २०७७*

## ४.३.६ कृषि तथा पशुपालन समूहको विवरण

परम्परागत कृषिको व्यवसायिकरण तथा आधुनिकीकरण गर्न अहिले विभिन्न कृषि समूहहरू सञ्चालित छन् यसले कृषि व्यवसायलाई सहजीकरण गर्नुको साथै कृषि व्यवसायमा केही सेवा सुविधाहरू दिँदै व्यवसायीहरूलाई उर्जा प्रदान गरेको छ । कृषक समूहको विवरणले कुनै पनि गाउँपालिका कृषि क्षेत्रमा रहेको कृषकको संलग्नता र कृषि क्रियाकलापको अवस्थाको जानकारी गराउनुको साथै आगामी दिनहरूमा के कस्ता कार्यक्रमहरू ल्याउन आवश्यक छ भन्ने कुरालाई सहज बनाउछ र यसले कृषि प्रधान देश नेपालको कृषि क्षेत्रको सुधार गरी आर्थिक विकासमा टेवा पुग्छ ।

**तालिका नं. ५९:** कृषक समूहहरूको विवरण

| सि.नं. | सहकारी संस्थाको नाम | हालको ठेगाना | अध्यक्षको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | पौरखी कृषि समुह | सुस्ता-१ बरुवा | वेद प्रसाद भण्डारी | |
| २ | बाटीका तरकारी उत्पादन कृषक समुह | सुस्ता-१ फेचुहा | राधिका भुषाल | ९८४७५९५४६४ |
| ३ | दुर्गा कृषक समुह | सुस्ता-२ सतपती | खगीसरा घर्ती | ९८११९२८५१८ |
| ४ | बाल्मीकी कृषक समुह | सुस्ता-२ महलबारी | गोविन्द प्रसाद कोहार | ९८४७०४२२०५ |
| ५ | नवदुर्गा कृषक तथा बचत समुह | सुस्ता-३ मर्चहता | रामलाल कोइरी | ९८१७५२१४६४ |
| ६ | बागमती कृषक समुह | सुस्ता-३ फनहरा | राम प्रवेश कोहार | ९८६७०३१४८१ |
| ७ | विर्ता केरा खेती कृषक समुह | सुस्ता-४ विर्ता | नन्द कुमार लोनिया | ९८६७०००६९७ |
| ८ | नारायणी तरकारी कृषक समुह | सुस्ता-४ विर्ता | चनर भेडियार | ९८०४४६२९५७ |
| ९ | दुर्गा कृषक समुह | सुस्ता-४ नर्सही | हृदेश्वरी गुप्ता | ९८२१९२३१६७ |
| १० | शिवशक्ति कृषक समुह | सुस्ता-४ नर्सही | लालती | ९८२६४३८५०२ |
| ११ | नवदुर्गा महिला कृषक समुह | सुस्ता-४ नर्सही | खिलमाया गुरुङ्ग | ९८४७०४५०९० |
| १२ | शिवशंकर कृषक समुह | सुस्ता-५ बनकट्टी | रामवेवर कुखाहा | ९८४७३४२८९४ |
| १३ | सुन्दरी माई कृषक समुह | सुस्ता-५ पतरका | भागीरथि पाल | ९८४७०१७३८३ |
| १४ | नारायणी कृषक समिति | सुस्ता-५ मलाहीटोल | हिरालाल चौधरी | ९८४७५४९०४० |
| १५ | नारायणी कृषक समुह | सुस्ता-५ बेलपानी | बन्हु खवास | ९८६७८५९९११ |
| १६ | श्री किसान एकता कृषक समुह | सुस्ता-५ बालिनगर | नरेन्द्र कु चौधरी कुर्मि | ९८६४४०१५१५ |
| १७ | श्री सुस्ता नमुना केरा खेति कृषक समहु | सुस्ता-५ तरैनी | बिरु कमकर | ९८६०६७८७४२ |
| १८ | पक्लिहवा स्वयंम हेरचाह कृषक समुह | सुस्ता-५ | कमलेश लोनिया | ९८४५३२५२४३ |

*स्रोत: सुस्ता गाउँकार्यपालिकाको कार्यालय, २०७७*

## ४.३.७ कृषि तथा पशुसेवासँग सम्बन्धित प्राविधिक जनशक्तिको विवरण

**तालिका नं. ६०:** कृषि प्राविधिकको विवरण

| क्र.सं. | प्राविधिकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | किरण चौधरी | वडा नं. ३ | |
| २ | नीता खवास | वडा नं. ३ | |

*स्रोत : सुस्ता गाउँकार्यपालिकाको कार्यालय, २०७७*

### ४.३.८ पशुपंक्षीमा लाग्ने रोग तथा किरा

कृषकहरूको मुख्य आम्दानीको स्रोतको रूपमा रहेको पशुपंक्षीहरूको पालन यस गाउँपालिकाको प्रमुख पेशामध्ये एक हो । गाउँपालिकामा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धी र जुका पर्दछन्। गाउँपालिकाको वन जङ्गलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत, पिपिआर, स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस गाउँपालिकामा यदाकदा देखिने गरेको छ। यसका कारणहरूलाई हेर्दा पशुको अवैध आवत जावत, दयनिय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी आदि मान्न सकिन्छ। यी रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास भैरहेको देखिन्छ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस गाउँपालिकाका किसानहरूले खोप लगाउने गरेको पाइन्छ। तापनि यी रोगहरू फाटफुट रूपमा देखिने गरेका छन्। स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्य समेत गाउँपालिकाका विभिन्न वडाहरूमा समेत सञ्चालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ। सामान्यतया पशुपंक्षीमा ठूलो माहामारी फैलिएको पाइँदैन । तथापि यहाँका पशुपंक्षीहरूमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीज जस्ता रोगहरूको र पंक्षीहरूमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रूपमा लाग्ने गरेको छ ।

## ४.४ कृषि बजारीकरण

परम्परागत कृषि बजारीकरणमा उत्पादकहरूले असंगठित रूपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार शृङ्खला पार गर्दै कृषि उपजहरूको बजारीकरण गर्ने प्रचलन विकास हुन थालेको छ । गाउँपालिका निर्माणका प्रारम्भिक दिनदेखि यहाँका कृषिजन्य वस्तु बजारीकरणका विभिन्न खालका ढाँचाहरू अभ्यासमा आएका छन् । यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भइ नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरूले कृषि बजारको क्रमिक विकासमा टेवा पुऱ्याएका छन् । हालसम्म बजारीकरण ढाँचामा विभिन्न कृषि बजारीकरणका मोडलहरू विकास र अभ्यास भएको देखिन्छ । कृषि उपज बजारीकरणका ढाँचाहरूले एकले अर्कोलाई विस्थापन गरेका छैनन्, तर एकले अर्काको विकास गर्ने परिस्थिति निर्माण गरेका भने पक्कै छन् । गाउँपालिकामा विभिन्न हाट बजारहरूबाट कृषि लगायत अन्य वस्तुहरूको (तरकारी, आलु, फलफूल तथा माछा) बजारीकरण हुने गरेको देखिन्छ ।



## ४.४.१ कृषि तथा पशु बजारसम्बन्धी विवरण

गाउँपालिकामा उत्पादित कृषि उपजहरुको बजारीकरणका लागि स्थानीय स्तरमा साप्ताहिक तथा अर्धसाप्ताहिक दैनिक हाटबजारहरू सञ्चालनमा रहेका छन्। कृषि हाटबजार भए पनि कृषि उत्पादनका साथसाथै अन्य औद्योगिक उत्पादनहरू, लत्ता कपडा, माछा, मासु आदिको पनि खरिद बिक्री हुने गरेको छ।

**तालिका नं. ६१:** हाटबजार तथा मुख्य बजारकेन्द्रहरु

| क्र.सं. | हाटबजार स्थल | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | बरुवा हाटबजार | वडा नं. १ बरुवा टोल | |
| २. | रुपौलिया हाटबजार | वडा नं. १, रुपौलिया | |
| ३. | महलबारी हाटबजार | वडा नं. २, महलबारी | |
| ४. | कुडिया हाटबजार (गा.पा.अगाडि) | वडा नं. २, कुडिया | |
| ५ | जमुनीबारी हाटबजार | वडा नं. २, जमुनीबारी | |
| ६ | कुडिया हाटबजार | वडा नं. २, कुडिया | |
| ७ | फेनहरा हाटबजार | वडा नं. २, फेनहरा बजार | |
| ८ | जर्लैया हाटबजार | वडा नं. ४, जर्लैया | शनिबार र बुधबार |
| ९ | बिर्ताचोक हाजटबजार | वडा नं. ४, बिर्ताचोक | सोमबार |
| १० | रतनगञ्ज हाटबजार | वडा नं. ५, रतनगञ्ज | दैनिक |
| ११ | बेलवानी | वडा नं. ५, बेलवानी | दैनिक |

*स्रोतः सुस्ता गाउँकार्यपालिकाको कार्यालय, २०७७*

### ४.४.२ मुख्य बजार तथा व्यापारिक केन्द्रहरूको विवरण

देशका ठुला शहरहरू बाहेक ग्रामीण इलाकाहरूमा सघन बस्तीहरू भएका क्षेत्रमा मानवीय गतिविधिहरू जस्तै : शिक्षा, स्वास्थ्य, अन्य सेवा, व्यापार तथा वाणिज्य केन्द्रित भएको पाईन्छ । यस्ता केन्द्रहरूलाई नै बजार केन्द्रहरू भनिन्छ । शहरी विकास र सुविधाका दृष्टिकोणले पूर्णरुपमा विकास हुन नसके तापनि भविष्यमा विकसित हुन सक्ने क्षेत्रका रुपमा यस्ता केन्द्रहरूमा मानवीय गतिविधि केन्द्रित र विकसित भइरहेका पाईन्छ । उपयुक्तता हेरी नयाँ क्षेत्रमा बजारको विकास गर्न नसकिने होइन । तथापि केही मात्रामा विकसित भइसकेका यस्ता क्षेत्रहरूमा थप विकास गर्न सहज भने हुन्छ ।

**तालिका नं. ६२:** मुख्य व्यापारिक केन्द्रहरू

| वडा नं. | व्यापारिक केन्द्रहरू |
|---|---|
| १ | बरुवा र रुपौलिया |
| २ | कुडिया, महलबारी र सत्पत्ती |
| ३ | मर्चहवा र पत्थरकला |
| ४ | जलैया र विर्ताटोल |
| ५ | रतनगञ्ज र बेलवानी |



### ४.४.३ कृषि उपज संकलन केन्द्र तथा डेरीहरूको विवरण

ठुलोस्तरको कृषि उत्पादन तथा संकलन केन्द्रको व्यवस्था नभएको ग्रामीण परिवेशमा सानो परिमाणमा उत्पादन हुने उपजहरूलाई विभिन्न पायक पर्ने स्थानहरूमा संकलन केन्द्रको रुपमा विकास गर्दा बजारीकरण गर्न सहयोग पुग्दछ । यसरी विभिन्न स्थानमा संकलन केन्द्रको विकास गर्दा व्यापारीहरूलाई निश्चित स्थानबाट निश्चित परिमाणमा उपजहरूमा खरिद गर्न सहयोग पुग्ने हुँदा यसले बजार प्रणालीको विकास गर्न सहयोग पुग्दछ ।

### ४.४.४ चिस्यान केन्द्र र भण्डारण केन्द्र

कृषि उत्पादन वृद्धि गर्नु जति जरुरी छ त्यति नै उत्पादित सामाग्रीहरूको सूरक्षित भण्डारण गर्नु जरुरी हुन्छ । उचित ढङ्गले भण्डारण गर्दा कृषि उपजमा रहेको पोषक तत्वलाई कायम राख्न समेत मद्दत पुग्दछ । भण्डारण वैज्ञानिक नहुँदा एकातर्फ उत्पादित उपजको गुणस्तर कमजोर हुने र नष्ट समेत हुन जान्छ तसर्थ कृषि उपजलाई वैज्ञानिक तवरले भण्डारण गरी बेमौसममा समेत बजारमा उपलब्धता भए बजार मूल्य सन्तुलनमा

राख्न सहयोग पुग्दछ । यसका लागि आवश्यकताका आधारमा विभिन्न स्थानमा चिस्यान केन्द्र, भण्डारण केन्द्र र डेरीहरू स्थापना गर्नु आवश्यक छ । गाउँपालिकाको महलबारीमा दुग्ध डेरी उद्योग रहेको छ ।




### ४.४.५ कृषि मेला तथा प्रर्दशनीहरूको विवरण

विभिन्न समयमा आयोजना हुने कृषि मेला तथा कृषि प्रर्दशनीहरूले एकातर्फ कृषि बजारीकरणलाई व्यापक सहयोग पुऱ्याउँछन् भने अर्कोतर्फ किसानहरूको आत्मबल समेत वृद्धि हुन गई कृषि क्षेत्रको विकासमा सहयोग पुऱ्याउँछ । स्थानीय तहहरूले कृषक तथा व्यापारीहरूको सहकार्यमा प्रत्येक वर्ष नियमितरुपमा यस प्रकारका कृषि मेला तथा प्रर्दशनीहरूको आयोजना गर्दा वार्षिक कृषि गतिविधि सम्बन्धी पात्रोको निर्माण गर्नु उपयुक्त हुन्छ ।

## ४.५ पर्यटन विकास

एउटा विशिष्ट भौगोलिक संरचनाले श्रृजना गरेको हावापानी, जनजीवन, वन, वनस्पति र वन्यजन्तु तथा साँस्कृतिक विविधताको कारण नेपाल विश्वमा नै एउटा चित्ताकर्षण पर्यटकीय गन्तव्य स्थलको रुपमा परिचित छ । पर्यटन हाम्रो लागि प्रकृतिले प्रदान गरेको वरदान हो । यी सम्पूर्ण पर्यटकीय सम्पतिको पूर्ण सदुपयोग गरेमा देशको आर्थिक सम्वृद्धिमा उल्लेखनीय योगदान पुऱ्याई देशको अर्थतन्त्रलाई सबल बनाउन सकिने निश्चित छ । तसर्थ पर्यटन नीति, २०६५ ले मुलभूतरुपमा पर्यटन मार्फत स्वरोजगार श्रृजना, गरिबी निवारण, मूर्त तथा अमूर्त सम्पदाको खोज अनुसन्धान, हवाई तथा स्थलमार्गको थप विकास र विस्तार गर्ने र पर्यटन पूर्वाधारलाई दिगो विकासको अवधारणा अनुरुप अगाडि बढाउने उद्देश्य लिएको छ । गाउँपालिकामा पनि पर्यटन विकासका प्रचुर सम्भावनाहरू रहेका छन् ।

गाउँपालिकामा अवस्थित धार्मिक शहिष्णुताको अनुपम नमूना रहेको मदारबाबा मेला व्यवस्थित गरी धार्मिक पर्यटनमार्फत सुस्ता गाउँपालिकालाई समृद्ध बनाउन सकिन्छ भने वडा नं १ मा अवस्थित बालापुर धामलाई पनि पर्यटकीय स्थलको रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ । सुस्ता गाउँलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नका नारायणी नदी माथि १,५७१ मिटर लामो निर्माणाधीन झोलुङ्गे पुल निर्माण पश्चात अन्तर्राष्ट्रिय सीमा विवादका कारण चर्चामा रहेको सुस्ता गाउँसम्बन्धी अध्ययन तथा अवलोकन गर्नेका लागि महत्वपूर्ण गन्तव्य हुने छ । जसले यस गाउँपालिकाको पर्यटनलाई टेवा पुऱ्याउने छ ।  साथै बी गैप घोललाई व्यवस्थित

गरी व्यवस्थित पोखरी तथा पार्क बनाएर पर्यटक आकर्षण गर्ने प्रचुर संभावना रहेको छ। मुस्लिम धार्मिक स्थल भएर पनि ७० प्रतिशतभन्दा बढी हिन्दू धर्मालम्बीले आस्था प्रकट गर्ने गरेको मदारबाबा मेलाका साथै वडा नं १ मा अवस्थित बालापुर धाम यो गाउँपालिकाका प्रसिद्ध पर्यटकीय स्थलका रुपमा रहेका छन्। गौतम बुद्ध ज्ञानको खोजीमा निस्कदा कपाल मुण्डन गरी प्रस्थान गरेको पवित्र प्रस्थान विन्दुका रूपमा रहको अनुमाघाट अर्थात ठाडीघाट क्षेत्रलाई बौद्ध तथा हिन्दु धर्मावलम्बीहरूका लागि पवित्र तिर्थस्थल र आस्थाको केन्द्रको रूपमा विकास गरी व्यापक प्रचारप्रसार गर्न सकिने यथेष्ट सम्भावना देखिन्छ।

प्रत्येक वडामा पर्यटकीय क्षेत्रहरू पर्दछन्। गाउँपालिकामा मठ मन्दिर, मस्जिद तथा सुन्दर प्राकृतिक जंगलहरू रहेकोले यी क्षेत्रहरूलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न सकिन्छ।



*सुस्ता वडा नं. ५ अनुमाघाट*



*वडा नं. १ छिवनी स्थित बालापुर धार्मिक स्थल*

### ४.५.१ मुख्य पर्यटकीय क्षेत्रहरूको विवरण (धार्मिक, ऐतिहासिक, साँस्कृतिक, प्राकृतिक)

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक विविधता एवं सुस्ता गाउँपालिका हरियाली मनोरम दृश्यहरू रहेका छन् । यस गाउँपालिकामा रहेका विभिन्न पर्यटकीय तथा धार्मिक स्थलहरुको विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ६३:** पर्यटकीय क्षेत्रहरूको विवरण

| क्र. सं. | नाम | ठेगाना | पर्यटकीय महत्व | वडाकेन्द्रदेखि दुरी ( कि.मी./घण्टा) | पूर्वधारहरूको विद्यमान अवस्था |
|---|---|---|---|---|---|
| १ | बालापुर मठ | वडा नं १ | बालापुरबाबा समाधिस्थल | १ कि.मि | व्यवस्थित गरिँदै |
| २ | कोटेश्वर मन्दिर | वडा नं. १ | महादेवस्थान, साउनमा मेला, भाकल पुरा हुने विश्वास | | जीर्ण |
| ३ | रामजानकी मन्दिर | वडा नं. १ | पिकनिक, बालउद्यान र धार्मिक तीर्थाटन गर्न सकिने | | अव्यवस्थित |
| **वडा नं. २** | | | | | |
| १ | चुहाडी (कुँवारवर्ती मन्दिर) | | धार्मिक पर्यटन | १.५ कि.मि. | जीर्ण |
| २ | मदारबाबा मस्जिद | | धार्मिक सहिष्णुताको अनुपम नमूना | १.कि.मि. | जीर्ण |
| **वडा नं. ३** | | | | | |
| १ | वि गैप घोल | अट्ठाइस विगहा | जल पर्यटन तथा दृश्यावलोकन गर्न सकिने | २ कि.मि | अव्यवस्थित |
| **वडा नं ४** | | | | | |
| १ | नारायणी नदी किनार, पथ्लहवा घोल र मद्रहवा घोल | जलाधार पर्यटकीय क्षेत्र | पिकनिक, पार्क र जल पर्यटनको विकास गर्न सकिने | १ घण्टा | नभएको |
| **वडा नं. ५** | | | | | |
| १ | ठाडीघाट ( अनुमाघाट) | अनुमाघाट | एसियाकै दोश्रो लामो पुल बन्दै, गौतम बुद्धलाई मुण्डन गरिएको | २ कि.मि. | निर्माणाधीन |
| २ | सुस्ता | नारायणी पारी | सीमा विवादका कारण राष्ट्रिय अन्तर्राष्ट्रिय चर्चामा रहेको, ऐतिहासिक पर्यटन | १ घण्टा | नभएको |

*स्रोत: सुस्ता गाउँकार्यपालिकाको कार्यालय, २०७७*




**नक्सा नं. १ :** गाउँपालिकामा रहेका धार्मिक पूर्वाधारको नक्सा

### ४.५.२ होटल, रिसोर्ट, होमस्टे तथा रेष्टुरेन्टसम्बन्धी विवरण

कुनैपनि क्षेत्रको विकासका लागि सो क्षेत्रसँग सम्बन्धित सम्पूर्ण पूर्वाधारहरूको समुचित विकास गर्नु अनिवार्य हुन्छ । नेपालमा पर्यटनको प्रचुर संभावना भए तापनि पर्यटन पूर्वाधारको अभावका कारण पर्यटन क्षेत्रको व्यापक विकासमा वाधा श्रृजना भएको छ । पर्यटन पूर्वाधार अन्तर्गत सहज यातायात सुविधा, होटल, लज तथा रेष्टुरेन्ट, पर्यटन गाईड, सूचना केन्द्रहरू, उद्धार संयन्त्र, सञ्चार, सूरक्षा तथा पर्यटकीय गतिविधिहरू नै हुन् । पर्यटनको संभावना हेरी यी पूर्वाधारहरूको आवश्यकताका आधारमा क्रमश विकास गर्नु पर्यटन विकासका लागि अपरिहार्य छ ।

गाउँपालिकाको वडा नं २ महलाबारीबाट शुरु हुने मदारबाबा मेला, तथा विवादित सुस्ता क्षेत्रलाई मध्यनजर गरी पर्यटकीय पूर्वाधारको विकास जरुरी भइसकेको छ भने गाउँपालिकाले उच्च प्राथमिकतामा राखेको वि गैप घोलको स्तरोन्नति तथा नारायणी नदीमा डुङ्गा सवार लगायतका आकर्षणले पर्यटकलाई लोभ्याउने क्षमता राख्दछन् । तापनि पर्यटकीय सूचना केन्द्र, होटेल तथा लज, यातायातका साधन आदिको अभावमा पर्यटनको विकास सम्भव नहुने हुँदा गाउँपालिकाले पर्यटकीय पूर्वाधार विकास गर्न जरुरी भैसकेको छ ।

### ४.५.३ सार्वजनिक स्थल, पाटी पौवा र चौतारा

पाटी, पौवा, धर्मशाला चौतारा तथा विश्रामस्थलहरू हाम्रा साँस्कृतिक चिनारी हुन् । यी परम्परागत संरचनाले हाम्रो पुर्ख्यौलीलाई प्रतिनिधित्व गर्दछन् । त्यसैले यी संरचनाहरूको संरक्षण, सम्बर्द्धन र स्तरोन्नती गरी भावी पुस्तालाई समेत हाम्रो परम्परा र संस्कृतिसँग परिचित गराउनु पर्दछ । यसो गरेको खण्डमा हाम्रो परम्परागत मौलिक पहिचान बच्दछ । विकासका आधुनिक संरचना बनाउने क्रममा हामीले मौलिक साँस्कृति सम्पदाको संरक्षणमा विशेष ध्यान दिनु आवश्यक छ ।





कसैको हक वा स्वामित्वमा नभएको परापुर्वदेखि सार्वजनिक रुपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी, पौवा, अन्त्येष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक प्रयोगको स्थल वा सम्पत्ति नै सार्वजनिक सम्पत्तिहरू हुन । विगतमा सडक यातायातको विस्तार र विकास नहुँदा यी पाटी, पौवा तथा चौताराहरू बटुवाहरूका विश्रामस्थल (Refresh Center) वा थकान मेटाउने महत्वपूर्ण स्थलको रुपमा विकसित भएको र हाल यी स्थलहरू सार्वजनिक बहस र सामुदायिक अन्तरकृया हुने अनौपचारिक स्थलको रुपमा रहेका छन् भने सडक सञ्चालको समुचित विकास नभएको स्थानहरूमा यी विश्राम स्थलकै रुपमा प्रयोग हुँदै आइरहेका छन् । यस्ता क्षेत्रहरूको विकास र संरक्षण गर्ने दायित्व हामी सबैको हो ।

### ४.५.४ स्थानीय चाडपर्व तथा जात्रा र मेलाहरूको विवरण

**तालिका नं. ६४:** स्थानीय चाडपर्व तथा जात्रा र मेलाहरूको विवरण

| क्र. सं. | चाडपर्व, सांस्कृतिक जात्रा, नौटङ्की, राम लिला, नाटक प्रदर्शन तथा मेला | मनाउने समुदाय |
|---|---|---|
| १ | साउने मेला | |
| २ | दुर्गा पूजा | |
| ३ | माघे सक्रान्ति | |
| ४ | तीज | |
| ५ | जीतिया | झम्टा नाच |
| ६ | होली | |
| ७ | मदरबाबा मेला | |
| ८ | हिन्दु चाड | |
| ९ | सम्बत पुजा | थारु |
| १० | दशै, तिहार, छठ | |

*स्रोत : गाउँ कार्यपालिकाको कार्यालय, २०७७*

## ४.६ उद्योग, व्यापार तथा बैङ्किङ

कृषिको विकास पश्चात कुनै पनि देशको आर्थिक क्रान्तिका लागि आवश्यक क्षेत्र भनेको उद्योग नै हो । औद्योगिक विकासका लागि राणाशासन कालदेखि नै विभिन्न प्रयासहरू हुँदै आए तापनि औद्योगिक क्रान्ति नै हुने प्रकारका ठुला स्तरका उद्योगहरू नेपालमा खुल्न सकेका छैनन् । भएका उद्योगहरूसमेत रुग्ण हुँदै बन्द हुनु अर्को दुर्भाग्यपूर्ण अवस्था छ । कृषिको विकास सँगसँगै कृषि र स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गरी नेपालका उत्पादनहरूको उपभोग विश्व बजारमा पुर्‍याउन सकेमात्र नेपाल अतिकम विकसित राष्ट्रबाट माथि उठ्ने आधार तयार हुन्छ । उद्योगलाई प्रर्वद्धन गर्न स्थानीय श्रोतमा आधारित साना तथा मझौला उद्योगहरूलाई उत्तिकै प्राथमिकता र प्रोत्साहन गर्न जरुरी हुन्छ ।

### ४.६.१ उद्योग सम्बन्धी विवरण

गाउँपालिकामा एक मात्र ठुला उद्योगको रुपमा बागमती खाडसरी उद्योग सञ्चानमा छ भने मध्यम स्तरको उद्योगम त्रिवेणी प्लाष्टिक उद्योग सञ्चालनमा छ । त्यस्तै वडा नं. ५ मा करिब २३ वटा सना भेली उद्योग रहेको छ भने विभिन्न वडामा फर्निचर उद्योग, ग्रिल उद्योग, साना घरेलु उद्योगहरू सञ्चालनमा छन् । उपलब्ध स्थानीय स्रोत र साधनको उपयोग गरी विभिन्न साना तथा घरेलु तथा कृषिजन्य उद्योगहले गाउँपालिकाको आर्थिक विकासमा टेवा पुर्‍याएको छ ।

गाउंपालिको वडा नं १ त्रिवेणी प्लास्टिक उद्योग, वडा न २ को कुडियामा बागमती खाड्सरी चिनी मिल, ढकाल राइस एण्ड चिउरा मिल तथा बशिष्ट डेरी उद्योग(महलबारी), वडा नं ३ मर्चहवा, फेनहरा र सेखुवानामा स: मिल, सख्खर तथा कुटानी पिसानी मिल्स, वडा नं ४ विर्ता, गोकुलनगर, र बेलटाँडीमा स: मिल, ग्रील कारखाना, राइस मिल्स तथा फर्निचर उद्योग रहेका छन् भने वडा नं ५ को सुस्ता क्षेत्रमा ३० वटाभन्दा बढी भेली (सख्खर) उद्योग, रामनगरमा स्टोन मिल्स स: मिल्स तथा राइस मिल्स लगायतका उद्योगहरू रहेका छन् ।



*गाउँपालिकामा सञ्चालित वडा नं. २ कुडियामा अवस्थित वागमती खाड्सरी चिनी उद्योग*

**तालिका नं. ६५:** ठूला, मझौला, तथा साना उद्योग, राइस मिल आदिको विवरण

| क्र.सं. | उद्योगको नाम (प्रकार) | ठेगाना | उत्पादन परिमाण |
|---|---|---|---|
| १ | त्रिवेणी प्लाष्टिक उद्योग | वडा नं. १ | |
| २ | वागमती खाड्सरी चिनी मिल्स प्रा.लि. | कुडिया, वडा नं. २ | १४०० मे.टन |
| ३ | सुरज सोमेनियर तथा फर्निचर उद्योग | वडा नं. ४, गोकुल नगर | |
| ४ | शिवशक्ति पटेर उद्योग | वडा नं. २ | |
| ५ | | | |
| ६ | ग्रील उद्योग | वडा नं. २, कुडिया | |
| ७ | ढकाल राइस र चिउरा मिल | वडा नं. २ (महलबारी) | |
| ८ | वशिष्ट डेरी उद्योग | महलबारी, वडा नं २ | |
| ९ | कुवाँरवर्ती राइस मिल | सत्पत्ती, वडा नं. २ | |
| १० | स : मिलहरू | वडा नं. ३- किन टोल, श्रीनगर, मर्चहवा, रेवारेता | |
| ११ | सखर (भेली) मिल | वडा नं.३- मर्चहवा, श्री नगर | |
| १२ | कुटानी पिसानी | वडा नं. ३- मर्चहवा, फेनहारा, सेखुवाना | |
| १३ | स मिल (२ वटा) | वडा नं ४- विर्ता र गोकुल नगर | |
| १४ | ग्रील उद्योग (३ वटा) | वडा नं. ४- वेलटाँढी-१, गोकुलनगर- २ | |
| १५ | राइसमिल्स (५वटा) | वडा नं. ४- विर्ता-३, जर्लैया-१, गोकुल नगरका -१ | |

| क्र.सं. | उद्योगको नाम (प्रकार) | ठेगाना | उत्पादन परिमाण |
|---|---|---|---|
| १६ | फर्निचर उद्योग | वडा नं. ४- वेलटाँढी, विर्ता र गोकुल नगर | |
| १७ | ११ वटा भेली उद्योग | वडा नं. ५, सुस्ता | |
| १८ | १२ वटा भेली उद्योग | वडा नं. ५, पक्लिहवा | |
| १९ | स: मिल | वडा नं. ५ | |
| २० | राइस मिल | वडा नं. ५ | |
| २१ | ओम गिट्टी तथा क्रशस उद्योग | वडा नं. ५, वेलवानी | |

*स्रोत : सुस्ता गाउँ कार्यपालिकाको कार्यालय, २०७७*



*वडा नं. ५, नारायणी नदी पारी, सुस्ता गाँउमा सञ्चालित भेली उद्योग*

## ४.६.२ व्यावसायिक विवरण (घरधुरी तथ्याङ्कबाट)

### क) व्यवसायको प्रकारको आधारमा विवरण

**तालिका नं. ६६:** व्यवसायको प्रकारको आधारमा विवरण

| व्यवसायको प्रकार | वडा नं. | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | |
| खाद्यान्न बिक्री | ३ | ४१ | ६२ | १८ | १३ | १३७ |
| अन्य सेवा बिक्री ....... | १ | २५ | ८ | ६ | ० | ४० |
| फेन्सी स्टोर | ० | ८ | १ | १२ | ४ | २५ |
| होटल, लज तथा रेष्टुरेन्ट | २ | ६ | १ | ६ | ७ | २२ |
| माछा मासु बिक्री | ३ | ५ | ८ | ३ | १ | २० |
| हस्पिटल तथा क्लिनिक | २ | १० | ३ | ३ | १ | १९ |
| अल्कोहल तथा बेभरेज | २ | ८ | ७ | ० | १ | १८ |

| व्यवसायको प्रकार | वडा नं. | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | |
| कम्प्युटर/मोबाइल र यसको पाटपूर्जा बिक्री तथा | ० | ८ | २ | २ | २ | १४ |
| इलेक्ट्रीक तथा इलेक्ट्रोनिक बस्तु विक्री | १ | ८ | १ | १ | २ | १३ |
| कपडा पसल | ३ | ६ | १ | २ | ० | १२ |
| सैलुन / कपाल काट्ने | १ | ५ | १ | २ | २ | ११ |
| धान कुट्ने, मकै, गहुँ, पिस्ने (कुटानी पिसानी मि | २ | २ | ३ | ४ | ० | ११ |
| अन्य व्यापार ....... | ३ | ३ | ० | १ | ४ | ११ |
| हार्डवयर र निर्माण सामाग्री (रड, सिमेन्ट ......) | ० | ५ | १ | ४ | १ | ११ |
| सिलाई कटाई पसलहरु | ० | ७ | ० | २ | १ | १० |
| दुधजन्य बस्तुहरु बिक्री | ० | ४ | ४ | १ | ० | ९ |
| अन्य उद्योग ....... | १ | २ | २ | २ | १ | ८ |
| बैंक, वित्तीय तथा मौद्रिक कारोवार | ० | ३ | १ | ४ | ० | ८ |
| फर्निचर निर्माण तथा समिल | १ | १ | ३ | १ | ० | ६ |
| धातुका बस्तु बनाउने (मेटल) उत्पादन | ० | २ | २ | ० | ० | ४ |
| पेट्रेलियम | १ | ० | ० | १ | २ | ४ |
| फर्निचर | ० | ० | २ | २ | ० | ४ |
| साइकल रिक्सा अटोरिक्सा ( ब्याट्रीबाट चल्ने) | ० | ३ | ० | १ | ० | ४ |
| कस्मेटिक तथा गिफ्ट पसल | १ | २ | १ | ० | ० | ४ |
| स्टेशनरी तथा किताव पसल | ० | ३ | ० | १ | ० | ४ |
| सुनचाँदीका गरगहना बनाउने | ० | ३ | ० | ० | ० | ३ |
| फ्लोरिङ तथा फर्निसिंगको सामानहरु | ० | २ | १ | ० | ० | ३ |
| सुनचादी बनाउने तथा विक्री गर्ने | ० | ३ | ० | ० | ० | ३ |
| गाडी, मोटरसाइकल (इन्जीनले चल्ने साधनहरु बिक् | ० | २ | ० | १ | ० | ३ |
| तरकारी तथा फलफुल बिक्री | १ | ० | १ | ० | १ | ३ |
| ब्यूटी पार्लर | ० | २ | ० | ० | ० | २ |
| रंगरोगन | ० | २ | ० | ० | ० | २ |
| मोटरपार्टस | ० | २ | ० | ० | ० | २ |
| धागो उत्पादन | १ | ० | ० | ० | ० | १ |
| तरल खाद्यपदार्थ उत्पादन गर्ने | १ | ० | ० | ० | ० | १ |
| कन्सल्टेन्सी, लेखा परीक्षण | १ | ० | ० | ० | ० | १ |
| ट्राभल एजेन्सी | ० | ० | १ | ० | ० | १ |
| जुत्ता चप्पल | ० | ० | ० | १ | ० | १ |
| औषधी तथा सर्जिकल पसल | ० | ० | १ | ० | ० | १ |
| बेकरी बिक्री | ० | ० | १ | ० | ० | १ |
| जम्मा | ३१ | १८३ | ११९ | ८१ | ४३ | ४५७ |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*

## ख) सञ्चालकको लिङ्गको आधारमा व्यवसायको विवरण

प्राप्त तथ्याङ्क अनुसार गाउँपालिकामा सञ्चालनमा रहेका व्यापार, व्यवसायिक फर्म तथा कम्पनी सञ्चालकको लिङ्गका आधारमा जनसंख्याको विश्लेषण गर्दा पुरुषको तुलनामा महिलाको स्वामित्वमा रहेका फर्महरुको संख्या आधा भन्दा पनि कम रहेको छ। तथ्याङ्क अनुसार गाउँपालिकाभर संचालनमा रहेका ४५७ व्यवसायहरु मध्ये ३६१ अर्थात् ७९ प्रतिशत व्यवसायमा पुरुषको स्वामित्व र ९६ अर्थात् २१ प्रतिशत व्यवसायमा महिलाको स्वामित्व रहेको देखिन्छ। त्यसो त महिलाका नाममा रहेका व्यवसायहरुमा महिलाको नै भूमिका निर्णायक हुन्छ भन्न सकिँदैन वा पुरुषको नाममा रहेका व्यवसायहरुमा महिलाको भूमिका पनि निर्णायक हुन सक्दछ। यद्यपी लैङ्गिक हिसाबले तथ्याङ्कको तुलनात्मक अन्तरमा देखिएको फराकिलोपनले व्यापारिक वा व्यवसायिक फर्महरु संचालन गर्ने महिलाको संख्या पक्कै नै न्यून रहेको देखाउँछ। महिलालाई आर्थिक रुपले निर्णायक तहमा पुऱ्याउन सर्वप्रथम महिला उद्यमशिलता विकासका प्रभावकारी कार्यक्रमहरु सञ्चालन गरी महिला शसक्तिकरणलाई केन्द्रमा राख्नुपर्दछ। अर्कोतर्फ तथ्याङ्कले व्यापार-व्यवसाय संचालकमा महिलाको संलग्नता भने देखिएको सकारात्मक संकेत गरेपनि उनीहरुले संचालन गरेका व्यवसायको प्रकृति कस्तो प्रकारको हो भन्ने स्पष्ट नभएकोले उनीहरुको आर्थिक स्थिति कति बलियो छ भनेर आँकलन गर्न भने सकिँदैन। उदाहरणका लागि यदि महिलाले संचालन गरेका व्यवसायहरु सामान्य सिलाइ-कटाई, तितौरा, अचार, बुनाइ, बुटिक, पार्लर आदि खालका रहेछन् भने यस प्रकारका व्यापारिक फर्महरुले चरम गरिवीबाट माथि उठ्न सहयोग पुऱ्याएतापनि महिलालाई आर्थिक हिसाबले वास्तवमै सबल भने बनाउँदैनन्। यसका लागि महिलाको व्यवस्थापन र लगानीमा सफल ठूला उद्योग व्यवसायको उदाहरण प्रस्तुत गरी प्रोत्साहन गर्नुपर्दछ। वडागत थप विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ६७:** सञ्चालकको लिङ्गको आधारमा व्यवसायको विवरण

| वडा नं. | पुरूष | | महिला | | जम्मा |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | १८ | ५८.१ | १३ | ४१.९ | ३१ |
| २ | १४१ | ७७ | ४२ | २३ | १८३ |
| ३ | १०५ | ८८.२ | १४ | ११.८ | ११९ |
| ४ | ५९ | ७२.८ | २२ | २७.२ | ८१ |
| ५ | ३८ | ८८.४ | ५ | ११.६ | ४३ |
| जम्मा | ३६१ | ७९ | ९६ | २१ | ४५७ |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*



## ग) सरकारी निकायमा दर्ता भए नभएको आधारमा व्यवसायको विवरण

**तालिका नं. ६८:** सरकारी निकायमा दर्ता भए नभएको आधारमा व्यवसायको विवरण

| वडा नं. | सरकारी निकायमा दर्ता भएका | | सरकारी निकायमा दर्ता नभएका | | जम्मा व्यवसाय |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | २२ | ७१.० | ९ | २९.० | ३१ |
| २ | ११५ | ६२.८ | ६८ | ३७.२ | १८३ |
| ३ | ४४ | ३७.० | ७५ | ६३.० | ११९ |
| ४ | ५३ | ६५.४ | २८ | ३४.६ | ८१ |
| ५ | १२ | २७.९ | ३१ | ७२.१ | ४३ |
| जम्मा | २४६ | ५३.८ | २११ | ४६.२ | ४५७ |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*




## घ) सरकारी कियमा दर्ता भएको व्यवसायको विवरण

गाउँपालिकामा दर्ता भएका व्यवसायहरुमध्ये सबैभन्दा बढी घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएका २००, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएका २६, वाणिज्य कार्यालयमा दर्ता भएका फर्महरु १५, उद्योग विभागमा दर्ता भएका १३ व्यवसाय, गाउँपालिकामा दर्ता भएका ७ र अन्यमा ३ रहेका छन् । गाउँपालिकाको अर्थतन्त्र बलियो बनाउन उत्पादनलाई सबैभन्दा बढी जोड दिई गाउँपालिकामा उत्पादित वस्तुहरु अन्यत्र निर्यात गर्ने वातावरण बनाउनुपर्दछ । यसका लागि लगानी मैत्री वातावरण, सार्वजनिक/ निजी साझेदारी, यूवा उद्यमशिलता विकास कार्यक्रम, अभिमुखीकरण, तालिम जस्ता क्रियाकलापहरु सम्पूर्ण सम्बन्धित सरोकारवालाहरुसँगको सहकार्यमा सञ्चालन गरिनुपर्दछ। उद्योग तथा उत्पादन वृद्धि नभइकन आर्थिक सम्वृद्धि असंभव हुनेभएकोले यसतर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ। वडागत थप विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ६९:** सरकारी निकायमा दर्ता भएको व्यवसायको विवरण (बहुउत्तरमा आधारित)

| वडा नं. | घरेलु तथा साना उद्योग कार्यालय | कम्पनी रजिष्ट्रारको कार्यालय | उद्योग विभाग | वाणिज्य कार्यालय | गाउँपालिका | अन्य स्थान |
|---|---|---|---|---|---|---|
| १ | १८ | १ | १ | ० | २ | ० |
| २ | १०२ | ८ | ७ | १० | ३ | १ |
| ३ | ३५ | ३ | २ | १ | १ | २ |
| ४ | ४० | ७ | ३ | ४ | १ | ० |
| ५ | ५ | ७ | ० | ० | ० | ० |
| जम्मा | २०० | २६ | १३ | १५ | ७ | ३ |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*




## ङ) सरकारी निकायमा दर्ता भएको व्यावासयको बैधानिक स्थितिको विवरण

**तालिका नं. ७०:** सरकारी निकायमा दर्ता भएको व्यवसायको बैधानिक स्थितिको विवरण

| वडा नं. | व्यक्तिगत | साझेदारी | प्राइभेट लिमिटेड | पब्लिक लिमिटेड | सहकारी | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २१ | १ | ० | ० | ० | २२ |
| २ | १११ | १ | ० | ३ | ० | ११५ |
| ३ | ४१ | १ | १ | ० | १ | ४४ |
| ४ | ४८ | ४ | ० | ० | १ | ५३ |
| ५ | १२ | ० | ० | ० | ० | १२ |
| जम्मा | २३३ | ७ | १ | ३ | २ | २४६ |
| प्रतिशत | ९४.७२ | २.८५ | ०.४१ | १.२२ | ०.८१ | १०० |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*




## च) व्यवसाय सञ्चालन भएको घरको स्वामित्वको विवरण

गाउँपालिकामा संचालित उद्योग व्यवसायहरु संचालन भैरहेका घरहरुमा स्वामित्वको प्रकारलाई हेर्दा सबैभन्दा बढी आफ्नै घरमा ३७३ अर्थात् ७१.१८ प्रतिशत, अरुको घर भाडामा लिएर १०३ अर्थात् १९.६६ प्रतिशत, अरुको घर भाडामा लिएर घर/टहरा बनाएको २५ अर्थात ४.७७ प्रतिशत र बाँकी अन्यमा संचालन रहेको पाइयो । गाउँपालिकामा उद्योग र व्यवसायमा संलग्न परिवारको संख्या अत्यन्त न्यून रहेको र अधिकांशले आफ्नै घरमा उद्योग र व्यवसायमा संचालन गरेको पाइयो । यस तथ्यबाट के स्पष्ट हुन्छ भने ठूलो लगानी गरेर उद्योग व्यवसाय गर्ने जोखिम उठाउनु भन्दा सानो लगानीमा आफ्नै घरमा जोखिममुक्त व्यवसाय संचालन गरेको पाइयो । आफ्नै घरमा व्यवसाय संचालन गर्नु राम्रो भएतापनि व्यापकरुपमा लगानी गरी वृहद स्वरुपमा भाडामा घर जग्गा लिई जोखिम मोलेर उद्योग व्यवसाय संचालन गर्ने प्रकृति कम रहेको देखिन्छ ।

**तालिका नं. ७१:** व्यवसाय सञ्चालन भएको घरको स्वामित्वको विवरण

| वडा नं. | आफ्नै घरमा | अरूको घर भाडामा लिएर | अरूको घर भाडामा लिएर घर/टहर बनाएको | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | १९ | १० | ० | २ | ३१ |
| २ | ७९ | १०३ | ० | १ | १८३ |
| ३ | ९६ | १२ | ३ | ८ | ११९ |
| ४ | ४१ | ३९ | ० | १ | ८१ |
| ५ | २० | ५ | ० | १८ | ४३ |
| जम्मा | २५५ | १६९ | ३ | ३० | ४५७ |
| प्रतिशत | ५५.८० | ३६.९८ | ०.६६ | ६.५६ | १००.०० |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*




## छ) व्यवसायको प्रकृतिको आधारमा विवरण

गाउँपालिकामा संचालनमा रहेका व्यवसायमध्ये वस्तुको बिक्री गर्ने ३८५ अर्थात् ७३.४७ प्रतिशत, सेवाको बिक्री गर्ने १०३ अर्थात् १९.६६ प्रतिशत, वस्तुको उत्पादन गर्ने ११ अर्थात् २.१० प्रतिशत र अन्यमा २५ अर्थात् ४.७७ प्रतिशत रहेका छन् । तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने व्यापारबाट मात्र आर्थिक सम्वृद्धि सम्भव हुँदैन किनकि व्यापारमा गाउँपालिकाभित्र वस्तुहरुको उत्पादन नहुँदा विदेशमा उत्पादित वा देशका अन्य भागमा उत्पादित वस्तुहरुको किनबेच मात्र हुन्छ । गाउँपालिकाको अर्थतन्त्रलाई सबल बनाउन गाउँपालिकाभित्र नै उत्पादन हुने खालका वस्तुहरुको उत्पादन तथा त्यस्ता वस्तुहरुको निर्यातलाई विशेष जोड दिनुपर्दछ। तर वस्तुको उत्पादन गर्ने उद्योग मात्र ११ वटा हुनुले उत्पादनमुखी उद्योगहरु नगण्य रहेको स्पष्ट हुन्छ । गाउँपालिकाले बाहिर उत्पादित सामान किनेर बेच्दा व्यापारघाटा वृद्धि हुँदै जान्छ । त्यस्ता वस्तुहरुको उत्पादन स्थानिय श्रोत र साधनमा आधारित हुनुपर्दछ । तथ्याङ्कलाई हेर्दा यस प्रकारका वस्तु उत्पादन गर्ने उद्योगहरुको संख्या सबैभन्दा कम हुनुले गाउँपालिकाको अर्थतन्त्र सबल हुने सम्भावना न्यून देखिएकोले यसतर्फ गाउँपालिका र सम्बन्धित सरोकारवालाहरुले ध्यान दिनु नितान्त जरुरी छ । विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ७२:** व्यवसायको प्रकृतिको आधारमा विवरण

| वडा नं. | वस्तुको बिक्री | सेवाको बिक्री | वस्तुको उत्पादन | अन्य (उल्लेख गर्ने) | जम्मा |
|---|---|---|---|---|---|
| १ | १८ | ९ | ३ | १ | ३१ |
| २ | १२१ | ५६ | ५ | १ | १८३ |
| ३ | ९४ | १८ | ७ | ० | ११९ |
| ४ | ५३ | २५ | २ | १ | ८१ |
| ५ | ३२ | १० | १ | ० | ४३ |
| जम्मा | ३१८ | ११८ | १८ | ३ | ४५७ |
| प्रतिशत | ६९.५८ | २५.८२ | ३.९४ | ०.६६ | १००.०० |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*




### ४.६.३ खनिज तथा खानीसम्बन्धी विवरण

खनिज तथा खानीको अध्ययन र उत्खनन् साथै प्रशोधनका क्षेत्रमा नेपाल अत्यन्त पछाडि परेको छ । प्रविधि, जनशक्ति र ठोस योजनाको अभावका कारण नेपालको खानी तथा खनिज क्षेत्र झण्डै कुमारी अवस्थामा नै छ । यस क्षेत्रबाट लाभ लिन स्थानीय तहहरूले आफ्नो क्षेत्रमा यस सम्बन्धी अध्ययन तथा अनुसन्धान गराउनु आवश्यक छ ।



*ठाडीघाट नजिक नारायणी नदी किनार स्थित वालुवा खानी*

सुस्ता गाउँपालिकाको खानी सम्बन्धी सम्भाव्यता हेर्दा बालुवा खानी, ग्राभेल खानीको प्रशस्त संम्भावना देखिएको छ । त्यसैले वातावरणीय र पर्यावरणीय अध्ययन गरेर उक्त क्षेत्रमा उत्खनन् सम्बन्धी काम हुन सक्ने सम्भावना देखिन्छ। गाउँपालिकामा उपलब्ध हुने अन्य कच्चा पदार्थमा रोडा, ढुंगा, बालुवा आदि प्रशस्त

मात्रामा पाइन्छ । त्यसैले गाउँपालिकामा रहेको संम्भावना पहिल्याएर विभिन्न प्राकृतिक साधनको प्रशोधन गरी उद्योगको विकास तथा अर्थतन्त्रको बलियो सम्भावना देखिन्छ । हाल सञ्चालित आयोजनाहरूले पनि यसलाई थप पुष्टि गर्दछन् । तर यिनीहरूको वैज्ञानिक व्यवस्थापन हुन जरुरी देखिन्छ ।

### ४.६.४ मुख्य बजारकेन्द्र सम्म पुग्न लाग्ने समयको विवरण

**लोपोन्मुख जाति भत्ताः** लोपोन्मुख जातिका नागरिकले नेपाल सरकारले तोकेको सामाजिक सुरक्षा भत्ता पाउनेछन् ।

**आफ्नो हेरचाह आफैं गर्न नसक्नेलाई स्याहार भत्ताः** आफ्नो हेरचाह आफैं गर्न नसक्ने नागरिकले नेपाल सरकारले तोकेको सामाजिक सुरक्षा भत्ता पाउनेछन् ।

## ५.४ बेसहारा सडक बालबालिका तथा जनसंख्याको विवरण

नेपालको संविधानको धारा ३९ अन्तर्गत उपधारा ९ बमोजिम मौलिक हकमा, असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द पिडित, विस्थापित एवं जोखिममा रहेका बालवालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ भनी उल्लेख छ भने धारा ४३ मा आर्थिकरुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोउन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भनी उल्लेख गरिएको छ । यसर्थ स्थानीय सरकारको रुपमा रहेको गाउँपालिकाले यस प्रकारको वेसहारा अवस्थामा रहेका बालबालिका र अन्य नागरिकलाई अनिवार्य संरक्षण गर्नुपर्ने दाहित्व रहेको छ ।

## ५.५ व्यक्तिगत घटना दर्ता

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानुनी प्रक्रियाहरू पालना गर्नुपर्ने हुन्छ । नागरिकता, राहदानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानूनी प्रक्रिया पुरा गर्नुपर्ने हुन्छ । यसका लागि सरकारले आधिकारीक प्रमाणपत्र उपलब्ध गराउँछ । जन्म, मृत्यु, बसाइँसराइ विवाह र सम्बन्ध विच्छेद जस्ता घटना समयमा नै दर्ता गर्नु पर्ने हुन्छ । संविधानले नागरिकलाई विभिन्न अधिकार प्रत्याभूत गरेको छ । त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो । ती व्यक्तिगत घटना दर्ताका आधारमा राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता हो । कहाँ ? कति जन्मे ? कतिको मृत्यु भयो ? कतिले बसाइँसराइ गरे ? कतिको सम्बन्ध विच्छेद भयो ? जस्ता कुराको जानकारी राज्यले पाउनु पर्छ । यसको आधारमा सरकारले सेवा प्रवाह सम्बन्धी नीति बनाउने हुँदा व्यक्तिगत घटनादर्ता समयमा नै गर्न जनचेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

**तालिका नं. ९३:** व्यक्तिगत घटना दर्तासम्बन्धी विवरण (वि.सं. २०७६)

| वडा नं. | जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह दर्ता | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | | | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| १ | ११० | ११८ | २२८ | ३९ | २१ | ६० | १ | ९९ | ३२ | १०७ | | | ४२३ |
| २ | ६० | ६७ | १२७ | २४ | १२ | ३६ | ५ | ५३ | १० | ४३ | २ | ५ | २३३ |
| ३ | ६० | ५३ | ११३ | १६ | १० | २६ | | ३९ | ३ | ४ | ५ | ८ | १८६ |
| ४ | ८६ | ९२ | १७८ | १५ | १९ | ३४ | २ | ५० | २ | ४ | ७ | १६ | २७३ |
| ५ | १२८ | १०६ | २३४ | २७ | २१ | ४८ | | ६७ | १ | ४ | ४ | ११ | ३५४ |
| जम्मा | ४४४ | ४३६ | ८८० | १२१ | ८३ | २०४ | ८ | ३०८ | ४८ | १६२ | १८ | ४० | १४६९ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

## ५.५.१ पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ताको आधारमा वडागत विवरण

गाउँपालिकामा जन्म भएका पाँच वर्ष मुनिका ४,६६६ बालबालिकाहरू मध्ये ३,४७९ अर्थात ७४.५६ प्रतिशतको जन्मदर्ता गरिएको र १,१८७ जना अर्थात २५.४४ प्रतिशतको जन्मदर्ता नभएको तथ्याङ्क रहेको छ । जन्म, मृत्यु, बसाइ-सराइ र विवाह जस्ता जीवनका प्रमुख व्यक्तिगत घटनाको अनिवार्य र समयमै दर्ता गर्नुपर्दछ । यसबाट स्थानीय सरकारलाई यकिन तथ्याङ्कको अभिलेख तयार पार्न सहयोग पुग्दछ भने अर्को तर्फ नागरिकहरूले राज्यबाट प्राप्त गर्ने सेवा सुविधाका लागि नागरिकको पहिचान कायम गर्न र अन्य कानूनी कृयाकलापहरूमा यसको आवश्यकता पर्दछ तसर्थ जन्मदर्तालाई समयमै अनिवार्य रुपमा गर्न प्रोत्साहन गर्ने स्थानीय सरकारले पहल गर्नुपर्ने देखिन्छ । जन्मदर्ताको वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९४:** पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ताको आधारमा वडागत विवरण

| वडा | जन्मदर्ता भएको | | | जन्मदर्ता नभएको | | | पाँच वर्षमुनिका जम्मा बालबालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| १ | २५८ | २७८ | ५३६ | ४९ | ६२ | १११ | ३०७ | ३४० | ६४७ |
| २ | ३३७ | २७८ | ६१५ | ७४ | ८४ | १५८ | ४११ | ३६२ | ७७३ |
| ३ | २६६ | २७० | ५३६ | ११५ | ११५ | २३० | ३८१ | ३८५ | ७६६ |
| ४ | ३६१ | ३२७ | ६८८ | ८१ | ८० | १६१ | ४४२ | ४०७ | ८४९ |
| ५ | ५८२ | ५२२ | ११०४ | २५२ | २७५ | ५२७ | ८३४ | ७९७ | १६३१ |
| जम्मा | १८०४ | १६७५ | ३४७९ | ५७१ | ६१६ | ११८७ | २३७५ | २२९१ | ४६६६ |
| प्रतिशत | ३८.६६ | ३५.९० | ७४.५६ | १२.२४ | १३.२० | २५.४४ | ५०.९० | ४९.१० | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*




## ५.६ स्वास्थ्य

नेपालको लुम्बिनी प्रदेश अन्तर्गत तराइ क्षेत्रमा अवस्थित सुस्ता गाउँपालिकाको स्वास्थ्य अवस्था र स्वास्थ्य सेवामा सामान्य पहुँच देखिन्छ । यद्यपि नेपालमा दुई ठूला सहरहरू पूर्वमा नारायणघाट तथा पश्चिममा बुटवलबाट उपलब्ध हुने स्वास्थ्य सेवामा पूर्वपश्चिम राजमार्ग नजिक परेकाकारण केही सहज पहुँच रहेको भए तापनि सरकारी स्वास्थ्य संस्थाहरू बाहेक गाउँपालिकामा अन्य निजी फार्मेसी, क्लिनिक तथा पोलिक्लिनिक जस्ता स्वास्थ्य संस्थाहरूको अभाव रहेको छ । ग्रामीणस्तरमा उपचारात्मक स्वास्थ्य स्थिति सामान्य रहेको छ । यद्यपि गाउँपालिकाको आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरू छैनन्। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षण अनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्र यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ।

स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रुपमा रहेको देखिन्छ । दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ।

हाल नोबल कोरोना भाइरस अर्थात COVID-19 को संक्रमण बढेर विश्वलाई नै आक्रान्त पारिहेको छ। सन् २०१९ डिसेम्वरको अन्त्यतिर चीनको वुहान सहरमा पहिलो पटक देखिएको भाइरसले चीन, इटाली, स्पेन, युके, इरान, ब्राजिल अमेरिका लगायतका स्वास्थ्य सेवाको उत्कृष्ट प्रत्याभूत भएका मुलुकमा लाखौंको ज्यान लिइसकेको अवस्था छ। बेलायत तथा अन्य युरोपेली मुलुकहरूमा यो भाइरसको नयाँ संस्करण देखापरिरहेको छ भने यो भाइरस विरुद्धको खोप बनिसक्दा पनि सर्वसाधारणको पहुँचमा पुग्न लामो समय कुर्नु पर्ने अवस्था छ। झन् हाम्रो जस्तो कमजोर स्वास्थ्य प्रणाली भएको देशमा यस्ता प्रकोपले ठूलो क्षति निम्त्याउने अवस्था आउँछ । यसकारण गाउँपालिकाले सतर्कता तथा सावधानी अपनाई आफ्नो स्वास्थ्य अवस्थालाई मजवुत बनाइराख्न जरुरी हुन्छ । हाल नेपाल सरकारले ल्याएको एक पालिका एक अस्पतालको नीतिले कम्तिमा १५ शय्याको अस्पताल हुनु पर्ने वाध्यात्म परिस्थितिले स्वास्थ्य सेवा विस्तारमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

हाल गाउँपालिकाका वडाहरूमा १ वटा आधारभूत स्वास्थ्य केन्द्र, ४ वटा स्वास्थ्य चौकी, १९ खोप क्लिनिक र ११ वटा गाउँघर क्लिनिक रहेका छन् भने ३५ जना महिला स्वास्थ्य स्वयंसेवीले पनि स्वास्थ्य सेवा प्रवाह गरिरहेका छन् ।

### ५.६.१ स्वास्थ्य संस्थाको विवरण

**तालिका नं. ९५:** गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरूको विवरण

| क्र.सं. | स्वास्थ्य संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | रुपौलिया स्वास्थ्य चौकी | वडा नं. १, रुपौलिया |
| २ | कुडिया स्वास्थ्य चौकी | वडा नं. २, कुडिया |
| ३ | नर्सही स्वास्थ्य चौकी | वडा नं. ४, नर्सही |
| ४ | पक्लिहवा स्वास्थ्य चौकी | वडा नं. ५, पक्लिहवा |
| ५ | निर्माणाधिन १५ शैयाको अस्पताल | वडा नं. २, कुडिया, |

*स्रोत: सुस्ता गाउँपालिका, २०७७*




### ५.६.२ स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र अन्य जनशक्तिको विवरण

### ५.६.३ स्वास्थ्य संस्थासम्म पुग्न लाग्ने समयको विवरण

**तालिका नं. ९६:** नजिकको अस्पतालसम्म पुग्न लाग्ने समयको आधारमा परिवारको विवरण

| वडा | १५ मिनेट भित्र | ३० मिनेट भित्र | १ घण्टा भित्र | १ देखि २ घण्टा | २ घण्टा भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | १६० | ५४८ | ६३३ | १७८ | ० | १५१९ |
| २ | १९० | ७ | १०७१ | २०१ | ० | १४६९ |
| ३ | ७०८ | ३७ | ३१५ | १३१ | ११ | १२०२ |
| ४ | ७ | ३ | २८ | १०९६ | १७७ | १३११ |
| ५ | १०४ | २ | ८४० | ८४१ | ९१५ | २७०२ |
| जम्मा | ११६९ | ५९७ | २८८७ | २४४७ | ११०३ | ८२०३ |
| प्रतिशत | १४.२५ | ७.२८ | ३५.१९ | २९.८३ | १३.४५ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

**तालिका नं. ९७:** नजिकको स्वास्थ्यचौकीसम्म पुग्न लाग्ने समयको आधारमा परिवारको विवरण

| वडा | १५ मिनेट भित्र | ३० मिनेट भित्र | १ घण्टा भित्र | १ देखि २ घण्टा | २ घण्टा भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ५३९ | ८११ | १६९ | ० | ० | १५१९ |
| २ | ९२० | ४९७ | ५२ | ० | ० | १४६९ |
| ३ | ३६५ | ६५८ | १७२ | ७ | ० | १२०२ |
| ४ | ४५२ | ६५२ | २०५ | २ | ० | १३११ |
| ५ | १५१४ | ९५० | २१४ | ९ | १५ | २७०२ |
| जम्मा | ३७९० | ३५६८ | ८१२ | १८ | १५ | ८२०३ |
| प्रतिशत | ४६.२० | ४३.५० | ९.९० | ०.२२ | ०.१८ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

**तालिका नं. ९८:** नजिकको प्राथमिक स्वास्थ्य केन्द्रसम्म पुग्न लाग्ने समयको आधारमा परिवारको विवरण

| वडा | १५ मिनेट भित्र | ३० मिनेट भित्र | १ घण्टा भित्र | १ देखि २ घण्टा | २ घण्टा भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ५१५ | ७२८ | २७५ | १ | ० | १५१९ |
| २ | १३५४ | ११२ | ३ | ० | ० | १४६९ |
| ३ | ८२७ | ३१८ | ५७ | ० | ० | १२०२ |
| ४ | १०३६ | १२३ | १५१ | ० | १ | १३११ |
| ५ | १५३२ | २४२ | ७ | ४१२ | ५०९ | २७०२ |
| जम्मा | ५२६४ | १५२३ | ४९३ | ४१३ | ५१० | ८२०३ |
| प्रतिशत | ६४.१७ | १८.५७ | ६.०१ | ५.०३ | ६.२२ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

**तालिका नं. ९९:** नजिकको औषधि पसलसम्म पुग्न लाग्ने समयको आधारमा परिवारको विवरण

| वडा | १५ मिनेट भित्र | ३० मिनेट भित्र | १ घण्टा भित्र | १ घण्टा भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|
| १ | ११९० | ३२६ | ३ | ० | १५१९ |
| २ | ११९८ | २७० | १ | ० | १४६९ |
| ३ | ४५२ | ५९८ | १३८ | १४ | १२०२ |
| ४ | ८७२ | २८१ | १५५ | ३ | १३११ |
| ५ | २२२७ | ३६६ | ९९ | १० | २७०२ |
| जम्मा | ५९३९ | १८४१ | ३९६ | २७ | ८२०३ |
| प्रतिशत | ७२.४० | २२.४४ | ४.८३ | ०.३३ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

### ५.६.४ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदादेखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलतः आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानुनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकेको छ। तर १७ प्रतिशत किशोरीहरू १५ देखि १९ वर्ष उमेरमा गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११)। सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ।

**तालिका नं. १००:** सुरक्षित मातृत्व कार्यक्रम

| सुचकहरु | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
|---|---|---|---|
| प्रोटोकल अनुसार पहिलो पटक गर्भवती जाँच गरिएका गर्भवती महिलाहरुको प्रतिशत | ७८.९ | ६९.४ | ७५.५ |
| प्रोटोकल अनुसार ४ पटक गर्भवती जाँच गराउने महिलाहरुको प्रतिशत | ५१.४ | ४८.३ | ४९ |
| घरमा जिवित जन्म भएको नवजात शिशुको जम्मा संख्या | १७.५ | २२.४ | १८.४ |
| संस्थागत प्रसुति दर | १७.५ | २२.४ | १८.४ |
| दक्ष प्रसुतिकर्मीद्वारा प्रसुति भएको दर | १७.५ | २२.४ | १८.४ |
| प्रोटोकल अनुसार ३ पकट सुत्केरी जाँच गराउने आमाहरुको प्रतिशत | २०.६ | १८.७ | १६.१ |
| आकस्मिक जटिलता युक्त अवस्थाको व्यवस्थापन भएको प्रतिशत | ० | ० | ० |
| संस्थागत सुत्केरी मध्ये आमा सुरक्षा प्रोत्साहन भत्ता लिनेको प्रतिशत | ४५.१ | १७.३ | १०० |
| संस्थागत सुत्केरी मध्ये चारपटक गर्भ जाँच गराए वापतको प्रोत्साहन लिनेको प्रतिशत | ६१.६ | १९.७ | १०० |

*स्रोतः गाउँपालिका स्वास्थ्य शाखा, HMIS, २०७६*

### ५.६.५ प्रमुख १० रोग र उपचारसम्बन्धी विवरण

**तालिका नं. १०१:** प्रमुख १० रोगहरूको विवरण

| क्र.सं. | प्रमुख रोगहरू | ओपिडीमा दर्ता संख्या |
|---|---|---|
| १ | टाउको दुखाई | १७४३ |
| २ | घाउ/चोट पटक | १७३३ |
| ३ | OPD morbidity- Sarcicul | १५१५ |
| ४ | LRTI (Lower Respiratory Tract Infection) | १३८५ |
| ५ | मासंपेशी दुखाई | १३०१ |
| ६ | ग्यास्ट्रिक | १०५० |
| ७ | URTI (Upper Respiratory Tract Infection) | १०१२ |
| ८ | Fungal Infection (दाद) | ९१७ |

| क.सं. | प्रमुख रोगहरू | ओपिडीमा दर्ता संख्या |
|---|---|---|
| ९ | छाला रोग (लुतो) | ८८१ |
| १० | झाडापखला | ८०२ |

*स्रोत: गाउँपालिका स्वास्थ्य शाखा, HMIS, २०७६*

### ५.६.६ बालपोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सुचकको रुपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्षमुनिका बालबालिकाहरूलाई नियमित रुपमा बालवृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धी महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, बेवास्ता, हेलचेक्राइ, दुव्र्यवहार, हिंसालगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान (२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिक बिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ। यस गाउँपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन्। कार्यक्रम सञ्चालनको सहयोगका लागि गाउँपालिकामा स्वास्थ्य सञ्जाल विस्तार भएको छ।

**तालिका नं. १०२:** गाउँपालिकामा रहेका पोषण कार्यक्रमको विवरण

| सुचकहरु | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ |
|---|---|---|---|
| कम जन्म तौल भएका नवजात शिशुको प्रतिशत | १.३ | ० | ०.५२ |
| नयाँ तौल लिएका १ वर्ष मुनिका शिशुहरूको प्रतिशत | ९५.३ | ८१.४ | ४४.७ |
| नयाँ तौल लिएका १२ देखि २३ महिनाका शिशुहरूको प्रतिशत | ४४.१ | ५३.८ | २१.३ |
| जन्मेको ६ महिनासम्म स्तनपान गराएको बच्चाहरुको प्रतिशत | ७४.६ | ९३..६ | २९.८ |
| गर्भवती अवस्थामा १८० दिन आइरन चक्की प्राप्त गरेका गर्भवती | ४३४ | ४३७ | ४१७ |
| सुत्केरी अवस्थामा भिटामिन ए प्राप्त गरेका महिलाहरुको प्रतिशत | ५२.९ | ४६.५ | ५२.८ |
| बृदि अनुगमनमा २ वर्ष मुनीका शिशुहरूको औषत भेट | ३.८ | ४.१ | ५.५ |
| गम्भिर कुपोषित बच्चाको संख्या (Number of Sam Cases) | ३ | ३३ | ११ |
| गम्भिर कुपोषित बच्चा निको भएको प्रतिशत (% of recovery rate of SAM Cases) | १४.३ | २५.७ | ४७.६ |
| ३ साइकल (१८० पिस) बालभिटा पाउने ६ देखि २३ महिनाको बालबालिकाहरुको प्रतिशत | ० | २.१ | ९.६ |
| पहिलो चरणमा भिटामिन ए को आम वितरणको कभरेज | ६५.३ | ६०.६ | ६३.६ |
| दोस्रो चरणमा भिटामिन ए को आम वितरणको कभरेज | ५९.९ | ५७.४ | ६७.४ |

*स्रोत: गाउँपालिका स्वास्थ्य शाखा, HMIS, २०७६*

### ५.६.७ खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन् । यसको लागि यिनीहरू स्वस्थ्य र निरोगी हुनु आवश्यक छ । बालक अवस्थामा उनीहरूलाई बी.सी.जी. एक पटक, डी.पी.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रामा दिनै पर्दछ । बालबालिकाहरूको लागि पाँचओटै खोपहरू नियमित र पुरा मात्रामा दिनु पर्दछ । नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुऱ्याइएको छ। जसले गर्दा दिगो विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.डी.जी.-४) प्राप्त गर्न सहयोग पुगेको छ।

बाल्यकाल तथा उमेर पुगेपछि लाग्न सक्ने प्राणघातक रोगहरू जस्तै क्षयरोग, भ्यागुते रोग, लहरे खोकी, धनुषटंकार, हेपाटाइटिस बी, इन्ल्फुयन्जा टाइप बी, पोलियो, न्यूमोनिया, दादुरा, रुबेला र जापानिज इन्सफलाइटिस् विरुद्ध चरणबद्ध रुपमा समयमै खोपहरू अनिवार्य रुपमा लगाउनु पर्दछ । ती खोपहरू क्रमशः BCG, DPT, OPV, PCV, IPV, MR, JE / ID हुन् । यसरी खोपहरू समयमै लगाउँदा अत्यन्त सीमित लगानीमा ठूला रोगहरूको जोखिमबाट मुक्त भई बाल मृत्यूदर नियन्त्रण गर्ने प्रभावकारी उपाय हुन्छ ।

**तालिका नं. १०३:** गाउँपालिकामा रहेका खोप कार्यक्रमको विवरण

| सुचकहरु | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ |
|---|---|---|---|
| बि.सि.जी. कभरेज | ८९.७% | ९८.७% | ८३.५% |
| डि.पि.टी.हेप.बि.हिब ३ कभरेज | ८०.३% | ९१.५% | ८३.७% |
| ओ.पि.भि. ३ कभरेज | ८०.३% | ९१.५% | ८३.७% |
| पि.सि.भि. ३ कभरेज | ९३.४% | ९०.७% | ७८% |
| एफ.आइ.पी.भि.१ कभरेज | ९५.५% | १०१.३% | ९२.१% |
| जे.इ. कभरेज | ७०.४% | ६९.६% | ६८.१% |
| दादुरा रुबेला २ कभरेज | ५३.३% | ६४.६% | ६३.७% |
| टि.डि. २ र २+ कभरेज | ७७.९% | ३०.४% | |
| पूर्ण खोप कभरेज | ८८.७% | ७५.९% | ७६.५% |
| डि.पी.टी-हेप बि १- दादुरा रुबेला दोस्रो बिचको ड्रपआउट दर | ३२.७% | २४% | १८.६% |
| बि.सि.जि खोप र दादुरा रुबेला पहिलो खोप पहिलो बिचको ड्रपआउट दर | ६.९ | ६.१ | -१ |

*स्रोतः सुस्ता गाउँपालिका, HMIS, २०७७*

### ५.६.८ परिवार नियोजन

परिवार नियोजनबाट हुने फाइदाका बारेमा विभिन्न संघ संस्थाबाट गरिएका अध्ययन अनुसन्धानबाट आमा, बच्चा र नवजात शिशुको स्वास्थ्य सुधार गर्न उल्लेखनीय भूमिका खेल्ने कुरा प्रमाणित भएको छ । साथै यसले लैङ्गिक समानता, महिलाको शिक्षा र वृत्ति विकास गर्नको लागि सहयोग पुऱ्याउँछ । त्यस कारण गुणस्तरीय परिवार नियोजन सेवा प्रदान गर्ने उद्देश्यले सन् १९९१ देखि प्रजनन स्वास्थ्य कार्यक्रम र परिवार नियोजन कार्यक्रमलाई विस्तार गरी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, गाउँघर क्लिनिक र घुम्ती शिविरहरूमा विस्तार गरी महिला स्वास्थ्य स्वयंसेवीकाद्वारा सेवा पुऱ्याउँदै आएको छ ।

**तालिका नं. १०४:** परिवार योजना र सामुदायिक सेवा कार्यक्रम

| सुचकहरू | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
|---|---|---|---|
| परिवार नियोजन सेवाका नयाँसेवाग्राही दर (विवाहित प्रजनन उमेरका महिलाहरु मध्ये) | ९.१ | ६.५ | ५.८ |
| परिवार नियोजन दर (अस्थाई मात्र) | ५८६ | ५०२ | ४४५ |
| गाउँघर क्लिनिक संचालन प्रतिशत | ९६% | १००% | ६९.२% |
| प्रत्येक गाउँघर क्लिनिकबाट सेवा लिएका सेवाग्राहीको औसत संख्या | २३ | २५ | २९ |
| खोप क्लिनिक संचालन प्रतिशत | १००% | १००% | ९२.९% |
| खोप क्लिनिक सेवा लिएका सेवाग्राहीको औसत संख्या | २८ | १४ | २९ |
| आमा समूहको बैठक संचालन प्रतिशत | ९६.५ | ९६.६ | ८२.६ |

*स्रोत: सुस्ता गाउँपालिका, HMIS, २०७७*

## ५.६.९ १२ महिनाभित्र सुत्केरी गराएको स्थान सम्बन्धी विवरण

गाउँपालिकामा विगत १२ महिनामा सुत्केरी भएका मध्ये ९.८६ प्रतिशत महिलाले घरमा, ८३.९८ प्रतिशतले स्वास्थ्य संस्थामा र ६.१६ प्रतिशतले अन्य ठाउँमा सुत्केरी गराएको तथ्याङ्क छ । स्वास्थ्य संस्थामा सुत्केरी गराउने संख्या संख्या बढी भएपनि घरमा र अन्य ठाउँमा सुत्केरी गराउनेको संख्या रहेको हुँदा त्यसले आमा र शिशुको स्वास्थ्य प्रत्यक्ष रुपमा जोखिममा पर्दछ । सत प्रतिशत स्वास्थ्य संस्थामा नै सुत्केरी गराउने वातावरण श्रृजना गरी व्यापक जनचेतनाको विकास गरी वर्थिङ सर्भिसलाई विस्तार गर्नु जरुरी देखिन्छ ।

**तालिका नं. १०५:** १२ महिनाभित्र सुत्केरी गराएको स्थान सम्बन्धी विवरण

| वडा | सुत्केरी गराएको स्थान | | | जम्मा |
|---|---|---|---|---|
| | घरमा | स्वास्थ्य संस्थामा | अन्य | |
| १ | ७ | ७७ | ० | ८४ |
| २ | ६ | ८३ | ४ | ९३ |
| ३ | ८ | ७७ | १५ | १०० |
| ४ | २ | १०४ | ० | १०६ |
| ५ | २५ | ६८ | ११ | १०४ |
| जम्मा | ४८ | ४०९ | ३० | ४८७ |
| प्रतिशत | ९.८६ | ८३.९८ | ६.१६ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

## ५.६.१० १५ देखि ४९ वर्षका महिलाले जीवित शिशुलाई जन्म दिएकाको विवरण

**तालिका नं. १०६:** १५ देखि ४९ वर्षका महिलाले जीवित शिशुलाई जन्म दिएकाको विवरण

| विवरण | वडा नं. | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | |
| १ सन्तान भएको | २२३ | ३२६ | २२७ | २३९ | २०० | १२१५ |
| २ सन्तान भएको | ३०४ | ४९८ | २८६ | ३८६ | २९२ | १७६६ |
| ३ सन्तान भएको | १४८ | ३१६ | ३१३ | ३२५ | २९४ | १३९६ |
| ४ सन्तान भएको | ५४ | १२८ | १५५ | १२५ | १३८ | ६०० |

| विवरण | वडा नं. | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | |
| ५ सन्तान भएको | २५ | ४२ | ६८ | ४४ | ५८ | २३७ |
| ६ वा सोभन्दा बढी सन्तान भएको | १६ | २८ | ४२ | २८ | २७ | १४१ |
| सन्तान जन्मदिने महिला | ७७० | १३३८ | १०९१ | ११४७ | १००९ | ५३५५ |
| सन्तान जन्म नदिने महिला | ७६७ | १७७ | १९० | २९२ | १६८२ | ३१०८ |
| जम्मा महिला | १५३७ | १५१५ | १२८१ | १४३९ | २६९१ | ८४६३ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

गाउँपालिकामा हाल तथ्याङ्क अनुसार १५ देखि ४९ वर्ष उमेरसमूहका ८,४६३ जना महिलाहरूमध्ये २ वटा जिवित शिशुलाई जन्मदिने महिलाहरूको संख्या सबैभन्दा धेरै अर्थात १७६६ जना भएको पाइयो भने दोस्रोमा ३ जना जिवित शिशु जन्म दिने महिलाहरूको संख्या १३९६ रहेको छ। त्यसैगरी १ जना जिवित शिशु जन्म दिने महिलाहरूको संख्या १२१५ रहेको छ। ८ वा ८ भन्दा बढी जिवित शिशु जन्माउने महिलाहरूको संख्या समेत १७ जना हुनुले धेरै शिशु जन्माउने विगतको प्रवृति पाको उमेर समूहका महिलाहरूमा अवशेषका रुपमा रहेको मान्न सकिन्छ। १ देखि ३ वटा जिवित शिशुलाई जन्मदिनेको संख्या भने सबैभन्दा बढी रहेको छ। यो तथ्याङ्कबाट क्रमशः गाउँपालिकाको परिवारको औषत आकारमा अर्थात महिलाको खुद प्रजनन् दर घट्दै गैरहेको पाइन्छ। परिवार नियोजन कार्यक्रमको प्रभावकारीता, प्रजनन् स्वास्थमा आएको चेतना र शिक्षाको सामाजिक र पारिवारिक जागरणमा परेको सकारात्मक प्रभावका कारण परिवारको आकार घट्ने क्रममा रहेको पाइन्छ। यस तथ्याङ्कको अर्कोपक्ष भनेको सन्तानतै नभएका महिलाहरूको जनसंख्या हो। उदाहरणका लागि १५ वर्ष देखि ४९ वर्ष उमेर समूहमा सन्तान नजन्माएका महिलाको संख्या ३,१०८ रहेको छ। मुख्यतया महिलाको प्रजनन् स्वास्थमा भएको जटिलता, प्रजनन् स्वास्थ्य बारेको चेतनाको कमी, औषधोपचारमा पहुँचको कमी, पोषणको कमी, चुरोट तथा नशालु पदार्थको प्रयोग, वंशाणुगत कारण आदिले महिलामा बाँझोपन आउन सक्ने तथ्यलाई मनन् गरी त्यसतर्फ उचित कदम चाल्नु पर्ने देखिन्छ। महिलामा बाँझोपन हुँदा देखा पर्ने महिला हिंसा तथा नकारात्मक सामाजिक व्यवहारले लैङ्गिक हिंसा बढाएको तथ्य हामी सामु रहेको छ। वडागत विस्तृत विवरण तथा समग्र विवरण तालिकामा प्रस्तुत गरिएको छ।

### ५.६.११ तथ्याङ्क संकलनको पछिल्लो १२ महिनामा परिवारको सदस्यको मृत्यु सम्बन्धी विवरण

यस गाउँपालिकामा रहेका कूल ८२०३ घरपरिवारहरू मध्येमा १३६ जनाको मृत्यु भएको छ। जसमा ७६ जना अर्थात ५५.८८ प्रतिशत पुरुष र ६० अर्थात ४४.१२ प्रतिशत महिलाको मृत्यु भएको देखिन्छ। सबैभन्दा धेरै मृत्युको अभिलेख भएको वडा ४ मा १६ जना रहेको छ भने वडा नं. २ मा कम मृत्यु भएको देखिन्छ। वडागत विस्तृत तथ्याङ्क तालिकामा प्रस्तुत गरिएको छ।

$$\text{कोरा मृत्युदर} = \frac{\text{विगत १२ महिनामा भएको मृत्यु संख्या}}{\text{मध्य वर्षको जनसंख्या}} \times 1000 = \frac{१३६}{४१३९६} \times 1000 = ३.२९ \text{ जना}$$

अर्थात प्रतिहजार जनसंख्यामा प्रतिवर्ष ३.२९ जनाको मृत्यु हुने तथ्याङ्कले देखाउँछ। यद्यपि कोरा मृत्युदरले मृत्युको अवस्थाबारे यथार्थ चित्रण गर्न भने सक्दैन।

### ५.६.१२ लिङ्ग र उमेर समूह अनुसार विगत १२ महिनामा मृत्यु भएकाको विवरण

**तालिका नं. १०७:** लिङ्ग र उमेर अनुसार विगत १२ महिनामा मृत्यु भएकाको विवरण

| मृतकको उमेर समूह | मृतक पुरूषको | | मृतक महिलाको | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ०-४ वर्ष | २ | १.४७ | ७ | ५.१५ | ९ | ६.६२ |
| ५-९ वर्ष | १ | ०.७४ | ० | ० | १ | ०.७४ |
| १०-१४ वर्ष | १ | ०.७४ | १ | ०.७४ | २ | १.४७ |
| १५-१९ वर्ष | ३ | २.२१ | २ | १.४७ | ५ | ३.६८ |
| २०-२४ वर्ष | २ | १.४७ | ० | ० | २ | १.४७ |
| २५-२९ वर्ष | २ | १.४७ | १ | ०.७४ | ३ | २.२१ |
| ३०-३४ वर्ष | ३ | २.२१ | १ | ०.७४ | ४ | २.९४ |
| ३५-३९ वर्ष | २ | १.४७ | ३ | २.२१ | ५ | ३.६८ |
| ४०-४४ वर्ष | ६ | ४.४१ | १ | ०.७४ | ७ | ५.१५ |
| ४५-४९ वर्ष | ६ | ४.४१ | ४ | २.९४ | १० | ७.३५ |
| ५०-५४ वर्ष | ७ | ५.१५ | ३ | २.२१ | १० | ७.३५ |
| ५५-५९ वर्ष | ४ | २.९४ | ६ | ४.४१ | १० | ७.३५ |
| ६०-६४ वर्ष | २ | १.४७ | ३ | २.२१ | ५ | ३.६८ |
| ६५-६९ वर्ष | ५ | ३.६८ | ५ | ३.६८ | १० | ७.३५ |
| ७०-७५ वर्ष | ८ | ५.८८ | ७ | ५.१५ | १५ | ११.०३ |
| ७५-७९ वर्ष | ५ | ३.६८ | ५ | ३.६८ | १० | ७.३५ |
| ८०-८९ वर्ष | १२ | ८.८२ | २ | १.४७ | १४ | १०.२९ |
| ९०-९९ वर्ष | १ | ०.७४ | ७ | ५.१५ | ८ | ५.८८ |
| १०० वर्ष वा सोभन्दा बढी | ४ | २.९४ | २ | १.४७ | ६ | ४.४१ |
| जम्मा | ७६ | ५५.८८ | ६० | ४४.१२ | १३६ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

गाउँपालिकामा विगत १२ महिनामा मृत्यु हुनेहरूको संख्यालाई हेर्दा सबै भन्दा बढी मृत्यु संख्या ८० देखि ८९ वर्षको उमेर समूहका पुरुष र त्यसपछि ७० देखि ७५ सम्मका पुरुषहरू देखिन्छ। जसमा सबैभन्दा बढी ८० देखि ८९ वर्षका १२ जना पुरुषको मृत्यु भएको भने दोस्रोमा ७० देखि ७५ वर्षको ८ जना पुरुषहरूको मृत्यु भएको देखिन्छ। चौधौ आवधिक योजनाका अनुसार नेपालमा जन्मदाको बखत आम नेपालीको औषत आयू ६९ वर्ष उल्लेख गरिएको छ। सामान्यतया उमेर पुगेर हुने प्राकृतिक मृत्युलाई स्वाभाविक मान्न सकिन्छ तसर्थ यस गाउँपालिकामा बढी मृत्यु हुने उमेर समूह हेर्दा ६० वर्ष माथिको नै देखिन्छ। यद्यपि पछिल्लो समय औषधी विज्ञान र चिकित्सा पद्धतिमा भएको उच्च विकास र आधुनिक औषधि उपचारमा बृद्धि भएको पहुँच र क्रमिक रुपमा स्वास्थ्य चेतनाको बृद्धिका कारण नेपालको औषत आयू समेत विगतका वर्ष भन्दा बढ्दै गैरहेको छ। यद्यपि ४ वर्षसम्मका बालबालिकाको मृत्यु संस्था १३ भएकोले यसप्रति संम्वदेनशील हुनु पर्ने अवस्था छ।




## ५.६.१३ मृत्युको कारण अनुसार मृतकको जनसंख्या

**तालिका नं. १०८:** मृत्युको कारण अनुसार मृतकको जनसंख्याको विवरण

| मृत्युको कारण | पुरूष | | महिला | | जम्मा |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| कालगतिले मर्नु | १५ | ११.०३ | १२ | ८.८२ | २७ |
| थाहा नभएको / कारण नखुलेको | ८ | ५.८८ | ८ | ५.८८ | १६ |
| अन्य कारणले | ३ | २.२१ | १० | ७.३५ | १३ |
| अन्य दुर्घटना | ८ | ५.८८ | २ | १.४७ | १० |
| क्यान्सर | ३ | २.२१ | ७ | ५.१५ | १० |
| मधुमेह (डाइबिटिज) | २ | १.४७ | ५ | ३.६८ | ७ |
| प्राकृतिक प्रकोप | २ | १.४७ | ४ | २.९४ | ६ |
| रक्तचाप (उच्च तथा निम्न रक्तचाप) | ४ | २.९४ | १ | ०.७४ | ५ |
| मृगौला सम्बन्धी रोग | ४ | २.९४ | ० | ० | ४ |
| आत्महत्या | ३ | २.२१ | ० | ० | ३ |
| यातायात दुर्घटना | ३ | २.२१ | ० | ० | ३ |
| ग्यास्ट्रिक/अल्सर/आन्द्राको रोग | २ | १.४७ | १ | ०.७४ | ३ |
| श्वास प्रश्वाससम्बन्धी रोगहरू | ० | ० | ३ | २.२१ | ३ |
| टाइफाइड | १ | ०.७४ | २ | १.४७ | ३ |
| जण्डीस (कमलपित्त) | ३ | २.२१ | ० | ० | ३ |
| कलेजो सम्बन्धी रोग | २ | १.४७ | ० | ० | २ |
| दम | १ | ०.७४ | १ | ०.७४ | २ |
| मुटुसम्बन्धी रोगहरू | २ | १.४७ | ० | ० | २ |

| मृत्युको कारण | पुरूष | | महिला | | जम्मा |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| अन्य यौन रोग | १ | ०.७४ | १ | ०.७४ | २ |
| निमोनिया | १ | ०.७४ | १ | ०.७४ | २ |
| कोरोना भाइरस (COVID–19) | १ | ०.७४ | ० | ० | १ |
| हिंसा | १ | ०.७४ | ० | ० | १ |
| अन्य प्रजनन वा प्रसुतीजन्य कारणहरू | ० | ० | १ | ०.७४ | १ |
| टाउको सम्बन्धी (ब्रेन ह्यामरेज) | १ | ०.७४ | ० | ० | १ |
| अन्य सरुवा रोग (बर्ड फ्लु / स्वाइन फ्लू / प्लेग | ० | ० | १ | ०.७४ | १ |
| रेबिज | १ | ०.७४ | ० | ० | १ |
| एचआईभी/एड्स | १ | ०.७४ | ० | ० | १ |
| मलेरिया | १ | ०.७४ | ० | ० | १ |
| क्षयरोग | १ | ०.७४ | ० | ० | १ |
| हैजा/झाडा पखाला/आउँ | १ | ०.७४ | ० | ० | १ |
| जम्मा | ७६ | ५५.८८ | ६० | ४४.१२ | १३६ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

गाउँपालिकामा विगत १२ महिनामा मृत्यु भएका परिवारका सदस्यहरूको विवरणलाई हेर्दा १३६ सदस्यहरूको मृत्युको भएको छ। यसमध्ये सबैभन्दा धेरै २७ जनाको कालगतिले मृत्यु भएको देखिन्छ। दोस्रोमा १६ जनाको कारण नखुलेको, १३ जनाको अन्य कारणले, १० जनाको दुर्घटनाले मृत्यु भएको देखिन्छ । त्यसैगरी गाउँपालिकाका ३ जनाले आत्महत्या गरेको देखिन्छ। आत्महत्या गर्नेहरूमा ३ जना नै पुरुष रहेका छन्। समग्र तथ्याङ्कको विश्लेषण गर्दा उमेर र दीर्घरोगका कारण मर्नेको संख्या उच्च देखिन्छ। यसको प्रमुख कारणहरूमा अस्वस्थकर जीवनशैली, खानपानको असन्तुलन, नियमित व्यायामको अभाव, मानसिक स्वास्थ्यमा सजगताको कमी, वंशानुगत कारण तथा समयमै स्वास्थ्य जाँच नगराउने परिपाटी आदि हुन् । सरुवा रोगका कारण बालबालिका मर्नु भनेको व्यक्तिगत, पारिवारिक तथा सामुदायीक स्वास्थ्य र सरसफाइ तथा प्राथमिक स्वास्थ्य जस्तै पोषण, खोप र नियमित स्वास्थ्य जाँचको बारेमा जनचेतनामा कमी, उपचार पहुँच र स्वास्थ्य सेवाको उपलब्धतामा कमी हुनाले हो। मृत्युको कारण सम्बन्धी विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

### ५.६.१४ मृतक महिलाको मृत्यु हुँदाको अवस्था सम्बन्धि विवरण

**तालिका नं. १०९:** मृतक महिलाको मृत्यु हुँदाको अवस्था सम्बन्धि विवरण

| वडा | मृतक महिलाको अवस्था | | | | | | १५ - ४९ वर्षका मृतक महिला | |
|---|---|---|---|---|---|---|---|---|
| | गर्भवती अवस्था | | बच्चा जन्मेको वा गर्भावस्था समाप्त भएको ६ हप्ता भित्र | | सामान्य अवस्था | | संख्या | प्रतिशत |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | |
| १ | ० | ०.०० | ० | ०.०० | ३ | २५.०० | ३ | २५.०० |
| ३ | १ | ८.३३ | १ | ८.३३ | १ | ८.३३ | ३ | २५.०० |
| ४ | ० | ०.०० | ० | ०.०० | ४ | ३३.३३ | ४ | ३३.३३ |
| ५ | ० | ०.०० | ० | ०.०० | २ | १६.६७ | २ | १६.६७ |
| जम्मा | १ | ८.३३ | १ | ८.३३ | १० | ८३.३३ | १२ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*




गाउँपालिकामा १५-४९ वर्षका १२ जना महिलाको मृत्यु भएकोमा सुत्केरी अवस्थामा मृत्युको महिलाको संख्या १ अर्थात ८.३३ प्रतिशत रहेको छ। बच्चा जन्मिदा वा गर्भावस्था समाप्त भएको ६ हप्ता भएको १ जना महिलाको मृत्यु भएको छ भने १० जना महिलाको सामान्य अवस्थामा नै मृत्यु भएको तथ्याङ्कले देखाउछ।

### ५.६.१५ शिशु तथा ५ वर्ष मुनिका बाल मृत्युदर

राष्ट्रिय जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षण, २०१६ (National Demographic and Health Survey, 2016) का अनुसार नवजात शिशु मृत्युदर प्रतिहजार २१, शिशु मृत्युदर प्रतिहजार ३२ र पाँच वर्षमुनिको बाल मृत्युदर प्रतिहजार ३९ रहेको तथ्याङ्क सार्वजनिक भएको छ।

### ५.६.१६ पहिलो बच्चा जन्मदिंदा महिलाको उमेरको विवरण

कानूनी र प्रजनन स्वास्थको दृष्टिकोणबाट २० वा सो वर्षभन्दा कम उमेरमा आमा बन्नु गैरकानूनी र मातृ तथा शिशु दुवैको स्वास्थ्यका दृष्टिकोणबाट जोखिमपूर्ण मानिन्छ। शारीरिक, मानसिक, आर्थिक रुपमा अपरिपक्व अवस्थामा गर्भाधान र सन्तान जन्माउँदा एकातर्फ अपरिपक्व, कम तौलको, शारीरिक र बौद्धिक रुपमा विकलाङ्ग शिशु जन्मन सक्ने जोखिम उच्च रहन्छ भने अर्कोतर्फ गर्भावस्थाको हेरविचार, मातृ तथा शिशुको स्याहार, खानपान, सरसफाइजस्ता विषयमा पर्याप्त जानकारी नहुँदा आमा र शिशु विभिन्न प्रकारका संक्रमणको सिकार हुन सक्ने संभावना रहन्छ।

नेपालले सहश्राब्दि विकास लक्ष्य २०००-२०१५ का बिचमा मातृ तथा शिशु स्वास्थ्यको क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको छ। सन् १९९० लाई आधार वर्ष मान्दा नेपालमा कूल १००० जीवित जन्म भएका शिशुमध्ये १०८ जनाको मृत्यु हुने गरेकोमा यो संख्यामा सारभूत रुपमा गिरावट आई सन् २०१५ सम्म ३३ मा झरेको छ भने ५ वर्षभन्दा कम उमेरका बालबालिकाको मृत्युदर (प्रति हजार) ३८ मा झरेको छ। त्यसैगरी सन् १९९० लाई आधार वर्ष मान्दा मातृमृत्यु (प्रति एकलाख) मा ८५० रहेकोमा सन् २०१५ सम्म २५८ मा झरेको देखिन्छ भने तालिम प्राप्त स्वास्थकर्मीबाट प्रसुति गराउने महिलाको अनुपात ५५.६% पुगेको तथ्यांक देखिन्छ (Nepal and the Millennium Development Goals Final Status Report 2000-2015)। यसरी हेर्दा समग्र मातृ तथा शिशु स्वास्थको क्षेत्रमा सकारात्मक परिवर्तनका संकेतहरू देखा परिरहेका छन्।

गाउँपालिकाका कूल ५,३५८ महिलालाई पहिलो सन्तान जन्मदिंदा उनीहरूको उमेरको बारेमा सोधिएको प्रश्नमा १९ जना अर्थात् ०.३५ प्रतिशत महिलाले १५ वर्षभन्दा कम उमेरमा र २,३६५ जना अर्थात् ४४.१४ प्रतिशत महिलाले १५-१९ वर्षको बिचमा पहिलो सन्तान जन्माएको देखिन्छ । त्यसैगरी २,४३२ अर्थात् ४५.३९ प्रतिशत महिला २०-२४ वर्ष उमेरमा, ४७६ अर्थात् ८.८८ प्रतिशत महिला २५-२९ वर्ष उमेरमा र ४९ जना अर्थात् ०.९१ प्रतिशत महिला ३०-३४ वर्ष उमेरमा आमा बनेको देखिन्छ भने ३५ वर्षमाथि पहिलो पटक आमा बन्नेको संख्या जम्मा १७ जना अर्थात् ०.३२ प्रतिशत रहेको छ ।

**तालिका नं. ११०:** १०-४९ उमेरसमूहका विवाहित महिलाहरूको पहिलो बच्चा जन्मिदाको उमेरसम्बन्धी विवरण

| वडा | पहिलो बच्चा जन्मदिँदा आमाको उमेर | | | | | | जम्मा आमाको संख्या |
|---|---|---|---|---|---|---|---|
| | १५ वर्ष भन्दा कम | १५ - १९ वर्ष | २० - २४ वर्ष | २५ - २९ वर्ष | ३० - ३४ वर्ष | ३५ वर्ष वा सोभन्दा बढी | |
| १ | १ | १९० | ४६१ | १०८ | ६ | ४ | ७७० |
| २ | २ | ५९४ | ५६८ | १४८ | २२ | ५ | १३३९ |
| ३ | १० | ५५६ | ४१७ | ९९ | ७ | ४ | १०९३ |
| ४ | १ | ५३८ | ५४४ | ५२ | ९ | ३ | ११४७ |
| ५ | ५ | ४८७ | ४४२ | ६९ | ५ | १ | १००९ |
| जम्मा | १९ | २३६५ | २४३२ | ४७६ | ४९ | १७ | ५३५८ |
| प्रतिशत | ०.३५ | ४४.१४ | ४५.३९ | ८.८८ | ०.९१ | ०.३२ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

## ५.६.१७ दीर्घ रोगसम्बन्धी विवरण

गाउँपालिकामा रहेका कुल जनसंख्या मध्ये दिर्घ रोगका कारण पिडितहरूको संख्या १५६१ रहेको छ । यी मध्ये सबैभन्दा बढी बाथ/जोर्नी दुखाईको रोग लागेका ४४२ जना, दोस्रोमा रक्तचाप(उच्च/न्यून) सम्बन्धी रोग हुनेहरू संख्या २६२ जना, तेस्रोमा अन्य रोग सम्बन्धी रोगीहरूको संख्या २३८ जना रहेका छन् भने यस बाहेक अन्य, मुटु, दम, स्वास प्रस्वास, मदुमेह, छारे रोग, मृगौला सम्बन्धी रोगीहरूको लगायतका दीर्घरोगीहरू रहेका छन् । त्यस्तै अन्य दीर्घ रोगीहरूको संख्या समेत धेरै रहेको छ । विशेषगरी खानपान र जीवनशैली, धुम्रपान, मध्यपान, शारिरीक व्यायामको कमी, मानसिक चिन्ता तथा बंशाणुगत कारणले दिर्घ रोगहरू लाग्छन् । तसर्थ यस्ता रोगहरू कम गर्न व्यापक स्वास्थ्य चेतना फैलाउने खालका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १११:** दीर्घ रोगको प्रकारअनुसार जनसंख्याको विवरण

| दीर्घरोगको प्रकार | वडा नं. | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | | |
| बाथ/जोर्नी दुखाई | ९७ | ८६ | ७२ | ५३ | १३४ | ४४२ | २८.३२% |
| रक्तचाप (उच्च / न्यून) | १०२ | ७१ | २४ | १८ | ४७ | २६२ | १६.७८% |
| अन्य | १६ | ४० | १०१ | ५ | ७६ | २३८ | १५.२५% |
| मदुमेह | २५ | ३३ | २७ | ३३ | ४५ | १६३ | १०.४४% |

| दीर्घरोगको प्रकार | वडा नं. | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | | |
| ग्यास्ट्रिक/अल्सर/आन्द्राको रोग | ४४ | २३ | ४६ | ५ | ३८ | १५६ | ९.९९% |
| मुटुसम्बन्धी रोग | १४ | १६ | १२ | ११ | ११ | ६४ | ४.१०% |
| स्वास प्रस्वाससम्बन्धी | ८ | ९ | १५ | ५ | २३ | ६० | ३.८४% |
| दम | २७ | ८ | ११ | २ | २ | ५० | ३.२०% |
| स्त्री रोग | ६ | ७ | १२ | ० | २० | ४५ | २.८८% |
| मृगौलासम्बन्धी | १० | ६ | ७ | ६ | ८ | ३७ | २.३७% |
| पार्किन्सन/अल्जाइमर | ६ | ० | १ | ० | ४ | ११ | ०.७०% |
| माइग्रेन | ५ | १ | २ | १ | १ | १० | ०.६४% |
| कलेजोसम्बन्धी | ० | २ | ० | ० | ५ | ७ | ०.४५% |
| अर्बुद (क्यान्सर) | २ | ४ | ० | ० | १ | ७ | ०.४५% |
| छारे रोग | ३ | १ | २ | ० | १ | ७ | ०.४५% |
| पेशागत रोग | २ | ० | ० | ० | ० | २ | ०.१३% |
| जम्मा | ३६७ | ३०७ | ३३२ | १३९ | ४१६ | १५६१ | १००.००% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*



**तालिका नं. ११२:** दीर्घरोग रोगको भएको अवधिको आधार जनसंख्याको विवरण

| वडा नं. | दीर्घरोगबाट पिडित भएको वर्ष | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ०-२ वर्ष सम्म | ३ - ५ वर्ष | ६ - ९ वर्ष | १० - १४ वर्ष | १५ - १९ वर्ष | २० - २९ वर्ष | ३० - ३९ वर्ष | ४० वर्ष वा सोभन्दा बढी |
| १ | ७४ | १४२ | ६९ | ५७ | १५ | ४ | ४ | २ |
| २ | ६० | १३३ | ५३ | ३७ | ७ | १२ | २ | ३ |
| ३ | ११६ | १०७ | ५१ | २८ | ११ | ११ | ४ | ४ |
| ४ | १५ | ७४ | १३ | ३१ | ५ | ० | १ | ० |
| ५ | १०७ | १७५ | ६५ | ३२ | २० | १४ | १ | २ |
| जम्मा | ३७२ | ६३१ | २५१ | १८५ | ५८ | ४१ | १२ | ११ |
| प्रतिशत | २३.८३ | ४०.४२ | १६.०८ | ११.८५ | ३.७२ | २.६३ | ०.७७ | ०.७० |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*

## ५.६.१८ स्वास्थ्य बीमा सम्बन्धी विवरण

**तालिका नं. ११३:** स्वास्थ्य बीमा गरे नगरेको आधारमा परिवारको विवरण

| वडा | परिवारको स्वास्थ्य बीमा छ | परिवारको स्वास्थ्य बीमा छैन | जम्मा परिवार |
|---|---|---|---|
| १ | ६९ | १४५० | १५१९ |
| २ | ६८ | १४०१ | १४६९ |
| ३ | ३० | ११७२ | १२०२ |
| ४ | ११३ | ११९८ | १३११ |
| ५ | १६७ | २५३५ | २७०२ |
| जम्मा परिवार | ४४७ | ७७५६ | ८२०३ |
| प्रतिशत | ५.४५ | ९४.५५ | १०० |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*

गाउँपालिकामा रहेका ८२०३ घरपरिवारलाई स्वास्थ्य बीमा गरे/नगरेको बारे सोधिएको प्रश्नमा ४४७ परिवारले स्वास्थ्य बीमा गरेको बताएका छन् भन ७७५६ परिवारले स्वास्थ्य बीमा नगरेको तथ्याङ्कमा देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।



## ५.७ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

### ५.७.१ जेष्ठ नागरिक तथा एकल महिलाको विवरण

जेष्ठ नागरिक सम्बन्धी ऐन २०६३ अनुसार "जेष्ठ नागरिक" भन्नाले ६० वर्ष पूरा गरेका नेपाली नागरिकलाई सम्झनु पर्दछ । यस गाउँपालिकमा रहेका जेष्ठ नागरिको लैङ्गिक आधारमा विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११४:** ६० वर्ष र सोभन्दा बढी उमेरका जेष्ठ नागरिकसम्बन्धी वडागत विवरण

| वडा नं. | पुरूष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | वडागत प्रतिशत | संख्या | वडागत प्रतिशत | संख्या | जम्मामा प्रतिशत |
| १ | ३९३ | ५३.० | ३४९ | ४७.० | ७४२ | १९.० |
| २ | ३८६ | ५१.७ | ३६० | ४८.३ | ७४६ | १९.१ |
| ३ | ३०६ | ५२.९ | २७२ | ४७.१ | ५७८ | १४.८ |
| ४ | ३७० | ५३.१ | ३२७ | ४६.९ | ६९७ | १७.९ |
| ५ | ६०१ | ५३.० | ५३४ | ४७.० | ११३५ | २९.१ |
| जम्मा | २०५६ | ५२.७ | १८४२ | ४७.३ | ३८९८ | १०० |

*स्रोतः घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*

एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० अनुसार एकल महिला भन्नाले (१) सम्बन्ध विच्छेद गरेकी महिला, (२) विधवा, (३) पैंतीस वर्ष उमेर पूरा गरेकी अविवाहित महिला, (४) पाँच वर्ष भन्दा बढी समयदेखि पति हराई वा बेपत्ता भएकी महिला, (५) अंशवण्डा गरी वा मानो छुट्टिई पतिसँग अलग बसेकी महिला भनेर परिभाषित गरिएको छ । तलको तालिकामा बुँदा नं. (४) मा उल्लेख गरिएको "पाँच वर्ष भन्दा बढी समयदेखि पति हराई वा बेपत्ता भएकी महिला" बाहेकका एकाल महिलाको विवरण प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११५:** एकल महिलासम्बन्धी वडागत विवरण

| वडा नं. | ३५ वर्ष माथिका अविवाहित | | विधुवा | | सम्बन्ध बिच्छेद भएकी | | छुट्टिएको | | जम्मा एकल महिला | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ६ | १.०० | १७४ | २९.२० | ५ | ०.८० | २ | ०.३० | १८७ | ३१.४० |
| २ | ९ | १.५० | १०६ | १७.८० | १ | ०.२० | ५ | ०.८० | १२१ | २०.३० |
| ३ | ८ | १.३० | ६० | १०.१० | १ | ०.२० | ८ | १.३० | ७७ | १२.९० |
| ४ | १७ | २.९० | ५२ | ८.७० | २ | ०.३० | ० | ० | ७१ | ११.९० |
| ५ | ७ | १.२० | १२५ | २१.०० | ५ | ०.८० | ३ | ०.५० | १४० | २३.५० |
| जम्मा | ४७ | ७.९० | ५१७ | ८६.७० | १४ | २.३० | १८ | ३.०० | ५९६ | १०० |

*स्रोतः घरधुरी तथ्याङ्क सङ्कलन, २०७७*

### ५.७.२ अपाङ्गताका आधारमा जनसंख्याको विवरण

शरीरका अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चार समेतबाट सिर्जना भएको अवरोध समेतले दैनिक क्रियाकलाप सामान्यरूपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाई अपाङ्गता भनिन्छ । खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न

(Trachoma) रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ।

अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्यून दृष्टियुक्त, स्वरबोलाई सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग (पहेलो रङको परिचयपत्र) र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानिय स्रोत साधन र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ। अपाङ्गता परिचयपत्रको आधारमा अपाङ्ग जनसंख्याको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

घरधुरी तथ्याङ्क संकलन, २०७७ को तथ्याङ्क अनुसार गाउँपालिकामा रहेको कूल ४१,३९६ जनसंख्या मध्ये ४८७ जनामा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ । जसमध्ये शारिरीक अपाङ्गता भएका २५८ जना, दृष्टिविहिन अपाङ्गता भएका ३८ जना, सुनाइ सम्बन्धी अपाङ्गता भएका ३४ जना, स्वर बोलाई सम्बन्धी अपाङ्गता भएका ५७ जना रहेका छन् । थप अपाङ्गता तथा वडागत अपाङ्गताको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११६:** अपाङ्गताको किसिम अनुसार जनसंख्या विवरण

| वडा | अपाङ्गता नभएको | शारीरिक अपाङ्गता | दृष्टि सम्बन्धी अपाङ्गता | सुनाई सम्बन्धी अपाङ्गता | श्रवण दृष्टिबिहीन | स्वरबोलाई सम्बन्धी अपाङ्गता | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहुअपाङ्गता | अपाङ्गता भएका जम्मा जनसंख्या | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६९०० | ६३ | १६ | १३ | ३ | १३ | ११ | १ | २ | १२२ | ७०२२ |
| २ | ६८६७ | ४५ | ४ | ३ | २ | १० | १५ | १० | २ | ९१ | ६९५८ |
| ३ | ६४०७ | ३७ | ९ | ६ | ३ | १० | ६ | ४ | ० | ७५ | ६४८२ |
| ४ | ६९६९ | ५७ | ३ | ५ | २ | १६ | ५ | ३ | ० | ९१ | ७०६० |
| ५ | १३७६६ | ५६ | ६ | ७ | २ | ८ | १९ | ८ | २ | १०८ | १३८७४ |
| जम्मा | ४०९०९ | २५८ | ३८ | ३४ | १२ | ५७ | ५६ | २६ | ६ | ४८७ | ४१३९६ |
| प्रतिशत | ९८.८२ | ०.६२ | ०.०९ | ०.०८ | ०.०३ | ०.१४ | ०.१४ | ०.०६ | ०.०१ | १.१८ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*






## ५.७.३ महिलाको नाममा भएको घर/जग्गा सम्बन्धी विवरण

**तालिका नं. ११७:** महिलाको नाममा भएको घर/जग्गा सम्बन्धी विवरण

| वडा | महिलाको नाममा घर/जग्गा भएको परिवार संख्या | महिलाको नाममा घर/जग्गा नभएको परिवार संख्या | थाहा छैन | जम्मा परिवार संख्या |
|---|---|---|---|---|
| १ | २०० | ९६४ | ३५५ | १५१९ |
| २ | १९६ | १२६२ | ११ | १४६९ |
| ३ | १५९ | १०३६ | ७ | १२०२ |
| ४ | २०४ | १०८८ | १९ | १३११ |
| ५ | ११५ | २५४५ | ४२ | २७०२ |
| जम्मा | ८७४ | ६८९५ | ४३४ | ८२०३ |
| प्रतिशत | १०.६५ | ८४.०५ | ५.२९ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

गाउँपालिकामा रहेका कूल ८२०३ घरपरिवारहरूमध्ये ८७४ अर्थात १०.६५ प्रतिशत घरपरिवारमा महिलाको स्वामित्वमा घर तथा जमिन रहेको छ भने ६८९५ अर्थात् ८४.०५ प्रतिशत घरपरिवारमा पुरुषको नै स्वामित्व रहेको देखिन्छ भने ४३४ अर्थात ५.२९ प्रतिशत घरपरिवारमा थाहा नभएको देखिन्छ । हालका वर्षहरूमा शिक्षाको सकारात्मक प्रभाव, सञ्चार माध्यमको विकास र त्यसको प्रचारात्मक प्रभाव, प्रमुख राजनैतिक तथा सामाजिक परिवर्तन जस्ता कारणले लैङ्गिक भेदभाव क्रमशः कम हुँदै गएतापनि गाउँमा त्यसको प्रभाव कम देखिन्छ । लैङ्गिक भेद्भाव हटाउन गाउँले प्रभावकारी कदमहरू कडाइका साथ चाल्नु अनिवार्य छ । जसको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ५.७.४ लिङ्ग अनुसार बाल विवाह (बीस वर्ष मुनिका)

**तालिका नं. ११८:** लिङ्गअनुसार बालविवाहको स्थिति (२० वर्षभन्दा मुनिका)

| उमेर समूह | एक विवाह | | | विदुर/विधुवा | |
|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | जम्मा |
| १० वर्ष - १४ वर्ष | १ | २ | ३ | ० | ० |
| १५ वर्ष - १९ वर्ष | २८ | १५५ | १८३ | १ | १ |
| जम्मा | २९ | १५७ | १८६ | १ | १ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

## ५.७.५ बालक्लव तथा संजालको विवरण

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रुपमा बालबालिकाहरू क्रियाशिल रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यम बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नितिगत दस्तावेजहरूमा पनि उल्लेख गरिएको छ। बालबालिकालाई समूहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार

राख्ने विषयमा मत व्यक्तका गर्नका लागि विभिन्न स्तरका नीति तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधित्वलाई मान्यता दिइएको छ।

व्यक्तिगतरुपमा गाउँपालिकामा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामूलक कार्यहरू गरिरहेको छन्। बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यालय भर्ना अभियान, (३) बालश्रम न्यूनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिवृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) नि:शुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्।

### ५.७.६ वार्षिक कार्यक्रमबाट लक्षित कार्यक्रमतर्फ भएको विनियोजन तथा खर्चको अवस्था

### ५.७.७ स्थानीय तह तथा सामाजिक संघसंस्थामा संलग्नतासम्बन्धी विवरण

**तालिका नं. ११९:** परिवारका सदस्यको स्थानीय तह वा सामाजिक संघसंस्थामा संलग्नतासम्बन्धि विवरण

| वडा | स्थानीय तह वा सामाजिक संघसंस्थामा संलग्नता भएको परिवार संख्या | स्थानीय तह वा सामाजिक संघसंस्थामा संलग्नता नभएको परिवार संख्या | जम्मा |
|---|---|---|---|
| १ | ४८२ | १०३७ | १५१९ |
| २ | ४९५ | ९७४ | १४६९ |
| ३ | ७०१ | ५०१ | १२०२ |
| ४ | ४७० | ८४१ | १३११ |
| ५ | ३५४ | २३४८ | २७०२ |
| जम्मा | २५०२ | ५७०१ | ८२०३ |
| प्रतिशत | ३०.५० | ६९.५० | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

गाउँमा रहेका कुल घरपरिवार मध्ये २५०२ अर्थात ३०.५० प्रतिशत परिवारका सदस्यको स्थानीय तह वा सामाजिक संघसंस्थामा संलग्नता रहेको छ भने ५७०१ अर्थात ६९.५० प्रतिशत परिवारका सदस्यको भने स्थानीय तह वा सामाजिक संघसंस्थामा संलग्नता नरहेको तथ्याङ्कले देखाउछ।



## ५.८ युवा तथा खेलकुद र मनोरञ्जन

### ५.८.१ खेलमैदान, पार्क, पिकनिक स्थल तथा मनोरन्जनस्थल सम्वन्धी विवरण

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी गाउँपालिकाको खेल अनुशासन र खेलकुद विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस गाउँपालिकामा खेलकुदको विकास भएको पाइन्छ। यसको लागि गाउँपालिकाले विभिन्न खुला स्थानहरू छोडेको छ। तर ती स्थानहरूमा खेलकुदको लागि केही मात्र पूर्वाधार तयार भएको देखिन्छ। समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वस्थ शारीरिक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्यून लगानी हुने गरेको देखिन्छ। विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। यस क्रमलाई संघीय, प्रादेशिक र स्थानीय सरकारले सहकार्य र साझेदारीको रुपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ।



*वडा नं. ४, नर्सही खेलमैदान*

गाउँपालिका मनोरञ्जनको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलकुद मैदानहरू नभएपनि भलिबल तथा फुटबल मैदानहरू खुल्ला जमिन, चौर, पार्कहरूमा यहाँका मानिसहरूले मनोरञ्जन लिने गरको पाइन्छ तर ती खुला जमिन, चौर तथा खेलमैदान व्यवस्थित मैदानको रुपमा विकसित भईसकेको छैन। यहाँका किसानहरू धेरै समय आफ्नो खेत बारीमा बिताउने गर्दछन् भने फुर्सदको समयमा उनिहरू त्यहाँको स्थानीय प्राकृतिमा रमाउने र आफ्नो पहुँचमा रहको मनोरञ्जनका क्रियाकलापहरू गर्ने गरेको पाइन्छ। गाउँपालिकामा रहेका खेलकुद मैदान सम्बन्धी विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. १२०:** रंगशाला, खेल मैदान, व्यायामशाला, पौडी पोखरी सम्बन्धी विवरण

| क्र. सं. | नाम | ठेगाना | क्षेत्रफल |
|---|---|---|---|
| १ | प्रस्तावित रंगशाला | वडा नं. २, सत्पत्ती | ४ विगाहा |
| २ | कुडिया | वडा नं. २ | १७ कठ्ठा |
| ३ | गुदरिया नयाँ पुल भलिवल खेलमैदान | वडा नं. २ | १ विगाहा |
| ४ | नरसही रंगशाला (फुटवल ग्राउण्ड) | वडा नं. ४ | |
| ५ | रामनगर खेलमैदान | वडा नं. ५ | |
| ६ | बलिनगर खेलमैदान | वडा नं. ५ | |

*स्रोत: सुस्ता गाउँकार्यपालिकाको कार्यालय, २०७७*

### ५.८.२ युवा क्लब सम्बन्धी विवरण

## ५.९ शान्ति सुरक्षाको विवरण

संविधानमा उल्लेख भए अनुरुप राज्यले नागरिकलाई सुरक्षित आभास गराउन सक्नु पर्दछ । हरेक राष्ट्रका नागरिकहरूलाई नागरिक सुरक्षा प्रदान गर्नु राज्यको दायित्व हो । नागरिकले आफ्नो राज्यमा सुरक्षित महसुस हुन पाउनुपर्छ । यसलाई चुस्त बनाउन नागरिक समाजको पनि त्यतिकै महत्वपूर्ण भूमिका रहन्छ ।

गाउँपालिकामा भएका अपराधिक तथा सामाजिक नियम बाहिरका कार्य चोरी डकैती लगायतका अन्य कार्यहरू यी सुरक्षा निकाय मार्फत समाधान हुने गरेको पाइन्छ । यस गाउँपालिकामा वर्षभरिमा कुनै अप्रिय घटना घटेको दर्ता खासै गरिएको देखिएन । गाउँपालिकामा सानातिना झैझगडा, कुटपिट, साँध, सिमानामा विवाद, चोरी डकैती, ठगी, घरेलु हिंसाका घटनाहरू यदाकदा हुने गरेको स्थानीयबासीको भनाई छ । यस गाउँपालिकाको वडा नं. २, ४ र ५ मा प्रहरी पोष्ट र वडा नं. ५ मा शसस्त्र प्रहरीको बि.ओ.पि रहेका छन् । साथै जिल्लामा शान्ति सुरक्षासँग सम्बन्धित निकायहरूमा नेपाली सेना तथा नेपाल प्रहरीका विभिन्न ईकाइहरू रहेका छन् ।




*प्रहरी चौकी कुडिया, वडा नं. २*

### ५.९.१ प्रहरीचौकी, सशस्त्र प्रहरी र सेनासम्बन्धी विवरण

**तालिका नं. १२१:** गाउँपालिकामा रहेका सुरक्षा निकायको विवरण

| क्र.सं. | सुरक्षा निकायहरुको नाम | रहेको स्थान | कैफियत |
|---|---|---|---|
| १ | प्रहरी चौकी कुडिया | वडा नं. २, कुडिया | |
| २ | प्रहरी चौकी बिर्ता | वडा नं. ४, बिर्ता | |
| ३ | प्रहरी चौकी रामनगर | वडा नं. ५, रामनगर | |
| ४ | प्रहरी चौकी सुस्ता | वडा नं. ५, सुस्ता पारी | |
| ५ | सशस्त्र सीमा सुरक्षा चौकी (BOP) | वडा नं. ५, सुस्ता पारी | |
| ६ | सशस्त्र सीमा सुरक्षा चौकी (BOP) | वडा नं. ५, बलीनगर | |

*स्रोतः गाउँकार्यपालिकाको कार्यालय, २०७७*




*प्रहरी चौकी सुस्ता, वडा नं. ५*




*नक्सा नं. ३ : गाउँपालिकामा रहेको सुरक्षा पूर्वाधारको नक्सा*

## ५.९.२ शान्ति सुरक्षाको अवस्थाको आधारमा परिवारको विवरण

**तालिका नं. १२२:** शान्ति सुरक्षाको अवस्थाको आधारमा परिवारको विवरण

| वडा | शान्ति सुरक्षाको अवस्था | | | | |
|---|---|---|---|---|---|
| | एक्लै हिड्डुल गर्न सुरक्षित महसुस गर्ने | | एक्लै हिड्डुल गर्न सरक्षित महसुस नगर्ने | | जम्मा परिवार संख्या |
| | परिवार संख्या | प्रतिशत | परिवार संख्या | प्रतिशत | |
| १ | १४७६ | ९७.१७ | ४३ | २.८३ | १५१९ |
| २ | ९८३ | ६६.९२ | ४८६ | ३३.०८ | १४६९ |
| ३ | ६९४ | ५७.७४ | ५०८ | ४२.२६ | १२०२ |
| ४ | ११४८ | ८७.५७ | १६३ | १२.४३ | १३११ |
| ५ | २२५१ | ८३.३१ | ४५१ | १६.६९ | २७०२ |
| जम्मा परिवार | ६५५२ | ७९.८७ | १६५१ | २०.१३ | ८२०३ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

गाउँपालिकामा रहेका कुल ८२०३ घरपरिवारलाई तपाईँ बसोबास गरेको क्षेत्र वरिपरि एक्लै हिडडुल गर्न सुरक्षित महसुस गर्नु हुन्छ ? भनी सोधिएको प्रश्नमा ६५५२ अर्थात ७९.८७ प्रतिशतले सुरक्षित महसुस गर्छु भन्ने जवाफ दिएका छन् भने १६५१ अर्थात २०.१३ प्रतिशतले सुरक्षित महसुस गर्दिन भन्ने जवाफ दिएका छन् । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।



# खण्ड- ६: जलवायु, वन तथा वातावरण

## ६.१ जलवायु

समयको अन्तरालमा पृथ्वीको वायुमण्डल, हावाको गति र मौसममा भएको परिवर्तनका कारण पृथ्वी तथा यसको कुनै भागको औसत मौसममा आएको परिवर्तनलाई नै जलवायु परिवर्तन भनिन्छ। जलवायु परिवर्तनका कारण मौसममा फेरवदल हुने, वर्षा समयमा र नियमित नहुने, मौसमी फलफूल तथा तरकारीमा फेरबदल हुने, हिमगलन, अतिवृष्टि, अनावृष्टि, हुरीबतास हुने आदि असर देखा पर्छन् । विश्वव्यापी रुपमा बढेको जलवायु परिवर्तन २१ औँ शताब्दीको सबैको साझा चुनौतीको विषय रहेको छ। एक राष्ट्रको एकल प्रयासले मात्र यसको न्यूनीकरण सम्भव नहुने भएकाले यसका असर न्यूनीकरणको लागि सबैको साझा चासो र सहयोग आवश्यक देखिन्छ। विश्वका अधिकांश मुलुकमा जलवायु परिवर्तनको असर देखापर्न थालेको छ।

जलवायु परिवर्तनको असर कम गर्नको लागि भएका प्रयासहरूः

**अन्तर्राष्ट्रिय प्रयासहरू**

- विभिन्न राष्ट्रहरू सम्मिलित पृथ्वी सम्मेलन र त्यसले पारित गरेका एजेन्डाहरू
- समय-समयमा हुँदै आएका कोप सम्मेलनहरू
- विश्वका राष्ट्रहरूको ध्यानाकर्षण गर्न माल्दिभ्सद्वारा पानीमुनि मन्त्रिपरिषद् बैठक भएको,
- क्योटो प्रोटोकल अभिसन्धि जारी गरिएको
- संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी अभिसन्धि, १९९२ जारी भएको
- हाम्रो साझा भविष्य नामक प्रतिवेदनलगायत अन्य थुप्रै प्रयास भएका

**राष्ट्रिय प्रयासहरू**

- नेपालको वर्तमान संविधानको भाग ३ को धारा ३० मा स्वच्छ वातावरणसम्बन्धी हकलाई मौलिक हकका रुपमा समावेश गरिएको,
- धारा ५१ को राज्यको नीतिमा प्रकृतिको संरक्षण र संवर्द्धनमार्फत जलवायु परिवर्तनलाई न्यूनीकरण गरी यसवाट बच्ने उपायहरूको अवलम्बनमा जोड,
- राष्ट्रिय प्रकृति संरक्षण कोषको स्थापना गरिएको,
- वातावरण ऐन २०५३ र नियमावली २०५४ को व्यवस्था भएको, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को व्यवस्था गरिएको,
- जलवायु परिवर्तन न्यूनीकरणका लागि भएका राष्ट्रिय, अन्तर्राष्ट्रिय सभा-सम्मेलनको नेपाल पक्ष राष्ट्र भई सोही अनुरुपको कार्य भएको,
- यस सम्बन्धमा विश्वको ध्यान आकर्षित गर्न सगरमाथाको आधार-शिविर कालापत्थरमा र मुगुको रारामा मन्त्रिपरिषद्को बैठक बसेको,
- जलवायु परिवर्तन नीति २०७५ तर्जुमा भएको,

### ६.१.१ जलवायुको विवरण (मौसम, तापक्रम)

कुनैपनि स्थानको समग्र विकासमा जलवायुको अवस्थाले व्यापक असर पार्दछ । अर्कोतर्फ नेपालमा विषम भौगोलिक अवस्था भएकाले भौगोलिक अवस्था अनुरुपको हावापानी हुने हुनाले मानिसको समग्र जीवनशैली,

चालचलन, उत्पादन प्रणाली लगायत समग्र मानव जनजीवनका आयामहरूसँग जलवायुका पक्षहरू अन्तर सम्बन्धित हुन्छन् ।

भौगोलिक असमानता भएकोले नेपालको विभिन्न ठाउँहरूमा भिन्न भिन्न हावा पानी रहेको छ त्यस्तै नवलपरासी (व.सु.प.) अवस्थित सुस्ता गाउँपालिका समथर तराईमा रहेको गाउँपालिका भएकोले चैत्रदेखि कात्तिकसम्म यहाँको तापक्रम उच्च हुने गर्दछ । यहाँको हावापानी उष्ण प्रकारको रहेको छ । मध्य मंसिर देखि माघसम्म शितलहर नै लाग्ने गर्दछ । जेष्ठको अन्त्यदेखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ । यहाँको औषत ताफक्रम अधिकतम ४० डिग्री सेल्सियससम्म पुग्छ भने औषत न्यूनतम १४ डिग्री सेल्सियससम्म पुग्न जान्छ। यस गाउँपालिकाको मौसमसम्बन्धी तथ्याङ्क प्राप्त नभएकोले यस जिल्लाको सदरमुकाम परासी बजारको तापक्रमसँग लगभग मिल्ने भएकोले परासी बजारको मौसमसम्बन्धी तथ्याङ्क यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका नं. १२३:** मौसमको विवरण

| महिना | औषत तापक्रम (डिग्री सेल्सियस) | | औषत सापेक्षिक आद्रता (प्रतिशत) ई.सं. २०२० | औषत वर्षा | |
|---|---|---|---|---|---|
| | अधिकतम | न्यूनतम | | दिन | मात्रा (मि.मि.) |
| जनवरी | २४ | १४ | ६९ | ३ | ७.५ |
| फ्रेबरी | २७ | १७ | ६१ | २ | १३.२ |
| मार्च | ३३ | २२ | ४० | ३ | ७.३ |
| अप्रिल | ३८ | २६ | २८ | ४ | १२.१ |
| मे | ४० | २९ | ३४ | ७ | ३५.९ |
| जुन | ४० | ३० | ५८ | १५ | १३१.१ |
| जुलाई | ३५ | २८ | ७८ | २५ | ५३६.७ |
| अगष्ट | ३५ | २८ | ७७ | २२ | ३५२.९ |
| सेप्टेम्बर | ३४ | २७ | ७९ | १७ | २१३.८ |
| अक्टोबर | ३२ | २४ | ६५ | ४ | ४४.२ |
| नोभेम्बर | २९ | २१ | ५३ | १ | १.३ |
| डिसेम्बर | २५ | १६ | ५२ | १ | ३.५ |

*स्रोत : https://www.worldweatheronline.com, January 2021*

### ६.१.२ जलवायुको परिवर्तनका असरहरू

कुनैपनि स्थानको जलवायुले त्यहाँका मानिसहरूको जनजीवनलाई प्रत्यक्ष प्रभाव पार्दछ भने प्रकृति उपर हुने मानवीय गतिविधिहरूले समेत जलवायुलाई उत्तिकै असर गर्दछ । विशेषगरी विश्वमा भएको औद्योगिक क्रान्ति, विज्ञानको विकास, इञ्जिनहरूको विकास, जनसंख्या वृद्धि आदिले वनजंगल र पर्यावरणमा व्यापक नकारात्मक असर परेको छ। विशेष गरी व्यापकरुपमा भईरहेको कार्बन उत्सर्जन र क्लोफ्लोरो कार्बन जस्ता रसायनहरूको कारण हरितगृह प्रभाव (Green House Effect) वृद्धि भई विश्वको तापक्रम क्रमश वृद्धि हुन थालेको छ। यसले व्यापकरुपमा जलवायु परिवर्तन भई त्यसका असर स्वरुप अतिवृष्टि, अनावृष्टि, प्राकृतिक विपद्हरू, बाढी, पहिरो, सामुद्रिक तटहरूका डुबान जस्ता समस्या देखापर्न थालेको छ । यसले स्थानीय स्तरबाटै विकास निर्माण तथा मानवीय व्यवहारहरूमै परिवर्तन गरी जलवायु परिवर्तनका असरहरूलाई न्यूनिकरण गर्ने वातावरण मैत्री व्यवहारहरू अवलम्बन गर्नु अनिवार्य भएको छ ।

### ६.१.३ जलवायुको परिवर्तनका असरहरू सामना गर्ने कार्यक्रमहरू

माथि उल्लेख गरिए जस्तै जलवायु परिवर्तनका प्रमुख कारक तत्वहरू नै प्रकृति उपर हुने मानवीय गतिविधिहरू नै हुन् । तसर्थ जलवायु परिवर्तनका असरहरूलाई न्यूनिकरण गर्न यिनै मानवीय गतिविधिहरूलाई व्यापकरुपमा सुधार गर्नुपर्ने हुन्छ । त्यसो गर्दा वातावरणमैत्री व्यवहारहरूलाई संवेदनशील हिसाबले अभ्यास गर्नुपर्दछ । अर्कोतर्फ मानवीय व्यवहारहरूमा पूर्ण नियन्त्रण गर्न् असम्भव जस्तै हुन्छ । तसर्थ जलवायु परिवर्तनका असरहरूलाई पूर्णत शुन्यमा झार्न सकिँदैन । यस परिस्थितिमा त्यस्ता असरहरूको सामना गर्नुपर्ने हुन्छ । यसका लागि स्थानीयस्तर बाटै जलवायु अनुकूलताका कार्यक्रमहरू सञ्चालन गरिनुपर्दछ ।

## ६.२ वन क्षेत्रको अवस्था तथा जैविक विविधता

भौगोलिक विविधताले श्रृजना गरेको जैविक विविधताका कारण नेपाल विश्वमै जैविक विविधताका हिसाबले सम्पन्न मुलुकमा पर्दछ । सिमित भौगोलिक क्षेत्र भित्र समेत ठुलो जैविक विविधता पाईन्छ । नेपालजस्तो अतिकम विकसित राष्ट्रका लागि जैविक विविधता आफैमा एक बरदान हुन सक्छ । यदि यसको संरक्षण र दिगो सदुपयोग हुन सक्यो भने । यस खण्डमा जैविक विविधता अन्तर्गत यस क्षेत्रमा पाईने प्रमुख वनस्पतिहरू, वन्यजन्तुहरू, जलचर, चराचुरुङ्गी आदिको विवरण उल्लेख गरिएको छ ।

### ६.२.१ प्रमुख वनस्पति, वन्यजन्तु तथा चराचुरुङ्गीको विवरण

#### प्रमुख जीवजन्तुहरूको विवरण

यस गाउँपालिकामा पाइने प्रमुख जीवजन्तुहरूमा बाघ, चितुवा, गैँडा, बनेल, निलगाई, चित्तल, भालु, खरायो, मृग, बाँदर, वनबिरालो, स्याल, पानीओत, दुम्सी, मलसाप्रो, गोहोरो, सर्प, छेपारा, विच्छी आदि रहेका छन् ।

#### प्रमुख चराचुरुङ्गीहरूको विवरण

यस गाउँपलिकामा पंक्षी प्रजातिमा मयुर, मैना, न्याउली, लुइँचे, हुट्टिट्याउँ, कोइली, तित्रा, धनेश, हलेसो, सुगा, सारस, चील, गिद्ध, ढुकुर, चखेवा, बकुल्ला, काग, जुरेली, फिस्टो, भुँडीफोर, कोकले, चिबे, गौँथली, आदि छन् ।

#### घिस्रने जिवजन्तुहरू

यस गाउँपलिकामा विशेष नारायणी नदी र बि गैप घोलमा गोही पाइन्छ भने अन्य घिस्रने जीवजन्तु अन्तर्गत कछुवा, सर्प, पानी सर्प, छेपारो, गोहेरा, सुन गोहोरो, पाइएका छन् ।

#### कीरा फट्याङ्ग्राहरू

पुतली, रात्रीचर पुतली, खवटे कीरा, फट्याङ्ग्रा, पतेरा, गाइनेकीरा, झ्याउँकीरी, लाही, किर्था, जुनकीरी, अरिगाल, मौरी, सिङ्गुस, माकुराहरु, सुलसुले, शंखेकीरा, चिप्लेकीरा, कछुवा, माछा, अरिगाँठे, कनसुत्ले, जुका आदि पाइन्छन् ।

**तालिका नं. १२४:** वन्यजन्तु तथा पशुपंक्षी

| क्र.सं. | स्थानीय नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| स्तनधारी (Mammals) | | | |
| १. | कस्तुरी मृग | Musk Deer | *Moschus moschiferus* |
| २. | चितुवा | Common Leopard | *Panthera pardus* |
| ३. | स्याल | Jackle | *Canis aureus* |

| क्र.सं. | स्थानीय नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| ४. | ध्वाँसे चितुवा | Clouded Leopard | *Neofelis nebulosa* |
| ५. | भालु | Black Bear | *Selenarctos thibetanus* |
| ६. | लंगुर बाँदर | Common Langur | *Presbytes entellus* |
| ७. | चमेरो | Fruit bat | *Rousettus spp.* |
| ८. | सालक | Pangolin | *Manis crassicaudata* |
| ९. | हाब्रे | Red Panda | *Ailurus fulgens* |
| १० | खरायो | Rufus tailed hare | *Lepus nigricollis* |
| प्रमुख घस्रने जनावरहरू (Reptiles) | | | |
| १. | साधारण सर्प | common cat snake | *Bioga trgonata* |
| ३. | गोहोरो | CommonIndian monitor lizard | *Varanus spp.* |
| ३. | छेपारो | Common lizard | *Calotes versicolor* |
| पंक्षी (Aves) | | | |
| १. | ढुकुर | Spotted Dove | *Streptopelia chinensis* |
| २. | वन कुखुरा | Red Jungle Fowl | *Gallus gallus* |
| ३. | मयुर | Common Peafowl | *Pavo cristatus* |
| ४. | डाँफे | Impeyan Pheasant | *Lophophorus impejans* |
| ५. | कालिज | Kalij Pheasant | *Lophura leucomelana* |
| ६. | मुनाल | Crimson Horned Pheasant | *Tragopan satyra* |
| ७. | तित्रा | Black Patridge | *Francolinus fracolinus* |
| ८. | काग | House Crow | *Carvus macrorhynchos* |
| ९. | कोइली | Cuckoo | *Cuculus spp.* |
| १० | जुरेली | Bulbul | *Pycnonotus cafer* |

*स्रोत : जिल्ला वन कार्यालय, २०७७*

### ६.२.२ वन पैदावर (काष्ठ, गैह्र काष्ठ तथा जडिबुटी) सम्बन्धी विवरण

यस गाउँपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरू निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १२५:** वन पैदावार (काष्ठ, गैह्र काष्ठ तथा जडिबुटी) सम्बन्धी विवरण

| काष्ठजन्य वनस्पति | गैर काष्ठ वनस्पति | जडीबुटी |
|---|---|---|
| साल, सिसौ, साज, सिमल, पिपल, चाँप, अस्ना | बाँक, कठबाँक, निगाले, वडहर, काप्रो, कदम, बाँभी, दवदवे, सिरिस, खमारी, बेल, चिलाउने, बोटधैरा, वयर | हर्रो, बर्सो, केमराज, अरेल्ली, हडजोड, निम, गुर्जो, बादलपाते, आकाशलत्ती, कुरिलो, मधेसी खिर्रो, घोडताप्रे, घिउकुमारी, अमला, आँक |

*स्रोत : वडाभेलाबाट प्राप्त तथ्याङ्क, २०७७*

### ६.२.३ सामुदायिक, राष्ट्रिय, निजी, धार्मिक तथा कबुलियति वनको विवरण

नेपालमा मुख्यतया स्वामित्व र व्यवस्थापनका आधारमा वन क्षेत्रलाई विभिन्न वर्गमा विभाजन गरिएको छ । वन ऐन, २०४९ र त्यसमा भएका पछिल्ला संशोधन अनुसार वनका प्रकारहरूलाई निम्नानुसार परिभाषित गरिएको छ ।

## क. सामुदायिक वन

सामुदायिक वन भन्नाले सामुहिक हितको लागि वनको विकास, संरक्षण र उपयोग गर्न उपभोक्ता समूहलाई सुम्पिएको राष्ट्रिय वनलाई जनाउँछ । स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको नीति अनुसार यस गाउँपालिकामा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। वन ऐन, २०४९ तथा वन यिमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरू नै हुन्छन् । यो कार्यक्रम शुरुमा लागू हुँदा यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरूमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभूत आवश्यकता परिपुर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरूको गरिवी निवारण, जीविकोपार्जन, जैविक विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेसीकरण, लैङ्गिक समानता, विशेष गरि महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ नयाँ सवालहहरू समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्युनिकरणमा समेत सहयोग पुऱ्याउन सक्ने विश्वास गरिएको छ । जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरू संचालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ । विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरुप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रुपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्धता हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ।

गाउँपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वन भित्र गैरकाष्ठ वनपैदावारको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन्। यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गै.स.स.हरूलाई गाउँपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ।

सामुदायिक वनहरूको क्रमिक हस्तान्तरण र वन संरक्षणका प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमशः बढ्दै जाने देखिन्छ। वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा वृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ।

गाउँपालिकाको चुरे क्षेत्रमा रहेको वन हालसम्म पनि सरकारी वनको रुपमा रहेको छ। वडा नं. १ र २ चुरे क्षेत्रमा वन रहे पनि हालसम्म पनि समुदायमा हस्तान्तरण भै सकेको छैन। समुदायमा हस्तान्तरणका लागि पहल भैरहेका प्रस्तावित सामुदायिक वनको विवरण तल प्रस्तुत गरिएको छ।

**तालिका नं. १२६:** सामुदायिक वनहरूको विवरण

| क्र.सं. | सामुदायिक वनको नाम | ठेगाना |
|---|---|---|
| १ | राजाराम सामुदायिक वन क्षेत्र (प्रस्तावित) | वडा नं. १ |
| २ | कालिका सामुदायिक वन क्षेत्र (प्रस्तावित) | वडा नं. १ |
| ३ | सत्पत्ती | वडा नं. २ |
| ४ | महलबारी | वडा नं. २ |
| ५ | गोकुलनगर/विर्ता | वडा नं. ४ |

*स्रोत : सुस्ता गाउँकार्यपालिकाको कार्यालय, २०७७*

## ख. राष्ट्रिय वन

राष्ट्रिय वन भन्नाले वातावरण सन्तुलन कायम राखी वनको विकास, संरक्षण तथा वन पैदावारको उपयोग र विक्रि वितरण गर्न तयार गरिएको वन सम्बन्धी कार्ययोजना भन्ने बुझिन्छ।

राष्ट्रिय वन भन्नाले निजी वन बाहेक नेपाल भित्रको वन सिमाना लगाईएको वा नलगाईएको सबै वन सम्झनु पर्छ र सो शब्दले वनले घेरिएको वा वनकाखे छेउछाउमा रहेको पर्ती वा ऐलानी जग्गा तथा वन भित्र रहेको बाटो, पोखरी, ताल वा खोलानाला र बगर समेत जनाउँछ।

## ग. निजी वन

निजी वन भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गा लगाई हुर्काइएको वा संरक्षण गरिएको वनलाई जनाउँछ। सुस्ता गाउँपालिकामा दर्ता भएका निजी वनको विवरण तल उल्लेख गरिएको छ।

## घ. धार्मिक वन

धार्मिक वन भन्नाले वनको विकास, संरक्षण र उपयोग गर्न कुनै धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पिएको राष्ट्रिय वनलाई सम्झनु पर्छ। सुस्ता सव डिभिजन अन्तर्गत दर्ता भएका धार्मिक वनहरुको विवरण तपसिलमा उल्लेख गरिएको छ।

## ङ. कवुलियति वन

कबुलियती वन भन्नाले (केही नेपाल संसोधन गर्ने ऐन, २०७५ द्वारा थप गरिएको समेत), विभिन्न उद्देश्य प्राप्तिका लागि प्रचलित कानून बमोजिम स्थापित कुनै संस्था वन पैदावारमा आधारित कुनै उद्योग वा समुदायलाई कबुलियत गरी प्रदान गरिएको राष्ट्रिय वनलाई जनाउँछ। राष्ट्रिय वन ऐन, २(४) को परिच्छेद-६ मा उल्लेख भए अनुसारको राष्ट्रिय वनको भागलाई नै कबुलियती वन भनिन्छ। कबुलियती वन देहाय बमोजिमको उद्देश्य प्राप्तिको लागि छुट्याइएको हुन्छ।

(क) वन पैदावारमा आधारित उद्योगहरूलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न,

(ख) वृक्षारोपण गरी वन पैदावारको उत्पादनमा अभिवृद्धि गरी बिक्रि वितरण गर्न वा उपयोग गर्न,

(ग) वनको संरक्षण र विकास हुने गरी पर्यटन व्यवसाय सञ्चालन गर्न,

(घ) वनको संरक्षण र विकास हुने गरी कृषि वन बाली कार्य सञ्चालन गर्न,

(ङ) वनको संरक्षण र विकास हुने गरी कीट, पतङ्ग तथा वन्यजन्तुको फार्म सञ्चालन गर्न ।

### ६.२.४ राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र, संरक्षण क्षेत्र

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु, संरक्षण ऐन, २०२९ का अनुसार राष्ट्रिय निकुञ्ज भन्नाले प्राकृतिक वातावरणको साथै वन्यजन्तु, वनस्पति र भू-दृश्यको संरक्षण व्यवस्थापन र उपयोगका लागि छुट्याईएको क्षेत्र भन्ने बुझिन्छ । साथै मध्यवर्ती भन्नाले स्थानीय जनताहरूलाई नियमितरुपले वन पैदावार उपयोग गर्न पाउने सहुलियत प्रदान गर्नको लागि राष्ट्रिय निकुञ्ज वा आरक्ष वरिपरिको क्षेत्र भन्ने बुझिन्छ । त्यसैगरी संरक्षण क्षेत्र भन्नाले प्राकृतिक वातावरणको संरक्षण र प्राकृतिक श्रोतको सन्तुलित उपयोगको लागि एकीकृत योजना अनुसार व्यवस्थापन गरिने क्षेत्र भन्ने बुझिन्छ। यस सुस्ता गाउँपालिकाको वडा नं. २ को महलाबारीमा चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र रहेको छ ।

### ६.२.५ वृक्षारोपणका लागि खालि स्थानसम्बन्धी विवरण

यस गाउँपालिकाका वडा नं. ३, ४ र ५ स्थिति नारायणी नदीको खाली स्थानमा वृक्षरोपण गर्नका लागि खाली स्थान प्रस्तस्त मात्रा रहेको छ । केही स्थानमा विगतमा वृक्षा रोपण भैसकेको भए पनि बाँकी स्थानमा अभियानको रुपमा वृक्षा रोपण गरी तटीय क्षेत्रलाई हरियाली क्षेत्रको रुपमा परिणत गर्न सकिन्छ। जसले गर्दा नदी तटबन्धलाई पनि सहयोग पुग्ने अपेक्षा गरिएको छ । त्यस्तै वडा नं. २ को सत्पत्ति खानेपानी टंकी माथिको खुल्ला स्थानमा पनि वृक्षारोपण गर्न सकिन्छ भने वडा नं. १ को कालिका प्रस्तावित सामुदायिक वन र रैपुरा खोलाको खुला स्थानमा वृक्षारोपण गर्नु पर्ने देखिन्छ ।

### ६.२.६ निकासी हुने वन पैदावरको विवरण

सामान्यतया वन पैदावारको रुपमा प्रयोग हुने वस्तुहरू भनेका काठ, दाउरा, जडिबुटी, खोटो, खर आदि हुन् । वनको वैज्ञानिक व्यवस्थापन गरी वा हरित क्षेत्रको विकास गरी यस प्रकारका वन पैदावारहरूको व्यवसायिक उत्पादन तथा निकासी गरी आर्थिक उपार्जन गर्न सकिन्छ । विशेषगरी वनले ओगटेको क्षेत्रफल बढी भएको क्षेत्रहरूमा वनलाई नै स्थानीय विकासको मेरुदण्डको रुपमा लिन सकिन्छ ।

सुस्ता गाउँपालिकाबाट उत्पादन भएका वन पैदावारको बिक्री वितरण उपभोगको स्थितिलाई हेर्दा यहाँको उत्पादन यस गाउँपालिकाको आपूर्तिलाई पुऱ्याई जिल्ला भित्रकै अन्य गाउँपालिका तथा ग्रामिण क्षेत्र तथा अन्य जिल्लामा पनि जाने गरेको छ ।

यस गाउँपालिकामा काठ/दाउरा खपत मुख्य वन पैदावारमा आधारित उद्योगहरूमा हुने गर्दछ । यस अलावा यहाँको बढ्दो जनसंख्या र बसाई सराई तथा शहरीकरणले आवश्यक पर्ने काठ/दाउरा तथा विकास निर्माणमा काठको माग बढ्दै गएको छ । वनजंगलको नजिकका परिवारले बढी काठ/दाउरा खपत गर्दछन्, भने वनबाट टाढा रहने परिवारले धेरै कम परिमाणमा काठ/दाउरा खपत गर्ने गरेको पाईन्छ ।

## ६.३ जलश्रोत तथा जलाधार क्षेत्र

सम्पूर्ण जैविक प्रणालीको अस्तित्व पञ्च महाभूतको प्रयोग र उपलब्धतामा आधारित छ । जल, जमिन, वायू, प्रकाश र ताप मध्ये सबैको अपरिहार्यता उत्तिकै रहेको छ । यी मध्ये जलस्रोतमा नेपाल विश्वमै दोस्रो ठुलो देश मानिन्छ ।

### ६.३.१ प्रमुख नदी तथा खोलाहरू

गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका नदि नाला तथा खोलाहरूले प्रशस्त जलभण्डार गर्नुका साथै विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता नदी तथा खोलाहरूबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत बेलाबखत आंशिकरुपमा सिंचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ। मानव वस्तीको विकास र बसाईसराईको चापका साथै अनुत्पादक पशुहरूको अत्याधिक चरीचराउ र उपयोगले प्राकृतिक नदी/खोला मा भूक्षय भई पुरिने क्रम जारी छ।

गाउँपालिकामा सबैभन्दा ठूलो नदी नारायणी नदी रहेको छ। यसको निरन्तर जल प्रवाहले गाउँपालिकामा स्थलगत तथा भू-जलश्रोतको तह कायम गर्न महत्पूर्ण भूमिका खेलेको छ। यसैबाट निर्माण भएको भारतीय गण्डक नहर तथा नेपाली नहरले पनि गाउँपालिकालाई रसिलो बनाउन मद्दत गरिरहेका छन्।

**तालिका नं. १२७:** गाँउपालिकामा भएका नदीनाला, खोलाहरूको विवरण

| क्र.सं. | नदी, खोला, ताल, पोखरी, सिमसार क्षेत्र, झरनाको नाम | ठेगाना |
|---|---|---|
| १ | नारायणी नदी | वडा नं. ३, ४ र ५ |
| २ | रैपुरा खोला | वडा नं १, २, ३, ४ |
| ३ | सिंगाहा खोला | वडा नं १ |
| ४ | पोटाहा खोला | वडा नं १ |
| ५ | शीरखोला | वडा नं. २ र ३ |
| ६ | झझवा खोला | वडा नं. २ |
| ७ | रायपुरा खोला | वडा नं. ३ |
| ८ | शीर खोला | वडा नं. ३ |

*स्रोत: सुस्ता गाउँकार्यपालिकाको कार्यालय, २०७७*



*नारायणी नदी पारी सुस्ता गाउँमा जानका लागि एकमात्र विकल्पको रुपमा रहेको डुंगा*




*नक्सा नं. १ : गाउँपालिकामा रहेका नदीहरुको नक्सा*

### ६.३.२ तालतलैया, पोखरी, सिम्सार क्षेत्र सम्बन्धी विवरण

**तालिका नं. १२८:** तालतलैया, पोखरी, सिमसार क्षेत्र तथा झरनासम्बन्धी विवरण

| क्र.सं. | नदी, खोला, ताल, पोखरी, सिमसार क्षेत्र, झरनाको नाम | ठेगाना |
|---|---|---|
| १ | गुदरिया पोखरी प्रदेश ४ र ५ को सिमानामा | वडा नं. २ |
| २ | हरकपुरा सार्वजनिक पोखरी | वडा नं. २ |
| ३ | वि गैप घोल (पोखरी सिमसार) | वडा नं. ४ |
| ४ | चोर्निया सिमसार क्षेत्र | वडा नं. ४ |
| ५ | पथलहा घोल | वडा नं. ४ |
| ६ | मदरहवा घोल | वडा नं. ४ |
| ७ | नकाहा घोल (ताल) | वडा नं. ५ |
| ८ | महलबारी घोल | वडा नं. ५ |
| ९ | सिरहयिया नाला घोल | वडा नं. ५ |
| १० | धधहवा घोल | वडा नं. ५ |

## ६.४ विपद् जोखिम व्यवस्थापन

गाउँपालिकाका नदी तथा खोला किनारका भागहरू भूक्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ। प्राकृतिक वातावरणमा असर पर्ने मानवीय गतिविधिका कारणबाट गाउँपालिका क्षेत्रमा अनियन्त्रित डढेलो, चरीचरन राख्ने प्रवृत्ति एवं खोलाबाट अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई बस्ती एवं खेतीतर्फ अनियन्त्रित बाढीको प्रकोप केन्द्रीत भएको छ। खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी भएकोले खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरूमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ। मूलतः गाउँपालिकाका नारायणी नदी तथा अन्य खोलाहरूको वरिपरि नै केन्द्रीत भएर रहेको मानव बस्ती जोखिममा रहेको छ। असावधानीपूर्ण मानवीय गतिविधिले भूकम्पीय प्रकोपमा समेत यो क्षेत्रमा क्षति तथा भूक्षय हुन सक्ने अवस्था रहेको छ। यसलाई रोक्नको लागि ढल निकासको व्यवस्था मिलाउनुपर्ने देखिन्छ । त्यस्तै, अल्पकालीन, मध्यकालीन र दीर्घकालीन उपायहरू अवलम्बन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालीन उपायको रुपमा स्पर एवं तटबन्ध निर्माण गर्ने मध्यकालीन उपायको रुपमा प्रभावित क्षेत्रको वरिपरि वृक्षारोपण गर्ने र दीर्घकालीन उपायको रुपमा सम्पूर्ण खोला प्रभावित क्षेत्रलाई संरक्षण गर्नेतर्फ काम अगाडि बढाउनु पर्ने देखिन्छ। उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट अप्रभावित पार्ने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ।

### ६.४.१ प्राकृतिक प्रकोपको जोखिममा रहेको परिवारको विवरण

**तालिका नं. १२९:** प्राकृतिक प्रकोपको जोखिममा रहेको परिवारको विवरण

| प्राकृतिक प्रकोपको किसिम | वडा नं. | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | |
| बाढी | ४७१ | २९६ | ५८८ | १२९५ | २२९० | ४९४० |
| पहिरो | २९ | १४५ | १२ | ३९४ | १३०१ | १८८१ |
| डुबान | ४५१ | ११७ | ३४६ | १२४२ | १९४९ | ४१०५ |
| कटान | ५९ | ११० | १७ | ११६२ | १६८१ | ३०२९ |
| हुरिबतास | ८५४ | ९३४ | ६१२ | ४९ | १०६५ | ३५१४ |

| प्राकृतिक प्रकोपको किसिम | वडा नं. | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | |
| वन्यजन्तुको जोखिम | ६१ | ५०३ | १६ | ० | १०८ | ६८८ |
| जम्मा | १५१९ | १४६९ | १२०२ | १३११ | २७०२ | ८२०३ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

## ६.४.२ संभावित प्राकृतिक प्रकोपको विवरण



**तालिका नं. १३०:** गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

| क स | संभावित प्रकोप | विद्यमान अवस्था | समय |
|---|---|---|---|
| | बाढी | गाउँपालिकामा विशेषतः नारायणी नदी आसपासका वस्तीहरू- रैबावन्धा टोल, रैबा मछुवा टोल, साविक नर्सहीको सबै वस्तीहरू, पक्लिहवा, तरैनी, सेमरी, रतनगञ्ज, सकरदिनही, बलीनगर लगायतका वस्ती तथा सुस्तापारीका वस्तीहरू, शिरखोला, रैपुरा खोला, सिंगहा खोला आसपासका वस्तीहरूमा कटान गरि क्षति पुऱ्याईरहेको छ। बर्षेनी धेरै सङ्ख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |
| | पहिरो | भौगोलिकरूपले विकट तथा नाङ्गा डाँडा पाखाहरू विशेष गरी वडा नं. १ र २ को चुरेक्षेत्रमा रहेको वनक्षेत्रका पाखाहरूमा पहिरो जाने गरेको । | असार -असोज |
| | डढेलो | गाउँपालिकाको धेरै जसो भु–भागमा घनावस्ती रहेका (सुकुम्वासी, वाढी विस्थापित) लगाएतका अति विपन्न समुदायका घरहरू सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको। साथै डढेलोको समस्या पनि देखिन्छ । | चैत्र–जेष्ठ |
| | महामारी | प्रकोपका रूपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतनाकमी, अनुकूल क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |

| क स | संभावित प्रकोप | विद्यमान अवस्था | समय |
|---|---|---|---|
| | कोरोना भाइरस, वर्डफ्लु, अन्य फ्लु | विश्वव्यापी महामारीको रुपमा रहेको कोरोना, अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयमा |
| | जङ्गली जनावर आतंक | गाउँपालिकाको वनजङ्गल वरिपरि बसोबास भएको क्षेत्रहरूमा (बाँदर, बँदेल, बाघ) आदिको आक्रमण तथा बदमासीको डर त्रास भईरहन्छ। | जुनसुकै समयमा |
| | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |
| | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र गाउँपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रूपमा लागू नभएको | जुनसुकै समयमा |

*स्रोत: जिल्ला समन्वय समिति, नवलपरासी, २०७७*

गाउँपालिकामा नारायणी नदीले वर्षेनी वडा नं ३, ४ र ५ का किनारका खेत तथा आवासिय क्षेत्र कटान गर्छ भने वडा नं १ र २ मा वढी डुवान हुन्छ। यस नदीका अलावा सिंगाहा, रायपुरा, शीरखोला, कोटाहा लगायतले पनि वर्षात्को समयमा डुवान तथा कटानको समस्या निम्त्याउने गरेका छन्। यसका अलावा भारतीय गण्डक नहर जीर्ण बन्दै जाँदा कुनै दुर्घटना भएर बाँध भत्किएमा वडा नं ३, ४ र ५ मा व्यापक क्षति हुनसक्ने डर पनि यथावत नै छ। यद्यपि तटवन्ध निर्माणका काम भने भइ नै रहेका छन्।



# खण्ड- ७: भौतिक विकास

## ७.१ खानेपानी तथा सरसफाई



**तालिका नं. १३१:** गाउँपालिकामा रहेका खानेपानी आयोजनाहरूको विवरण

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | लाभान्वित घरधुरी | हालको अवस्था |
|---|---|---|---|---|
| १ | रैपुरा खोला खानेपानी आयोजना | वडा नं. १,रुपौलिया | ६५ | जीर्णोद्वार आवश्यक |
| २ | मदारबाबा खानेपानी आयोजना | वडा नं. २, महलबारी | ५००+ | निर्माणाधीन |
| ३ | कुडिया खानेपानी आयोजना | वडा नं. २, कुडिया | ५००+ | निर्माणाधीन |
| ४ | सतपत्ती खानेपानी आयोजना | वडा नं. २, सतपत्ती | २०० | सुचारु/जीर्ण |
| ५ | हरकपुरा प्रस्तावित खानेपानी आयोजना | वडा नं. २ | ८५ | आवश्यक |
| ६ | सेखुवाना खानेपानी आयोजना | वडा नं. ३ | | निर्माणाधिन |
| ७ | पत्थरकाला खानेपानी आयोजना | वडा नं. ३ | | निर्माणाधिन |
| ८ | श्रीरामपुर खानेपानी आयोजना | वडा नं. ४, श्रीरामपुर | १३०७ | ट्याङ्की निर्माण भएपनि सञ्चालनमा नआएको (७००० लि.) |
| ९ | दिपेन्द्रमा.वि. नजिकको खानेपानी आयोजना | वडा नं. ५, तरैनी | ४०० | निर्माणाधीन |
| १० | नारायणी पारीसुस्ताको एपिएफ, खानेपानी आयोजना | वडा नं. ५ | | निर्माणकार्य जारी |

*स्रोत: सुस्ता गाउँकार्यपालिकाको कार्यालय, २०७७*

### ७.१.१ खानेपानीको श्रोतको आधारमा परिवारको विवरण

यस गाउँपालिकामा रहेका ८२०३ घरपरिवारहरू मध्ये कम्पाउण्डभित्रको धारा/पाइपको पानी पिउनेको संख्या ३,३४७ अर्थात ४०.८० प्रतिशत र सार्वजनीक धारा/पाइपबाट पानी पिउनेको संख्या ३४८ अर्थात ४.२४, ट्यूबवेल/हाते पम्पको पानी पिउने घरपरिवारको संख्या ४४२६ अर्थात ५३.९६ भएकाले सामान्यतया धेरैजसो घरपरिवारले ट्यूबवेल/हाते पम्पको पानी पिउने गर्दछन् भन्न सकिन्छ । खुला इनार/कुवाको पानी पिउने परिवारको संख्या २ रहेको छ । त्यसैगरी मुल धाराको पानी प्रयोग गर्नेको संख्या ६१ अर्थात ०.७४ प्रतिशत रहेको छ । अन्य श्रोत प्रयोग गर्नेको संख्या नगन्य रहेको छ । वडागत रुपमा विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १३२:** खानेपानीको मुख्य श्रोतको आधारमा घरपरिवारको विवरण

| वडा | धारा/पाइप कम्पाउण्ड | धारा/पाइप सर्वजनीक | ट्यूबवेल/हाते पम्प | खुला ईनार/कुवा | मूल धारा | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ४ | ११९ | १३९५ | ० | ० | १ | १५१९ |
| २ | ५०३ | ९७ | ७९९ | १ | ६० | ९ | १४६९ |
| ३ | ८५६ | ६ | ३३५ | १ | ० | ४ | १२०२ |
| ४ | ८७९ | ६६ | ३६६ | ० | ० | ० | १३११ |
| ५ | ११०५ | ६० | १५३१ | ० | १ | ५ | २७०२ |
| जम्मा | ३३४७ | ३४८ | ४४२६ | २ | ६१ | १९ | ८२०३ |
| प्रतिशत | ४०.८० | ४.२४ | ५३.९६ | ०.०२ | ०.७४ | ०.२३ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*



### ७.१.२ खानेपानी शुद्ध बनाउने तरिकाको आधारमा वर्गीकरण

**तालिका नं. १३३:** खानेपानी शुद्ध बनाउने तरिकाको आधारमा वर्गीकरण

| वडा | उमाल्ने | फिल्टर गर्ने | औषधी (पियुष आदि) राख्ने | अन्य विधि अपनाउने (जस्तै सोडिस) | केही नगर्ने र सिधै खाने | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ५६४ | २३५ | ० | ३ | ७१७ | १५१९ |
| २ | १४४ | ३७ | २ | २ | १२८४ | १४६९ |
| ३ | २२० | ३३ | १ | १ | ९४७ | १२०२ |
| ४ | १७५ | ६१ | ० | ० | १०७५ | १३११ |
| ५ | ६९९ | १०५ | १३ | ८ | १८७७ | २७०२ |
| जम्मा | १८०२ | ४७१ | १६ | १४ | ५९०० | ८२०३ |
| प्रतिशत | २१.९७ | ५.७४ | ०.२० | ०.१७ | ७१.९२ | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

गाउँपालिकाका कुल घरपरिवार मध्ये ५९०० अर्थात ७१.९२ प्रतिशत घरपरिवारहरूले पानीको शुद्धीकरण बिनानै श्रोतबाट प्राप्त पानी सिधै पिउने गरेको पाइयो । प्राकृतिक श्रोतहरूमा प्राप्त पानीलाई शुद्धीकरण नगरी पिउनु जनस्वास्थ्यको दृष्टिकोणले अत्यन्त जोखिमपूर्ण हुन्छ । यसबाट संक्रामण रोगहरू जस्तै आउँ, झाडा पखाला, जुका, टाइफाइड लाग्नुका साथै दीर्घ रोगहरू जस्तै पत्थरी, क्यान्सर जस्ता प्राणघातक रोगहरूको संभावना प्रवल रहन्छ तसर्थ स्थानीय सरकार र गाउँपालिकाबासीहरूको सहकार्यमा पानी शुद्धीकरणका उपायहरू अबलम्बन गरी प्रयोग गर्ने र जनस्तरमा स्वास्थ्य शिक्षाको व्यापक प्रचार प्रसार गर्नु पर्दछ । गाउँपालिकामा पानी उमालेर पिउने परिवार संख्या १८०२ अर्थात २१.९७ प्रतिशत र फिल्टर गर्ने परिवारको संख्या ४७१ अर्थात् ५.७४ प्रतिशत मात्र रहेको देखिन्छ । फिल्टर, औषधि (पियूष आदि) र अन्य विधि अपनाउने गरेर पिउने जनसंख्या नगन्य रहेकोले पानी शुद्धीकरण गरी पिउन सचेत बनाउने अभियान नै सञ्चालन गर्नु पर्ने देखिन्छ । जीवनको आधारको रुपमा रहेको स्वस्थ्य र सुक्षित पानी बहुआयिमिक गरिबीको एउटा सूचक (HDI) समेत रहेका हुँदा स्वस्थकर पानीको प्रयोग वा प्रचलनको बाहुल्यताले उक्त स्थानको सम्पन्नतालाई समेत इंगित गर्दछ । वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



### ७.१.३ खानेपानी शुद्धताको आधारमा परिवारको विवरण

**तालिका नं. १३४:** खानेपानीको शुद्धताको आधारमा परिवारको विवण

| वडा | सफा | धमिलो | गन्ध आउने | आइरनयुक्त | आर्सेनिकयुक्त | अन्य | थाहा नभएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५५८ | ८ | ३५ | ३०३ | १४५ | ८ | ४६२ | १५१९ |
| २ | ८१३ | ३ | ११७ | ३११ | २१६ | ४ | ५ | १४६९ |
| ३ | ६३० | ८२ | ११८ | ४९ | ९९ | ५ | २१९ | १२०२ |
| ४ | ६४५ | ५३ | ० | २४ | ५२८ | ० | ६१ | १३११ |
| ५ | ३१५ | १२ | २८ | ७७ | १०२९ | ६ | १२३५ | २७०२ |
| जम्मा | २९६१ | १५८ | २९८ | ७६४ | २०१७ | २३ | १९८२ | ८२०३ |
| प्रतिशत | ३६.१० | १.९३ | ३.६३ | ९.३१ | २४.५९ | ०.२८ | २४.१६ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

गाउँपालिकाको ८२०३ घरधुरी मध्ये २९६१ घरधुरी अर्थात ३६.१० प्रतिशतले स्वच्छ पानी पिउने गरेको पाइयो भने १५८ घरधुरी अर्थात १.९३ प्रतिशतले धमिलो पानी समेत प्रयोग गर्ने गरेको पाइयो । अन्य श्रोतवाट पानी पिउने घरधुरी संख्या समान २३ अर्थात ०.२८ रहेको छ । गन्घ आउने पानी पउनेको घरधुरी संख्या २९८ अर्थात ३.६३, आइरनयुक्त खानेपानीको प्रयोग गर्ने घरधुरी ७६४ अर्थात ९.३१ प्रतिशत छ भने आर्सेनिक युक्त पानी प्रयोग गर्ने घर परिवार २०१७ अर्थात २४.५९ प्रतिशत रहेको छ । गाउँपालिकामा अझै पनि स्वच्छ पिउने पानीको पहुँचभन्दा टाढा रहनुले पानीजन्य रोगहरू जस्तै टाइफाइड, झाडापखाला, आउँ जस्ता रोगहरूको संक्रमण हुन सक्ने सम्भावना हुन्छ । सबै घरधुरीले स्वच्छ पिउनेपानीको उपभोग गर्न पाउने अवस्था सिर्जना गर्न गाउँपालिकाले विशेष कार्यक्रमहरू योजनावद्ध रुपमा ल्याउनुपर्ने देखिन्छ ।

### ७.१.४ चर्पीको प्रकारको आधारमा परिवारको विवरण

**तालिका नं. १३५:** परिवारले प्रयोग गर्ने चर्पीको प्रकारका आधारमा परिवारको विवरण

| वडा | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्क) | साधारण चर्पी | चर्पी नभएको | जम्मा |
|---|---|---|---|---|---|
| १ | ९१ | ५७ | १३११ | ६० | १५१९ |
| २ | ० | ५१ | १३२७ | ९१ | १४६९ |
| ३ | ० | १६ | १००० | १८६ | १२०२ |
| ४ | ० | ५२४ | ७०७ | ८० | १३११ |
| ५ | ० | २५२ | २१३२ | ३१८ | २७०२ |
| जम्मा | ९१ | ९०० | ६४७७ | ७३५ | ८२०३ |
| प्रतिशत | १.१८ | १०.९ | ७८.९६ | ८.९६ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

गाउँपालिकामा कुल घरपरिवारहरू मध्ये ८९४ अर्थात १०.९० प्रतिशतले फ्लस भएको (सेप्टिक ट्याङ्क) भएको चर्पी प्रयोग गरेको पाइयो, ६३५४ अर्थात ७७.४६ प्रतिशतले साधारण चर्पी, १२३ अर्थात १.५०

प्रतिशतले सामुदायिक चर्पी र ७३५ अर्थात ८.९६ प्रतिशतले भने चर्पीको प्रयोग नै नगरेको पाइयो। साधारण चर्पी प्रयोग गर्नेको परिवार ७७.४६ प्रतिशत र ८.९६ प्रतिशत परिवारमा चर्पी नहुनुले व्यक्तिगत तथा सामुदायिक स्वास्थ्यमा जोखिम बढी रहेको देखाउँछ। सानो संख्याले मात्र खुल्ला स्थानमा दिसापिसाब गर्दा समेत समुदायको ठूलो हिस्साको जनस्वास्थ्य प्राणघातक संक्रामक रोगहरूको जोखिममा पर्ने हुँदा चर्पी प्रयोगलाई अनिवार्य गर्ने र चर्पीको गुणस्तर सुधारमा ध्यान दिनुपर्ने देखिन्छ।




## ७.१.५ सार्वजनिक शौचालयको विवरण

कतिपय दुर्गम गाउँवस्तीमा अहिले पनि मानिसहरू पानीका श्रोत तथा खुला ठाउँमा दिशा पिसाब गर्ने गर्दछन्। सभ्य समाजको निम्ति यो अभ्यास असभ्यताको प्रतीक हो। खुला क्षेत्रमा गरिने मलमुत्र विर्सजनले मानिसको शरीरमा खाना, पानी र श्वासप्रश्वास मार्फत किटाणुको प्रवेश हुन्छ। त्यसकारण प्रत्येक घरमा निजी घर तथा सार्वजनिक स्थलहरूमा हात धुने पानी सहित शौचालय हुनुपर्दछ। विपन्न समुदायका परिवारहरूले आफै शौचालय निर्माण गर्न नसकेको अवस्थामा सरकार विशेष गरी स्थानीय सरकारले शौचालय निर्माणमा अनुदान दिनुपर्ने हुन्छ। सुस्ता गाउँपालिकामा भएका सार्वजनिक शौचालयको विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. १३६:** सार्वजनिक शौचालयको विवरण

| क्र.सं. | ठेगाना (वडा नं. र नाम) | क्षमता | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | फेचुवा चोक, वडा नं १ | २ | चालु | धारापानी |
| २ | वरुवा चोक, वडा नं. १ | २ | चालु | |
| ३ | महलबारी, वडा नं. २ | | | |
| ४ | कुडिया, वडा नं. २ | १ कोठे | पक्की | चालु |
| ५ | महलबारी पुलचोक, वडा नं. २ | ३ वटा | पक्की | चालु |
| ६ | वि गैप, वडा नं. २ | ३ वटा | | जीर्ण |
| ७ | कुडिया बजार चोक, वडा नं. २ | २ वटा | | निर्माणाधीन |
| ८ | कुडिया चिनी मिल नजिक, वडा नं. २ | ३ वटा | | प्रयोग विहीन |

| क्र.सं. | ठेगाना (वडा नं. र नाम) | क्षमता | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| ९ | जलैंया, वडा नं. ४ | २ कोठे | पक्की | पानी नभएको |

*स्रोतः सुस्ता गाउँकार्यपालिकाको कार्यालय, २०७७*

### ७.१.६ फोहर व्यवस्थापनसम्बन्धी घरपरिवारको विवरण

विशेषगरी शहरी क्षेत्र र बजार केन्द्रहरूमा जनघनत्व बढी हुने भएका कारण मानव उत्सिर्जित तथा उद्योगधन्दा र कलकारखानाबाट निस्कने फोहरले बस्तीको सौन्दर्यलाई विरुप पार्नुको साथै सार्वजनिक स्वास्थ्यमा नकारात्मक प्रभाव पार्दछ । यस्तो अवस्थामा सरकार तथा समुदाय दुवैको तर्फबाट फोहर व्यवस्थापन प्रणालीलाई दीर्घकालीनरुपमा सम्बोधन गर्नुपर्दछ। फोहरले स्वास्थ्य र सौन्दर्य दुवैलाई हानी गर्दछ भन्ने कुरा हृदयंगम गर्दै फोहरको समुचित व्यवस्थापन गर्नु आवश्यक छ। कतिपय कुहिने प्रकृतिको फोहरबाट प्राङ्गारिक मल पनि बनाउन सकिन्छ।

**तालिका नं. १३७:** फोहोरमैला व्यवस्थापन गर्ने स्थानको आधार विवरण

| वडा | फोहर थुपार्ने ठाउँमा/ क्यानमा | आफ्नै घर कम्पाउण्ड भित्र (बाल्ने) | आफ्नै घर कम्पाउण्ड भित्र ( गाड्ने/थुपार्ने) | नदी वा खोल्सामा फाल्ने | सडक/ सार्वजनिक स्थलमा फाल्ने | कम्पोष्ट मल बनाउने | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३३ | ५९३ | ३०८ | १८६ | ६ | ३९३ | ० | १५१९ |
| २ | २८ | १११५ | २६० | ३५ | २ | २८ | १ | १४६९ |
| ३ | १३ | ७५५ | २७९ | ८३ | ४७ | २४ | १ | १२०२ |
| ४ | ८ | ५०४ | ७८४ | १४ | १ | ० | ० | १३११ |
| ५ | २४ | १३४५ | १३०४ | २६ | २ | १ | ० | २७०२ |
| जम्मा | १०६ | ४३१२ | २९३५ | ३४४ | ५८ | ४४६ | २ | ८२०३ |
| प्रतिशत | १.२९ | ५२.५७ | ३५.७८ | ४.१९ | ०.७१ | ५.४४ | ०.०२ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

गाउँपालिकामा रहेका कुल घरपरिवारहरू मध्ये ४३१२ अर्थात ५२.५७ प्रतिशतले आफ्नै घर कम्पाउण्डभित्र बाल्ने, २९३५ अर्थात ३५.७८ प्रतिशतले आफ्नै घर कम्पाउण्डभित्र गाड्ने, ४४६ अर्थात ५.४४ प्रतिशतले कम्पोष्ट मल बनाउने, ३४४ अर्थात ४.१९ प्रतिशतको नदी वा खोल्सामा फाल्ने गरेको पाईयो । ग्रामीण इलाका तथा कृषि मुख्य पेशाको रुपमा रहेकोले यहाँका घरपरिवारले फोहरलाई कम्पोष्ट मलको रुपमा प्रयोग गर्नु सर्वोत्तम हुने भएकोले यो फोहर व्यवस्थापनको उत्तम उपाय रहेतापनि फोहरको प्रकृति अनुसार प्लाष्टिक जन्य तथा अन्य नसड्ने फोहरहरू खेतीयोग्य जमिनमा पर्न जाँदा क्रमशः भू-प्रदुषण बृद्धि भई उत्पादकत्वमा ह्रास आउन सक्ने देखिन्छ । अर्कोतर्फ जलाउने, खोल्सामा फाल्ने साथै सार्वजनिक स्थलमा समेत फाल्ने कार्यहरूले प्रदुषण वृद्धिगराई जनस्वास्थ्यमा प्रत्यक्ष असर गर्दछ। तसर्थ फोहरको उचित व्यवस्थापनमा सजग बनाई गाउँपालिकामा अव्यवस्थित फोहर व्यवस्थापनलाई समयमै सम्बोधन गर्नु पर्ने देखिन्छ।




## फोहोर व्यवस्थापनमा देखिएका समस्याहरू:

हाल यस गाउँपालिकामा देखिएका समस्याहरू देहाय बमोजिम रहेको छ :

- फोहोर व्यवस्थापनका नाममा फोहोरहरू खोलाखोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रवृति यत्रतत्र देखिन्छ। यसरी फालिएको फोहोर वर्षातका समयमा पानीले बगाएर खोला खोल्सा तथा नदीका तल्लो भाग सम्म पुर्‍याएर प्रदुषणलाई बिस्तारित गर्दछ।
- जमीनका होचाभाग पानीका स्रोत पनि हुने भएका र तिनै पानी सतहमा देखिने एवं जमीनको भित्रपनि छिरेर जाने हुँदा होचा भागमा फालिएको फोहोरले सतहको पानी तथा जमीन भित्रको पानी समेतलाई प्रदुषित गर्दछ।

## फोहोरमैला व्यवस्थापनमा ध्यान दिनुपर्ने कुराहरू:

- भान्छाकोठाबाट निस्केको फोहोरलाई कुहिने र नकुहिने गरी छुट्याउने।
- कुहिनेलाई मलमा प्रयोग गर्न तालिम तथा हरेक घरधनीलाई उत्प्रेरित गर्ने कार्यक्रम गाउँपालिकाले गर्ने।
- नकुहिने फोहोरलाई पून: विभिन्न तहमा छुट्याउने जस्तै काठ, प्लाष्टीक, धातु, सीसा। यी फोहोरलाई आवश्यकताअनुसार पहिचान गरिसकेपछि पून: प्रयोगमा आउनेलाई सम्बन्धित सेवा व्यवस्थापन तर्फ जोड दिने। यस गाउँपालिका क्षेत्रका खुला स्थान जहाँ पानीको स्रोत छैन त्यहाँ वैज्ञानिक तवरबाट छनौट गर्न व्यवस्था गर्ने।

## ७.१.७ ढल निकास तथा ल्याण्डफिल साइटको विवरण

शहर बजार केन्द्र र एकीकृत बस्ती भएका ठाउँमा ढल निकासको राम्रो प्रबन्ध हुनु आवश्यक छ। ढल निकास पनि भौतिक विकासको एक महत्वपूर्ण पूर्वाधार हो। सडक निर्माणसँगै ढल निकासको व्यवस्थापन भएको खण्डमा सरकार पूर्वाधार विकासमा गरिने दोहोरो खर्चबाट बच्दछ। यसका अलावा मानव बस्तीबाट उत्सर्जित फोहरलाई मानव बस्तीभन्दा निश्चित टाढाको दुरीमा ल्याण्डफिल साईट बनाएर व्यवस्थापन गर्नुपर्दछ। फोहररहित स्वच्छ र सफा वातावरण सभ्यताको परिचायक हो।

**तालिका नं. १३८:** घरबाट निक्सने फोहरपानीको व्यवस्थापनसम्बन्धी विवरण

| वडा | सार्वजनिक ढल | नदी वा खोल्सामा | सडक/सार्वजनिक स्थलमा फाल्ने | घर कम्पाउण्ड भित्र खनेको खाल्डोमा | तरकारी बारी/करेसा बारीमा | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | १५२ | ४९ | ० | ५५२ | ७५४ | १२ | १५१९ |
| २ | ९६ | ५ | ११५ | ८८२ | ३५९ | १२ | १४६९ |
| ३ | ३५ | १० | ६५ | ५०५ | ५७४ | १३ | १२०२ |
| ४ | ० | ० | ६५ | १०८३ | १६१ | २ | १३११ |
| ५ | ० | ५४ | ३६ | २१७९ | ४२१ | १२ | २७०२ |
| जम्मा | २९३ | १०८ | २८१ | ५२०१ | २२६९ | ५१ | ८२०३ |
| प्रतिशत | ३.५७ | १.३२ | ३.४३ | ६३.४० | २७.६६ | ०.६२ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*




## ७.२ यातायात पूर्वाधार

### ७.२.१ सडक संजालको विद्यमान अवस्था

कुनै पनि स्थानको भौतिक विकासको निम्ति सम्भवत प्रारम्भिक शर्त हो । सम्पूर्ण सुविधा सम्पन्न सडक यातायातको विकाससँगै समग्र विकासको ढोका खुल्दछ । स्थानीय तहको हकमा वडा केन्द्रहरूलाई पालिका केन्द्रसँग जोड्नु तथा पालिका केन्द्रलाई जिल्ला सडक हुँदै राष्ट्रिय राजमार्ग प्रणालीमा जोड्नु आवश्यक हुन्छ । गाउँबस्तीहरूमा कृषि सडकहरूको विकास र स्तरोन्नति मार्फत कृषि उत्पादनहरूको बजारीकरण गरी जनताको आर्थिक अवस्थालाई मजबुत बनाउन सकिन्छ । सुविधा सम्पन्न सडक सञ्जाल मार्फत उद्योग तथा पर्यटन क्षेत्रको विकास गरी आर्थिक क्रान्ति संभव छ । यसको अलावा धार्मिक क्षेत्रहरूमा सडक सञ्जालमार्फत पहुँच पुऱ्याएर आन्तरिक तथा बाह्य पर्यटकहरू आकर्षित गर्न सकिन्छ ।




***नक्सा नं. १ :*** *गाउँपालिकाको सडक सन्जालको नक्सा*



*गाउँपालिका अध्यक्ष गौरबको आयोजना सडक*

यो गाउँपालिकामा सडकको स्थिति सन्तोषजनक रहेको देखिन्छ । पूर्व पश्चिम राजमार्गको बर्दघाट खण्डदेखि दक्षिणपूर्व गाउँपालिका केन्द्रसम्मको करिब १५ कि.मि सडक पक्की रहेको छ भने पूर्वपश्चिम हुलाकी पक्की राजमार्गको त्रिवेणी-प्रतापुर खण्डको स्तरोन्नति पनि धमाधम भइरहेको छ । गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेको महलबारी, कुडिया, नर्सही हुँदै नथइनगरबाट भारतीय सिमाना जोड्ने गापा अध्यक्ष नमूना सडकको निर्माण कार्य धमाधम भइरहेको छ। वि गैप बाँधमा नारायणी नदीको किनारैकिनार बनाइएको पक्की सडकले गाउँपालिकाका वडा नं २, ३, ४ र ५ का बासिन्दाहरूलाई लाभान्वित गरिरहेको छ । गाउँपालिकाभित्रका अधिकांस मूख्य सडकहरू कालोपत्रे गरिसकिएका छन् भने सडकहरूको विस्तार तथा स्तरोन्नति तीव्र रुपमा भइरहेको छ । भित्री सडकहरू पनि धमाधम ग्राभेल गरिँदै छन्। आ.व. २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रममा सबै वडा केन्द्रहरू जोड्ने कृषि सडकको ट्र्याक खोल्ने कार्यको सुरुवात गर्ने उल्लेख गरिएको छ । गाउँपालिकाको वर्तमान स्थितिलाई मध्यनजर गर्दा सडक निर्माणको कार्यलाई उच्च प्राथमिकतामा राखेर योजना निर्माण तथा कार्यान्वयन गरेको देखिन्छ । यद्यपि सडक यातायात गुरुयोजना तय गरी सोहीअनुरूप योजनावद्ध एवं व्यवस्थित तवरले सडक संजालको विस्तार गर्नुपर्ने आवश्यकता रहेको छ ।

२०५० को नक्सांकन कार्य गर्ने समय सम्म नेपालका पहाडी क्षेत्रमा सडकको अवस्था निकै कमजोर थियो । तर २०४६ को आम परिवर्तन पछि स्थानीय निकायलाई राष्ट्रिय कोषबाट रकम बिनियोजन गर्ने परिपाटी भए अनुसार ग्रामीणक्षेत्रमा पनि सडक बिस्तारको कार्यले गती लिन थाल्यो । तत्पश्चात सडक सञ्जालको बिस्तारमा ग्रामीण क्षेत्रले पनि फड्को मारेको छ । तर दुर्गम पहाडी भूभागका कारण कतिपय त्यस्ता स्थलगत संरचनाको नक्सांकन कार्य हुन नसकेको र तथ्यगत सूचनाको अभावमा ती क्षेत्रहरूमा के कति सडक सञ्जालको बिस्तार

भएको छ भन्न एकिन तथ्याङ्क उपलब्ध छैन । यही प्रशंगमा गाउँपालिका यातायात गुरुयोजनाः (RMTMP अर्थात Rural Municipality Transport Master Plan) को परिकल्पना हरेक नगर/गाउँ क्षेत्रको यातायात सञ्जालका तथ्यांकमा आधारित नक्सा र तथ्यको आधारमा गर्नु पर्ने वाध्यात्मक व्यवस्था गरिएको थियो । तर ग्रामीण बस्तीहरूमा त्यो पुगेको थिएन । २०७२ को नयाँ संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेको स्थानीय तह निर्धारण पश्चात हरेक गाउँ विकास समिति पनि गाउँपालिकाको मातहतमा आएका कारण गाउँपालिकामा समेत गाउँपालिका यातायात गुरुयोजनाको कार्य क्षेत्र भित्र परेको हुँदा यस गाउँपालिकामा पनि तत्सम्बन्धी सडक गुरुयोजना निर्माण गरी कार्यान्वयन गर्नु आवश्यक रहेको छ ।



*वडा नं. ५ नारायणी पारी सुस्ता र अनुमाघाट दक्षिणमा निर्माणाधीन १,५७१ मि. लामो झोलुङ्गे पुल*

**तालिका नं. १३९:** गाउँपालिकामा रहेका मुख्य सडकहरू

| क्र.सं. | सडक वा राजमार्गको नाम | जोडिने वडाहरु वा मुख्य केन्द्रहरु | लम्बाई (कि.मी) | चौडाइ (मी.) | प्रकार/अवस्था |
|---|---|---|---|---|---|
| **वडा नं. १** | | | | | |
| १ | पालडाँडा-त्रिवेणी सडक | विनय त्रिवेणी र वर्दघाट जोड्ने | २४ | ७.५ | १२ किमी पिच बाँकी टेन्डर |
| २ | नेपाली नहर २५ आरडी देखि २६ आरडी भारतीय नहरसम्म | | २.१ | ५.५ | |
| ३ | फेचुदेखि छिवनी सम्म | | १.५ | ५.५ | पक्की |
| ४ | वरुवा वर चोकदेखि पश्चिम वर्दघाट नपा १५ र दक्षिण कोटहा चोकसम्म | | २ | ५.५ | ६०% पक्की |
| ५ | २५ आरडीदेखि वनदेवी हुँदै सिंगहा चोकसम्म | | १.६ | ५ | ग्राभेल |
| ६ | छिवनी टोलदेखि भारतीय नहरसम्म | | १ | ५.५ | ग्राभेल |

| क्र.सं. | सडक वा राजमार्गको नाम | जोडिने वडाहरु वा मुख्य केन्द्रहरु | लम्बाई (कि.मी) | चौडाइ (मी.) | प्रकार/अवस्था |
|---|---|---|---|---|---|
| ७ | वरुवा नहरदेखि राइस मिल नौडिहाको बाटोसम्म (कृषि बाटो) | | ३ | | |
| **वडा नं. २** | | | | | |
| १ | हुलाकी सडक (फनेहारा-गुदरिया) | २,३ | ५.५ | १५ | पक्की |
| २ | नेपाली नहर (सतपत्ती-महलबारी) | १, २ | ७ | ७ | पक्की |
| ३ | गण्डक नहर बाटो | १ र २ | ६ | ५ | पक्की |
| ४ | बी गैप बाँध बाटो (गुदरिया-कुडिया-बोर्डरसम्म) | | १२ | ३ | पक्की |
| ५ | अध्यक्ष नमुना रोड (महलबारी-पकलीहवा) | १ | १० | ३० फिट | निर्माणाधिन |
| भएका सडकहरु पिच भइसकेको, केही मात्र बाँकी | | | | | |
| **वडा नं. ३** | | | | | |
| १ | रेवादेखि सेखुवानासम्म | विनय त्रिवेणी ७, २, ३ | ४.५ | ३० फिट | पक्की र ग्राभेल |
| २ | महेन्द्रनगरदेखि रेवाटोलसम्म | २, विनयी ७ | ४ | ३० फिट | |
| ३ | बालुवाटोलदेखि कुडियासम्म | २ र ३ | २ | | ग्राभेल |
| ४ | वि गैप बाँध देखि प्रतापपुर वडा नं. ८ सम्म | | ३ | | ग्राभेल |
| ५ | वि गैपदेखि ए गैपको पत्थरकला मन्दिरसम्म | | ४० | | कच्ची |
| ६ | लक्ष्मण विनको घरदेखि जमुनाबारीसम्म | | २ | ७ | कच्ची |
| ७ | महेन्द्रनगर भित्र | | १ | २० | ग्राभेल |
| ८ | संकर भर घरदेखि ब्रम्हस्थान | | १ | | ग्राभेल |
| ९ | पेनहारा गुरुजीको खल्यानदेखि रिसाकुमारी मुखियाको खेतसम्म | | २ | ६२० फिट | कच्ची |
| १० | सेखुवाना ल्यांकत मियाँको घरदेखि रैपुरा खोलासम्म | | १.५ | | कच्ची |
| ११ | रेवारेतादेखि शान्ति टोल हुँदै बस्नुवाटोलसम्म | | १ | | कच्ची/ग्राभेल |
| **वडा नं ४** | | | | | |
| १ | जर्लैया, बेलटाँडी विर्तासम्म (रिङरोड) | | .५ | ३ | |
| २ | भित्री सडकहरु बनेका तर सबै ग्राभेल/पिच पनि भएको केही भागमा | | | | |
| **वडा नं. ५** | | | | | |
| १ | तरैनी देखि युपि बोडर नथइनगरसम्म | ४, ५ | .५ | ३० फिट | ग्राभेल |
| २ | रामनगरदेखि बेलवानी हुँदै बलिनगर बोर्डर | ४, ५ | ५ | ३० फिट | केही पिच, ग्राभेल |
| ३ | रामनगरदेखि नन्द नगर हुँदै वनकट्टीसम्म | | ७ | ३० फिट | ग्राभेल थोरै पिच |
| ४ | रामनगरदेखि रतनगञ्ज हुँदै टुटाहा पुलसम्म | | ४ | ३० फिट | ग्राभेल |
| ५ | सकरदिनहीदेखि बलिनगर हुँदै महलबारी सम्म | | ४ | ३० फिट | ग्राभेल केही पिच |
| ६ | कदिही तेलीको राइसमिल देखि पश्चिम मुसहर टोल, स्कुलसम्म | | ५ | ३० फिट | कच्ची, ग्राभेल |

| क्र.सं. | सडक वा राजमार्गको नाम | जोडिने वडाहरु वा मुख्य केन्द्रहरु | लम्बाई (कि.मी) | चौडाइ (मी.) | प्रकार/अवस्था |
|---|---|---|---|---|---|
| ७ | चनरगञ्जदेखि पकलिहवा वेलवानी स्वास्थ्यचौकीसम्म | | ३ | ३० | कच्ची |
| ८ | चनरगञ्ज गण्डक बाँधदेखि रतनगञ्ज गाउँ हुदै नथही नगरसम्म (नहर बाटो) | | ४, ६ | ३० | कच्ची |
| ९ | पतरकादेखि ढुटहवासम्म | | ३ | | कच्ची |
| १० | वेलवानी हरिको कसरदेखि महलवारी जोड्ने | | २.५ | २.५ | ग्राभेल |
| ११ | महलबारीदेखि नन्दनगरसम्म | | २५ | ३० | ग्राभेल |
| १२ | रतनगञ्जचोकदेखि टुटहवा स्थानहुँदै नर्सहीसम्म | | ८ | ३० | कच्ची |
| १३ | टुटहवादेखि मुसहरटोली तरैनीसम्म | | ७ | २५ | कच्ची |
| १४ | वलिनगरदेखि BOP क्याम्पस बोर्डरसम्म | | १ | ३० | कच्ची |
| १५ | बलिनगर किसोरलाल कुर्मीको घरदेखि वेलवानीको भोला पासीको घरसम्म | | १.५ | २५ | पिसीसी र ग्राभेल |
| १६ | नेपाल गण्डक बाँधदेखि नन्दनगरसम्म | | १ | | कच्ची |
| १७ | नेपाल गण्डक बाँधदेखि ललनिया चमरगञ्जसम्म | | १ | | पिसीसी र कच्ची |

*स्रोतः सुस्ता गाउँकार्यपालिकाको कार्यालय, २०७७*

## ७.२.२ घरसम्म पुग्ने बाटोको अवस्थाको आधारमा परिवारको विवरण

**तालिका नं. १४०:** सडक सुविधा पहुचको प्रकारको आधारमा वडागत घरपरिवारको विवरण

| वडा | कालोपत्रे सडकले छोएको घर परिवार संख्या | ग्राभेल सडकले छोएको घर परिवार संख्या | धुले (कच्ची) सडकले छोएको घर परिवार संख्या | गोरेटो बाटोले छोएका घर परिवार संख्या | अन्य | जम्मा घरपरिवार संख्या |
|---|---|---|---|---|---|---|
| १ | ३७५ | ५८८ | ४५३ | १०३ | ० | १५१९ |
| २ | ८२९ | ४२० | १२९ | ९१ | ० | १४६९ |
| ३ | ६०७ | ७२ | ५१६ | ७ | ० | १२०२ |
| ४ | ६०१ | ४४३ | २६७ | ० | ० | १३११ |
| ५ | १२३६ | ९९५ | ४१७ | ५३ | १ | २७०२ |
| जम्मा | ३६४८ | २५१८ | १७८२ | २५४ | १ | ८२०३ |
| प्रतिशत | ४४.४७ | ३०.७० | २१.७२ | ३.१० | ०.०१ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७७*

गाउँपालिकामा रहेका ८२०३ घरपरिवारहरू मध्ये पक्की/कालोपत्रे सडकको पहुँच भएको घरपरिवार सबैभन्दा बढी ३६४८ अर्थात ४४.४७ प्रतिशत, ग्राभेल सडकको पहुँच भएको घरपरिवारहरूको संख्या २५१८ अर्थात ३०.७० प्रतिशत, धुले (कच्ची) सडकसम्म पहुँच भएको १७८२ अर्थात २१.७२ प्रतिशत, गोरेटो बाटोको पहुँच भएका घरपरिवारहरू २५४ अर्थात ३.१० प्रतिशत र अन्य १ अर्थात ०.०१ प्रतिशत रहेका छन् । पुर्वाधार विकासमा सबैभन्दा महत्वपूर्ण सडकको अवस्था सुदृढ नभइकन अन्य विकासले गति लिन सक्दैन तसर्थ सहज आवागमनका लागि गाउँपालिकाले सडक संचालनको विकास र स्तरको उन्नतिका लागि यातायात गुरुयोजना निर्माण गरी लागु गर्नुपर्ने देखिन्छ । सबै वडामा मात्र पक्की/कालोपत्रे सडकको पहुँच भएका घरहरू रहेकाछन् । अन्य वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




### ७.२.३ सार्वजनिक यातायातको पहुँचसम्म पुग्न लाग्ने समयको आधारमा परिवारको विवरण

**तालिका नं. १४१:** सार्वजनिक यातायातको पहुँचसम्म पुग्न लाग्ने समयको आधारमा परिवारको विवरण

| वडा | १५ मिनेट भित्र | ३० मिनेट भित्र | १ घण्टा भित्र | १ देखि २ घण्टा | २ भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | १०७८ | ४०७ | ३४ | ० | ० | १५१९ |
| २ | १३४४ | १२३ | २ | ० | ० | १४६९ |
| ३ | ५६७ | ५५१ | ८४ | ० | ० | १२०२ |
| ४ | ५२८ | २३८ | ५४३ | २ | ० | १३११ |
| ५ | १५५० | ६२२ | २४८ | २०३ | ७९ | २७०२ |
| जम्मा | ५०६७ | १९४१ | ९११ | २०५ | ७९ | ८२०३ |
| प्रतिशत | ६१.७७ | २३.६६ | ११.१० | २.५० | ०.९५ | १०० |

गाउँपालिकामा रहेका कुल ८२०३ घरपरिवार मध्ये सार्वजनकि यातायातको पहुँचसम्म पुग्न १५ मिनेट लाग्ने घरपरिवार ५०६७ अर्थात ६१.७७ प्रतिशत रहेका छन् भने ३० मिनेटसम्म लाग्ने घरपरिवार १९४१ अर्थात २३.६६ प्रतिशत रहेका छन्। यस्तै सार्वजनकि यातायातको पहुँचसम्म १ घण्टा भित्र पुग्ने घरपरिवारको संख्या ९०७ अर्थात ११.०६ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ७.२.४ बाह्रै महिना सञ्चालनयोग्य सडकको पहुँचका आधारमा परिवारको विवरण

